३०८

# भक्तपुर

मासिक

Bhaktapur Monthly

जेठ २०७९

ISSN 2705-4454

9 772705 445004



# स्थानीय तह निर्वाचन २०७९




भक्तपुर नगरपालिकामा स्थानीय तह निर्वाचन २०७९ बाट निर्वाचित जनप्रतिनिधिहरू

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

## भक्तपुर BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j l{ #(*cÆ &*g};=!!$@*lj=;=@)&(h]*A.D.2022

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

dNo ?= @%.-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)





‘भक्तपुर’ मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

> ‘समाजको सबै ठाउँमा एउटा परिवर्तन अनिवार्य र जरुरी हुन्छ, परिवर्तन बिना मानिस जीवनमा एक पाइला पनि अगाडि बढ्न सक्दैन ।’– लियो टाल्सटाय

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) भक्तपुर नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरूद्वारा शपथ ग्रहण | – | ३ |
| २) पदभार ग्रहण र पहिलो कार्यपालिका बैठक | – | ५ |
| ३) नेमकिपाको धन्यवादज्ञापन ऱ्याली | – | ६ |
| ४) नेपाल मजदुर किसान पार्टीको स्थानीय तह निर्वाचन घोषणापत्र २०७९ | – | १३ |
| ५) भक्तपुर नपाको लागि नेमकिपाको प्रतिबद्धतापत्र | – | २७ |
| ६) छोटो परिचय : सुनिल प्रजापति | – | ३० |
| ७) छोटो परिचय : रजनी जोशी | – | ३२ |
| ८) विजय घोषणाको लगत्तै (तस्बिरमा) | – | ३३ |
| ९) स्थानीय तह निर्वाचन–२०७९ मा भक्तपुर नपा | – | ३७ |
| १०) नेपालमा कोरोना | – | ३७ |
| १०) निर्वाचन परिणामपछि सञ्चार माध्यममा | – | ४५ |
| ११) स्थानीय तह निर्वाचन २०७९ – मतदानको दिन | – | ७५ |
| १२) नेमकिपाका उम्मेदवारलाई पार्टीको निर्वाचन चिहन ‘मादल’ दिइएन | – | ७८ |
| १३) नेमकिपाको कुनै दलसँग सहकार्य छैन | – | ७८ |
| १४) विभिन्न पालिकामा नेमकिपाका विजयीहरू | – | ७९ |
| **केही समाचार** | | |
| १५) जनतालाई दिएको वचन पूरा गर्न जनताको राय सल्लाहअनुसार अगाडि बढ्ने | – | ८४ |
| १६) निर्वाचन समीक्षा | – | ८४ |
| १७) नगर प्रमुख प्रजापतिसँग केयुकेएलका प्रमुख शाक्यको भेट | – | ८५ |
| १८) भक्तपुरमा जेठको दोस्रो हप्ताबाट मेलम्चीको पानी वितरण हुने | – | ८५ |
| १९) मेलम्चीको पानी वितरण सुरु | – | ८६ |
| २०) युग सुहाउँदो शिक्षा दिन शिक्षकहरूले मिहिनेत गर्नुपर्छ : प्रमुख प्रजापति | – | ८७ |
| २१) ‘नेमकिपा सिद्धान्तहीन गठबन्धनमा लागेको छैन’ | – | ८८ |
| २२) भक्तपुर नपाले आर्थिक पारदर्शितालाई उच्च महत्त्व दिँदै आएको प्रजापति | – | ८९ |
| २३) नगरको विकासको निम्ति जनताको सल्लाहलाई नपाले कदर गर्ने | – | ९० |
| २४) घरदैलो नर्सिङ सेवा सञ्चालन गर्ने पहिलो भक्तपुर नगरपालिका | – | ९० |
| २५) बासु माविद्वारा नवनिर्वाचित जनप्रतिनिधिहरुलाई शुभकामना तथा बधाईज्ञापन – | ९१ | |
| २६) मेडिकल कलेज स्थापनाको लागि निरन्तर कार्य | – | ९२ |
| २७) वैदेशिक ऋण र सहायताले देश कहिल्यै आत्मनिर्भर नहुने | – | ९२ |
| २८) ख्वप इन्जिनियरिङ कलेजका नवआगन्तुक विद्यार्थीलाई अभिमुखीकरण तथा उत्कृष्ट विद्यार्थी सम्मान – | | ९३ |
| २९) समाज परिवर्तन दर्शनको आधारमा हुने | – | ९४ |
| ३०) दुई दिन बिदाबारे | – | ९५ |
| ३१) ‘बालेन’ साह भक्तपुरमा | – | ९६ |
| ३२) भक्तपुर नपाबारे युट्युवमा | – | ९६ |
| ३३) कार्यपालिकामा निर्वाचित सदस्यहरूको शपथग्रहण | – | ९७ |
| ३४) बधाई तथा धन्यवाद | – | ९८ |
| ३५) विश्वमा कोभिड–१९ को स्थिति | – | १०२ |
| ३६) हाम्रो स्वास्थ्य | – | १०५ |
| ३७) पद होइन जिम्मेवारी (सम्पादकको पृष्ठ) | – | १०६ |

# भक्तपुर नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरूद्वारा शपथ ग्रहण

स्थानीय तह २०७९ को निर्वाचनमा विजयी भक्तपुर नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष तथा वडा सदस्यहरूले जेठ ६ गते एक समारोहबीच शपथ ग्रहण गर्नुभयो ।






भक्तपुर जिल्लाका मुख्य निर्वाचन अधिकृत गोपालप्रसाद बास्तोलाले २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा निर्वाचित जनप्रतिनिधिहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

भक्तपुर नगरपालिकाको नयाँ भवन ब्यासीको प्राङ्गणमा आयोजित शपथ ग्रहण समारोहमा मुख्य निर्वाचन अधिकृत बास्तोलाले भक्तपुर नपाको नगर प्रमुखमा सुनिल प्रजापतिलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो ।




त्यस्तै नगर प्रमुख प्रजापतिले नवनिर्वाचित उपप्रमुख रजनी जोशी तथा भक्तपुर नगरपालिकाका १० ओटै वडाका जनप्रतिनिधिहरूलाई सपथ ग्रहण गराउनुभयो ।

शपथ ग्रहण गर्नुभएका वडाध्यक्षहरूमा भक्तपुर नपा वडा नं. १ का श्यामकृष्ण खत्री, वडा नं. २ का हरिप्रसाद बासुकला, ३ वडाका राजकृष्ण गोरा, वडा नं. ४ का उपेन्द्र सुवाल, वडा नं. ५ का योगेन्द्रमान बिजुक्छेँ, वडा नं. ६ का हरिराम सुवाल, वडा नं. ७ का उकेश कवां, वडा नं. ८ का कृष्णप्रसाद कोजु, वडा नं. ९ का रबिन्द्र ज्याख्व र वडा नं. १० का लक्ष्मीप्रसाद ह्यौंमिखालगायत वडा सदस्य, महिला सदस्य, दलित महिला सदस्य गरी ४४ जना हुनुहुन्छ ।







समारोहमा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद **प्रेम सुवाल**ले नवनिर्वाचित सम्पूर्ण जनप्रतिनिधिलाई बधाईज्ञापन गर्नुहुँदै स्थानीय तह निर्वाचन २०७९ मा नेमकिपालाई अत्यधिक बहुमतका साथ विजयी गराउन सहयोग गर्नुहुने मतदातालगायतलाई पार्टीको तर्फबाट धन्यवादज्ञापन गर्नुभयो ।


k|]d ;jfn

भक्तपुर नपाका जनप्रतिनिधिले पार्टीको घोषणापत्रअनुरूप नगर र नगरवासीहरूको हितमा काम गर्न सफल हुने विश्वास व्यक्त गर्नुहुँदै सांसद सुवालले जनप्रतिनिधिहरूले जनताको सेवामा एम्बुलेन्स र दमकलसरह खट्नुपर्नेमा जोड दिनुभयो ।

निर्वाचनमा सिद्धान्तहीन गठबन्धनको कुनै औचित्य नरहेको प्रष्ट पार्नुहुँदै सांसद सुवालले देको मिवा इतापाको आयोजना छिटो सम्पन्न गर्नुपर्ने बताउनुभयो ।

सरकारले देशको अर्थतन्त्रलाई बलियो बनाउने काम गर्नुपर्छ भन्नुहुँदै उहाँले जनप्रतिनिधिहरूले कुरा भन्दा काममा ध्यान दिनुपर्ने र जनताको भावनाअनुसार काम गर्न आग्रह गर्नुभयो ।


;lgn k|hfklt

भक्तपुर नपाका नवनिर्वाचित प्रमुख **सुनिल प्रजापति**ले निर्वाचनमा अत्यधिक मत दिएर सहयोग गर्नुभएका सम्पूर्ण मतदाताहरूमा धन्यवादज्ञापन गर्नुहुँदै जनप्रतिनिधिहरू सबैको साझा व्यक्तित्व भएको हुँदा कुनै आग्रह र पूर्वाग्रह नराखी कानुनअनुसार छिटो र छरितो रूपमा काम सम्पन्न गर्ने विश्वास दिलाउनुभयो ।

पहिलो कार्यकालमा कानुनी र प्राविधिक कारणले पूरा हुन नसकेका कामहरू यस कार्यकालमा पूरा गर्ने बचनबद्धता व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले पार्टीले निर्वाचनको समयमा घोषणा गरेको निर्वाचन घोषणापत्रअनुरूप काम गर्ने प्रतिबद्धता जनाउनुभयो ।


;'/]Gb|/fh uf];fO{

कार्यक्रममा बागमती प्रदेशका प्रदेश सभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले स्थानीय तहको निर्वाचनमा भक्तपुर नपाले हासिल गरेको सफलताबाट सिङ्गो देश जितेको अनुभव भएको बताउनुहुँदै भक्तपुर नपाका जनप्रतिनिधिहरूले हिजोका दिनमा झैँ अविचलित रूपमा जनताको सेवा गर्ने विश्वास व्यक्त गर्नुभयो ।



?b|fb]jL zdf{

प्रमुख जिल्ला अधिकारी **रुद्रादेवी शर्मा**ले पुनःनिर्वाचित जनप्रतिनिधिलाई आगामी कार्यकाल सफलताको शुभकामना दिनुहुँदै मतगणनाको कार्य अरू जिल्लाको तुलनामा भक्तपुरमा छिटो सम्पन्न भएको


zky u|x0f ;df/f]xdf kl5 cltly / gjlgjf{lrt hgk|ltlgwLx¿



uf]kfnk|;fb af:tf]nf



s[0flu/L

बताउनुभयो ।

समारोहमा भक्तपुर जिल्लाका मुख्य निर्वाचन अधिकृत **गोपालप्रसाद बास्तोला**ले निर्वाचन प्रक्रिया सुधार गर्नुपर्ने, निर्वाचन भएकै ठाउँमा मतगणनाको व्यवस्था गर्नुपर्ने र मतदान केन्द्रहरूको सुधार आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले धन्यवादज्ञापन गर्नुभएको थियो ।

समारोहमा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले नवनिर्वाचित जनप्रतिनिधिहरूलाई फूलमाला र खादाले स्वागत गर्नुभएको थियो ।





zky uk0f ;df/f]xdf ;xefuL

# पदभार ग्रहण र पहिलो कार्यपालिका बैठक




kbef/ ;DxfNg'xF'bF} k|d'v ;'lgn k|hfklt .

*तस्बिर : मजदुर दैनिक*

भक्तपुर नगरपालिकाका नवनिर्वाचित प्रमुख सुनिल प्रजापतिले शपथ ग्रहणपश्चात जेठ ६ गते पदभार सम्हाल्नुभयो । साथै उपप्रमुख रजनी जोशी तथा सबै वडाध्यक्ष र सदस्यहरूले आ–आफ्नो पदभार सम्हाल्नुभयो ।

## पहिलो कार्यपालिका बैठकबाट आभार एवम् धन्यवाद ज्ञापन

जनप्रतिनिधि बहालीपश्चात भक्तपुर नपाको पहिलो कार्यपालिका बैठक जेठ ६ गते बस्यो ।

बैठकले देशमा प्रजातन्त्र पुन:स्थापनाको लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलनहरूमा शहादत्त प्राप्त गरेका ज्ञात अज्ञात सम्पूर्ण शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गरेको छ । साथै जनअधिकार प्राप्तिका लागि विभिन्न समयमा भएका आन्दोलनहरूमा घाइते भएका वीर योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गरेको छ । त्यस्तै २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा 'मादल' चिन्हमा छाप लगाई नेमकिपाका सम्पूर्ण उम्मेदवारहरूलाई मतदान गरी अत्यधिक बहुमतले विजयी गराएकोमा सम्पूर्ण मतदाता एवम् नगरवासीहरूप्रति आभार व्यक्त गरेको छ ।

बैठकले स्थानीय तह निर्वाचन २०७९ को निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय भक्तपुर, मतदान अधिकृतलगायत निर्वाचनमा खटिएका सम्पूर्ण कर्मचारीहरू, प्रशासन, सुरक्षाकर्मीहरू स्वयम्सेवकहरूप्रति पनि धन्यवाद ज्ञापन गरिएको छ ।

# wGojfb1fkg ¥ofnL

# ‘नेमकिपालाई मत दिनु देशभक्तहरूको पक्ष लिनु हो’

नेपाल मजदुर किसान पार्टी, नगर समिति भक्तपुरको आयोजनामा जेठ ३ गते मतदाता तथा नगरवासीहरूमा धन्यवादज्ञापन र्‍यालीको आयोजना गर्‍यो।

भक्तपुर नगरपालिकाको लागि नेमकिपाका उम्मेदवारहरूलाई विजय गराउन साथ र सहयोग गर्ने मतदाताहरूलाई धन्यवादज्ञापन गर्न सो र्‍यालीको आयोजना गरिएको हो।

गोल्मढीमा आयोजित सभामा नेमकिपा सचिव एवम् सांसद **प्रेम सुवाल**ले निर्वाचन घोषणापत्रको लडाइँ हो भन्नुभयो।

उहाँले भन्नुभयो, ‘नेमकिपाका उम्मेदवारहरूको मादल चिहनमा छाप राख्नु देशभक्त जनताको पक्ष लिनु हो, तीन प्रतिशतको मतसीमाविरुद्ध हो, पैसा र सामान बाँडेर मत लिने दलविरुद्ध हो, नेपाली भूमि मिचेको विरोधमा हो, नेपाली भूमि कालापानीमा रहेको विदेशी सेना फिर्ता लानुपर्छ भन्ने पक्षको अभिव्यक्ति हो।

उहाँले मादल चिह्नमा छाप राख्नु असमान सन्धिको विरोध गर्नु हो। पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि हो, देश र जनताको हितमा हो भन्नुभयो।

र्‍यालीको विभिन्न स्थानमा मन्तव्य दिनुहुँदै नेमकिपाका केन्द्रीय सदस्य एवम् नवनिर्वाचित प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले हरेक क्षेत्रमा उदाहरणीय काम गरेको उल्लेख गर्नुभयो।

उहाँले पार्टीको घोषणापत्रलाई प्राथमिकताको आधारमा एक एक पाइला गरी पूरा गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो।

नेमकिपा जिल्ला समिति भक्तपुरका अध्यक्ष **सुरेन्द्रराज गोसाई**ले देशघाती एमसीसी सम्झौताविरुद्धको सङ्घर्ष जारी रहेको उल्लेख गर्नुहुँदै निर्वाचन पनि एउटा वर्गसङ्घर्ष नै हो भन्नुभयो।

नेमकिपा नगर समिति भक्तपुरका अध्यक्ष **नारायणबहादुर दुवाल**ले स्थानीय तहमा रहेर नेमकिपाका जनप्रतिनिधिहरूले देश र जनताको इमानदारीपूर्वक सेवा तथा विकासमा टेवा पुर्‍याइरहेको बताउनुभयो।


उपप्रमुखमा निर्वाचित **रजनी जोशी**ले पार्टीको घोषणापत्रअनुसार काम गर्ने विश्वास व्यक्त गर्दै भनपाको विकासमा नगरवासीहरूको ठूलो सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्नुभयो।

त्यस्तै निर्वाचित वडाध्यक्षहरूले आ-आफ्नो वडामा जनतामाझ व्यक्त प्रतिबद्धतालाई एक एक पाइला गरेर इमानदारीपूर्वक पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

गोल्मढीबाट सुरु भएको र्‍याली नगर परिक्रमापछि सोही स्थानमा पुगेर समापन भएको थियो। सो जुलुसमा सहभागी हजारौँ नगरवासीहरू संयमित र अनुशासित थिए।

जुलुसमा वृद्धवृद्धा तथा महिलाहरूको समेत व्यापक सहभागिता थियो। दर्जनौँ बाजागाजाको टोली रहेको सो र्‍यालीलाई टोल टोल तथा विभिन्न चोक र स्थानहरूमा स्थानीय जनताले भव्य स्वागत गरेका थिए। निर्वाचित जनप्रतिनिधिहरूको स्वागतार्थ टोल टोलमा केराका बोटलगायतका स्वागतद्वार बन्दोबस्त गरिएको थियो।

## धन्यवादज्ञापन


नेपाल मजदुर किसान पार्टी
नगर समिति, भक्तपुर

मिति : २०७९ जेठ २ गते

प्रेस वक्तव्य

स्थानीय तहको निर्वाचनमा भक्तपुर नगरपालिकाको प्रमुख, उपप्रमुख, वडाध्यक्ष, महिला वडा सदस्य, वडा सदस्य पदका नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूलाई आफ्नो अमूल्य मत दिनु भई नेपाल मजदुर किसान पार्टीलाई अत्यधिक मतले विजयी गराउनुहुने तथा सहयोग गर्नुहुने सम्पूर्ण मतदाताहरू र सहयोगीहरूलाई नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। नवनिर्वाचित पार्टीका जनप्रतिनिधिहरूले जनताको मतको उच्च कदर गर्दै पार्टीको निर्वाचन घोषणापत्रअनुसार निःस्वार्थ र इमान्दारीपूर्वक सेवा गर्नुहुने विश्वास दिलाउन चाहन्छौं।

आगामी दिनमा पनि पार्टीलाई यहाँहरूको साथ, सहयोग तथा सुझाव प्राप्त हुने अपेक्षा गर्दछौं।

नारायणबहादुर दुवाल
अध्यक्ष

भक्तपुर, २ जेठ। नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिले स्थानीय तहको निर्वाचनमा नेमकिपालाई मतदान गरी भक्तपुर नगरपालिकाको प्रमुख, उपप्रमुख, वडाध्यक्ष, महिला वडा सदस्य, वडा सदस्य पद विजयी गराएका मतदाताहरूप्रति धन्यवादज्ञापन गरेको छ।

नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ – ‘नेपाल मजदुर किसान पार्टीलाई आफ्नो अमूल्य मत दिनुभई पार्टीका उम्मेदवारहरूलाई अत्यधिक मतले विजयी गराउनुहुने तथा सहयोग गर्नुहुने सम्पूर्ण मतदाता र सहयोगीहरूमा नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

नवनिर्वाचित जनप्रतिनिधिहरूले जनताको मतको उच्च कदर गर्दै पार्टीको निर्वाचन घोषणापत्रअनुसार निःस्वार्थ र इमानदारीपूर्वक सेवा गर्नुहुने विश्वास दिलाउन चाहन्छ। आगामी दिनमा पनि पार्टीलाई यहाँहरूको साथ, सहयोग तथा सुझाव प्राप्त हुने अपेक्षा गर्दछ।’

# धन्यवादज्ञापन र्‍यालीका केही झलक









NAMASTE RESTAURANT
WELCOME


स्थानीय तहको निर्वाचन-२०७९ मा सहयोग गर्नुहुने
मतदाता तथा नगरबासीहरुमा




स्थानीय तहको निर्वाचन-२०७९ मा सहयोग गर्नु
मतदाता तथा नगरबासीहरुम




TEMPLE MONEY









# नेपाल मजदुर किसान पार्टीको
## स्थानीय तह निर्वाचन घोषणापत्र २०७९



**दाजुभाइ–दिदी बहिनीहरू,**

### सरकारको अनुत्तरदायी विदेश नीति

नेपाली काङ्ग्रेसको वर्तमान सरकारलाई माओवादी केन्द्र (प्रचण्ड) र एकीकृत समाजवादी (माधव नेपाल) को पनि 'प्रगतिशील र प्रजातान्त्रिक' सरकारको रूपमा अर्थ्याइन्छ। तर, व्यवहारमा संरा अमेरिकी आर्थिक र सैनिक गठबन्धनको पासो एमसीसीलाई नेपालको प्रतिनिधिसभाको बहुमतले पारित गर्नु र रुसी महासङ्घमाथि आक्रमण गर्ने संरा अमेरिकी आधारभूमि (स्प्रिङ बोर्ड) युक्रेनको पक्षमा संयुक्त राष्ट्र सङ्घमा मतदान गर्नु सरकारको असंलग्न परराष्ट्र नीतिको अनुत्तरदायी निर्णय हो।

अमेरिकी साम्राज्यवादको पक्ष लिने सरकारको यो नीतिले भविष्यमा नेपालको अस्तित्वमाथि खतरा हुने सम्भावनाबारे नेपालका संवेदनशील पक्षले अनुभव गर्दै छन्। नेपाल मजदुर किसान पार्टी एमसीसी पारित गर्ने सरकारको विरोध गर्छ। साथै, युक्रेनको पक्षमा मतदान गर्ने नीतिको विरोध एवम् निन्दा गर्दछ।

चीन र अन्य देशमा ६ महिनासम्म नेपाली राजदूत नियुक्त नहुनु पनि यो सरकारको गैर-जिम्मेवार कार्य हो। यो देशलाई अमेरिकी साम्राज्यवादकै पिछलग्गू बनाउने षड्यन्त्र हो।

नेमकिपाले स्थानीय तहको यस निर्वाचनलाई वर्तमान सरकारको प्रतिगामी परराष्ट्र नीतिबारे जनतालाई शिक्षित गर्ने अवसरको रूपमा उपयोग गर्नेछ।

### एमसीसी पारित हुनुमा दोषी को ?

संरा अमेरिकी सरकारले सन् २००२ मा एमसीसी (मिलेनियम च्यालेन्ज कर्पोरेसन) को अवधारणा सुरु गऱ्यो। सन् २००३ मा बनाइएको एमसीसी ऐनमा 'अमेरिकी स्वार्थको लागि लगानी भएको' उल्लेख छ। तर, नेपालको शासक दलका नेताहरूले 'लगानी होइन सित्तैमा आउने अनुदान' भनी झूट बोले।

तत्कालीन माओवादी प्रम बाबुराम भट्टराईले नेपालमा सन् २०११ मा यो सम्झौताको सुरुआत गरे भने त्यसपछिका सरकार प्रमुखहरू खिलराज रेग्मी, नेकाका प्रम सुशील कोइराला, एमालेका प्रम केपी शर्मा ओली, माओवादीका प्रम पुष्पकमल दाहाल (प्रचण्ड) को मन्त्रिपरिषद्ले अगाडि बढाए। चौथो पटक प्रम भएका नेकाका शेरबहादुर देउवाले २०७४ भदौ २९ गते आफ्ना अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई अमेरिका पठाएर एमसीसी सम्झौतामा हस्ताक्षर गराए।

२०७४ फागुन ३ गते दोस्रो पटक प्रम भएका एमालेका ओलीले २०७५ माघ २५ गते मन्त्रिपरिषद्बाट निर्णय गराई २०७६ असार ३० गते संसद्मा दर्ता गराएर सम्झौता अनुमोदनको बाटो खोलेका थिए। पाँचौँ पटक प्रम भएका नेकाका देउवाले २०७८ फागुन १५ गते संसद्को बहुमतबाट यो सम्झौता पारित गराए। सम्झौताको पक्षमा नेका, माओवादी, एकीकृत समाजवादी (माधव नेपाल), जसपा (उपेन्द्र यादव) ले मत दिएका थिए। नेपाल मजदुर किसान पार्टीले यो सम्झौताको विपक्षमा मत दिएको थियो।

एमालेको विधान महाधिवेशन (२०७८ असोज १५–१७) को राजनीतिक प्रतिवेदनमा 'अमेरिकाले अगाडि सारेको एमसीसी सम्झौता इन्डो–प्यासिफिक स्ट्राटेजी लक्षित भएको' उल्लेख छ। तर, संसद्बाट पारित हुँदा एमालेले विपक्षमा मत दिएन। सम्झौता निर्णयार्थ पेश हुँदा एमाले आफ्नो पार्टीबाट निष्कासन गरिएका १४ जना सांसदलाई सदस्यबाट हटाउनुपर्ने माग गर्दै थियो।

माओवादीको आठौँ महाधिवेशन (२०७८ पुस ११–१५) को प्रतिवेदनमा 'एमसीसी परियोजनामा आवश्यक परिमार्जन, संशोधन र राष्ट्रिय सहमति भएमात्र अगाडि जाने नीति लिने' उल्लेख छ। तर, माओवादी केन्द्र र एकीकृत समाजवादीसमेतले एकतर्फी 'व्याख्यात्मक घोषणा' ल्याएर सम्झौता पारित गरे।

राजमोले सम्झौताको विपक्षमा मत दियो तर स्थानीय निर्वाचनको लागि सत्ता गठबन्धनमै संलग्न भयो। यो सम्झौतामा मतदानको बेला राप्रपा संसद्मा अनुपस्थित भयो।

### एमसीसी सम्झौता किन देशघाती ?

सम्झौताको दफा २.७ मा अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने, दफा ५.१ मा



मादल चिन्हमा छाप लगाऔं ! देशभक्तहरूलाई विजयी गराऔं !!
एमसीसीसमर्थक देशघातीहरूलाई हराऔं ! देशको सम्प्रभुता रक्षा गरौं !!

नेपाल मजदुर किसान पार्टी

स्थानीय तहको
निर्वाचन घोषणापत्र-२०७९

नेपाल मजदुर किसान पार्टी
केन्द्रीय निर्वाचन परिचालन समिति

वर्तमान र भविष्यको अमेरिकी कानुन उल्लङ्घन गर्न नहुने, दफा ५.५ मा सम्झौताको अवधि ५ वर्षपछि पनि अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने, दफा ६.८ मा सम्झौताको कारण नेपालीको मृत्यु भएमासमेत कतै उजुरी नलाग्ने, दफा ७.१ मा प्रस्तुत सम्झौता र नेपालको कानुन बाझिएमा प्रस्तुत सम्झौता नै लागु हुने, अनुसूची ५ (क) मा नेपाल सरकारले एमसीसीलाई चित्त बुझ्ने योजना पेश गर्नुपर्ने, त्यस्तो योजनामा भारतको समर्थन हुनुपर्ने लगायत देशघाती प्रावधान उल्लेख छ ।

सम्झौताको अनुसूची १ मा 'व्यापक राजनीतिक सहमति भएको' र 'दुई करोड ४० लाख नेपालीको जीवन सुखी हुने' जस्ता झूटा कुरा पनि उल्लेख छ । यसकारण, हाम्रो पार्टीले एमसीसी सम्झौता खारेज गराउन देशभरि ४० भन्दा बढी जिल्लामा १०० भन्दा बढी जुलुस र सभासहित आन्दोलन गऱ्यो भने २०७६ फागुन १३ गते एमसीसी सम्झौता खारेज गराउन काठमाडौँस्थित अमेरिकी दूतावासमार्फत अमेरिकी राष्ट्रपति ट्रम्पलाई विरोधपत्र पनि पठायो ।

एमसीसी सम्झौता खारेज गराउन हाम्रो पार्टीको आयोजनामा २०७८ पुस १६ गते काठमाडौँको माइतीघर, पुरानो बानेश्वर, कोटेश्वरबाट एकसाथ जुलुस सुरु गरी बानेश्वरको संसद् भवनलाई तीनतिरबाट घेरेर सरकार र सांसदहरूलाई खबरदारी गर्ने सभा गरियो ।

अमेरिकी मन्त्रीले २०७८ माघ २७ गते प्रम देउवा, माओवादीका अध्यक्ष प्रचण्ड, एमालेका अध्यक्ष ओलीलाई फोनमार्फत 'सम्झौता अनुमोदन नभए राम्रो नहुने' धम्की दिएपछि संसद्बाट अनुमोदन गरियो । यसले नेपाललाई सार्वभौम देश भन्न सकिन्छ कि सकिन्न ? एमसीसी सम्झौता भएका ४९ देशमध्ये अधिकांशमा अमेरिकी सेना तैनाथ छन् । अमेरिकी सेना हाल तैनाथ नभएको मङ्गोलियाका सेनालाई 'अमेरिकी साम्राज्यको गोर्खाली' बनाइएको छ ।

पाँचदलीय गठबन्धनको सरकार गठन भएको तीन महिनापछि प्रम देउवा र माओवादीका अध्यक्ष प्रचण्डले २०७८ असोज १३ मा एमसीसीलाई पत्र लेखेर एमसीसी सम्झौताबारे सरकारका साझेदार पार्टी सदस्यहरूलाई स्पष्ट गर्ने, जनतामा रहेको गलत बुझाइ हटाउने, एमसीसी सम्झौता अनुमोदनबारे सरकारको सकारात्मक दृष्टिकोण सार्वजनिक गर्ने, गठबन्धनका नेताहरूको संयुक्त पत्रकार सम्मेलन गर्ने, राज्यको सञ्चार साधनमार्फत यथार्थ सूचना सार्वजनिक गर्ने, सम्झौता छिटोछरितो कार्यान्वयन गर्न एमसीए नेपाललाई उत्साहित गर्ने र जतिसक्दो छिटो सम्झौता अनुमोदन गर्न सभामुखलाई अनुरोध गर्ने प्रतिबद्धता व्यक्त गरे । जनताको विरोध भएपछि प्रचण्डको सचिवालयले परियोजना परिमार्जनविना पारित गर्न हुँदैन भन्नेमा दृढ रहेको स्पष्टीकरण दियो । तर, एकतर्फी 'व्याख्यात्मक घोषणा' ल्याएर एमसीसी सम्झौता पारित गरियो ।

एमसीसीसँग दोस्रो सम्झौता गरिएको बेला अल्बानियालाई नाटोको (NATO) सदस्य बनाइएको थियो । होन्डुरस, मौरिटानिया, एल साल्भाडोर र मडागास्करले अमेरिकी नीतिलाई समर्थन गरेपछि मात्र ती देशहरूमा एमसीसी सम्झौता गरियो । तर, अमेरिकी नीतिको विरोध गरेका कोलम्बिया र इरिट्रियासँग एमसीसी सम्झौता नै गरिएन । एमसीसी सम्झौतालगत्तै अमेरिकी सरकारले प्रम देउवालाई रुसको विरुद्ध युक्रेनको पक्षमा मत दिन लगायो । यो नेपालको असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तविपरीत हो ।

## अमेरिकी साम्राज्यवादको दबाबमा एमसीसी बहुमतबाट पारित

अमेरिकी साम्राज्यवादको दबाबमा संसद्बाट एमसीसी पारित गरिएपछि देशको स्वतन्त्रता र सार्वभौमिकता जोगाउने सङ्घर्षमा जनता दुई खेमामा विभाजित छन्– एमसीसीका समर्थक प्रतिगामी दलहरू र एमसीसीविरोधी देशभक्त एवम् प्रगतिशील पक्षहरू । कुनै पनि देशको परराष्ट्र नीति तत्तत् देशको घरेलु नीतिकै प्रतिविम्ब हुन्छ । साम्राज्यवादी अमेरिकी राज्यहरूको घरेलु नीति नै अल्पसङ्ख्यक अश्वेत (अफ्रिकी–अमेरिकीहरू) माथि दमन, आदिवासी, हिस्पेनियाली दक्षिण अमेरिकी जातिहरू, एसियाली र अन्य देशका जाति, जन–जाति एवम् कामदार वर्गको शोषण तथा तिनीहरूमाथि अन्याय–अत्याचार गर्ने नीति हो ।

सन् २०२० को तथ्याङ्कअनुसार संरा अमेरिकाको कूल जनसङ्ख्यामा श्वेतहरू ६१.६ प्रतिशत र अश्वेत, आदिवासी तथा अन्य सबै मिलाएर ३८.४ प्रतिशत छन् । दुई वर्षअगाडि जर्ज फ्लोयडको हत्या र त्यसको विरोधमा संरा अमेरिकामा भएको देशव्यापी विरोध तथा दमनको परिणाम सम्पूर्ण युरोप, अफ्रिका, ल्याटिन अमेरिका र एसियामा समेत भेदभावविरोधी एवम् मानवअधिकारका हिमायती जनताले अमेरिकी दमनको विरोधमा महिनौँ प्रदर्शनहरू गरे ।

आ–आफ्नो देशको जनविरोधी घरेलु नीतिअनुसार नै तत्तत् देशको विदेश नीति तय हुन्छ । अन्य देशमा थिचोमिचो, आक्रमण, हस्तक्षेप गरेर एवम् धम्काएर आफ्नो नीति पारित गराउनु घरेलु नीतिकै प्रतिविम्ब हो । संरा अमेरिकाको एमसीसी सम्झौता पनि त्यसको एक उदाहरण हो ।

अमेरिकाले भन्यो, "एमसीसी पास नभए सम्बन्धमा

असर पर्न सक्छ ।" (अन्नपूर्ण पोष्ट, २८ माघ २०७८) । उपशीर्षकहरू यस्ता थिए– 'गठबन्धनमा झन् दरार', 'काङ्ग्रेस तत्काल अनुमोदनको पक्षमा', माओवादी र समाजवादी भन्छन्, 'अहिले हुँदैन, चुनावपछि मात्रै' । अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लूको दबाब र धम्कीबारे पत्रिकाको शीर्षक बोल्छ– 'तीन नेतालाई अमेरिकी ताकेता', ती तीन नेता हुन्– प्रम शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओली ।

२८ माघ २०७८ को 'कान्तिपुर' ले लेख्यो– 'एमसीसी अनुमोदन नभए नेपाल नीति पुनर्विचार गर्ने अमेरिकी चेतावनी ।' अर्को पृष्ठको शीर्षकमा थियो– 'एमसीसी अघि बढाउने पक्षमा काङ्ग्रेस' । अर्को शीर्षक छ– 'एमसीसी सम्झौता परराष्ट्रलाई बेवास्ता ।'

अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लूले तीन नेतालाई दिएको 'चेतावनी' ले नेपालभर बुद्धिजीवी समुदाय र साधारण जनतामा समेत सहायक विदेशमन्त्रीको 'कूटनैतिक भाषा' यस्तो छ भने अमेरिकी राष्ट्रपतिको कूटनैतिक भाषा कस्तो होला भनी ठूलो आश्चर्य, निन्दा र विरोधको स्वर एवम् भावना सुनियो तथा देखियो । ४ फागुन २०७८ को 'कान्तिपुर' मार्फत एक व्यक्तिको रिपोर्टमा नेपालका लागि अमेरिकी राजदूत र्‍यान्डी बेरीले खुलासा गरे– 'नेपाल सरकारले पहिले हामीसँग एमसीसी कम्प्याक्टका लागि आग्रह गरेको हो ।'

नेपालका शासकहरू, तिनीहरूका सल्लाहकार र राजदूतहरूको हीनताबोधको कूटनैतिक गतिविधिको कारण बुद्धिजीवी समुदायमा लज्जाबोधको अनुभूतिले स्तब्धता छाएकै बेला ४ फागुनकै 'कान्तिपुर' को एक शीर्षक थियो– 'नेताहरूलाई धम्क्याएका छैनौँ : अमेरिका ।'

सारा जनताले थाहा पाए– विदेशीलाई खुसामद गरेर वा सहयोग मागेर निर्वाचनमा जाने शासक दलका नेता र सल्लाहकारहरूले देश र जनताको इज्जत धूलोमा मिलाइदिए ।

### युक्रेन घटनाको यथार्थ

केही महिनादेखि चर्चामा रहेको युक्रेन (Ukraine) पूर्वसोभियत सङ्घकै एक प्रान्तीय राज्य हो । ६ लाख वर्ग किलोमिटरभन्दा बढी क्षेत्रफल रहेको युक्रेनमा ४ करोड ८० लाख जनसङ्ख्या भएको बताइन्छ । यो हिसाबले युरोपको ठूला देशमध्ये एक युक्रेन हुन आउँछ । युक्रेनको पूर्वी भागमा डोनेत्स्क (डोनबास) जनगणतन्त्र (DPR) र लुहान्स्क (लुहान) जनगणतन्त्र (LPR) स्वायत्त गणतन्त्रहरू छन् । सोभियत सङ्घको बेला यो क्षेत्र ठूलो औद्योगिक र शिक्षा एवम् सांस्कृतिक क्षेत्र थियो । कृषि र खनिज सम्पदामा पनि युक्रेन सम्पन्न थियो । तर, दोस्रो विश्वयुद्धमा जनताको प्रजातन्त्र मास्ने र राजनैतिक दलहरूमाथि प्रतिबन्ध लगाउने, जनताको मौलिक अधिकारहरू तथा मजदुरहरूको अधिकार खोस्ने नाउँमा 'राष्ट्रिय समाजवाद' को सिद्धान्त हुर्काइयो । त्यसैलाई 'नाजीवाद' भनिन्छ र त्यसको प्रणेता 'हिटलर' हुन् । उनी एक निरङ्कुश तानाशाह थिए ।

अमेरिकी विदेशमन्त्री जेम्स ए बेकरले विभाजित जर्मनी एकीकरणपछि ९ फेब्रुअरी १९९० को दिन गोर्वाचोभलाई पूर्वमा नाटो विस्तार नहुने प्रतिबद्धता जनाएका थिए । नाटो संरा अमेरिका र पश्चिमा साम्राज्यवादी देशहरूको एक सैन्य सङ्गठन हो । ४ अप्रिल १९४९ मा 'उत्तर एटलान्टिक सन्धि सङ्गठन' नाटो स्थापना भएको थियो ।

नाटोका तत्कालीन महासचिवले १७ मई १९९० मा नाटो पूर्वमा विस्तार नगर्ने सो प्रतिबद्धता दोहोर्‍याएका थिए । सेप्टेम्बरमा लामो छलफलपछि पश्चिमी शक्ति र रुसबीच नाटोलाई पूर्वी युरोपेली समाजवादी मुलुकहरूतर्फ विस्तार नगर्ने सहमति भएको थियो । पूर्वी समाजवादी देशहरूमा रहेको नाटोको शस्त्र-अस्त्र सबै हटाउनुपर्ने र युक्रेनलाई पनि नाटोमा सामेल नगराउने प्रतिबद्धता जनाइएको थियो ।

सन् १९९१ मा सोभियत सङ्घको विघटनपछि पश्चिमको प्रभावमा परेको रुसका पहिलो राष्ट्रपति बोरिस एल्सिनको विरोध भइरहेको बेला उनले आफ्नो उत्तराधिकारी पुटिनलाई बनाउने घोषणा गरेका थिए । सन् १९९० देखि नै युक्रेनमा संरा अमेरिका र नाटो सक्रिय भए । त्यसैबेलादेखि युक्रेनमा रुसविरोधी गतिविधि सुरु भयो र रुसी भाषाको विरोध भयो ।

दोस्रो विश्वयुद्धमा नाजीवादीहरू र राष्ट्रवादको नाममा प्रजातन्त्रको हत्या गर्ने इटालीका तानाशाह मुसोलिनी एवम् उनका समर्थक फासीवादीहरूको हार हुनै लागेको थियो । त्यसबेला हजारौँ हजार निर्दोष तथा निःशस्त्र जनताको हत्यामा ज्यान सजाय पाएका 'युद्ध अपराधी' नाजी सैनिक, गुप्तचर र नेताहरूलाई भविष्यमा कम्युनिस्टहरूसँग 'भिडाउने उद्देश्यले' बेलायती कामदार जनताविरोधी नेता चर्चिल र अमेरिकी अधिकारीहरूले संरा अमेरिका र ल्याटिन अमेरिकामा लुकाउन लगेका थिए । ती नाजी र फासीवादीहरूले नै युक्रेनमा प्रजातन्त्र र मुक्तिको विरोधमा ठूलो वितण्डा मच्चाएका थिए । त्यसकै नयाँ संस्करण नवनाजीवादी र फासीवादीहरूको सहयोगमा राष्ट्रपति बनेका जेलेन्स्की युरोपमा युद्ध फैलाउन अमेरिकालाई गुहार्दै छन् । उनी संरा अमेरिका र नाटोका 'कठपुतली' हुन् ।

सन् २०१४ मा रुसमाथि झुकाव राख्ने राष्ट्रपति

भिक्टर यानुकोभिचविरुद्ध नवनाजीवादीहरूले आन्दोलन गरे। युक्रेनको एउटा क्षेत्रमा बेलायती अङ्ग्रेजी भाषा र अर्को क्षेत्रमा अमेरिकी अङ्ग्रेजी भाषाको प्रचार गर्न विद्यालयहरू सक्रिय बनाइँदै थिए। रुसी भाषा र संस्कृतिको विरोधमा पश्चिमेली भाषा र संस्कृतिको प्रचार गरिँदै गयो। रुसले सन् २०१४ मार्च १६ मा क्रिमिया प्राय:द्वीपमा जनमतसङ्ग्रह गरायो। क्रिमियाली ९६.७ प्रतिशत जनताले रुससँग मिल्ने पक्षमा मत दिएका थिए।

युक्रेनले सन् २०१४ देखि नै डोनेत्स्क र लुहान्सका रुसी जनताको स्वायत्तता प्राप्त गर्ने आन्दोलनविरुद्ध सशस्त्र दमनचक्र चलाउँदै थियो। यसबारे पश्चिमी प्रचारमाध्यम पूरै मौन रह्यो र सन् २०२२ फेब्रुअरी २२ को दिन रुसी सरकारले युक्रेनबाट अलग्गिसकेको डोनबास क्षेत्रको डोनेत्स्क र लुहान्स्क जन गणतन्त्रलाई 'स्वायत्त र स्वतन्त्र' राज्यका रूपमा मान्यता दियो। रुसी प्रतिनिधिसभा ड्युमाको २३ फेब्रुअरीको बैठकले दुवै जन गणतन्त्रलाई रुसी सरकारको समर्थन भएको घोषणा गऱ्यो। संरा अमेरिका र नाटो युक्रेनको बाटो भएरै रुसतिर सशस्त्र हमलामार्फत नाटोको विस्तार गर्न चाहन्थे। यसकारण, अमेरिकी राष्ट्रपति बाइडेनले रुसी राष्ट्रपति पुटिनलाई अधिनायकवादी, अहङ्कारी र विस्तारवादीको लाञ्छना लगाए। साथै, बाइडेनले पुटिनलाई 'युद्ध अपराधी' को आरोप पनि लगाए।

रुसले युक्रेनको असैनिकीकरण, तटस्थता र नाटोमा असंलग्नता चाहेको हो। रुसले आफ्नो राष्ट्रिय सुरक्षा समेतलाई ध्यानमा राखी युक्रेनी गृहयुद्ध रोक्ने प्रयास गऱ्यो। रुसले सकेसम्म सर्वसाधारणको मृत्यु नहोस् भन्नेमा सावधानी अपनाएको छ। रुसले युद्धको बीचमा युक्रेनको राजधानी किभलाई प्राकृतिक ग्यास पठायो, इन्टरनेट चालु राख्यो। अमेरिकाले गरेको इराक युद्धमा सबभन्दा पहिले बिजुलीको तार र पानीका पाइपहरू काटेको थियो। परिणामतः लाखौँ सर्वसाधारणको मृत्यु भयो। अमेरिकाले संसारभरि यसरी नै क्रूर आक्रमण गरेको थियो।

१४ मई १९५५ मा सोभियत सङ्घले पोल्यान्डको राजधानी वार्सा (Warsa) मा पूर्वी जर्मनी, पोल्यान्ड, हङ्गेरी, चेकोस्लोभाकिया, बुल्गेरिया, रुमानिया र अल्बानियाका प्रतिनिधिहरू मिलेर वार्सा सन्धि सङ्गठन स्थापना गरेका थिए। ती सबै समाजवादी देश थिए। 'वार्सा सन्धि सङ्गठन' (Warsa Treaty Organization) लाई 'पूर्वी युरोपेली सुरक्षा सन्धि' (East European Security Pact) पनि भनिन्थ्यो। सोभियत सङ्घको कम्युनिस्ट पार्टीले १९९० मा 'समाजवाद' लाई परित्याग गरेपछि र पार्टी एवम् सोभियत सङ्घलाई नै विघटन गरेपछि 'वार्सा सन्धि सङ्गठन' का समाजवादी देशहरूमा पनि एक एक गरेर पुँजीवादको पुन:स्थापना भयो र नाटोका सदस्य बन्दै गए।

सोभियत सङ्घको विघटनपछि अमेरिकी साम्राज्यवाद वा नाटोले 'वार्सा गठबन्धन' का देशहरू र सोभियत सङ्घको पहिलेका भूभागहरूमा भूराजनीतिक विस्तारको प्रक्रिया सुरु गरे। सन् १९९१ देखि २०१४ सम्म अमेरिकाले किभलाई ३ अर्ब ८० करोड अमेरिकी डलर बराबरको प्रत्यक्ष सैन्य सहयोग गरेको थियो। वासिङटनले सन् २०१४ देखि २०२१ सम्म थप २ अर्ब ४० करोड डलर सहयोग गरेको थियो। अमेरिकी राष्ट्रपति जो बाइडेनले यो सहयोगलाई अझ बढाए। बेलायत र क्यानडाले ५० हजार युक्रेनी सेनालाई तालिम दिए। अमेरिकाले सोभन्दा बढी तालिम दियो। अमेरिका र नाटोको आडमा युक्रेनले डोनबास क्षेत्रमा निरन्तर आक्रमण गऱ्यो; रुसको सीमा नाघ्यो; रुसलाई तहसनहस पार्ने र अमेरिकी प्रभुत्व कायम गर्ने नीति लियो।

'अमेरिका टुडे' समाचारपत्रअनुसार बितेका २० वर्षमा अमेरिकाले सुरु गरेको युद्धका कारण ९.२९ लाख मानिसको ज्यान गएको छ भने सन् २००१ सेप्टेम्बर ११ को घटनायता ३.८ करोड मानिस घरबारविहीन भए। अमेरिकी साम्राज्यवाद हरेक १५ वर्षमा एउटा युद्धमा लागेको र पिछलग्गू देशसमेतलाई उक्साएर प्रतिदिन ४० ओटा बम वा क्षेप्यास्त्र प्रहारमा लागेको तथ्याङ्क छ। सन् १९४५ यता संसारमा घटेका २४८ सैन्य कारबाहीमध्ये २०१ ओटा सैन्य कारबाही (८१ प्रतिशत) मा अमेरिका संलग्न भएको तथ्याङ्क पनि छ। सन् १९११ मै रुसका लागि अमेरिकी राजदूत जर्ज केननले रुसनजिक नाटो विस्तार नगर्न अमेरिकी सरकारलाई सचेत गराएका थिए। यसकारण, युक्रेन सङ्कट पनि अमेरिकी साम्राज्यवादले नै निम्त्याएको हो।

युक्रेनको युद्ध नाटोको आडमा रुसविरुद्ध अमेरिकाको लामो छद्मयुद्ध (प्रोक्सी वार) हो। विदेशी भाडाका सिपाहीको आडमा युक्रेनले यो लडाइँ लड्दै छ। अमेरिकाले युक्रेनलाई नाटोको ३१ औँ देश बनाउन लागेको परिणाम नै यो युद्ध हो। अमेरिकाले नाटोलाई प्रयोग गरी युरोप र एसियालाई विभाजन गरी कमजोर पार्दै छ भने विश्वमा प्रभुत्व कायम गर्न नाटोलाई अमेरिकी आदेशमा चल्ने प्रहरी बनाउँदै छ।

### अमेरिकी साम्राज्यवादको विरोध

अमेरिकी साम्राज्यवादले २१० वर्षयता सयौँ देशमाथि हस्तक्षेप, नाकाबन्दी, सेना तैनाथी र आक्रमण गरेको छ। सर्बिया (सन् १९९९), अफगानिस्तान (सन् २००१), इराक (सन् २००३), लिबिया (सन् २०११) र युक्रेन सङ्कट (सन् २०२२)

अमेरिकी संलग्नताको आक्रमणका पछिल्ला उदाहरण हुन्। अमेरिकी नेतृत्वको सैन्य मोर्चा नाटो (३० देश संलग्न), क्वाड (संरा अमेरिका, जापान, भारत, अस्ट्रेलिया संलग्न), अउकस (बेलायत, अस्ट्रेलिया, संरा अमेरिका संलग्न), पाँच आँखा (संरा अमेरिका, बेलायत, अस्ट्रेलिया, क्यानडा, न्युजिल्यान्ड संलग्न) र अन्जुस (संरा अमेरिका, अस्ट्रेलिया, न्युजिल्यान्ड संलग्न) गठन गरिएको छ। एमसीसी सम्झौता पनि हिन्द–प्रशान्त क्षेत्रमा अमेरिकी सैन्य मोर्चा नै हो। यसकारण, अमेरिकाले सन् २०२१ डिसेम्बर ९ र १० मा आयोजना गरेको 'प्रजातन्त्र शिखर सम्मेलन' नयाँ युद्धको तयारी थियो। सन् २०१८ मा युरोपेली सङ्घका अध्यक्ष डोनाल्ड टस्कले 'अमेरिकाजस्तो साथी भए कसलाई शत्रुको खाँचो पर्छ र !' भनी व्यङ्ग्य गरेका थिए। नेमकिपाले अमेरिकी साम्राज्यवादको विरोध एवम् निन्दा गर्दै आएको छ।

### भारतीय विस्तारवाद तथा एकाधिकार पुँजीविरुद्ध सङ्घर्ष

दक्षिण सीमासँग जोडिएका स्थानीय निकायमा भारतीय थिचोमिचोको कारण बारम्बार स्थानीय नेपाली जनता र भारतीय सशस्त्र प्रहरी दलबीच भइरहने सीमा झगडा र कहिलेकाहीँ भारतीय सशस्त्र प्रहरी बल (एसएसबी) को गोलीबाट भइरहेको नेपाली जनताको हत्याहिंसाको छानबिन एवम् भारतीय समकक्षीसँगको वार्तामा नेपाल सरकार असक्षम देखियो। आफ्नो सीमा रक्षामा गृह मन्त्रालयको चासोसमेत नहुनु तथा देशको सार्वभौमिक अखण्डताबारे 'ध्यान' नजानु केन्द्रीय सरकार आफै उदासीन हुनुको परिणाम हो।

सुस्ताबाहेक पूर्वदेखि पश्चिम महाकालीसम्म ७० भन्दा बढी ठाउँमा विस्तारवादी भारतद्वारा भइरहेको सीमा अतिक्रमण तथा थिचोमिचोबाट नेपाली जनता आक्रान्त छन्। नेपाली काङ्ग्रेसको नेतृत्वको सरकार देशको सार्वभौमिकतासम्बन्धी समस्यामा जहिल्यै मौन रहनु आफ्नो कर्तव्यप्रति च्युत हुनु हो।

हालैमात्र पनि महाकाली 'नदीको आठ मिटर भित्रसम्म अतिक्रमण गरेर बनाउँदै तटबन्ध' भन्ने खबरको शीर्षक भन्छ– 'महाकालीमा फेरि भारतको बलमिचाइँ' (नयाँ पत्रिका, १४ चैत २०७८)।

यसबारे समाचारमा उल्लेख छ– 'दुई देशका स्थानीय प्रशासनबीच द्विपक्षीय समझदारीमा मात्रै तटबन्ध निर्माण गर्ने सहमतिविपरीत भारतले नेपालतर्फको तटबन्ध भत्किने गरी महाकालीको धार फर्काउन पुनः सुरु गरेपछि एस्काभेटरको साँचो नियन्त्रणमा लिइयो।'

दार्चुलाका प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्याय भन्छन्– 'नदीको धार परिवर्तन गर्दै भारतीय एस्काभेटर नेपाली क्षेत्रमै पुग्यो।' दार्चुलाका सांसद तथा कानुनमन्त्री दिलेन्द्रप्रसाद बडूले केही दिनअघि गृहमन्त्री बालकृष्ण खाँड र परराष्ट्रमन्त्री नारायण खड्काको ध्यान आकर्षण गराएको बाहेक यसबारे नेपालको तर्फबाट भारत पक्षलाई केही भनिएको र गरिएको जानकारी नेपाली जनताले पाएका छैनन्।

यस्तो मामिलामा स्थानीय निकाय गाउँपालिका र नगरपालिकाहरूलाई सजग गराउने एवम् स्थानीय प्रशासनसँग पालिकाहरूको समन्वय गराउने प्रावधान हुनु आवश्यक छ। नत्र बरोबर भारतीय सशस्त्र सीमा प्रहरीको थिचोमिचो सहन पालिकाहरू र जनता बाध्य भइरहनेछन्।

सुगौली सन्धि, गोर्खा भर्ती सम्झौता, नेपाली भूमि कालापानीमा भारतीय सेना तैनाथीलगायत नेपालको सार्वभौमिकतामाथि थिचोमिचो गरेको भारतीय विस्तारवाद तथा एकाधिकार पुँजीले नेपाल–भारतबीचका सीमास्तम्भहरू समेत गायब पार्दै छन्।

सन् १९५० को असमान सन्धि, कोसी सम्झौता, गण्डक सम्झौता, महाकाली सन्धि, माथिल्लो कर्णाली, अरूण तेस्रो, तल्लो अरूणलगायत देशघाती सन्धि – सम्झौतामा नेपाल सरकारलाई हस्ताक्षर गराएर नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने तथा प्राकृतिक स्रोत साधन कब्जा गर्ने भारतीय विस्तारवादले सन् २०१९ नोभेम्बर १ मा नेपालको भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरासमेत गाभेर भारतको नयाँ नक्सा जारी गऱ्यो। कोरोना भाइरस महामारीको बन्दाबन्दीको बेला सन् २०२० मे ८ मा नेपालको भूमि गुन्जीदेखि लिपु भञ्ज्याङसम्म बनाएको सडक भारतीय रक्षामन्त्रीले अनलाइन उद्घाटन गरे भने भारतीय प्रम मोदीले सन् २०२१ डिसेम्बर ३० मा लिपुभञ्ज्याङसम्मको सो सडक चौडा गर्ने काम चालु रहेको सार्वजनिक घोषणा गरेर नेपालको सार्वभौमिकतामाथि ठाडो हस्तक्षेप गरे। बेलायती साम्राज्यवादको २१० वर्षको उपनिवेशबाट मुक्त भएपछि पनि भारतीय शासक वर्गमा बेलायती साम्राज्यवादको छाप बाँकी नै रहनु निन्दनीय हो। कञ्चनपुरमा गोविन्द गौतमको हत्या र दार्चुलामा तुइन काटेर जयसिंह धामीको हत्या गरेको भारतीय शासक वर्गले दार्चुलाको महाकाली नदी पाँच मिटर मिचेर ९ मिटर अग्लो र ५ किमि लामो तटबन्ध बनायो। नेपाल मजदुर किसान पार्टीले भारतीय विस्तारवाद तथा एकाधिकार पुँजीको विरोध गर्दै आएको छ।

### श्रीलङ्कामा आर्थिक सङ्कट

नेपालको एक छिमेकी मित्र देश श्रीलङ्काको क्षेत्रफल र जनसङ्ख्या झन्डै नेपालकै हाराहारीमा छ। नेपालमा १०

वर्ष भारतबाट तालिम प्राप्त माओवादी गृहयुद्धले आर्थिक क्षति पुऱ्याएजस्तै श्रीलङ्का पनि तीस वर्षको गृहयुद्धबाट थिलथिलो भएको थियो। श्रीलङ्काले विदेशी ऋण लिएर आर्थिक प्रगतिमा विश्वास जगाएको थियो। सङ्कट र दुःख एक्लै आउँदैन। सन् २०१९ को अप्रिलमा क्रिश्चियनहरूको इस्तर पर्वको दिन आइतबार भएको इस्लामिक बम आक्रमणले २ सयभन्दा बढी मानिसको मृत्यु भयो। वर्षमा सालाखाला २० लाख पर्यटकलाई स्वागत गर्ने देशले ठूलो क्षति व्यहोऱ्यो। त्यसपछि कोभिड-१९ महामारीले अन्य देशमा जस्तै श्रीलङ्काली जनताको स्वास्थ्य, व्यापार, उद्योग-धन्दा आदि सबै क्षेत्र कमजोर हुनु स्वाभाविक छ।

श्रीलङ्काको सरकारकै गलत आर्थिक नीतिको कारण नेपालमा जस्तै कृषि अर्थतन्त्र (धान र चियाको उत्पादन) समेत घट्यो। युक्रेन सङ्कटले एसियाली र युरोपेली देशहरूले जस्तै श्रीलङ्काले पनि पेट्रोलियम पदार्थ, ग्यास, खाने तेल र खाद्यान्नको अधिक आयात र मुल्यवृद्धिको मार खप्नु पऱ्यो। संसारले यस सङ्कटको कारण अमेरिकी र युरोपको पूर्वतर्फ नाटोको विस्तार नै भएको बताउँछन्। त्यसैले संसारका सचेत जनता भन्दै छन् - 'नाटो समस्या हो, समाधान होइन।', 'नाटो अमेरिकी आदेशमा चल्ने प्रहरी हो'।

श्रीलङ्काको सङ्कट मोचनमा विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोष सहयोगी मान्ने हो भने एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरूका जनता ती दुवै आर्थिक संस्थाबाट पीडित छन्। भनिन्छ- विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोष संरा अमेरिकी साम्राज्यवादका आर्थिक हात-हतियार हुन्। तर, श्रीलङ्काले एसियाली छिमेकी देशहरूको व्यापारिक र आर्थिक सहयोगको कारण छिट्टै सङ्कटबाट पार पाउनेमा शङ्का छैन। श्रीलङ्कामा कागज र कापी किन्न पैसा नहुँदा विद्यार्थीहरूको परीक्षा नै स्थगित गरियो। दूध एक लिटरको रु. २ हजार र चामल एक किलोको रु. ५ हजार पुग्यो। पेट्रोल पम्पमा लाइन लामो भयो। आखिर यस्तो किन भयो ?

चैतको अन्तिममा विदेशी विनिमय सञ्चिति २.३ अर्ब डलर थियो भने ऋण ४ अर्ब डलर थियो। देशले आपूर्तिलाई धान्न नसक्ने भयो। युक्रेन सङ्कट भएपछि ग्यास, तेल ढुवानी र बीमा सबै महँगो भयो। ४० वर्षयता श्रीलङ्काले ऋण लिएर आयात बढाउन र ऋणको ब्याज तिर्नमै धेरै रकम खर्च गऱ्यो। कुनै पनि देशको सरकारले आफ्नै खुट्टामा उभिने योजना बनाउनु जरुरी भएको श्रीलङ्काको स्थितिले देखायो। दक्षिण एसियाको श्रीलङ्का, पाकिस्तान र नेपाललाई अमेरिकी सैन्य रणनीतिको प्रभावमा राख्दाको परिणाम दुःखद हुने विश्लेषण अहिले गरिँदै छ।

### शासक दलहरूले आफ्नो वाचा पूरा गरेनन्

स्थानीय तहको निर्वाचन घोषणापत्र-२०७४ मा शासक दलहरूले युवा उद्यम कोष, कृषिमा उद्यमशीलता, सहकारी संस्थामार्फत गरिबी निवारण, माध्यमिक तहसम्म पूर्ण निःशुल्क र अनिवार्य शिक्षा, गाउँपालिकामा १५ शय्याको प्रसूति वार्डसहितको अस्पताल, धूलो, धुवाँ र प्लास्टिक नियन्त्रण, समृद्ध गाउँ-नगर, गाउँ गाउँमा सिंहदरबार, शिक्षित व्यक्ति बेरोजगार हुनु नपर्ने, स्थानीय तहमा एकीकृत ग्राम विकास, एक घर एक रोजगारीको वाचा गरेका थिए। स्थानीय, प्रदेश र सङ्घीय सरकार एकसाथ सञ्चालन गरेका शासक दलहरूले उल्लेखित कुनै पनि प्रतिबद्धता पूरा गरेनन्।

### नेमकिपाको दृष्टिकोणमा अन्य राजनीतिक दलहरू

□ स्थानीय निर्वाचनको सिलसिलामा अनेक नयाँ राजनैतिक दलहरूले पनि निर्वाचन आयोगमा आफनो दल दर्ता गरएका छन्। तर, ती सबैलाई हेर्दा देशका राजनीतिक दलहरू दुई हिस्सामा बाँडिएका छन्। एउटा पक्ष अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादसमक्ष आत्मसमर्पण गर्दै देशलाई भड्खालोमा पार्ने पुँजीवादी र सामन्त वर्गको प्रतिनिधित्व गर्ने नेपाली काङ्ग्रेस नेतृत्वकै एमसीसीको समर्थक गठबन्धनको प्रतिगामी पक्ष हो। दोस्रो पक्ष हो- एमालेको नेतृत्वमा एमसीसी सम्झौताको पक्षमा उभिने प्रतिगामी गठबन्धन। यी दुवै वर्गीयरूपले पुँजीवादी र सामन्त वर्गको प्रतिनिधित्व गर्ने एउटै ढ्याकका खुकुरी र त्रिशुल हुन्।

□ अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको एमसीसी सम्झौताविरुद्ध उभिने देशभक्त र प्रगतिशीलहरूको पक्षमा नेपाल मजदुर किसान पार्टी दृढतापूर्वक अगाडि बढ्दै छ। स्थानीय तहको निर्वाचनको क्रममा पनि एमसीसीविरोधी, देश र जनतालाई माया गर्ने राजनैतिक दल, समूह र व्यापक मजदुर, किसान, बुद्धिजीवी, इमानदार कर्मचारी एवम् व्यवसायी तथा सम्पूर्ण नेपाली जनता र मतदाताहरूलाई एउटै लाममा उभिन एवम् आ-आफ्नो कर्तव्य पूरा गर्न हामी आह्वान गर्छौं ! सबै मिली अमेरिकी साम्राज्यवाद एवम् नेपाल र नेपाली जनताविरोधी एमसीसीको विरोध गरौँ ! शासक दलका नेताहरूले जाति, भाषा, धर्म, क्षेत्र, झूटा आश्वासनका कुरा गरेर एवम् निर्वाचन आचारसंहितालाई मिचेर पैसा दिएर, भोजभतेर खुवाएर, लुगा, टर्चलाइट, मोबाइल, माछा-मासु तथा ग्यास सिलिन्डर बाँडेर निर्वाचन जित्दै आएका हुन्। राजनीतिकरूपले सचेत जनता अब आयन्दा यस्तो घटना हेर्न र सुन्न नपरोस् भनी कल्पना गर्दै छन्। भ्रष्टाचारमा डुबेको हाम्रो देशको कहालीलाग्दो स्थिति देखेर देशका ६०-७० वर्षको अनुभव भएका एक वरिष्ठ अधिवक्ताले भन्नुभयो,

"न्यायाधीश असल भए भ्रष्टाचारै हुँदैन।" साथै, उहाँले थप्नुभयो, "न्यायालयमा विकृति भित्रिनुमा कानुन व्यवसायीहरू पैसाप्रेमी हुनु पनि मुख्य कारण हो।" (अन्नपूर्ण, २८ माघ २०७८)।

□ न्यायाधीशहरूले भ्रष्टाचारीलाई दण्ड-जरिवाना गर्नमा इमानपूर्वक दृढता देखाए तथा कानुन व्यवसायीहरूले पनि देशमा बढ्दो विकृतिलाई विचार गरी अपराधलाई सहयोग नपुग्ने नैतिकतालाई गम्भीरतापूर्वक प्राथमिकतामा राखे भ्रष्टाचार न्यून हुनेबारे जनता एकमतको नजिक पुग्नेछन्।

□ स्थानीय निकायको भ्रष्टाचार र बेरुजु पनि त्यत्तिकै बढी छ। एक खर्बभन्दा बढी बेरुजु र भ्रष्टाचार जनताले चुनेकै जनप्रतिनिधिहरूबाट भएको समाचार तथा २० हजारभन्दा बढी अख्तियारमा दर्ता भएको उजुरीले नेपाली जनताको शिर निहुरियो।

□ नयाँ पालिकाहरूमा केन्द्र वा प्रदेशबाटै बजेट खर्चसम्बन्धी कानुनी व्यवस्था र लेखाबारे जनप्रतिनिधि एवम् कर्मचारीहरूलाई तालिमहरू दिने बन्दोवस्त भएको भए यति बिघ्न बेरुजु र 'भ्रष्टाचार' को कोलाहल सुन्नुपर्ने थिएन। आजसम्मका शासक दलका नेता एवम् प्रधानमन्त्रीहरूले यसबारे कहिल्यै सोचेनन्।

### मतसीमाविरुद्ध सङ्घर्ष

□ नेमकिपाले बारम्बार सदन र सडकमा मतसीमा (थ्रेसहोल्ड) खारेजीको लागि आवाज उठाउँदै आएको विषय हो। शासक दलहरूले मतसीमा नपुगेका दलका नेता र सांसदहरूलाई मन्त्री बनाउँदै अर्थात् चास्नीको गोली चटाउँदै थ्रेसहोल्डको समर्थनमा हस्ताक्षर गराउँदै दुई पार्टी तानाशाही लाद्ने प्रपञ्च गर्दै आए।

□ राष्ट्र, राष्ट्रियता र राष्ट्रिय एकताको अर्थ देशमा भएका सबै जात-जाति, भाषा-भाषी, धर्म, संस्कृति र रीतिरिवाजको संरक्षण एवम् मान्यता दिनु हो। तर, 'राष्ट्रिय' दलको अर्थ कुनै निश्चित जाति, भाषा-भाषी, क्षेत्र तथा निश्चित धर्मलाई प्राथमिकता दिने दलहरूको शासन गर्ने निरङ्कुश शैली फासीवाद र नाजीवादलाई राष्ट्रको अर्थमा लाद्नु होइन। दोस्रो विश्वयुद्धको बेला जापानले प्रजातन्त्रको विरोधमा सैन्य तानाशाही पनि त्यसरी नै लादेको हो। मतसीमा (थ्रेसहोल्ड) को व्यवस्था प्रजातन्त्रविरोधी तथा जाति, भाषा र धर्मको प्रतीक हो। यसकारण, नेमकिपाले सुरुदेखि नै कुनै जात-जाति, भाषा, धर्म र क्षेत्रको आधारमा राजनीतिक दललाई स्वीकृति दिन नहुने मत राख्दै आएको हो। प्रजातन्त्र र गणतन्त्रको नाममा पुँजीवादी अधिनायकवाद एवम् फासीवादको निम्ति बाटो खोल्नु देश र जनताको हितमा छैन। मतसीमाविरुद्ध नेमकिपाको सुरुदेखिको सङ्घर्षकै कारण स्थानीय तहको निर्वाचन - २०७९ मा थप ६३ राजनीतिक दलले सम्बन्धित दलको चुनाव चिन्ह पाउने भएका छन्।

### सरकारको बजेट विनियोजनमा पक्षपात

□ शासक दलहरूले पालिकाहरूलाई दिइने अनुदान ती पालिकाहरूको आवश्यकता, कार्यक्षमता, अनुभव र परिस्थितिअनुसार विनियोजन गर्नु जरुरी छ। तर, विद्यालय र अस्पतालको भवन नै नभएको पालिकालाई २-४ वटा डोजरसहित भ्यु टावर निर्माणको बजेट, सार्है कम लम्बाइ सडक भएको पालिकामा करोडौँ-करोडको गाडी र दैनिक तेल खर्च तथा खर्चै गर्न नसक्ने बजेट पठाइँदा बढी नै दुरुपयोग भएको जनगुनासो छ। जनताको सेवा हुने ठाउँमा अनुदान बजेट पुग्दो नहुँदा पक्षपात भएको गुनासो जनतामा व्याप्त छ।

□ देशको सन्तुलित विकास नहुँदा राजधानी काठमाडौँ र देशका प्रमुख सहरका बासिन्दा धुवाँ, धूलो, रसायन प्रदूषण, सडक जाम, खानेपानीको अभाव, फोहोरमैलाको अव्यवस्था, हरियाली पार्क एवम् खुला क्षेत्रको अभाव, अपराधको सङ्ख्यामा वृद्धि, बढ्दो भ्रष्टाचार र महँगीको मारमा परेका छन्। नगरको घना बस्तीमा रहेका प्रदूषण फाल्ने औद्योगिक क्षेत्र र उद्योगहरू स्थानान्तरण गरिने छन्।

□ नगरपालिका ऐनमा टोल र आवास क्षेत्रको बाटो, नगरको सडक तथा राजमार्गमा कुनै भेद नछुटिँदा नगरपालिकाको वडा, आवास क्षेत्र र प्राचीन साँघुरो नगरमा समेत राजमार्गमा चल्ने ३०-३५ टनभन्दा बढीका १०-१५ पाङ्ग्रे ठूलठूला भारवाहन ट्रक र टिपरहरूले जनतामा ठूलो आतङ्क मच्चाउँदै छन्। रात-विरात आउने वाहनहरूले तार-टेलिफोन, ढल र खानेपानीको पाइपमा पनि बारम्बार क्षति पुऱ्याई जनताको जिउज्यान र धन-सम्पत्ति पनि असुरक्षित हुने स्थिति विद्यमान छ। यसबारे पालिकाहरूको ऐन र राजमार्गहरूको स्तरसमेत तोकेर ट्राफिक प्रहरीमार्फत सवारी धनी, चालक र परिचालकहरूलाई जानकारी दिन लगाए अप्रिय घटनाहरूबाट बालबालिका र जनताको जिउ-धनको सुरक्षा हुनेछ।

### महानगरपालिका र उपमहानगरपालिकामा हाम्रो जोड

□ देशको राजधानी काठमाडौँ हो। महानगरपालिकाहरू ललितपुर, भरतपुर, पोखरा, व्यापारिक केन्द्र विराटनगर र वीरगञ्ज हुन् भने अन्य ११ उपमहानगरपालिकाहरू छन्।

□ 'फोहोरमा राजनीति, राजधानी सधैँ दुर्गन्धित' यो कुनै कविताको शीर्षक होइन बरु नेपाली अखबारको समाचार शीर्षक हो।

# घोषणापत्रका केही बुँदा

- अमेरिकी साम्राज्यवादको दबाबमा संसद्बाट एमसीसी पारित गरिएपछि देशको स्वतन्त्रता र सार्वभौमिकता जोगाउने सङ्घर्षमा जनता दुई खेमामा विभाजित छन्– एमसीसीका समर्थक प्रतिगामी दलहरू र एमसीसीविरोधी देशभक्त एवम् प्रगतिशील पक्षहरू ।
- नेपाल मजदुर किसान पार्टीले यो सम्झौताको विपक्षमा मत दिएको थियो । सम्झौताको पक्षमा नेका, माओवादी, एकीकृत समाजवादी (माधव नेपाल), जसपा (उपेन्द्र यादव) ले मत दिएका थिए ।
- सन् २००३ मा बनाइएको एमसीसी ऐनमा 'अमेरिकी स्वार्थको लागि लगानी भएको' उल्लेख छ । तर, नेपालको शासक दलका नेताहरूले 'लगानी होइन सित्तैमा आउने अनुदान' भनी झूट बोले ।
- नेमकिपाले  एमसीसी सम्झौता खारेज गराउन देशभरि ४० भन्दा बढी जिल्लामा १०० भन्दा बढी जुलुस र सभासहित आन्दोलन गऱ्यो ।
- अमेरिकी मन्त्रीले २०७८ माघ २७ गते प्रम देउवा, माओवादीका अध्यक्ष प्रचण्ड, एमालेका अध्यक्ष ओलीलाई फोनमार्फत 'सम्झौता अनुमोदन नभए राम्रो नहुने' धम्की दिएपछि संसद्बाट अनुमोदन गरियो ।
- एमसीसी सम्झौतालगत्तै अमेरिकी सरकारले प्रम देउवालाई रुसको विरुद्ध युक्रेनको पक्षमा मत दिन लगायो । यो नेपालको असंलग्न पराराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तविपरीत हो ।
- नवनाजीवादी र फासीवादीहरूको सहयोगमा राष्ट्रपति बनेका जेलेन्स्की युरोपमा युद्ध फैलाउन अमेरिकालाई गुहार्दै छन् । उनी संरा अमेरिका र नाटोका 'कठपुतली' हुन् । रुसले सकेसम्म सर्वसाधारणको मृत्यु नहोस् भन्नेमा सावधानी अपनाएको छ ।
- रुसले युद्धको बीचमा युक्रेनको राजधानी किभलाई प्राकृतिक ग्यास पठायो, इन्टरनेट चालु राख्यो । अमेरिकाले गरेको इराक युद्धमा सबभन्दा पहिले बिजुलीको तार र पानीका पाइपहरू काटेको थियो । परिणामतः लाखौँ सर्वसाधारणको मृत्यु भयो । अमेरिकाले संसारभरि यसरी नै क्रूर आक्रमण गरेको थियो ।
- सन् १९११ मै रुसका लागि अमेरिकी राजदूत जर्ज केननले रुसनजिक नाटो विस्तार नगर्न अमेरिकी सरकारलाई सचेत गराएका थिए । यसकारण, युक्रेन सङ्कट पनि अमेरिकी साम्राज्यवादले नै निम्त्याएको हो ।
- संसारले श्रीलङ्का सङ्कटको कारण अमेरिकी र युरोपको पूर्वतर्फ नाटोको विस्तार नै भएको बुझ्दैछन् । ४० वर्षयता श्रीलङ्काले ऋण लिएर आयात बढाउन र ऋणको ब्याज तिर्नमै धेरै रकम खर्च गऱ्यो । कुनै पनि देशको सरकारले आफ्नै खुट्टामा उभिने योजना बनाउनु जरुरी भएको श्रीलङ्काको स्थितिले देखायो ।
- शासक दलका नेताहरूले जाति, भाषा, धर्म, क्षेत्र, झूटा आश्वासनका कुरा गरेर एवम् निर्वाचन आचारसंहितालाई मिचेर पैसा दिएर, भोजभतेर खुवाएर, लुगा, टर्चलाइट, मोबाइल, माछा–मासु तथा ग्यास सिलिन्डर बाँडेर निर्वाचन जित्दै आएका हुन् । स्थानीय, प्रदेश र सङ्घीय सरकार एकसाथ सञ्चालन गरेका शासक दलहरूले आफ्ना प्रतिबद्धता पूरा गरेनन् ।
- स्थानीय निकायको भ्रष्टाचार र बेरुजु पनि त्यत्तिकै बढी छ । एक खर्बभन्दा बढी बेरुजु र भ्रष्टाचार जनताले चुनेकै जनप्रतिनिधिहरूबाट भएको समाचार तथा २० हजारभन्दा बढी अख्तियारमा दर्ता भएको उजुरीले नेपाली जनताको शिर  निहुरियो ।
- नेमकिपाले बारम्बार सदन र सडकमा मतसीमा (थ्रेसहोल्ड) खारेजीको लागि आवाज उठाउँदै आएको विषय हो । मतसीमा (थ्रेसहोल्ड) को व्यवस्था प्रजातन्त्रविरोधी तथा जाति, भाषा र धर्मको प्रतीक हो । यसकारण, नेमकिपाले

सुरुदेखि नै कुनै जात-जाति, भाषा, धर्म र क्षेत्रको आधारमा राजनीतिक दललाई स्वीकृति दिन नहुने मत राख्दै आएको हो। प्रजातन्त्र र गणतन्त्रको नाममा पुँजीवादी अधिनायकवाद एवम् फासीवादको निम्ति बाटो खोल्नु देश र जनताको हितमा छैन।

- नगर प्रहरीका लागि स्थानीय पालिकाको सिफारिसमा योग्य युवाहरूलाई केन्द्र र प्रदेश प्रहरीबाट तालिमको बन्दोवस्त गर्नु आवश्यक छ।
- बेरोजगार युवाहरू घर-खेत बेची विदेश जाँदा हुने सामाजिक विकृति, आर्थिक क्षति र अनावश्यक मृत्युवरणलाई रोक्न आफ्नै देशमा रोजगारी दिन पालिकाहरूले कृषि तालिम, डकर्मी, सिकर्मी तालिम र अन्य दक्ष प्राविधिक मजदुरहरू तयार गरी देशको विकासमा सहयोग पुऱ्याउनेछन्।
- बस्ती बस्तीमा ढल र उपचार पोखरीको बन्दोवस्त गर्न प्राथमिकता दिलाउन अगुवाइ आवश्यक छ।
- स्थानीय तहहरूको परम्परा र जनभावना अनुकूल पालिकाहरूको क्षेत्रफल मिलान एवम् सन्तुलित विकास गर्न ढिलो गरिने छैन।
- गाउँपालिकाहरूमा अनिवार्य र निःशुल्क प्राथमिक एवम् माध्यमिक शिक्षा लागु गराउन तथा नगरपालिकाहरूलाई क्षमताअनुसार महाविद्यालयहरू र प्राविधिक उच्च शिक्षालयसमेत स्थापना गराउन ढिलो गर्नु जनतालाई शिक्षाबाट वञ्चित गर्नु नै हुनेतर्फ सङ्घ र प्रदेश सरकारलाई बोध गराइनेछ।
- कृषि अर्थतन्त्रमा आत्मनिर्भर बनाउन पालिकाहरूका जनतालाई शिक्षित गर्ने, घर-घरबाटै इँटा, ढुङ्गा, सीसा, प्लास्टिक, काँच, फलामका काँटी-किलाजस्ता सामान अलग गराई पुनः प्रयोगमा पठाउने तथा कुहिने फोहोरबाट प्राङ्गारिक मल बनाउन उत्साहित गर्ने लगायतका योजनामा गम्भीरता देखाउनु आवश्यक देखिन्छ। नत्र काठमाडौँ महानगरपालिकाकै समस्या सबै पालिकाले भोग्नुपर्नेछ। यसमा सङ्घीय सरकार र प्रदेश सरकारहरूको आँखा खोल्न आवाज उठाउनु जरुरी छ।
- सांस्कृतिक नगरपालिका वा गाउँपालिका घोषणा गराउन जोड दिइनेछ। हरेक सक्षम पालिकाहरूले सङ्ग्रहालय बनाउनसमेत ध्यान पुऱ्याउनु उपयुक्त हुन्छ। यसले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय पर्यटन सेवालाई पनि सहयोग पुग्नेछ।
- सिपालु सिकर्मी र डकर्मीले काठ, ढुङ्गा, इँटा र माटोको जोडाइको परम्परागत घर बनाउँदा बलियो हुन्छ र नेपाली हावा-पानीअनुसार मिल्छ। यस्तो आवास बनाउन जोड दिइनेछ।
- नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरू विजयी स्थानीय तहलाई भक्तपुर नगरपालिकाजस्तै देशकै नमुना हुने गरी सञ्चालन गरिनेछ।

□ समाचारपत्रहरू लेख्छन्- सिंहदरबारलाई ताकेर ढुङ्गा हानेजस्तै फोहोर व्यवस्थापनमा काम गर्नुको साटो काठमाडौँ महानगरपालिका र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको फोहोरमैला व्यवस्थापन एवम् प्राविधिक सहयोग केन्द्र एक अर्कोलाई दोष देखाएर पन्छिने गरेका छन्। राजधानीसमेत रहेको काठमाडौँ उपत्यकाको फोहोर हप्तौँ - हप्ता उठ्दैन। सडकमा फोहर छरपस्ट रहन्छ।

□ यस्तो स्थिति आजको मात्र होइन, हरेक महिना र हरेक वर्ष यस्तै छ। यसकारण, महानगरपालिकाहरूले घर-घरबाटै कुहिने र नकुहिने फोहोर छुट्याउने, प्लास्टिक, किला-काँटी र काँचजस्ता पुनः प्रयोगमा पठाउने सामानलाई छुट्याउने काम हरेक वडाहरूबाट गर्दा व्यावहारिक हुनेछ। त्यस्तै, कुहिने फोहोर विसर्जन गर्न कमसेकम १५-२० वर्षलाई पर्याप्त हुने ठाउँको बन्दोवस्त गर्नु आवश्यक छ। यसको लागि ठूलो क्षेत्र अधिग्रहण महानगरपालिकाहरूले मात्र गर्न नसक्ने हुँदा सङ्घीय सरकारले नै बन्दोवस्त गर्नु आवश्यक छ। किनभने, फोहोर विसर्जन गर्ने ठाउँ बस्तीबाट १० - २० किलोमिटर टाढा हुनु आवश्यक छ। यदि त्यसो गर्न सकिन्न

भने सङ्घीय राजधानी अन्य प्रदेश वा दाङ जिल्लामा लानु उचित हुनेछ ।

पर्यावरणीय सन्तुलनको लागि काठमाडौँ उपत्यकामा बाहिरबाट बसाइसराइँ रोक्नु जरुरी छ । देशको सन्तुलित विकास गर्न हरेक प्रदेश राजधानीको निम्ति केन्द्रले गुरुयोजना बनाई द्रुततर ढङ्गले काम थाल्नु जरुरी छ । यस कार्यमा प्रदेशहरू सफल हुनु आवश्यक छ ।

 काठमाडौँ उपत्यकालाई प्रदूषणमुक्त र अपराधमुक्त बनाउन तत्काल अन्य महानगरपालिकाहरूमा पनि माथिकै उपाय कार्यान्वयन गराउन सकिएन भने जटिलता थपिँदै जानेछ । अन्यथा, नगरपालिकाहरू असफल साबित हुनेछन् ।

 प्रदेश सरकारहरूले पनि आ-आफ्ना प्रदेशका महानगरपालिका उपमहानगरपालिका र नगरपालिकालाई फोहोरमैला विसर्जन गर्न आवश्यक जग्गाको बन्दोवस्त गर्नेतर्फ तदारुकता देखाउनु जरुरी छ । फोहोरमैला व्यवस्थापन गर्ने क्षेत्रबाट बस्ती र नगरहरूलाई १०-२० किलोमिटर टाढा राख्ने ढङ्गले सोचेमा २०-३० वर्षसम्म ती ठाउँहरूले फोहोरमैला थेग्न सक्नेछन् । कुहिने वस्तुहरूको व्यवस्थित विसर्जन गर्न त्यसमाथि १-२ फिट माटोले पुर्दै जानुपर्नेछ । केही दिनपछि ती ठाउँमा सम्बन्धित विशेषज्ञहरूको सल्लाहमा फलफुल र रुखको बिरुवा रोप्नु, हुर्काउनुपर्छ ।

 त्यस ठाउँलाई चारैतिर पर्खालले घेरी बाहिरको पानीबाट बचाउने र वर्षाको पानी तथा फोहोरबाट निस्कने फोहोर पानीलाई उपचार गरेपछि मात्रै खोलामा पठाउने बन्दोवस्त आवश्यक छ ।

 नगर घोषणा गर्नुभन्दा पहिले नै नगर, बस्ती र सहरको ढलको फोहोर पानी सफा गर्न ठाउँठाउँमा उपचार पोखरीको व्यवस्था गर्नुपर्ने थियो । औद्योगिक क्षेत्रमा पनि छुट्टै उपचार पोखरी तत्काल बन्दोवस्त गर्नु आवश्यक छ ।

### खानेपानीको वितरणबारे

 सम्भवतः यो वर्ष काठमाडौँ महानगरपालिका र उपत्यकामा मेलम्चीको पानीले काम गर्ला ! तर, अहिले चालु पानीका स्रोतहरूलाई पनि वैज्ञानिक ढङ्गले ठाउँठाउँमा खानेपानीको भण्डारण (रिजर्भवायर बनाउने र उपचारपछि मात्रै वितरण गर्ने) व्यवस्था गर्नु आवश्यक छ । केही ठूला सहरमा मात्र  जनसङ्ख्या बढाउनेतिर लाग्नु आफ्नो खुट्टामा आफैले बन्चरो हान्नु सरह हुनेछ । काठमाडौँ महानगरपालिकाको समस्या अन्य महानगरपालिकाहरूसँग पनि मिल्दो छ ।

 काठमाडौँ महानगरपालिकामा देखिएका कमजोरीहरूतर्फ सावधानी अपनाएमा उपमहानगरपालिकाहरूले छिट्टै आ-आफ्ना नगरलाई व्यवस्थित गर्न सफलता प्राप्त गर्नेछन् ।

### सडक र बाटाघाटाको व्यवस्थाबारे

 महानगरपालिकाहरू र उपमहानगरपालिकाहरूले भोग्दै आएको सडक पेटी, अन्य बाटाघाटा र गल्लीहरूको व्यवस्थापनको लागि जति छिटो काम थाल्न सकियो त्यत्ति राम्रो हुनेछ । जनसङ्ख्याको चाप र बस्तीको स्वाभाविक वृद्धि भएपछि यसको व्यवस्थापनमा जटिलता सामना गर्नुपर्ने हुन्छ । हरेक नगरको गुरुयोजना तत्काल बनाउन सङ्घ, प्रदेश र नगरपालिकाहरूले समन्वय गर्नु आवश्यक छ ।

### राजमार्ग र नगरमार्ग फरक हुनुपर्ने

 जनसङ्ख्याको चाप र बस्तीको विकास हुँदै जानु स्वाभाविक प्रक्रिया हो । यसको निम्ति मुख्यमुख्य सडकमा दुई ओटा गाडी आवत-जावत हुनसक्ने र ठाउँ-ठाउँमा बस बिसौनीको निम्ति मोटर पार्क तथा यात्रुहरू वाहन चढ्न र झर्न अलि फराकिलो बस बिसौनी आवश्यक हुन्छ ।

 सडक पेटीमा पसलको सामान, ग्यास सिलिन्डर, पेट्रोल, डिजेल, मट्टीतेलजस्ता ज्वलनशील र विस्फोटक वस्तु राख्ने तथा आवत-जावत गर्ने स-साना केटा-केटी, ज्येष्ठ नागरिक र यात्रुहरूलाई अप्ठ्यारो हुने गरी हप्तौँसम्म गिटी-बालुवा, इँटा-ढुङ्गा, सिमेन्टको बोरा, लामा-लामा फलामे छड राख्ने कार्यले दुर्घटना निम्त्याउँछ । त्यस्ता काम नियन्त्रण गर्न नगर प्रहरीको बन्दोवस्त, सँगसँगै आवश्यक दण्ड- जरिवाना गर्ने ऐन-नियम बनाउन सङ्घ र प्रदेशको सम्बन्धित विभागलाई ताकेता गर्नु जरुरी छ ।

### नगरपालिका र गाउँपालिकामा हाम्रो जोड

 समयअनुसार हरेक क्षेत्रमा पालिकाहरूको क्षमता बढाउनुपर्छ । जनसङ्ख्याको चाप बढ्दै आउँदा वाहनअनुसारको सडक, ऐननियम र त्यसलाई कार्यान्वयन गर्न नगर प्रहरीको बन्दोवस्त गर्न नेमकिपाले जोड दिनेछ ।

 सडक पेटीमा पसलको सामान, ग्यास सिलिन्डर एवम् अन्य विस्फोट हुने पदार्थ र पेट्रोल, डिजेल तथा मट्टीतेल जस्तो ज्वलनशील वस्तु राख्ने र बेच्ने, हप्तौं - महिनौँसम्म गिटी-बालुवा, इँटा-ढुङ्गा, सिमेन्ट एवम् लामालामा फलामका छड राखेर यात्रुहरूलाई अठेरो पार्नेहरूलाई सम्झाइबुझाई गर्न नगर प्रहरीका साथै सजायसहितको ऐन-नियम बन्दोवस्त गरिनेछ ।

 यसमा एकरूपता ल्याउन स्थानीय पालिकाको सिफारिसमा योग्य युवाहरूलाई केन्द्र र प्रदेश प्रहरीबाट तालिमको बन्दोवस्त गर्नु आवश्यक छ ।

 समयसँगै नागरिकहरूको आर्थिक क्षमताको वृद्धि, आवश्यकताअनुसार भवन निर्माणका ऐन-कानुन र

सोअनुसारका प्राविधिकहरू पनि आवश्यक हुन्छ। स्ट्रक्चरल इन्जिनियर, आर्किटेक्ट र अन्य विविध विषयका प्राविधिकहरूको समेत पद स्थापना र पदपूर्तिमा स्थानीय पालिका सक्षम नभएसम्म केन्द्र (सङ्घीय) र प्रादेशिक सरकारबाट सहयोग पुऱ्याउन जोड दिइनेछ।

☐ बेरोजगार युवाहरू घर-खेत बेची विदेश जाँदा हुने सामाजिक विकृति, आर्थिक क्षति र अनावश्यक मृत्युवरणलाई रोक्न आफ्नै देशमा रोजगारी दिन पालिकाहरूले कृषि तालिम, डकर्मी, सिकर्मी तालिम र अन्य दक्ष प्राविधिक मजदुरहरू तयार गरी देशको विकासमा सहयोग पुऱ्याउनेछन्।

☐ बस्ती बस्तीमा ढल र उपचार पोखरीको बन्दोवस्त गर्न प्राथमिकता दिलाउन अगुवाइ आवश्यक छ।

☐ खानेपानी र घरेलु कामको निम्ति अलग पानीको बन्दोवस्त गर्ने काममा जोड दिइनेछ।

☐ नेपाल भूकम्पीय जोखिम क्षेत्र भएको हुनाले भू-उपयोग नक्सा तयार गरी भू-बनोटअनुसार घर बनाउन जनतालाई भार नपर्ने गरी तथा स्थानीय स्रोतसाधन उपयोग हुने गरी काठ, इँटा, ढुङ्गा र माटो जोडाइको प्राचीन शैलीको 'नस' हरू भएको घर-निर्माण गर्न सिपालु डकर्मी र सिकर्मीहरू वा प्राविधिक विशेषज्ञ एवम् श्रमशक्ति तयार गराउन सङ्घीय र प्रदेश सरकारहरूको तदारूकताको निम्ति आवाज उठाइनेछ।

☐ छरिएर रहेका घरहरूलाई पायक पर्ने गरी एकै ठाउँमा गाउँ र बस्ती निर्माण गर्न तथा स्थानीय जनताको आवश्यकता र चाहनाअनुसार पेटीसहितको सडक एवम् बस पार्कहरू विकास गर्न ढिलो गर्नु विकासलाई अवरुद्ध गर्नु बराबर हो।

☐ स्थानीय तहहरूको परम्परा र जनभावना अनुकूल पालिकाहरूको क्षेत्रफल मिलान एवम् सन्तुलित विकास गर्न ढिलो गरिने छैन।

☐ नगरपालिकाको ठाउँ-ठाउँमा टोल, बस्ती र स-साना नगरहरूको विकास भए प्रसूति गृह, शिशुशाला, बालोद्यान र प्राथमिक विद्यालय एवम् स्वास्थ्य केन्द्रहरू स्थापना गर्नसमेत व्यावहारिक हुनेबारे जनतालाई शिक्षित गर्न ढिलो गर्नु एक अपराध साबित हुनेछ।

☐ बाढी र पहिरो नियन्त्रण गर्न एवम् विकासको नाममा जथाभावी जङ्गल फडानी नियन्त्रण गर्न वृक्षरोपण गर्नु जरुरी छ। पहिरोको सम्भावित ठाउँहरूमा बायो इन्जिनियरिङ तथा बज्र र सिमेन्टका पर्खालहरूको निर्माण गरी पानीका स्रोतहरूको समेत संरक्षण गराउन जनता र पालिकालाई शिक्षित गर्न सङ्घीय सरकार एवम् प्रदेश सरकारहरूलाई घचघच्याउनु जरुरी छ।

☐ गाउँपालिकाहरूमा अनिवार्य र निःशुल्क प्राथमिक एवम् माध्यमिक शिक्षा लागु गराउन तथा नगरपालिकाहरूलाई क्षमताअनुसार महाविद्यालयहरू र प्राविधिक उच्च शिक्षालयसमेत स्थापना गराउन ढिलो गर्नु जनतालाई शिक्षाबाट वञ्चित गर्नु नै हुनेतर्फ सङ्घ र प्रदेश सरकारलाई बोध गराइनेछ।

☐ प्राविधिक मजदुरहरूलाई आवश्यक तालिमपछि साइकल, मोटरसाइकल, मोटर, मोबाइल, कम्प्युटर, टीभी, रेडियो, फ्रीज, हिटर, विद्युत् जडान, पाइप र 'किचेन' को मर्मत गर्ने, खाना तताउने माइक्रो ओभन, लुगा धुने वासिङ मेसिन आदिको मर्मत तालिम दिएर पानी तान्ने मेसिनसमेतको ज्यासल (वर्कसप) बनाई युवाहरूलाई रोजगारको व्यवस्था गर्न स्थानीय तहले तदारूकता देखाउन आवश्यक छ। सम्भावना भएका गाउँ र नगरपालिकाहरूलाई स-साना जलविद्युत् परियोजना सञ्चालन गर्न उत्साहित गर्नु आवश्यक छ। यस कार्यले जनताको ठूलो सेवा हुनेछ।

☐ वर्षको एक खर्बभन्दा बढी रुपियाँको खाद्यान्न, तरकारी र फलफुलको निम्ति विदेशी मुद्रा खर्च भइरहेकोलाई घटाउन पालिका एवम् सहकारी संस्थाहरूमार्फत तरकारी खेती, माछापालन, पशुपालन, कुखुरापालनसहित कृषि उत्पादनमा प्राथमिकता दिन नगरपालिकाहरूले कृषि शिक्षाको कक्षा सञ्चालन र तालिम प्रदान गर्नु आवश्यक छ। साथै, कृषि अर्थतन्त्रमा आत्मनिर्भर बनाउन पालिकाहरूका जनतालाई शिक्षित गर्ने, घर-घरबाटै इँटा, ढुङ्गा, सीसा, प्लास्टिक, काँच, फलामका काँटी-किलाजस्ता सामान अलग गराई पुनः प्रयोगमा पठाउने तथा कुहिने फोहोरबाट प्राङ्गारिक मल बनाउन उत्साहित गर्ने लगायतका योजनामा गम्भीरता देखाउनु आवश्यक देखिन्छ। नत्र काठमाडौँ महानगरपालिकाकै समस्या सबै पालिकाले भोग्नुपर्नेछ। यसमा सङ्घीय सरकार र प्रदेश सरकारहरूको आँखा खोल्न आवाज उठाउनु जरुरी छ।

☐ गाउँ, सहर र बस्तीहरूलाई साना-ठूला पुल र पेटीसहितको सडकहरूले जोड्दै पर्यावरणीय सन्तुलन कायम गर्न खुला स्थान एवम् बगैँचा (हरित पार्क) र मनोरञ्जन स्थलहरू निर्माण गर्न, कृषिलाई सहयोग पुऱ्याउन सिँचाइको निम्ति साना-ठूला नहर निर्माण गर्न, बीउ-बिजन अनुसन्धानको निम्ति प्रयोगशालाको स्थापना गर्न स्थानीय तहहरूलाई ऐन, कानुनले अधिकार सम्पन्न गराउन सङ्घीय र प्रदेश सरकारहरूले तदारूकता देखाउन आवाज उठाइनेछ।

☐ गाउँ र नगरहरूका ऐतिहासिक एवम् सांस्कृतिक महत्त्वका सम्पदाहरूको संरक्षण, पुनः निर्माण एवम् पुरातात्त्विक

स्थानहरूको उत्खननसमेत गर्न लगाउन ध्यान पुऱ्याउनु जरुरी छ। सांस्कृतिक नगरपालिका वा गाउँपालिका घोषणा गराउन जोड दिइनेछ। हरेक सक्षम पालिकाहरूले सङ्ग्रहालय बनाउनसमेत ध्यान पुऱ्याउनु उपयुक्त हुन्छ। यसले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय पर्यटन सेवालाई पनि सहयोग पुग्नेछ।

□ मानव बस्तीबीचमा रहेका प्रदूषण फाल्ने औद्योगिक क्षेत्र र उद्योगहरूलाई स्थानान्तरण गरिनेछ।

**गाउँपालिकाहरूको समस्या र समाधान**

महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाबारे जनता र मतदाताहरूलाई बताउनुपर्ने तथा सरकारहरूका जनहितविपरीतका योजनाविरुद्ध सङ्घर्ष गर्नुपर्ने प्रस्ट गर्‍यौँ। गाउँपालिकाहरूमा गर्नुपर्ने र गराउनुपर्ने देहायका विषयमा नेमकिपाले जोड दिनेछ :-

□ गाउँपालिकाहरूका जनप्रतिनिधिहरूले खानेपानीलाई प्राथमिकता दिनु राम्रो कुरा हो। नेमकिपाका उम्मेदवारहरूले त्यसबारे जोड दिँदै जानेछन्।

□ पहाडमा छरिएर रहेका घरहरूलाई पायक पर्ने ठाउँमा एकीकृत बस्ती वा गाउँ बसाल्दा बाटो, विद्यालय, खानेपानी, पसलहरू, स्वास्थ्य चौकी आदि आवश्यक सेवाको बन्दोवस्त जनताकै भरमा गर्न नेमकिपाका जनप्रतिनिधिहरूले सबै जनतालाई उत्साहित गर्नेछन्। पहाडको हरेक घरलाई पायक पर्ने ठाउँमा विद्यालय, पसलहरू र स्वास्थ्य चौकी स्थापना गर्नुपर्छ। यसो गर्दा बिजुलीको तार, पानीको पाइप र अन्य सुविधा प्राप्त गर्न पनि सजिलो हुनेछ।

□ सिपालु सिकर्मी र डकर्मीले काठ, ढुङ्गा, इँटा र माटोको जोडाइको परम्परागत घर बनाउँदा बलियो हुन्छ र नेपाली हावा-पानीअनुसार मिल्छ। यस्तो आवास बनाउन जोड दिइनेछ।

□ बाढी र पहिरो नियन्त्रण गर्न गाउँपालिकाहरूले नै स्थानीय जनतालाई परिचालन गरी वृक्षरोपण र ठाउँ-ठाउँमा बायो-इन्जिनियरिङ प्रविधिको प्रयोग तथा ब्लकको पर्खाल लगाउने एवम् अलि ठूलो ठाउँमा सिमेन्ट प्रयोग गरी ग्याबिन वाल लगाउनुपर्ने हुन्छ।

# स्थानीय तहमा विजयी नेमकिपाका प्रतिनिधिहरूको कार्य सारमा

नेपाल मजदुर किसान पार्टीबाट २०७४ सालमा विजयी स्थानीय तहका जनप्रतिनिधिहरूले देश र जनताको देहायबमोजिम इमानदारीपूर्वक सेवा गर्नुभयो :-

## कालिकोट

□ कालिकोटको तिलागुफा नगरपालिका, महावै गाउँपालिका र शुभकालिका गाउँपालिकामा विजयी नेमकिपाका जनप्रतिनिधिहरूले जनताको स्वास्थ्य, शिक्षा, सिँचाइ, खानेपानी, सडक क्षेत्रमा उदाहरणीय सेवा गर्नुभयो।

□ नेमकिपाको प्रतिनिधित्व भएका वडाहरूमा आर्थिक अनुशासन पालना गर्ने र भ्रष्टाचारको विरोध गर्ने काम भयो। विपक्षीहरूले हाम्रा प्रतिनिधिहरूको कार्यप्रति औँला ठड्याउने अवसर पाएनन्। सडक, स्वास्थ्य, शिक्षा, सिँचाइ र खानेपानी क्षेत्रमा उदाहरणीय काम भएका छन्।

□ हाम्रा प्रतिनिधिहरूले स्थानीय तहको सभा र बैठकमा जनताको पक्षमा आवाज राख्नुभयो र जनविरोधी काम नगर्न कार्यपालिकालाई खबरदारी गर्नुभयो।

□ समाजमा मदिरा सेवनलाई निरुत्साहित गर्न हाम्रा जनप्रतिनिधिहरू लाग्नुभयो। जातीय भेदभाव अन्त्य गर्न लागिपर्नुभयो र प्लास्टिकलगायत अन्य प्रदूषणबाट मुक्त वातावरणको लागि क्रियाशील हुनुभयो।

## जुम्ला

□ जुम्लाको सिँजा गाउँपालिकाको वडा नं. १ र ६ मा विजयी नेमकिपाका जनप्रतिनिधिहरूले सामुदायिक विद्यालयमा कक्षा १ देखि ३ सम्म अङ्ग्रेजी विषयलाई समेत जोड दिनुभयो भने सिँजा बहुमुखी क्याम्पसमा बीएड र बीबीएस कक्षा सञ्चालनको लागि बजेटको व्यवस्था गरिदिनुभयो। स्थानीय रेडियो स्टेसन स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गर्नुभयो।

□ सडकमा सोलार बत्तीको व्यवस्था, स्वास्थ्य चौकीमा प्रसूति केन्द्र (बर्थिङ सेन्टर) भवनको निर्माण, वडा कार्यालय भवन र सामुदायिक भवनहरूको निर्माण कार्यहरू आर्थिक अनुशासन एवम् पारदर्शितासहित सम्पन्न गर्नुभयो।

□ स्थानीय जनताको काममा सहयोग पुऱ्याउन मालपोत कार्यालयमा एकजना कर्मचारीको व्यवस्था गर्नुभयो।

## दैलेख

□ दैलेखका आठबिस र चामुण्डा बिन्द्रासैनी नगरपालिकाको ३ ओटा वडामा विजयी नेमकिपाका जनप्रतिनिधिहरूले घोषणापत्रअनुसार इमानदारीपूर्वक जनताको सेवा गर्नुभयो।

□ विद्यालय र सामुदायिक भवनहरू निर्माण गर्न, सामुदायिक विद्यालय व्यवस्थिततरूपमा सञ्चालन गर्न, टोल-

टोलमा खानेपानीको व्यवस्था गर्न, उच्च शिक्षामा विद्यार्थीको आवश्यकतानुसार कक्षा सञ्चालन गराउन, आवश्यक पूर्वाधार व्यवस्था गर्न सहयोग गर्नुभयो।

□ हाम्रा जनप्रतिनिधिहरूले भ्रष्टाचार र अनियमितताविरुद्ध निरन्तर आवाज उठाउँदै आउनुभएको छ।

## भक्तपुर

### चाँगुनारायण नगरपालिका वडा नं. ५, छालिङ

□ हाम्रा विजयी वडासदस्यले आर्थिक अनुशासनमा बसेर इमानदारीपूर्वक जनताको सेवा गर्नुभयो।

### चाँगुनारायण नगरपालिका वडा नं. ९, ताथली

□ हाम्रा विजयी जनप्रतिनिधिहरूले कोरोना महामारीको बेला दैनिक ज्यालादारी मजदुर र अन्य गरिबहरूलाई राहत एवम् रोजगारीको व्यवस्था गर्नुभयो भने वैदेशिक रोजगारीबाट फर्केका स्थानीय युवाहरूको लागि मापदण्डअनुसारको क्वारेन्टिनको व्यवस्था गर्नुभयो।

□ स्थानीय जनतालाई समयमै कोरोनाविरुद्ध खोप दिलाउन आवश्यक व्यवस्थापन गर्नुभयो।

□ भूकम्प पीडितको पुनःस्थापना गर्न लागिपर्नुभयो।

□ कृषकहरूलाई बीउ र मल वितरणमा लागिपर्नुभयो।

□ डीप बोरिङ गरी खानेपानीको व्यवस्थापन गर्नुभयो।

□ आर्थिक अनुशासनसहित विकास निर्माण पारदर्शी ढङ्गले गर्नुभयो।

□ चाँगुनारायण नगरपालिकाभित्र भएको भ्रष्टाचारको विरोध गर्नुभयो।

□ ३१ ओटा योजना सम्पन्न गर्नुभयो भने ३६ ओटा योजना चालु छन्।

### मध्यपुर थिमि नगरपालिका वडा नं. ८, बोडे

□ नेमकिपाबाट निर्वाचित प्रतिनिधिहरूले आर्थिक अनुशासनको पालना गर्नुभयो र वडा बजेटबाट जनताको सहभागितासहित पारदर्शी ढङ्गले विकास निर्माण कार्य गर्नुभयो।

## भक्तपुर एक सांस्कृतिक नगरपालिका

### शिक्षा, स्वास्थ्य, संस्कृति र अन्य गतिविधि

देशको सबभन्दा सानो नगरपालिका भक्तपुरको क्षेत्रफल ६.८८ वर्ग किलोमिटर छ। यसको जनसङ्ख्या प्रारम्भिक रिपोर्टअनुसार ७८,८५४ छ भने परिवार सङ्ख्या १८,८५४ र घर सङ्ख्या १२,२०० छ।

**शिक्षा क्षेत्रमा**

□ भक्तपुर नगरमा अहिले ९२ ओटा विद्यालय सञ्चालनमा छन्। तीमध्ये ३५ ओटा सामुदायिक र ५७ ओटा निजी छन्। १ देखि १० कक्षासम्मका एवम् ११ र १२ कक्षाका जम्मा विद्यार्थी सङ्ख्या २६,४१५ छ। नगरभित्र सञ्चालित ६ ओटा कलेजमा जम्मा ७,३९८ विद्यार्थी अध्ययन गर्छन्।

□ भक्तपुर नगरपालिकाले २०५६ सालमा ख्वप मावि, २०५८ सालमा ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेज, २०६०-०६१ सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान तथा २०६५ सालमा ख्वप कलेज अफ् इन्जिनियरिङको स्थापना गऱ्यो। नगरपालिकाद्वारा माथि उल्लेखित कलेजहरूसँगै शारदा कलेज र मावि गरी ७ ओटा शैक्षिक संस्थाहरू सञ्चालित छन्। ती शैक्षिक संस्थाहरूमा अहिले ७२ जिल्लाका झन्डै ७ हजार विद्यार्थी अध्ययनरत छन्।

□ भक्तपुर नगरपालिकाको दुई ओटा इन्जिनियरिङ कलेजबाट भक्तपुर नगरभित्र १२०० जना स्नातक उत्तीर्ण भएका छन्। अहिले भक्तपुर नगरका १० ओटा वडाहरूमा सालाखाला प्रत्येक वडामा १०० भन्दा बढी इन्जिनियर छन्।

□ कलेज र विश्वविद्यालयहरूमा इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपालभाषा र संस्कृति पढ्ने विद्यार्थीहरूको कमी भएको हुनाले ती विषय पढ्ने विद्यार्थीलाई छात्रवृत्ति दिने बन्दोवस्त भक्तपुर नगरपालिकाले गरेकोछ। नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले अध्ययनरत विद्यार्थीहरूलाई वार्षिक करिब ३ करोड रुपियाँ छात्रवृत्ति दिने गरेका छन्। नगरपालिकाले उच्च शिक्षा हासिल गर्न चाहने नगरभित्रका गरिब विद्यार्थीलाई ५ लाखसम्मको ऋण दिने गरी कोष खडा गरेको छ। त्यस कोषबाट लाभान्वित विद्यार्थी सङ्ख्या ३१४ छन्।

□ नगरभित्रका सबै सामुदायिक विद्यालयलाई भौतिक र शैक्षिक सुधारको लागि आवश्यक आर्थिक सहयोग प्रदान गऱ्यो।

□ भक्तपुर नगरपालिकाका प्रकाशनहरू पाक्षिकरूपमा 'ख्वप पौ' र मासिकरूपमा 'भक्तपुर' छन्। यसका साथै, स्थानीय पाठ्यक्रम कक्षा १ देखि ८ सम्म, ख्वपको पहिचान (सन्दर्भ सामग्री) भाग १ र भाग २, हाम्रो अभ्यास २०७७, भैरवनाथ मन्दिर जीर्णोद्धार, ङातापोल्हँ (पाँचतले मन्दिर) जीर्णोद्धार २०७८, सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार २०७७ (सचित्र पुस्तक), नृत्य वत्सला

मन्दिर पुनः निर्माण २०७८, न्हू पुखू (रानी पोखरी) जीर्णोद्धार २०७८ र सञ्चारमाध्यममा भक्तपुर नपा प्रकाशित छन् ।

## स्वास्थ्य क्षेत्रमा

□ ख्वप अस्पतालले दैनिक ६०० जनाभन्दा बढी बिरामीलाई स्वास्थ्य उपचार प्रदान गर्दै छ । २०७७-७८ मा ख्वप अस्पतालले ४० जिल्लाका १ लाख १२ हजार २२ जनालाई उपचार सेवा प्रदान गऱ्यो भने २०७८/७९ को चैत महिनासम्म १ लाख २५ हजारभन्दा बढीलाई स्वास्थ्य सेवा प्रदान गरियो । सार्वजनिक बिदाहरूमा पनि सेवा प्रदान गर्दै आएको छ । नगरको २, ५ र १ वडामा पनि आधारभूत स्वास्थ्य सेवा सञ्चालनमा छ । घरदैलो नर्सिङ सेवा २०७४ भदौ १२ गतेदेखि सुरु भयो ।

□ ख्वप अस्पताल कोभिड युनिटमा ५४७ जना सङ्क्रमितको उपचार भएको थियो र श्वासप्रश्वास पुनः स्थापना केन्द्रले २२६ जना बिरामीको उपचार गरिसकेको छ ।

□ ख्वप अस्पतालमा सघन उपचार कक्षभन्दा कम स्तरको हाई डिपेन्डेन्सी युनिट (एचडीयू) मा २५ शय्या, सामान्यमा २५ शय्या र सघन उपचार कक्षमा ५ शय्या सञ्चालनमा छ । मोडर्ना (२५,४०१), भेरोसेल (१,१७,११०), कोभिसिल्ड (१५,९९७) र जोनसन (३,८९६) गरी जम्मा १,६२,४०४ जनालाई खोप सेवा प्रदान गरिसकेको छ । टाइफाइड २७,३११ गरी कूल १,८९,७१५ खोप लगाइसकेको छ ।

□ मुटुसम्बन्धी, मस्तिष्कघात, क्यान्सर, मिर्गौलाजस्ता कडा रोग लागेका बिरामीलाई प्रतिव्यक्ति रु. १५,०००/- का दरले आर्थिक सहयोग गर्दा रु. ७१ लाख ८० हजार प्रदान गरिएको छ ।

## सांस्कृतिक क्षेत्रमा

□ पाँचतले मन्दिर, भैरवनाथ मन्दिर, वत्सला मन्दिरजस्ता ठूलठूलासहित २६ ओटा मन्दिरहरूको सम्भार र पुनःनिर्माण कार्य सम्पन्न गरियो । त्यस्तै, ४२ ओटा पाटी-पौवा र ८ ओटा देव-घर, ४ नगर प्रवेशद्वार, रानी पोखरी (न्हू पुखू) सहित ११ पोखरीको पुनः निर्माण र मर्मत, ७ ओटा इनार, ८ सत्तल, ७ ढुङ्गेधारा, अन्य ९ ओटा सम्पदा गरी १२२ निर्माण योजना सम्पन्न गरियो ।

□ बाँसुरी, धाँ, धिमाय्, पछिमाजस्ता ४ ओटा प्राचीन बाजागाजाको नगरव्यापी प्रतियोगिता सञ्चालन गरेर अमूर्त कलालाई संरक्षण गर्न जनतालाई उत्साह प्रदान गरियो ।

□ शिक्षा, नाच-गान र बाजा-गाजाजस्तै खेलकुद र शारीरिक व्यायाम पनि सांस्कृतिक क्षेत्रमै पर्छ । २०७४ देखि २०७८ सम्ममा अन्तर नगरव्यापी भलिबल, कराँते, एथ्लेटिक्स, बुद्धिचाल प्रतियोगिताहरू सम्पन्न गरियो । मार्चपास, शारीरिक व्यायाम, एथ्लेटिक्स प्रदर्शन गरियो भने अन्य तीन ओटा प्रतियोगिता र छिकोङजस्तो खेल प्रशिक्षणमा समेत नगरपालिकाका सम्बन्धित समितिहरू सक्रिय छन् ।

## युवाहरूलाई रोजगार तालिम

□ युवा-युवतीहरूको निम्ति कृषि तालिम, गड्यौला मल बनाउने, कौसी खेती, च्याउ खेती, माटो परीक्षण, धान बालीसम्बन्धी तालिम, आधारभूत सिलाइ तालिम, एडभान्स सिलाइ तालिम, बुटिक तालिम, हेयर कटिङ (कपाल काट्ने), काष्ठकला, पाक शिक्षा, फोटोग्राफी, रेडियो प्रस्तोता तालिम एवम् चिनियाँ, जापानी र नेपालभाषा तालिमजस्ता विभिन्न विषयमा १ हजारभन्दा बदी युवाले सीपमूलक तालिम प्राप्त गरे ।

## अन्य गतिविधि

□ अपाङ्गता भएका २ जना नगरवासीलाई आवश्यक सामग्रीको सहयोग र परिचयपत्र वितरण गरियो । सडक र चोकमा ६.४ कि.मी ढुङ्गा छपाइ, १०.५० कि.मी इँटा छपाइ सम्पन्न भयो भने १८.४६ कि.मी सडकमा कालोपत्रेको काम भयो ।

□ केही वर्ष पहिले भक्तपुर नगर र जिल्ला नै कृषि प्रधान नगर र जिल्ला थियो । अहिले जिल्लामा घर-जग्गा व्यापार वृद्धिको कारण अनियमित आवास निर्माण र अन्य निर्माण कार्यले कृषि क्षेत्र तथा हरियाली क्षेत्र घट्दै छ । बाँकी खेतीपातीको लागि २४ हजार ३०० किसानलाई धानको बीउ ७४ हजार केजी, गहुँको बीउ ३५ हजार केजी, आलुको बीउ ४० हजार केजी गरी कूल १ लाख ४९ हजारभन्दा बढी बीउ निःशुल्क वितरण गरियो । गहुँ र धान चुट्ने थ्रेसर मेसिन १० ओटा पनि व्यवस्था गरियो । परम्परागत घर निर्माण गर्ने ४२ ओटा घरलाई रु. १ करोड २३ लाखभन्दा बढी आर्थिक सहयोग गरियो ।

□ यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा **'मादल'** चुनाव चिन्हमा आफ्नो अमूल्य मत दिनु भई नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूलाई विजयी गराउनुहुन सम्पूर्ण नेपाली जनतामा हार्दिक अनुरोध गर्दछौं ।

**नेपाल मजदुर किसान पार्टी**
**केन्द्रीय निर्वाचन परिचालन समिति**

# भक्तपुर नपाको लागि नेमकिपाको प्रतिबद्धतापत्र
(बुँदामा)

## शिक्षा

- ख्वप विश्वविद्यालय सञ्चालन गर्न निरन्तर जोड दिने ।
- सामुदायिक विद्यालयको शैक्षिक स्तर उठाउन शिक्षक तालिम, भौतिक पूर्वाधारहरूको निर्माणमा जोड दिने ।
- जनज्योति पुस्तकालयलाई ई–लाईब्रेरीको रूपमा विकास गर्ने र वडावडाका पुस्तकालयहरूलाई समयानुकूल सुधार गर्दै लाने ।
- नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा थप विषयहरूको अध्यापन गर्नुका साथै नयाँ कलेजहरू स्थापना गरी जनताको सेवा गर्ने ।
- सामुदायिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला र गणितीय प्रयोगशाला स्थापना गर्ने तथा चित्रकला, नृत्य र सङ्गीत प्रशिक्षणलाई जोड दिने ।
- विद्यालय तथा कलेज जीवन छुटेकाहरूलाई बिहान र साँझ कक्षा सञ्चालन गर्ने ।
- शिशुस्याहार केन्द्र वडावडामा विस्तार गर्ने ।
- देशभित्रका विभिन्न विश्वविद्यालयमा उच्च शिक्षा अध्ययनरत/अध्ययन गर्न चाहने आर्थिकरूपले कमजोर नगरवासी विद्यार्थीहरूलाई दिँदै आएको शैक्षिक ऋण दिने कार्यलाई निरन्तरता दिने ।
- विद्यालयहरूमा अतिरिक्त क्रियाकलाप (ईसीए) शिक्षकको व्यवस्था गर्ने ।
- बाल विकास सहजकर्ता (ईसीडी) शिक्षकहरूको लागि न्यूनतम पारिश्रमिकको व्यवस्था गर्ने ।
- विद्यालयहरूमा नागरिक भावना जगाउन नैतिक तथा व्यावहारिक शिक्षा प्रदान गर्ने ।
- इतिहास, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्र, संस्कृतिलगायत विषयमा विद्यावारिधी (पीएचडी) गर्न चाहने नगरवासीहरूलाई अनुदानको व्यवस्था गर्ने ।
- गृहिणी महिलाहरूलाई ‘निरन्तर शिक्षा’ र घरेलु मेसिनरी सामान मर्मत तालिम सञ्चालन गर्ने ।

## स्वास्थ्य

- ख्वप अस्पताललाई एक सय शय्यामा स्तरोन्नति गरी सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्ने ।
- वडावडामा स्वास्थ्य उपचार केन्द्र विस्तार गर्ने तथा विशेषज्ञ डाक्टरमार्फत स्वास्थ्य शिविर सञ्चालन कार्यलाई निरन्तरता दिने ।
- नगरवासीहरूको व्यक्तिगत स्वास्थ्य विवरण (प्रोफाइल) तयार गरी घरदैलो नर्सिङ सेवालाई थप प्रभावकारी बनाउने ।
- आयुर्वेदिक स्वास्थ्य उपचारलाई थप प्रभावकारी बनाउँदै वडावडामा सेवा विस्तार गर्ने ।
- वडावडामा परिचालित स्वास्थ्य स्वयम्सेविकाहरूलाई प्रोत्साहित गर्दै सामाजिक कार्यकर्ताको रूपमा विकास गर्ने ।
- नगरको उपयुक्त स्थानमा प्रभातकालीन तथा सन्ध्याकालीन विचरण पार्क निर्माण गर्ने ।
- गम्भीर रोग लागेका बिरामीहरूलाई दिइँदै आएको आर्थिक सहयोगको कार्यलाई निरन्तरता दिने ।
- अनलाइन निवेदन, अनलाइन कर दाखिलाको व्यवस्था गर्ने ।
- आधारभूत स्वास्थ्य उपचार सेवा स्वास्थ्य बीमामार्फत र गम्भीर स्वास्थ्य समस्याको उपचार सेवा नगरपालिका क्षेत्रभित्रै पाउने व्यवस्था गर्ने ।
- नगर क्षेत्रमा जथाभावी छाडिएका कुकुर, दोपाया तथा चौपायाहरूको उचित व्यवस्थापन गर्ने ।

## सम्पदा संरक्षण, पुन:निर्माण तथा जीर्णोद्धार

- भाज्या पुखु, इखालाछी मठ, लक्ष्मीनरसिंह मन्दिर, इन्द्रायणी द्य:छेँलगायत निर्माणाधीन सम्पदाहरू सम्पन्न गर्ने ।
- कला–सङ्ग्रहालय रहेको न्हय्कं झ्या दरबार मल्लकालीन शैलीमै पुन:निर्माण कार्य अगाडि बढाउने ।
- लायकूस्थित नगरपालिकाको पुरानो भवन (थंथु दरबार) पुन:निर्माण गर्ने ।

- जगन्नाथ क्षेत्रको पुरातात्त्विक उत्खनन कार्यलाई अगाडि बढाउने ।
- नदीनालाको किनारामा रहेका नगरभित्रका सांस्कृतिक सम्पदाका घाटहरूलाई मौलिक शैलीमै पुनःनिर्माण तथा मर्मत गर्ने ।
- ९९ चोकलगायत वसन्तपुर दरबारको उत्खनन कार्यका लागि अध्ययन अनुसन्धान गर्ने ।
- भक्तपुरको जनजीवन झल्कने सङ्ग्रहालय निर्माण गर्ने ।
- शिक्षण संस्थाहरूमा सांस्कृतिक गुरुहरूमार्फत परम्परागत बाजा एवम् नृत्यहरूको तालिमको व्यवस्था गर्ने ।
- हरेक वर्ष परम्परागत बाजाहरूको प्रतियोगिता गर्ने ।
- धिमाय् खल, बाँसुरी खल, दाफा–भजनलगायतका सांस्कृतिक समूहहरूको संरक्षण गर्दै सांस्कृतिक क्षेत्रलाई व्यावसायीकरण गर्न अभिप्रेरित गर्ने ।
- प्राचीन सम्पदाहरू तथा कला संस्कृतिबारे अध्ययन अनुसन्धान गर्नेहरूको लागि अनुदानको व्यवस्था गर्ने ।
- पुरानो नगर क्षेत्रमा नगरपालिकाको मापदण्डबमोजिम भूकम्प प्रतिरोधी ढङ्गले माटो जोडाइको घर निर्माण गर्ने नगरवासीहरूलाई काठ, इँटा र झिँगटीमा अनुदान प्रदान गर्ने ।
- सांस्कृतिक महत्त्व बोकेका तथा सम्पदाको रूपमा रहेका निजी घरहरू पुनःनिर्माणमा समस्या देखिएको अवस्थामा कानुन बनाई संरक्षण/पुनःनिर्माण गर्ने ।

## खेलकुद

- स्वास्थ्य र शारीरिक स्फूर्तिको लागि 'स्विमिङ पुल' निर्माण गर्ने ।
- खेलकुदलाई नागरिक जीवनको अभिन्न अङ्गको रूपमा विकास गर्न जोड दिने ।
- प्रत्येक वर्ष कम्तीमा एउटा अन्तरनगर खेलकुद प्रतियोगिता सञ्चालन गर्ने ।
- समयसमयमा अन्तरविद्यालय खेलकुद प्रतियोगिताको आयोजना गर्ने ।
- राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक जित्ने खेलाडी र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी खेलाडीहरूलाई सम्मान गर्ने ।
- उपयुक्त ठाउँहरूमा कभर्ड हल तथा खेलमैदान निर्माण गर्ने ।
- सक्रिय र सबल नागरिक तयार गर्न वडावडामा सञ्चालित व्यायामशालाको स्तरोन्नति गर्ने र उपयुक्त ठाउँमा थप व्यायामशाला विस्तार गर्ने ।

## वातावरण/सरसफाइ

- स्थानीय समुदायको सहभागितामा वातावरण सुधार, हरियाली व्यवस्थापनलगायतका कार्य अझ प्रभावकारी ढङ्गले सञ्चालन गर्ने ।
- कुहिने र नकुहिने फोहोर अलगअलग सङ्कलन गरी वैज्ञानिक उपायबाट प्राङ्गारिक मल बनाउन किसानहरूलाई तालिम उपलब्ध गराउने ।
- दृश्य प्रदूषण हटाउन तथा प्राचीन नगरको सुन्दरता कायम गर्न विद्युतीय र विभिन्न केबल तारहरू भूमिगत गर्ने ।
- बस्तीको बीचमा परेको तथा प्रदूषण फैलाउने भक्तपुर औद्योगिक क्षेत्रलाई स्थानान्तरण गरी हस्तकला ग्राम विकास गर्ने ।
- नगरका प्रमुख चोक तथा मूल सडकमा हरियाली प्रवर्द्धन गर्ने ।
- भक्तपुर नगरको मूल सडकलाई पैदलयात्री मैत्री बनाउन जोड दिने ।
- धूमपान र मद्यपानलाई निरूत्साहित गर्ने ।
- फोहोर सङ्कलनबाट प्राप्त वस्तुहरूको पुनःप्रयोगको व्यवस्था गर्ने ।
- प्लास्टिकको प्रयोगलाई कम गर्दै क्रमशः निषेध गर्दै लाने ।
- व्यवस्थित पशु वधशाला र मासु बिक्री पसलको व्यवस्था गर्ने ।
- आकासेपानी सङ्कलन र 'ग्राउन्ड वाटर रिचार्ज' कार्यलाई निरन्तरता दिने ।
- हनुमानघाट र सल्लाघारीको फोहोरपानी उपचार पोखरी पुनःप्रयोगमा ल्याई हनुमन्ते खोला र खासाङखुसुङ खोलालाई जीवन्त बनाउने ।

## खानेपानी

- स्थानीय स्रोतको पहिचान गरी उपलब्ध स्रोतबाट व्यवस्थित योजना बनाई खानेपानीको वितरण गर्ने ।
- नगरकोटको वन क्षेत्रलाई जलाधार क्षेत्रको रूपमा घोषणा गरी खानेपानीको स्रोत विस्तार गर्न पहल गर्ने ।
- अर्को व्यवस्था नभएसम्म मेलम्ची खानेपानी पुरानै पाइपबाट घरघरमा पुऱ्याउने व्यवस्था गर्ने । तालिका बनाएर सबैलाई खानेपानी वितरण गर्ने ।

- नयाँ स्रोतको पहिचान गरी खानेपानी उत्पादन र वितरण गर्ने ।

## कृषि

- कृषि उत्पादन वृद्धिको निम्ति आधुनिक प्रविधिबारे तालिम दिने ।
- किसानबाट उत्पादित कृषिजन्य वस्तुहरूको सुरक्षाको लागि चिस्यान केन्द्र स्थापना गर्ने ।
- कृषि तथा खाद्यान्न परीक्षण गर्न प्रयोगशालाको व्यवस्था गर्ने ।
- तरकारी बजारको व्यवस्था गर्ने ।
- उपभोक्ता अधिकारको संरक्षण गर्ने ।

## पर्यटन

- भक्तपुर नगरपालिकालाई पर्यटकीय गन्तव्य स्थल बनाउन आवश्यक भौतिक सुधार गर्ने ।
- गाईजात्रा प्रदर्शन मार्गलाई पर्यटक मार्गको रूपमा विकास गर्ने ।
- आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि नगरको उपयुक्त स्थानलाई सांस्कृतिक प्रदर्शनी स्थल बनाउने ।

## युवा तथा बालबालिकालक्षित गतिविधि

- युवाहरूलाई आत्मनिर्भर बनाउन सहुलियत ब्याजदरमा युवा उद्यमशील ऋणको व्यवस्था गर्ने ।
- युवाहरूलाई लोकसेवा, शिक्षक सेवालगायत अन्य सेवाका परीक्षाकेन्द्रित तयारी कक्षाहरू सञ्चालन गर्ने ।
- बालबालिका तथा युवाहरूलाई शारीरिक एवम् मानसिकरूपमा स्वस्थ राख्ने क्रियाकलाप सञ्चालन गर्ने ।
- युवाहरूलाई फ्रिज, वासिङ मेसिन, माइक्रो ओभन, पानी तान्ने पम्पलगायत घरेलु सामग्री मर्मत तालिम दिने ।
- ठाउँठाउँमा शिशु स्याहार केन्द्र र बालउद्यान सञ्चालन गर्ने ।

## सहकारी

- नगरभित्र सञ्चालित सहकारी संस्थाहरूलाई सदस्यहरूको सांस्कृतिक स्तर उठाउने र नगरप्रति उत्तरदायी बनाउने तथा उत्पादनमूलक गतिविधि सञ्चालनमा प्रोत्साहित गर्ने ।
- सहकारी संस्थाहरूसँग समन्वय गरी उत्पादनमूलक गतिविधिहरू गरी रोजगारी सिर्जना गर्ने ।
- नगरपालिका र सहकारीबीचको समन्वयमा सरसफाई, सांस्कृतिक कार्यक्रम र विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरी रोजगारी सिर्जना गर्ने ।

## अन्य

- नगर प्रहरीको व्यवस्था गरी बजार व्यवस्थापनमा सुधार गर्ने ।
- पुरानो नगर क्षेत्रका मूल सडकमा भारी गाडीहरू क्रमशः निषेध गर्दै जाने ।
- लिबाली र कमलविनायक आवास योजनाका बाँकी सडक कालोपत्र गर्ने ।
- देकोमिवा इतापाके आवास योजनाका जग्गाधनीहरूलाई जग्गा फिर्ता गरी व्यवस्थित सहर विकास गर्ने ।
- लाय्कू, तम्हारी, दत्तात्रय क्षेत्रको सम्पदाकेन्द्रित गरी विशेष बत्तीको व्यवस्था गर्ने ।
- नगरको मुख्य सडकहरूमा बत्ती र सीसी क्यामेराको व्यवस्था गर्ने ।
- नगरको सन्तुलित विकास गर्न ठाउँठाउँमा सवारीसाधन पार्किङको व्यवस्था गर्ने ।
- सुधारिएको शवदाह गृह निर्माण गर्ने ।
- बहुउद्देश्यीय भवन निर्माण गर्ने ।
- अरनिको सभाभवन निर्माण गर्ने ।
- सार्वजनिक एवम् पर्ती जग्गा, पोखरी, खुला क्षेत्र संरक्षण गर्दै स्थानीय जनताको हितमा उपयोग गर्ने ।
- हनुमन्ते खोलाको दायाँ–बायाँ हरियालीसहितको करिडोर निर्माण गरी व्यवस्थित बस्तीको विकास गर्ने ।
- नगरपालिकाको परिचयसहित नगरस्तरीय तथा वडास्तरीय विवरण तयार गर्ने ।
- व्यवस्थित एवम् सुविधासम्पन्न आदर निकेतन सञ्चालन गर्ने ।
- अनलाइन नक्सापास प्रक्रिया अघि बढाउने ।
- नगरपालिकाको प्रशासन सेवालाई चुस्त दुरुस्त बनाई सेवाग्राहीमैत्री व्यवस्था गर्ने ।
- नगरमा डेरा बस्नेहरूको अभिलेख राखेर आवश्यक सेवा सुविधाको व्यवस्था गर्ने ।
- सार्वजनिक सम्पत्तिको संरक्षणमा जोड दिने ।
- नागरिक भावनाको विकास गर्ने ।
- प्रत्येक नागरिकलाई देश र जनताप्रति कर्तव्यबोधको भावना जगाउने ।

छोटो परिचय

# सुनिल प्रजापति



नेपाल मजदुर किसान पार्टीको तर्फबाट भक्तपुर नगरपालिकाको प्रमुख पदका उम्मेदवार कामरेड सुनिल प्रजापति नेपालको राजनीतिमा परिचित व्यक्ति हुनुहुन्छ। कामदार वर्गको प्रजातन्त्र र समाजवादी आन्दोलनका निम्ति प्रतिबद्ध नेपाल मजदुर किसान पार्टीको प्रारम्भिक समितिदेखि सक्रिय हुँदै आउनुभएका कामरेड प्रजापति २०५५ सालमा सम्पन्न पार्टीको तेस्रो महाधिवेशनदेखि पार्टीको केन्द्रीय सदस्य बन्नुभयो। २०६० साल भाद्र महिनामा सम्पन्न पार्टीको चौथो महाधिवेशनबाट केन्द्रीय समितिमा पुनः चुनिनुभयो। २०६५ साल भाद्रमा सम्पन्न पार्टीको पाँचौं महाधिवेशन र २०७० चैत्रमा सम्पन्न छैटौं महाधिवेशनबाट उहाँ पार्टी केन्द्रीय सचिव पदमा निर्वाचित हुनुभयो। उहाँले स्थानीय तहको निर्वाचन-२०७४ का लागि भक्तपुर नगरपालिकाबाट प्रमुख पदमा उम्मेदवारी दिनुअघिसम्म पार्टी केन्द्रीय सचिवको भूमिका निर्वाह गर्नुभयो।

किसान परिवारमा जन्मनुभएका कामरेड प्रजापति वर्ग र वर्गसङ्घर्षलाई हेर्ने आफ्नो व्यापक मार्क्सवादी दृष्टिकोणको कारण देश र जनताका पक्षधर मजदुर, किसान, व्यापारी, बुद्धिजीवी, विद्यार्थी र कर्मचारीहरूबीच पनि उत्तिकै सुपरिचित हुनुहुन्छ।

सङ्कटकालमा प्रतिनिधिसभाको विघटनबाट वीजारोपण भएको प्रतिगमनविरुद्ध उहाँ केन्द्रीय जनआन्दोलन परिचालन समितिको सदस्यको रूपमा सक्रियतापूर्वक सङ्घर्षरत रहनुभयो र आन्दोलन परिचालनमा योगदान पुर्‍याउनुभयो। जनआन्दोलनबाट प्रजातन्त्र पुनर्बहालीपछि अन्तरिम संविधान मस्यौदा समितिको सदस्य रही उहाँले अन्तरिम संविधान निर्माणमा सक्रिय एवम् सशक्त भूमिका निर्वाह गर्नुभयो र कामदार वर्गको हितका बन्दोवस्तहरू समावेश गराउन जोड दिनुभयो। उहाँ संवैधानिक बन्दोवस्तअनुसार गठित अन्तरिम व्यवस्थापिका-संसद्‌मा पार्टीको तर्फबाट सदस्य बन्नुभयो। व्यवस्थापिका-संसद्‌मा संविधान संशोधन, विधेयक एवम् प्रस्तावहरूमाथिको छलफलमा उहाँले देश र जनताको व्यापक हितमा पार्टीको दृष्टिकोण प्रस्तुत गर्नुभयो र अडान लिनुभयो। पिता बद्री प्रजापति र माता कृष्णमाया प्रजापतिका छोरा कामरेड सुनिल प्रजापतिको जन्म वि.सं.२०२१ साल असार १० गते भक्तपुरको जेँला टोलमा भएको हो। कानुनमा स्नातक कामरेड प्रजापतिसँग कानुन व्यवसायीको पनि अनुभव छ। विद्यार्थी आन्दोलनहरूका सक्रिय कार्यकर्ता कामरेड प्रजापति २०३६ सालको ऐतिहासिक जनआन्दोलन र जनमत सङ्ग्रहमा बहुदलको पक्षमा प्रतिबद्धताका साथ सरिक हुनुभयो। विद्यार्थी जीवनदेखि नै राजनीतिमा सक्रिय कामरेड प्रजापति २०४२ सालको विद्यार्थी आन्दोलन र २०४३ सालको शिक्षक आन्दोलनमा अन्य आन्दोलनकारीहरूसँगै प्रहरी हिरासतमा थुनिनुभयो।

सानैदेखि सत्य र न्यायको निम्ति लागिपर्ने विचार र स्वभावका कामरेड प्रजापति पुँजीवादी निर्वाचनलाई जनताको हितमा उपयोग गर्ने पार्टीको नीतिअनुरूप शिक्षण पेशाबाट राजीनामा गरी २०४४ सालको स्थानीय निर्वाचनमा तत्कालीन भक्तपुर नगर पञ्चायत वडा नं. २ को वडाध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनुभयो। उहाँ २०४० सालदेखि २०४४ सम्म शिक्षण पेशामा लाग्नुभएको थियो।

विसं २०४५ सालमा नेमकिपाका कैयौँ नेता र कार्यकर्ताहरूसँगै कामरेड प्रजापति पनि पञ्चायती राज्यस्तरबाट रचित झूटा मुद्दामा फसाइनुभयो र २० महिना भद्रगोल जेलमा थुनिनुभयो। तर, देश र जनताप्रतिको उहाँको निष्ठा अटुट रह्यो। २०४६ सालको जनआन्दोलनले त्यो पञ्चायती षड्यन्त्रमात्र होइन पञ्चायती व्यवस्थालाई नै अवसानमा पुर्‍यायो। उहाँले आफ्नो राजनैतिक जीवनलाई गति दिँदै जानुभयो। २०४९ सालको स्थानीय निर्वाचनमा भक्तपुर नगरपालिकाको वडा नं. २ बाट पुनः वडाध्यक्ष पदमा निर्वाचित हुनुभयो। एक जनप्रतिनिधिको रूपमा उहाँले नगरवासीहरूको

हितमा गर्नुभएको कार्य, निश्छल व्यवहार, भ्रष्टाचार र ढिलासुस्तीविरुद्ध उहाँका कदम दूरवीनजस्ता आँखा भएका जनतासामु घाम जत्तिकै छर्लङ्ग छ। यही कारण कामरेड प्रजापति २०५४ सालको स्थानीय निर्वाचनमा पनि अत्यधिक मतले भक्तपुर नपा वडा नं. २ को वडाध्यक्ष पदमा तेस्रो पटक निर्वाचित हुनुभयो। नगरपालिकामा उहाँले शिक्षा तथा संस्कृति समितिको संयोजक र लिवाली आवास योजना सहयोग समितिको संयोजक भई उल्लेखनीय योगदान गर्नुभयो।

उहाँले स्थापनाकालदेखि वागीश्वरी कलेज व्यवस्थापन समितिको अध्यक्ष, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ र ख्वप बहुप्राविधिक अध्ययन संस्थानको व्यवस्थापन समितिको उपाध्यक्ष पदमा रहेर निरन्तर शिक्षाको विकासमा महत्त्वपूर्ण योगदान गर्दै आउनुभएको छ।

विभिन्न राष्ट्रिय स्तरका गोष्ठीहरूमा सहभागी भइसक्नुभएका कामरेड प्रजापतिले पार्टी सङ्गठन विस्तारको क्रममा देशका विभिन्न भागमा पुगेर जनताको कठिन जीवनबारे अनुभव सङ्गालिसक्नुभएको छ।

पुँजीवादी व्यवस्थाभित्र कामदार जनताको हित, मानव अधिकारको प्रत्याभूति, काम, माम र रोजगारीको बन्दोवस्त नहुने कुरामा विश्वस्त कामरेड प्रजापति उत्पादनका मुख्य–मुख्य साधन र सेवा सामाजिकीकरण हुने समाजवादी र साम्यवादी व्यवस्थाले मात्र कामदार वर्गको दीर्घकालीन हित गर्ने यथार्थमा दृढ हुनुहुन्छ।

कामरेड प्रजापतिको 'अन्तरिम संविधान मस्यौदा गर्दा उठेका प्रश्नहरू (संस्मरण)' पुस्तक प्रकाशित छ भने राष्ट्रिय राजनीति, ऐन–कानुन र जनसरोकारका विषयहरूमा निरन्तर कलम चलाइरहनुभएको छ। उहाँ पुनःस्थापित बहुदलीय व्यवस्थाको शोषणको सिक्री चुँडाल्ने नेपाल मजदुर किसान पार्टीको अठोटलाई साकार पार्न अघि बढ्नेहरूमध्ये एक हुनुहुन्छ। नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समिति र नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिमा समेत रहेर कार्य अनुभव प्राप्त कामरेड प्रजापति आफ्नो दायित्व निर्वाह गर्न पछाडि नपर्ने स्वभावका धनी हुनुहुन्छ। उहाँको त्यही उच्च गुणको मूल्याङ्कन गरी पार्टीले उहाँलाई २०५६ सालको प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनाएको थियो। उहाँ २०६४ सालको संविधानसभाको निर्वाचनमा क्षेत्र नं. २ बाट निर्वाचित हुनुभयो। उहाँले बङ्गलादेश, श्रीलङ्का, स्वीजरल्यान्ड, संरा अमेरिका, भारत, दक्षिण अफ्रिका, रुवान्डा र केन्याको भ्रमण गर्नुभएको छ। संविधानसभाको पहिलो पटकको निर्वाचनमा क्षेत्र नं. २ बाट निर्वाचित हुनुभएपछि उहाँ संविधानसभामा संवैधानिक समिति, संविधान निर्माण उच्चस्तरीय कार्यदलको सहयोगी, प्रतिवेदन अध्ययन समितिको सदस्यजस्ता संविधान निर्माणका लागि गठित महत्त्वपूर्ण समितिहरूको सदस्य भएर संविधान निर्माणमा सक्रिय रहनुभयो। यसका साथै, व्यवस्थापिका संसद्मा देश र जनताको हितको पक्षमा आवाज उठाउँदै उहाँले संविधानसभामा शासक दलहरूको भागबन्डा, पक्षपात र गैरजिम्मेवारीपूर्ण कार्यको सशक्त आलोचना गर्दै आउनुभयो। व्यवस्थापिका–संसद्अन्तर्गत गठित विधायन समितिको सदस्यको रूपमा उहाँले संसद्मा प्रस्तुत विदेशीले असीमित जग्गा खरिद गर्न पाउने घरजग्गा विधेयक, शतप्रतिशत विदेशी लगानीमा बैङ्क तथा वित्तीय संस्था खोल्ने अधिकारसहितको बैङ्क तथा वित्तीय संस्थासम्बन्धी विधेयक, खानेपानीको जिम्मेवारी विदेशीलाई दिने ग्रामीण खानेपानीसम्बन्धी विधेयक लगायतका जनविरोधी विधेयकहरूको विरोध गर्नुभयो। नेपाल मजदुर किसान पार्टीको सशक्त विरोधको कारण ती विधेयक संसद्बाट पारित हुन सकेन र देश र जनताको दीर्घकालीन हित भयो। विदेशी लगानी भित्र्याउने उद्देश्यले संसद्मा प्रस्तुत रेलमार्ग, सुरुङ मार्ग, विमानस्थलहरू निर्माण, रासायनिक मल कारखाना स्थापना, मेडिकल कलेजसँगै जलविद्युत् परियोजना विदेशीलाई खोल्न दिने लगानी बोर्ड विधेयकको पनि नेमकिपाले विरोध गरेको हो तर उक्त विधेयक बहुमतबाट पारित गरियो। उहाँले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने पार्टीको उद्देश्यअनुसार ख्वप विश्वविद्यालय विधेयक संसद्बाट पारित गराउन निरन्तर आवाज उठाउनुभयो।

२०७४ सालको स्थानीय तहको निर्वाचनमा भक्तपुर नगरपालिकामा प्रमुख पदमा अत्यधिक मतले उहाँ विजयी हुनुभयो। नेपाल मजदुर किसान पार्टीको नीति र निर्देशनमा रही उहाँको नेतृत्वको भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माणलगायत विभिन्न विकास निर्माणलाई अगाडि बढायो। सम्पदा पुनःनिर्माण र विकास निर्माणमा जनतालाई परिचालन गरी भक्तपुर नगरपालिकाले उदाहरणीय काम गऱ्यो। विदेशी सहयोगमा सम्पदा पुनःनिर्माणमा खुशी हुनुभन्दा आफ्नै पौरखले बनाउनुमा गर्व गर्ने विचार राख्नुहुने उहाँ निरन्तर आत्मनिर्भरतालाई जोड दिनुहुन्छ। भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल, ज्ञानविज्ञानको केन्द्र र एक उदाहरणीय नगर बनाउने काममा उहाँले विगतमा झैँ सफल नेतृत्व गर्नुहुनेछ। जनताको सेवामा समर्पित भएर लाग्नुभएका उहाँको मूल्याङ्कन गरी नेपाल मजदुर किसान पार्टीले २०७९ वैशाख ३० गते हुने निर्वाचनमा भक्तपुर नगरपालिकाको प्रमुख पदमा उम्मेदवार बनाउने निर्णय गऱ्यो।

**स्रोत : नेपाल मजदुर किसान पार्टी, केन्द्रीय निर्वाचन परिचालन समिति**

**छोटो परिचय**

# रजनी जोशी



नेपाल मजदुर किसान पार्टीको तर्फबाट भक्तपुर नगरपालिकाको उपप्रमुख पदका उम्मेदवार रजनी जोशी वास्तुशास्त्री (आर्किटेक्ट) हुनुहुन्छ । नेपाल प्राध्यापक समाजका केन्द्रीय सदस्य भएर जोशीले शैक्षिक तथा सामाजिक सेवामा योगदान गर्नुभएको छ । वि.सं. २०५८ बाट ख्वप इन्जिनियरिङ कलेजमा प्राध्यापन थाल्नुभएका जोशी भक्तपुरलाई शैक्षिक केन्द्र बनाउने अभियानका सहयात्री हुनुहुन्छ । उहाँ नेमकिपाको भक्तपुर नगर समिति सदस्य हुनुहुन्छ ।

विसं २०२२ असार ३१ गते ललितपुर जिल्लामा जन्मनुभएका जोशीले भक्तपुरका आर्किटेक्ट सरोजप्रसाद वैद्यसँग विवाह गर्नुभएको हो । उहाँले डेनमार्कको कोपनहेगनस्थित रोयल डेनिस एकेडेमी अफ फाइन आर्टस्, स्कुल अफ आर्किटेक्चरमा डेनिस स्नातकोत्तर तह, नर्वेको नर्वेली विज्ञान–प्रविधि (NTNU) विश्वविद्यालयबाट सहरी पर्यावरणीय योजना तथा वातावरणीय प्रभाव अध्ययन (ईआईए) पूरा गर्नुभएको छ ।

२०७२ साल वैशाखमा गएको विनाशकारी भूकम्पपछि भक्तपुर नगरलगायत काठमाडौँ उपत्यकामा भत्केका सम्पदा र घरहरूको अध्ययन–अनुसन्धान, भूकम्पपश्चात्को पुनर्निर्माण, भक्तपुर नगरका विभिन्न क्षेत्रलाई नमूना आवास क्षेत्र बनाउन गरिएको अध्ययन अनुसन्धानमा उहाँ प्रत्यक्ष रूपमा संलग्न हुनुहुन्छ ।

ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा २०७३ साल वैशाख १२–१४ सम्म भएको भूकम्प इन्जिनियरिङ र विपद्पछिको पुनःनिर्माण योजना विषयक अन्तर्राष्ट्रिय सम्मेलन भव्यताका साथ सम्पन्न गर्न उहाँले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो । भक्तपुर नगरपालिकाबाट सञ्चालित दुइओटै इन्जिनियरिङ कलेजलाई नेपालकै उदाहरणीय र अब्बल शैक्षिक केन्द्र बनाउन उहाँले योगदान गर्नुभएको छ । इन्जिनियरिङ र वास्तुकलासँग सम्बन्धित अध्ययन अध्यापनका अतिरिक्त कलेजमा भएका विभिन्न विषयका गोष्ठी र प्रवचनमा जोशीले आफ्नो बौद्धिक क्षमता प्रदर्शन गर्नुभएको छ ।

उहाँले भक्तपुर नगरपालिकाको उत्खनन तथा सम्पदा पुनर्निर्माण निर्देशक समितिअन्तर्गत भक्तपुर सम्पदा पुनःनिर्माण प्राविधिक समितिको संयोजक भएर सेवा गर्नुभएको छ । ख्वप इन्जिनियरिङ कलेजअन्तर्गत गठित भक्तपुर पुनर्निर्माण अध्ययन समितिको सचिवको भूमिका उहाँले निर्वाह गर्नुभएको छ । उहाँ माटोको ब्लक, सिमेन्टको पर्दा, सिमेन्टको टाइल, पानीले नभिज्ने सिमेन्ट रङ्ग आदि प्रविधिको जानकार हुनुहुन्छ । यी प्रविधिका विषयमा जोशीले सहायक ओभरसियर र स्थानीय डकर्मीहरूलाई तालिमसमेत दिँदै आउनुभएको छ ।

उहाँले वास्तुकला र विज्ञान प्रविधिका विभिन्न तालिम लिनुभएको छ । उहाँ नेपाली आर्किटेक्ट समाजका आजीवन सदस्य, नेपाल इन्जिनियरिङ परिषद्का सदस्य तथा आर्किटेक्ट ए क्याटेगोरीका सदस्य र इन्जिनियर समाज नेपालका सदस्य हुनुहुन्छ ।

उहाँले जापान, भारत, थाइल्यान्ड, बेलायत, बेल्जियम, जर्मनी, स्वीडेन, नर्वे, फिनल्यान्ड, अस्ट्रिया, स्वीजरल्यान्ड, फ्रान्स, नेदरल्यान्ड, डेनमार्क, दक्षिण कोरियालगायतका देशहरूको भ्रमण गर्नुभएको छ ।

साहित्य लेखनमा पनि रुची राख्नुहुने जोशी मिजासिलो स्वभावका हुनुहुन्छ । आफ्नो जिम्मेवारी पूरा गर्न दत्तचित्त भएर लाग्नुहुने जोशी ख्वप विश्वविद्यालय स्थापना गर्ने भक्तपुरका जनताको सपना साकार बनाउन प्रतिबद्ध हुनुहुन्छ । वि.सं. २०७४ सालको स्थानीय सरकारको चुनावमा उहाँले २५,७११ मत प्राप्त गरी उपप्रमुख पदमा विजय हासिल गर्नुभएको हो । उहाँले पाँच वर्ष जनप्रतिनिधिहरूका साथ रहेर नगरवासीको हितलाई केन्द्रमा राखी काम गर्नुभयो । 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने भक्तपुरका जनताको भावनालाई अङ्गालेर नगरलाई सफा, स्वच्छ तथा सांस्कृतिक नगर बनाउन आफ्नो अनुभव र योग्यताको अधिकत्तम सदुपयोग गर्न तत्पर उहाँ जनताका योग्य उम्मेदवार हुनुहुन्छ ।

**स्रोत : नेपाल मजदुर किसान पार्टी, केन्द्रीय निर्वाचन परिचालन समिति**

## विजय घोषणाको लगत्तै




वडा नं. १ का नवनिर्वाचित



वडा नं. २ का नवनिर्वाचित



वडा नं. ३ का नवनिर्वाचित



वडा नं. ४ का नवनिर्वाचित



वडा नं. ६ का नवनिर्वाचित



वडा नं. ८ का नवनिर्वाचित



वडा नं. ५ का नवनिर्वाचित



वडा नं. ७ का नवनिर्वाचित



वडा नं. १० का नवनिर्वाचित





वडा नं. ९ का नवनिर्वाचित




प्रमुखमा सुनिल प्रजापति र उपप्रमुखमा रजनी जोशीको विजय घोषणापछि









तस्बिरहरू: इन्टरनेटबाट समेत

## स्थानीय तह निर्वाचन - २०७९ मा भक्तपुर नपा




### मतदाता र मतदान सङ्ख्या

| वडा नं. | कूल मतदाता | खसेको मत | खसेको मत (प्रतिशत) |
|---|---|---|---|
| १ | ४७०३ | ३५२० | ७४.८५ |
| | ४०९१ | ३४४४ | ८४.१८ |
| २ | ६६६६ | ५१९४ | ७७.९४ |
| | ६२७९ | ५२८१ | ८४.१० |
| ३ | ५२५२ | ३९९० | ७५.९६ |
| | ४९४९ | ४०५८ | ८१.९९ |
| ४ | ७०३४ | ५२१९ | ७४.२६ |
| | ६७१९ | ५४१७ | ८०.६२ |
| ५ | ५८३२ | ४२१७ | ७२.२० |
| | ५३६१ | ४३२९ | ८७.७४ |
| ६ | ६१५१ | ४५६६ | ७४.२३ |
| | ५६७६ | ४६८६ | ८२.५५ |
| ७ | ६४३७ | ४९५६ | ७६.६७ |
| | ५८८४ | ५१२६ | ८७.११ |
| ८ | ३३७५ | २७७४ | ८२.१९ |
| | ३१०९ | २७४३ | ८८.२२ |
| ९ | ७०८८ | ५३७१ | ७५.३७ |
| | ६५११ | ५३९८ | ८२.९० |
| १० | ४७३२ | ३५५२ | ७५.०६ |
| | ४३५१ | ३५८६ | ८२.४१ |
| जम्मा | ५७२७० | ४३३५९ | ७५.७१ |
| | ५२९३० | ४४०६८ | ८३.२५ |

छायाँ पारिएको २०७४ सालको — स्रोत : निर्वाचन आयोग

## नेपालमा कोरोना सङ्क्रमण

**जेठ १५ गते**

**परीक्षण प्रयोगशाला :** १०६ (सरकारी- ५९ / निजी- ४७)

**परीक्षण सङ्ख्या :** ५६,९९,३७०

सरकारी- २८,०५,९०२/ निजी- २८,९३,४६८

**खोप लगाउने जम्मा:** ४,२९,०२,९२७

पहिलो- १,८९,९७,४८६/ पूर्ण- १,९८,२८,६८७/ बुस्टर-४०,७६,७५४

**कूल सङ्क्रमित :** ९,७९,१२७ (सन् २०२०।१।१ देखि २०२२।५।२९)

पुरुष : ५,७५,२३९ / महिला : ४,०३,१३८ (सन् २०२२।१।१ देखि २०२२।५।२९)

**निको भएका सङ्ख्या :** ९,६७,०६५

**मृत्यु भएको सङ्ख्या :** ११,९५२

### प्रदेशगत सङ्क्रमित विवरण (सन् २०२२।१।१ - २०२२।५।२९)

| प्रदेश | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रदेश नं. १ | ८,९८७ | ६,६९७ | १५,६८४ |
| मधेस | ४,३०० | १,४८० | ५,७८० |
| बागमती | ५५,५१८ | ४७,१७० | १०२६८८ |
| गण्डकी | ६,८०६ | ४,८१७ | ११,६२३ |
| लुम्बिनी | ५,३४० | ३,६३४ | ८,९७४ |
| कर्णाली | ७७५ | ३८० | १,१५५ |
| सुदूरपश्चिम | ३,१२२ | १,६५९ | ४,७८१ |
| जम्मा | ८४,८४८ | ६५,८३७ | १५०,६८५ |

### उमेरगत सङ्क्रमित (सन् २०२०।१।१ - २०२२।५।२९)

| उमेर | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ० देखि १० | १३००७ | ९३०० | २२३०७ |
| ११ देखि २० | ३६८०९ | २७२७२ | ६४०८१ |
| २१ देखि ३० | १३५७२५ | १०७७६९ | २४३४९४ |
| ३१ देखि ४० | १४८५८५ | ९५२७० | २४३८५५ |
| ४१ देखि ५० | १००५५८ | ६३५४४ | १६४१०२ |
| ५१ देखि ६० | ७१२१९ | ४८०४० | ११९२५९ |
| ६१ देखि ७० | ३८८८३ | २८५७७ | ६७४६० |
| ७१ देखि ८० | १९६९० | १५४२४ | ३५११४ |
| ८० भन्दा माथि | ८६२३ | ६५८९ | १५२१२ |
| जम्मा | ५७३०९९ | ४०१७८५ | ९७४८८४ |

### काठमाडौँ उपत्यकाको विवरण (सन् २०२०।१।१ देखि २०२२।५।२९)

| जिल्ला/सङ्क्रमित | पुरुष | महिला | जम्मा | निको | मृत्यु |
|---|---|---|---|---|---|
| काठमाडौँ | १८४,८४४ | १३८,९७६ | ३२३,८२० | ३२१५०७ | २३०४ |
| ललितपुर | ३४,८४३ | ३१,१०७ | ६५९५० | ६५१९२ | ७४८ |
| भक्तपुर | २०,५८८ | १७,५०० | ३८०८८ | ३७६४७ | ४४८ |
| जम्मा | २४०,२७५ | १८७५८३ | ४२७८५८ | ४२४३४६ | ३५०० |

स्रोत : स्वास्थ्य मन्त्रालय (इन्टरनेट)

# भक्तपुर नगरपालिका

## उम्मेदवारलाई प्राप्त मत–२०७९

| क्र.सं. | नाम | दल/स्वतन्त्र | प्राप्त मत | नतिजा | दललाई २०७४ मा प्राप्त मत |
|---|---|---|---|---|---|
| | **पद – प्रमुख** | | | | |
| १ | **सुनिल प्रजापति** | **नेपाल मजदुर किसान पार्टी** | २९२५२ | **निर्वाचित** | २५७३० |
| २ | राम प्रसाद कासुला | नेपाली काङ्ग्रेस | ३४०७ | | ६५६० |
| ३ | रवीन्द्र लाछिमस्यु | नेकपा (एमाले) | २८४१ | | ४२१८ |
| ४ | सत्य राम त्वायना | स्वतन्त्र | २३९९ | | |
| ५ | बद्रि लाखाजु | राष्ट्रिय प्रजातन्त्र पार्टी | १०८१ | | ९१५ |
| ६ | तुलसी भक्त सुवाल | नेकपा (माओवादी केन्द्र) | ७६१ | | २३१३ |
| ७ | राम भक्त किजु | राष्ट्रिय जनमोर्चा | ४१० | | ५४९ |
| ८ | राजाराम ढुकुछु | जनता समाजवादी पार्टी, नेपाल | १२३ | | |
| ९ | गोपाल दास बनेपाली | नेपाः राष्ट्रिय पार्टी | ५० | | |
| १० | अनिल लावजू | स्वतन्त्र | २९ | | |
| ११ | राम सुन्दर धुसु | स्वतन्त्र | २९ | | |
| १२ | कृष्णराम प्रजापति | मौलिक जरोकिलो पार्टी | १७ | | |
| १३ | नील नारायण कोजू | स्वतन्त्र | १३ | | |
| १४ | बल राम प्रजापति | स्वतन्त्र | ९ | | |
| | **पद – उपप्रमुख** | | | | |
| १ | **रजनी जोशी** | **नेपाल मजदुर किसान पार्टी** | २९७५९ | **निर्वाचित** | २५७११ |
| २ | रञ्जना खर्बुजा | नेकपा (एमाले) | २९८८ | | ४६३१ |
| ३ | ओमचरण अमात्य | नेकपा (एकीकृत समाजवादी) | १७७८ | | |
| ४ | लक्ष्मी छुस्याबाग | राष्ट्रिय प्रजातन्त्र पार्टी | १२५७ | | |
| ५ | इन्द्रमाया सुवाल | नेकपा (माओवादी केन्द्र) | ९४९ | | २१७० |
| ६ | अमिता बोहजु (गोसाई) | राष्ट्रिय जनमोर्चा | ३९३ | | ५४० |
| ७ | कमला दुवाल (विक) | जनता समाजवादी पार्टी, नेपाल | १७८ | | |
| ८ | सुस्ना कोजु | मौलिक जरोकिलो पार्टी | ९४ | | |
| ९ | मीरा दुगुजु | स्वतन्त्र | १९ | | |
| | **पद – वडाध्यक्ष** | | | | |
| **१ नं. वडाध्यक्ष** | | | | | |
| १ | **श्यामकृष्ण खत्री** | **नेमकिपा** | २१४३ | **निर्वाचित** | १३७६ |
| २ | रमेश न्याइच्याई | एमाले | ८५३ | | ४३८ |
| ३ | राजेन्द्र गारु | राप्रपा | ९६ | | ४३४ |

| क्र.सं. | नाम | दल/स्वतन्त्र | प्राप्त मत | नतिजा | दललाई २०७४ मा प्राप्त मत |
|---|---|---|---|---|---|
| ४ | सुरेन्द्र बमनु | मौजपा | ८ | | |
| ५ | नरेश गोठे | स्वतन्त्र | ० | | |
| **२ नं. वडाध्यक्ष** | | | | | |
| १ | **हरिप्रसाद बासुकला** | **नेमकिपा** | २६२५ | **निर्वाचित** | २८८१ |
| २ | संचज्ञान याकामी | स्वतन्त्र | ८९१ | | |
| ३ | रामभक्त खर्बुजा | नेका | ४८८ | | ९४३ |
| ४ | राजाराम सुवाल | एमाले | ४२७ | | ३७१ |
| ५ | विरेन्द्र बासुकला | माके | १४० | | ४४२ |
| ६ | मुकेश बाटी | राप्रपा | ११५ | | ९३ |
| ७ | सूर्यनारायण फाँजु | स्वतन्त्र | ४ | | |
| ८ | लक्ष्मीनारायण सुवाल | स्वतन्त्र | १ | | |
| **३ नं. वडाध्यक्ष** | | | | | |
| १ | **राजकृष्ण गोरा** | **नेमकिपा** | २४४० | **निर्वाचित** | १६६६ |
| २ | शिवप्रसाद अवाल | नेका | ७०५ | | ११४० |
| ३ | राम सुन्दर बाइजु | एमाले | २५६ | | ५५८ |
| ४ | रमेश ठिमी | राप्रपा | १०२ | | १६ |
| ५ | श्यामकृष्ण गोरा | माके | ८० | | २५७ |
| ६ | बिक्की सिल्पकार | मौजपा | १३ | | |
| ७ | रामकृष्ण त्वायना | स्वतन्त्र | २ | | |
| **४ नं. वडाध्यक्ष** | | | | | |
| १ | **उपेन्द्र सुवाल** | **नेमकिपा** | ३५६२ | **निर्वाचित** | ३३९८ |
| २ | प्रेमलाल शिल्पकार | नेका | ७११ | | ११०७ |
| ३ | सुरेश नापित | एमाले | १९१ | | ३१९ |
| ४ | रविजित सिंह राठौर | राप्रपा | १५७ | | |
| ५ | कृष्णराम पोतामाहा | माके | १३६ | | २०९ |
| ६ | विश्वराम त्वायना | स्वतन्त्र | ४ | | |
| **५ नं. वडाध्यक्ष** | | | | | |
| १ | **योगेन्द्र मान बिजुक्छें** | **नेमकिपा** | २७७६ | **निर्वाचित** | १९९२ |
| २ | कृष्ण सुन्दुर खाइतु | नेका | ६५७ | | ८५३ |
| ३ | श्यामकृष्ण रंजितकार | राप्रपा | १२९ | | ९७ |
| ४ | निरञ्जन मुल्मी | मौजपा | १० | | |
| ५ | विक्रम ढुकुछ | स्वतन्त्र | १ | | |
| **६ नं. वडाध्यक्ष** | | | | | |
| १ | **हरिराम सुवाल** | **नेमकिपा** | ३२२९ | **निर्वाचित** | २५०१ |
| २ | भुपेन्द्र प्रसाद नेपाली | एमाले | ३२२ | | ५०८ |
| ३ | केशव दुवाल | नेका | २१७ | | ३४९ |

| क्र.सं. | नाम | दल/स्वतन्त्र | प्राप्त मत | नतिजा | दललाई २०७४ मा प्राप्त मत |
|---|---|---|---|---|---|
| ४ | रामप्रसाद कुम्पाख | स्वतन्त्र | १८२ | | |
| ५ | सुरेन्द्र नाखण्ड | राप्रपा | १७२ | | ६१ |
| ६ | तुल्सीराम ब्यान्जु | माके | ६९ | | ४८९ |
| ७ | गणेशभक्त कुसाथा | एस | १७ | | |
| ८ | कृष्णगोपाल कक्षपती | मौजपा | १० | | |
| ९ | प्रकाश थुसा | स्वतन्त्र | १ | | |
| १० | रमेश सितिखु | स्वतन्त्र | ० | | |
| **७ नं. वडाध्यक्ष** | | | | | |
| १ | **उकेश कवां** | **नेमकिपा** | ३९६९ | **निर्वाचित** | ३९०० |
| २ | धर्मसुन्दर शाक्य बुद्धाचार्य | नेका | २५२ | | २८८ |
| ३ | राम तचामो | एमाले | १६७ | | ४३८ |
| ४ | काजी लाल मानन्धर | राप्रपा | १६४ | | ७१ |
| ५ | नन्दगोपाल रंजितकार | एस | २३ | | |
| ६ | कृष्णप्रसाद खाताखो | मौजपा | १२ | | |
| ७ | केशव त्वानावासु | स्वतन्त्र | १ | | |
| **८ नं. वडाध्यक्ष** | | | | | |
| १ | **कृष्णप्रसाद कोजू** | **नेमकिपा** | २२८० | **निर्वाचित** | १९७३ |
| २ | नरेश दुवाल | एमाले | १२० | | ४०४ |
| ३ | लक्ष्मी प्रसाद गुसाई | नेका | १०३ | | ११५ |
| ४ | कृष्णप्रसाद ह्योगों | माके | ३४ | | ५४ |
| ५ | लक्ष्मी नारायण दुवाल | स्वतन्त्र | ० | | |
| **९ नं. वडाध्यक्ष** | | | | | |
| १ | **रबिन्द्र ज्याख्व** | **नेमकिपा** | ४२७७ | **निर्वाचित** | ३३५५ |
| २ | अक्षय सुन्दर प्रजापति | एमाले | २९१ | | ६९४ |
| ३ | काजीमान स्यामा | नेका | १८५ | | ५३१ |
| ४ | राम कुसी | माके | १३१ | | २०१ |
| ५ | राम सुन्दर प्रजापति | राप्रपा | ९६ | | १११ |
| ६ | धने प्रसाद प्रजापति | स्वतन्त्र | १ | | |
| **१० नं. वडाध्यक्ष** | | | | | |
| १ | **लक्ष्मीप्रसाद ह्यौंमिखा** | **नेमकिपा** | २६२६ | **निर्वाचित** | २२२९ |
| २ | कृष्णकुमार सुवाल | नेका | २२४ | | ४४९ |
| ३ | पुण्य राम दुवाल | एमाले | २०२ | | ३५८ |
| ४ | बिमल बेकोजु | राप्रपा | १११ | | |
| ५ | मिना प्रजापति | मौजपा | १८ | | |
| ६ | भरत प्रसाद भद्रा | स्वतन्त्र | २ | | |

| क्र.सं. | नाम | दल/स्वतन्त्र | प्राप्त मत | नतिजा | दललाई २०७४ मा प्राप्त मत |
|---|---|---|---|---|---|
| | **पद - वडा सदस्य** | | | | |
| **वडा नं. १ वडा सदस्य** | | | | | |
| १ | **सूर्यप्रसाद श्रेष्ठ** | **नेमकिपा** | २२१९ | **निर्वाचित** | १५१६ |
| २ | **गंगालक्ष्मी वमनु** | **नेमकिपा** | २१५३ | **निर्वाचित** | १५१५ |
| ३ | सिताराम न्यौपाने | नेका | ५०० | | ४९९ |
| ४ | राजाराम श्रेष्ठ | माके | ३३२ | | २६४ |
| ५ | सविन छुजु | राप्रपा | १४७ | | २७८ |
| ६ | पृथ्वी नारायण ध्वोजु | राप्रपा | १४० | | २७८ |
| **वडा नं. २ वडा सदस्य** | | | | | |
| १ | **न्हुछे राम कोजु** | **नेमकिपा** | २८८१ | **निर्वाचित** | २७९३ |
| २ | **श्यामसुन्दर मातां** | **नेमकिपा** | २८७१ | **निर्वाचित** | २७८१ |
| ३ | राकेश ब्यान्जु | नेका | ५९२ | | ८८९ |
| ४ | धनराम सुवाल | नेका | ५७८ | | ९१७ |
| ५ | बुद्धि बहादुर बोयजु | एमाले | ३५७ | | ४११ |
| ६ | रामभक्त सुवाल | एमाले | ३३२ | | ३७७ |
| ७ | चन्द्रमान कोजू | माके | २४७ | | ३६४ |
| ८ | विकास पञ्च | माके | २४४ | | ३८९ |
| ९ | अमर बाटी | राप्रपा | १४९ | | १५५ |
| १० | लक्ष्मी सुन्दर पक्का | राप्रपा | १४१ | | १२६ |
| **वडा नं. ३ वडा सदस्य** | | | | | |
| १ | **कृष्ण गोपाल चौगुठी** | **नेमकिपा** | २२८३ | **निर्वाचित** | १५९७ |
| २ | **राज कुमार शिल्पकार** | **नेमकिपा** | २२८३ | **निर्वाचित** | १५९० |
| ३ | रामकाजी भुजु | नेका | ६४१ | | १०३७ |
| ४ | विष्णु प्रसाद सिलाकार | नेका | ६०९ | | १११४ |
| ५ | राजेन्द्र भैल | एमाले | ३३० | | ६११ |
| ६ | अमित त्वायना | एमाले | २६३ | | ५६४ |
| ७ | निरज मानन्धर | राप्रपा | १२० | | २९ |
| ८ | रमेश किलम्बु | राप्रपा | १०९ | | |
| ९ | रमेश शिल्पकार | माके | ९९ | | २१८ |
| १० | नारायण बहादुर नायभा | एस | ७७ | | |
| **वडा नं. ४ वडा सदस्य** | | | | | |
| १ | **कृष्ण सुन्दर प्रजापति** | **नेमकिपा** | ३५६१ | **निर्वाचित** | ३२०७ |
| २ | **पुरुषोत्तम तमखु** | **नेमकिपा** | ३३७७ | **निर्वाचित** | ३२६० |
| ३ | नरेश प्रजापति | नेका | ७४१ | | ११४१ |
| ४ | सुरेश चवाल | नेका | ७१५ | | १११८ |
| ५ | मचामान शिल्पकार | एमाले | २१५ | | ३३६ |
| ६ | रामकृष्ण किलंवु | एमाले | २०७ | | ३६५ |
| ७ | कृष्णराम छेताला | राप्रपा | १५२ | | |
| ८ | तुल्सीराम कर्माचार्य | माके | ११३ | | २२० |
| ९ | जगत बहादुर छुकां | माके | १०५ | | २०१ |

| क्र.सं. | नाम | दल/स्वतन्त्र | प्राप्त मत | नतिजा | दललाई २०७४ मा प्राप्त मत |
|---|---|---|---|---|---|
| **वडा नं. ५ वडा सदस्य** | | | | | |
| १ | **नारायणप्रसाद त्वानाबासु** | **नेमकिपा** | २६५० | **निर्वाचित** | २०८६ |
| २ | **कृष्णप्यारी भुजु** | **नेमकिपा** | २६४३ | **निर्वाचित** | २१०१ |
| ३ | सन्त लाल पोडे | एमाले | ३५३ | | ५६३ |
| ४ | बबिता पोडे | एमाले | ३२३ | | ४७३ |
| ५ | मनोज दिवाकर | राप्रपा | २२८ | | |
| ६ | लक्ष्मी भक्त त्यात | राप्रपा | २१३ | | |
| ७ | पुरुषोत्तम कपाली | माके | १३६ | | ३०४ |
| ८ | राजु सुवाल | एस | १२१ | | |
| **वडा नं. ६ वडा सदस्य** | | | | | |
| १ | **गोविन्द दुवाल** | **नेमकिपा** | ३१४७ | **निर्वाचित** | २५६५ |
| २ | **सिद्धि राम अवाल** | **नेमकिपा** | ३१०२ | **निर्वाचित** | २५३२ |
| ३ | शरीफ सुवाल | एमाले | ४२२ | | ४८१ |
| ४ | कृष्ण राम सुवाल | एमाले | ३८१ | | ५३३ |
| ५ | रन्जन कुम्पाख | नेका | २५७ | | ४४९ |
| ६ | नारॉं भक्त राजभण्डारी | नेका | २४१ | | ४९७ |
| ७ | सरोज राजचल | राप्रपा | १८० | | |
| ८ | राजेन्द्र हामोजू | राप्रपा | १७३ | | |
| **वडा नं. ७ वडा सदस्य** | | | | | |
| १ | **हरि रत्न गोर्खाली** | **नेमकिपा** | ३९८३ | **निर्वाचित** | ३७५७ |
| २ | **हेरा ख्याजु** | **नेमकिपा** | ३९५८ | **निर्वाचित** | ३७५७ |
| ३ | रामचन्द्र कुस्मा | नेका | २२८ | | १०४ |
| ४ | विकास मान शाक्य | नेका | २२७ | | ३८३ |
| ५ | श्री प्रसाद लवजु | एमाले | १६८ | | ४३६ |
| ६ | राजेन्द्र तमखु | एमाले | १६६ | | ४३९ |
| ७ | श्रीजन रंजित | राप्रपा | १४३ | | |
| ८ | राम कृष्ण वोहजू | राप्रपा | १४२ | | |
| ९ | रवि खाइजु | जसपा | ५ | | |
| **वडा नं. ८ वडा सदस्य** | | | | | |
| १ | **कृष्ण लाल किसी** | **नेमकिपा** | २२९९ | **निर्वाचित** | २०१६ |
| २ | **राम सुन्दर बासी** | **नेमकिपा** | २२६१ | **निर्वाचित** | २०१५ |
| ३ | रामकृष्ण दुवाल | एमाले | १०७ | | ३०७ |
| ४ | कृष्ण प्रसाद गाईजू | एमाले | ९९ | | ३०४ |
| ५ | मनिष गोसाई | नेका | ९७ | | १११ |
| ६ | विष्णुप्रसाद गणेजु | नेका | ९३ | | |
| ७ | राजेन्द्र सैंजु | राप्रपा | ४७ | | १८ |
| **वडा नं. ९ वडा सदस्य** | | | | | |
| १ | **ज्ञान बहादुर मानन्धर** | **नेमकिपा** | ३९८४ | **निर्वाचित** | ३२४२ |
| २ | **इन्द्र बहादुर प्याठ** | **नेमकिपा** | ३९६९ | **निर्वाचित** | ३३०४ |

| क्र.सं. | नाम | दल/स्वतन्त्र | प्राप्त मत | नतिजा | दललाई २०७४ मा प्राप्त मत |
|---|---|---|---|---|---|
| ३ | अनन्त कृष्ण वैद्य | एमाले | ४२९ | | ६८५ |
| ४ | सूर्यसन प्रजापति | एमाले | ३६१ | | ६९३ |
| ५ | कृष्ण भाइ ज्याख्व | नेका | २०५ | | ४१६ |
| ६ | विकाश लाखे | माके | १८४ | | २११ |
| ७ | विशाल प्रजापती | माके | १८२ | | २५५ |
| ८ | राजु मथ्याजु | राप्रपा | १२७ | | १७६ |
| ९ | सुनिल मथ्या | राप्रपा | १२३ | | १९८ |
| **वडा नं. १० वडा सदस्य** | | | | | |
| १ | **जितेन्द्र मुनंकर्मी** | **नेमकिपा** | २५६४ | **निर्वाचित** | २२२४ |
| २ | **कृष्ण नारायण दुमरू** | **नेमकिपा** | २५५४ | **निर्वाचित** | २२०४ |
| ३ | इन्द्रलाल नकर्मी | एमाले | २१२ | | ३२४ |
| ४ | श्याम कृष्ण सुवाल | नेका | १९६ | | ४३९ |
| ५ | रमेश अवाल | नेका | १९५ | | ४२८ |
| ६ | पुण्यराम सुवाल | एमाले | १४५ | | ३३५ |
| | **पद - दलित महिला सदस्य** | | | | |
| **वडा नं. ५ दलित महिला सदस्य** | | | | | |
| १ | **सरिना द्योला** | **नेमकिपा** | **निर्विरोध** | **निर्वाचित** | २१७१ |
| **वडा नं. ६ दलित महिला सदस्य** | | | | | |
| १ | **सीतादेवी नेपाली** | **नेमकिपा** | ३२१७ | **निर्वाचित** | २६१३ |
| २ | उमा नेपाली | एमाले | ३६६ | | ४२३ |
| **वडा नं. १० दलित महिला सदस्य** | | | | | |
| १ | **विष्णुमाया कामी** | **नेमकिपा** | **निर्विरोध** | **निर्वाचित** | |
| | **पद - महिला सदस्य** | | | | |
| **वडा नं. १ महिला सदस्य** | | | | | |
| १ | **कल्पना शिल्पकार** | **नेमकिपा** | २२४२ | **निर्वाचित** | १४४५ |
| २ | रविता दुवाल | नेका | ४७० | | ५०२ |
| ३ | सोनिया ज्याख्व | राप्रपा | १३५ | | ३५८ |
| **वडा नं. २ महिला सदस्य** | | | | | |
| १ | **मन्जुमैयाँ लाखाजू (जती)** | **नेमकिपा** | २९१३ | **निर्वाचित** | २८१४ |
| २ | निरु सुलु | नेका | ६२९ | | ९९१ |
| ३ | मन्दिरा सुवाल | एमाले | ३८२ | | ४०२ |
| ४ | बुद्ध लक्ष्मी सुवाल | माके | २११ | | ३८१ |
| ५ | रमिता बाटी | राप्रपा | १३६ | | |
| **वडा नं. ३ महिला सदस्य** | | | | | |
| १ | **सुनिता प्रजापति (अवाल)** | **नेमकिपा** | २३५० | **निर्वाचित** | १६०४ |
| २ | शोभा राजथला (चौगुठी) | नेका | ७०३ | | ११९१ |
| ३ | रश्मा शिलाकार | एमाले | २८२ | | ५६३ |


| क्र.सं. | नाम | दल/स्वतन्त्र | प्राप्त मत | नतिजा | दललाई २०७४ मा प्राप्त मत |
|---|---|---|---|---|---|
| ४ | अन्जली सैजु | माके | ९८ | | २६३ |
| ५ | रस्मी ठिमी | राप्रपा | ९३ | | १९ |
| **वडा नं. ४ महिला सदस्य** | | | | | |
| १ | **विष्णु केशरी दुवाल** | **नेमकिपा** | ३५७६ | **निर्वाचित** | ३२८३ |
| २ | गंगालक्ष्मी कासुला (तज) | नेका | ६९० | | १०६४ |
| ३ | अञ्जु कर्माचार्य | एमाले | २१० | | ४५९ |
| ४ | पुष्पा शिल्पकार | माके | १०८ | | २०६ |
| **वडा नं. ५ महिला सदस्य** | | | | | |
| १ | **रीता फसिकवा** | **नेमकिपा** | २७४७ | **निर्वाचित** | २११८ |
| २ | अन्जु श्रेष्ठ | नेका | ४४९ | | ७७२ |
| ३ | मंगल माया ख्याजु | एमाले | ३३९ | | ५९६ |
| ४ | लक्ष्मी रंजितकार | राप्रपा | १८१ | | |
| **वडा नं. ६ महिला सदस्य** | | | | | |
| १ | **रोशन मैंया सुवाल** | **नेमकिपा** | ३२०३ | **निर्वाचित** | २५८४ |
| २ | बिना शाही | एमाले | ३५७ | | ५६२ |
| ३ | कुसुम दुवाल | नेका | २३१ | | ४१८ |
| ४ | विद्या श्रेष्ठ | राप्रपा | १८५ | | |
| **वडा नं. ७ महिला सदस्य** | | | | | |
| १ | **रञ्जना त्वाती** | **नेमकिपा** | ४०३९ | **निर्वाचित** | ३९१३ |
| २ | बिन्दुबाहाला श्रेष्ठ | एमाले | १६७ | | ४४५ |
| ३ | नर्मिला मानन्धर | राप्रपा | १५४ | | |
| **वडा नं. ८ महिला सदस्य** | | | | | |
| १ | **सुमित्रा बोहजु** | **नेमकिपा** | २३०० | **निर्वाचित** | २०५४ |
| २ | कृष्णाकमल कोजू | एमाले | १०६ | | ३०५ |
| ३ | रेणु गोसाई | नेका | ९४ | | ११३ |
| ४ | कृष्ण कुमारी लावजू | राप्रपा | ३७ | | |
| **वडा नं. ९ महिला सदस्य** | | | | | |
| १ | **छोरी मैया सुजखू (प्रजापति)** | **नेमकिपा** | ४१०१ | **निर्वाचित** | ३४०३ |
| २ | कान्छी छुस्याबाग (छेगुताला) | एमाले | ३१३ | | ६८१ |
| ३ | सर्मिला प्रजापति | नेका | २२० | | ४४३ |
| ४ | कान्छी प्रजापती | माके | १३० | | २१५ |
| **वडा नं. १० महिला सदस्य** | | | | | |
| १ | **तारादेवी शाक्य** | **नेमकिपा** | २५७८ | **निर्वाचित** | २२४५ |
| २ | ज्ञानी अवाल (अवाल) | नेका | २१९ | | ४०९ |
| ३ | अन्जला ख्वालापाला (सुवाल) | एमाले | २०६ | | ३६७ |

**स्रोत : निर्वाचन आयोग**

पुनश्च : यस पटक उम्मेदवार नभएका दलको २०७४ को मत उल्लेख गरिएको छैन ।

# निर्वाचन परिणामपछि सञ्चार माध्यममा

## भक्तपुर जहाँ नेमकिपाले सबै पदमात्र जितेन, बाँकीको जमानतै जफत गरायो




राम्रो काम गऱ्यो भने मतदाताका नजरमा सधैँ राम्रै हुन पाइन्छ भन्ने उदाहरण हेर्ने हो भने भक्तपुर नगर जानुहोस्। यहाँ पञ्चायतकालदेखि नै नेपाल मजदुर किसान पार्टी (नेमकिपा) वा त्यसका समर्थकले एकछत्र जित्दै आएका छन्।

यसपालि त झन् यति ठूलो मतान्तरले सबै पद जितेको छ कि, अन्य दलका उम्मेदवारले जमानतै जोगाउन सकेनन्। आखिर किन लोकप्रिय छ नेमकिपा भक्तपुरमा ? यहाँका नागरिकले किन नेमकिपा बाहेकका पार्टीलाई विश्वासै गर्दैनन् ?

अन्य दलका नेताहरूसमेत भन्छन्, 'शिक्षा, स्वास्थ्य र विकासमा यहाँ नेमकिपाले नमुना काम गरेको छ।' त्यही कारण साढे चारदशकदेखि मतदाताले यसलाई पत्याएका छन् र मतदाताको मन पनि उम्मेदवारले जितेका छन्। यहाँ अन्य दललाई टाउको उठाउनै हम्मे छ। यो चुनावमा भक्तपुर नगरपालिकाको मेयरमा नेमकिपाका सुनिल प्रजापति र उपमेयरमा रजनी जोशी निर्वाचित भएका छन्। उनीहरूको यो दोस्रो कार्यकाल हो।

मेयर पदमा पुनः उठेका उम्मेदवार प्रजापतिले २९ हजार २ सय ५२ मत पाए। उपमेयरमा जोशीले २९ हजार ७ सय ५९ मत पाइन्। अन्य दलका उम्मेदवारलाई लामो मत अन्तरले हराउन दुवै उम्मेदवार सफल बने। मेयरमा प्रतिस्पर्धा गर्न नेपाली काङ्ग्रेसले रामप्रसाद कासुलालाई उठायो। तर, उनले ३ हजार ४ सय ७ मत मात्रै पाए, जमानत गुमाए।

-al8dflnsf_

## भक्तपुर नगरपालिकामा नेमकिपाको एकल जित





– पुष्कर बुढाथोकी, भक्तपुर

भक्तपुर नगरपालिकाको मेयरमा सुनिल प्रजापति र उपमेयरमा रजनी जोशी निर्वाचित हुनुभएको छ। सोमबार सम्पन्न मतगणनाअनुसार नेपाल मजदुर किसान पार्टीका दुवै उम्मेदवार २६ हजारभन्दा बढी मतान्तरसहित निर्वाचित भएका हुन्।

मेयरका उम्मेदवार प्रजापतिले २९ हजार २ सय मत तथा उपमेयरमा जोशीले २९ हजार ६ सय ९५ मत पाउनुभएको छ। प्रतिस्पर्धी नेपाली काङ्ग्रेसका रामप्रसाद कासुलाले ३ हजार १ सय ९९ र नेकपा एमालेका रवीन्द्र लाछिमस्युले २ हजार ६ सय ६७ मत पाएका छन्।

त्यस्तै, उपमेयरमा नेकपा एमालेकी रञ्जना खर्बुजाले २ हजार ७ सय २४ र नेकपा एकीकृत समाजवादीका ओमचरण अमात्यले १ हजार ७ सय ४२ मत पाएका छन्। नेमकिपाले यो नगरपालिकाका सबै वडाका सबै अध्यक्ष र सदस्यसमेत शतप्रतिशत विजय हासिल गरेको छ।

पाँच वर्षअघिको स्थानीय तहको निर्वाचनमा पनि नेमकिपाले यस्तै नतिजा हासिल गरेको थियो।

भक्तपुर नगरपालिकामा १० ओटा वडा रहेका छन्। यीमध्ये वडा नं. १ र ३ नेमकिपाका लागि यसपटक

सबैभन्दा कठिन थियो। यहाँ नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा एकीकृत माओवादी, नेकपा एकीकृत समाजवादीलगायतका सम्पूर्ण दल एक भई नेमकिपालाई हराउन भनी संयुक्त गठबन्धन भएको थियो।

तर, परिणामअनुसार नेमकिपा सबै राष्ट्रिय पार्टीहरूको संयुक्त गठबन्धनलाई फराकिलो मत अन्तरले पराजित गरी यी दुवै वडामा प्यानलसहित विजयी हासिल गरेको छ। यहाँ अन्य पार्टीका उम्मेदवारको जमानतसमेत जफत भएको छ। यस्तो 'क्लिन स्विप' नतिजा अन्य स्थानीय तहमा दुर्लभ मानिन्छ।

भक्तपुर नगरपालिकाले सञ्चालन गरेको मिवा देको इटापाके जग्गाएकीकरण पीडित सङ्घर्ष समितिका तर्फबाट प्रमुखमा उम्मेदवार बनेका विगतमा नेमकिपामै रहेका सत्यराम त्वायनाले २ हजार ३ सय ४५ मत प्राप्त गर्नुभएको छ। ....

भक्तपुर नगरपालिकामा ७५ दशमलव ७१ प्रतिशत मत खसेको थियो। यहाँ ५७ हजार २ सय ७० मतदाता रहेकोमा ४३ हजार ३ सय ५९ मत खसेको थियो।

-gkfn ;dfrf/kq_

# भक्तपुरका मेयरमा १४ उम्मेदवार काङ्ग्रेस–एमालेसहित १३ को धरौटी जफत

## १० ओटै वडासहित मेयरमा नेमकिपाका सुनिल प्रजापतिको सानदार विजय





– शान्ति तामाङ

भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान पार्टीले आठ गुणाभन्दा बढी मतान्तरले 'क्लिन स्विप' गरेको छ। मेयरमा नेमकिपाका सुनिल प्रजापति २९ हजार दुई सय ५२ मत ल्याएर दोस्रो कार्यकालका लागि विजयी भएका हुन्। ०७४ मा २५ हजार सात सय ३० मत ल्याएर उनी मेयर निर्वाचित भएका थिए।

यसपालि मेयरका लागि १४ जनाले उम्मेदवारी दिएको भक्तपुरमा प्रजापतिका प्रतिद्वन्द्वी काङ्ग्रेसका रामप्रसाद कासुलाले तीन हजार चार सय सात मत मात्रै ल्याएका छन्। एमालेका रवीन्द्र लाछिमस्युले दुई हजार आठ सय ४१, स्वतन्त्र उम्मेदवार सत्यराम त्वायनाले दुई हजार तीन सय ९९ र राप्रपाका बद्री लाखाजुले एक हजार ८१ मत र अर्का स्वतन्त्र उम्मेदवार बलराम प्रजापतिले नौ मत मात्रै ल्याए।

त्यस्तै, उपमेयरमा नेमकिपाकै रजनी जोशीले २९ हजार सात सय ५९ मत ल्याएर जितिन्। उनकी निकटतम् प्रतिद्वन्द्वी एमालेकी रञ्जना खर्बुजाले दुई हजार नौ सय ८८ मत ल्याएकी छिन्। उपमेयरमा स्वतन्त्रसहित नौजना प्रतिस्पर्धामा थिए।

नगरका १० ओटै वडामा नेमकिपाले जितेको छ। वडा नं. १ मा एमालेका रमेश न्याइच्याईलाई हराउँदै श्यामकृष्ण खत्री निर्वाचित भएका हुन्। उनले दुई हजार एक सय ४३ मत ल्याएका छन्। वडा नं. २ मा हरिप्रसाद बासुकला दुई हजार ६ सय २५ मतसहित विजयी भए। उनका प्रतिद्वन्द्वी संचज्ञान याकामीले आठ सय ९१ मत ल्याए। वडा नं. ३ मा राजकृष्ण गोराले दुई हजार चार सय ४० मत ल्याउँदा प्रतिद्वन्द्वी काङ्ग्रेसका शिवप्रसाद अवालले सात सय पाँच भोट मात्रै ल्याए।

त्यस्तै, वडा नं. ४ मा तीन हजार पाँच सय ६२ मत ल्याएर नेमकिपाकै उपेन्द्र सुवाल विजयी भए। उनका प्रतिस्पर्धी काङ्ग्रेसका प्रेमलाल शिल्पकारले सात सय ११ मत ल्याए। वडा नं. ५ मा योगेन्द्रमान बिजुक्छें दुई हजार सात सय ७६ मत ल्याएर निर्वाचित हुँदा काङ्ग्रेसका कृष्णसुन्दर खाइतुले ६ सय ५७ मत ल्याए। वडा नं. ६ मा हरिराम सुवाल तीन हजार दुई सय २९ मतसहित विजयी भए। एमालेका भूपेन्द्र नेपालीले तीन सय २२ मत पाएका छन्।

वडा नं. ७ मा उकेश कवांले तीन हजार नौ सय ६९ मतले जित निकाले। प्रतिद्वन्द्वी काङ्ग्रेसका धर्मसुन्दर शाक्य बुद्धाचार्यले दुई सय ५२ मत मात्रै ल्याए। वडा नं. ८ मा कृष्णप्रसाद कोजु दुई हजार दुई सय ८० मत ल्याएर विजयी हुँदा एमालेका नरेश दुवालले एक सय २० मात्र ल्याए। वडा नं. ९ मा नेमकिपाकै रवीन्द्र ज्याख्वले चार हजार दुई सय ७७ मत ल्याउँदा एमालेका अक्षयसुन्दर प्रजापति दुई सय ९१ मतमै सीमित रहे। त्यस्तै, वडा नं. १० मा लक्ष्मीप्रसाद ह्यौंमिखा दुई हजार ६ सय २६ मत ल्याएर निर्वाचित भए। उनका

# भक्तपुरमा नेमकिपाको एकलौटी

## नगर प्रमुखमा सुनिल प्रजापति, उपप्रमुखमा रजनी जोशीसहित १० ओटै वडामा भारी मतान्तरसहित प्यानल नै विजयी





– लिला श्रेष्ठ

भक्तपुर – नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले भक्तपुर नगरपालिकामा यसपटक पनि 'क्लिन स्वीप' गरेको छ। दोस्रो कार्यकालका लागि नगर प्रमुखमा सुनिल प्रजापति, उपप्रमुखमा रजनी जोशीसहित १० ओटै वडामा भारी मतान्तरसहित नेमकिपाका उम्मेदवारको प्यानल नै विजयी भएको हो।

स्थानीय तह निर्वाचन २०७४ मा पनि प्रजापति २५ हजार ७ सय ३० मत ल्याएर निर्वाचित भएका थिए। यसपटक ३ हजार ५ सय २२ मत बढाउँदै २९ हजार २ सय ५२ मत ल्याए।

उनका निकटतम प्रतिद्वन्द्वी काङ्ग्रेसका उम्मेदवार रामप्रसाद कासुलाले ३ हजार ४७ मत मात्र प्राप्त गरे। २०७४ को निर्वाचनमा पनि कासुला प्रजापतिसँगै पराजित भएका थिए। त्यति बेला उनले ६ हजार ५ सय ६० मत ल्याएका थिए। भक्तपुर नगरमा यसपटक एमालेले पनि आफ्नो मत जोगाउन सकेन। अघिल्लो निर्वाचनमा एमालेका उम्मेदवार विष्णु सुवालले ४ हजार २ सय १८ मत पाएका थिए भने हालका उम्मेदवार रवीन्द्र लाछिमस्युले २ हजार ४ सय ४१ मत मात्र पाए। दोस्रो कार्यकालका लागि पुनः निर्वाचित उपप्रमुख जोशीले २९ हजार ७ सय ५९ मत पाएकी छन्। उनको निकटतम प्रतिद्वन्द्वी एमालेकी रञ्जना खर्बुजाले २ हजार ९ सय ८८ र गठबन्धनका तर्फबाट उम्मेदवार नेकपा

निकटतम् प्रतिद्वन्द्वी काङ्ग्रेसका कृष्णकुमार सुवालले दुई सय २४ मत मात्रै प्राप्त गरे।

वडाध्यक्ष मात्रै होइन, वडासदस्यका सबै पदमा पनि नेमकिपाकै उम्मेदवार विजयी भएका छन्। ०७४ को स्थानीय तह निर्वाचनमा पनि नेपकिपाले सबै वडामा जित निकालेको थियो।

### भक्तपुरमा किन जनप्रिय छ नेमकिपा ?

सङ्घीय, प्रदेश र स्थानीय सबै तहका निर्वाचनमा भक्तपुरका मतदाताले नेपकिपाका उम्मेदवारलाई नै रुचाउने गरेका छन्। आखिर भक्तपुरमा किन जनप्रिय छ नेमकिपा ? नवनिर्वाचित मेयर सुनिल प्रजापतिको जवाफ छ– हामी जे बोल्छौँ, त्यही गर्छौँ भनेर जनताले मत दिएको हुनुपर्छ।

उनले आगामी दिनमा पनि नागरिक तहमा सहकार्य गरेर विकास निर्माणका कामलाई निरन्तरता दिने प्रतिबद्धता दोहोऱ्याए। 'शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा, सहकारीसँग समन्वय गरेर विकास निर्माणका काम गर्नेछौँ,' प्रजापतिले भने, 'पार्टीको घोषणापत्रअनुसार जनतालाई जहाँ–जहाँ समस्या पर्छ, त्यहाँ–त्यहाँ पुगेर सेवा गर्छौँ। हामी अरूजस्तो कुरा मात्र गर्ने, काम नगर्ने पार्टी होइनौँ।'

प्रजापतिले संसद्मा विचाराधीन ख्वपः विश्वविद्यालय विधेयक पास भएलगत्तै विश्वविद्यालय सुरु गर्ने र मेडिकल तथा नर्सिङ कलेज सञ्चालन गर्ने योजना सुनाए। २५ बेडको नगरस्तरीय अस्पताललाई सय बेडको पुऱ्याउने पनि बताए। 'पाँच वर्षमा अधुरा रहेका कामलाई निरन्तता दिँदै शिक्षा, स्वास्थ्य, रोजगार, सम्पदालगायतका क्षेत्रका काम गर्नेछु,' उनले भने, 'हाम्रो अध्यक्ष (नारायणमान बिजुक्छेँ) को 'सय वर्षपछिको भक्तपुर'को योजना साकार बनाउन लागिपर्नेछौँ।' शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा 'भक्तपुर मोडेल' अनुकरणीय छ। नगरपालिकाले शिक्षामा ख्वपः इन्जिनियरिङ, ख्वपः बहुप्राविधिक संस्था, शारदा र ख्वपः कलेज, ख्वपः माविलगायत स्कुल-क्याम्पसमा वार्षिक तीन करोडको छात्रवृत्ति प्रदान गर्दै आएको छ। यी स्कुल-कलेजमा करिब सात हजार विद्यार्थी पढ्छन्। भक्तपुर नगरपालिकाले च्यामासिंहमा ख्वपः अस्पताल पनि सञ्चालन गरेको छ। दैनिक सात सय सेवाग्राही आउने यो अस्पतालमा कुनै पनि रोगको विशेषज्ञ डाक्टरलाई ८० रूपैयाँमै जचाउन सकिन्छ। एमबिबिएस डाक्टरलाई भेटेको ५० रूपैयाँ र अन्य नर्सिङ सेवा निःशुल्क गरेको छ। यसबाहेक एमबिबिएस डाक्टरसहितको निःशुल्क घरदैलो स्वास्थ्य सेवा दिँदै आएको छ। दीर्घरोगीलाई सय रूपैयाँमा उपचारको व्यवस्था गरेको छ।

-gofFklqsf_

एकीकृत समाजवादीका ओमचरण अमात्यले १ हजार ७ सय ७८ मत पाए। २०७४ को निर्वाचनमा जोशीले २५ हजार ७ सय ११ मत ल्याएकी थिइन्।

नेमकिपाले वर्षौंदेखि भक्तपुरमा आफ्नो पकड बनाउँदै आएको छ। जनभावनाअनुसार काम गरेकाले जनताको साथ पाएको नेमकिपाका जिल्ला अध्यक्ष एवं प्रदेश सांसद सुरेन्द्रराज गोसाई बताउँछन्। 'किसानहरूलाई जग्गाको मालिक बनाउने र भ्रष्टाचारविरुद्धको आन्दोलनमा निरन्तर लागिरह्यौं। निर्वाचित जनप्रतिनिधि सधैं सेवा गर्ने ढङ्गमा अघि बढ्यौं र सेवाको राजनीति गर्‍यौं,' उनले भने, 'त्यसैले जनतालाई आकर्षित गरिरह्यो।'

## 'हाम्रो पारदर्शिता जनताले रुचाए' : सुनिल प्रजापति



**नेमकिपाले भक्तपुरमा निरन्तर जित्नुको कारण के हो ?**

पार्टीले इमानदारीपूर्वक जनताको सेवा गर्दै आएको छ। नगरपालिकाभित्रका सबै गतिविधि पारदर्शी ढङ्गले गर्दै आएका कारण हाम्रो पार्टीलाई जनताले रुचाएका हुन्।

**तपाईंको भावी योजना के-के छन् ?**

व्यक्तिगत योजना भन्ने हुँदैन। पार्टीले निर्वाचनका बेलामा जारी गरेको घोषणापत्र नै हाम्रो कार्ययोजना हो। पहिलेका अधुरा काम सम्पन्न गर्छौं र घोषणापत्रमा लेखिएका कुरा पूरा गर्छौं।

**नेमकिपा भक्तपुरमा मात्र केन्द्रित भएको आरोप छ नि ?**

यो प्रश्न साँचो होइन। ४० भन्दा बढी जिल्लामा हाम्रा उम्मेदवार उठ्नुभएको छ। शतप्रतिशत जितेको भक्तपुर नगरपालिका हो। हाम्रो त विचारको राजनीति हो नि र देशभर हाम्रा साथीले काम गरिराख्नुभएको छ।

**अन्य पार्टीका र नेमकिपाका जनप्रतिनिधिमा के फरक छ ?**

नेमकिपाका जनप्रतिनिधि इमानदारीपूर्वक जनताको सेवामा खट्नुहुन्छ। पैसा कमाउने, प्रलोभनमा फस्ने भन्ने छैन। जनताको सेवामा जुनसुकै बेला पनि खट्ने, कुद्ने भनी पार्टीले नै प्रशिक्षित गरिराखेको हुँदा त्यहीअनुसार हाम्रा नेता–कार्यकर्ता साथीहरू जहिले पनि संयमित भएर काम गर्नुहुन्छ। त्यसैले अन्य पार्टीका जनप्रतिनिधिभन्दा हामी फरक भएको हो कि !

नगर प्रमुखमा निर्वाचित प्रजापतिको अघिल्लो कार्यकालमा शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण तथा पुनर्निर्माण, खेलकुदलगायतको क्षेत्रमा उल्लेख्य काम भएका छन्। 'नमुना नगरका रूपमा अवलोकन/अध्ययनका लागि ७० भन्दा बढी जिल्लाका जनप्रतिनिधिहरू आउनुभयो, धेरैले भक्तपुर नगरलाई सिकाइका रूपमा पनि लिनुभएको छ,' प्रजापतिले भने, 'नगरवासीलाई अनुभूत हुने गरी अझै धेरै काम गर्नेछौं। हामी नहुने आश्वासन दिँदैनौं।'

ऐतिहासिक सम्पदा संरक्षण, स्तरीय शिक्षा, सुन्दर र सफा नगर भक्तपुर धेरै स्थानीय तहका लागि सिकाइ हुनसक्ने जानकारहरू बताउँछन्। 'भक्तपुर सिक्न चाहनेहरूका लागि सिकाइ बन्नसक्छ, शिक्षाको क्षेत्रमा विश्वविद्यालय सञ्चालन गर्न सक्ने आँट अन्य स्थानीय तहले गरेको पाइँदैन,' साहित्यकार एवं संस्कृतिकर्मी तेजेश्वर बाबु ग्वंगले भने, 'दशकौंदेखि भक्तपुरलाई नियालिरहेको छु, केन्द्रीय सरकारले गर्न नसकेको काम भक्तपुर नगरले गरेको छ।' नगरले महिला, बालबालिका, ज्येष्ठ नागरिकलगायतको स्वास्थ्य सेवामा प्रभावकारी भूमिका निर्वाह गरेको उनी बताउँछन्।

नेमकिपाले नेतृत्व लिएपछि शिक्षालाई प्राथमिकतामा राखेर साक्षरता कक्षादेखि विश्वविद्यालयसम्मको योजनाअनुरूप काम गरिरहेको छ। नगरपालिकाले 'एक घर एक स्नातक' को अवधारणामा सहुलियत शुल्कमा २०५६ सालमा ख्वप मावि, २०५८ मा ख्वप इन्जिनियरिङ कलेज, २०६० मा ख्वप बहुप्राविधिक अध्ययन संस्थान (डिप्लोमा इन सिभिल इन्जिनियरिङ र पीसीएल नर्सिङ), २०६५ मा ख्वप कलेज अफ इन्जिनियरिङ, शारदा मावि र शारदा कलेज गरी ७ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको छ।

शिक्षालाई अझै प्रभावकारी बनाउन आर्थिक वर्ष ०७६/७७ बाट शैक्षिक ऋण दिन थाल्यो। नगर क्षेत्रभित्र

स्थायी बसोबास भएका जेहेनदार तथा विपन्न विद्यार्थीहरूलाई शैक्षिक योग्यताको प्रमाणपत्र धितो राखेर सहुलियत ब्याजदरमा ५ लाख रूपैयाँसम्मको शैक्षिक ऋणको व्यवस्था गऱ्यो । विद्यार्थीको रुचिको विषयमा स्नातक, स्नातकोत्तर, एमफिल तथा पीएचडी गर्न चाहने विद्यार्थीहरूका लागि नगरपालिकाले एकमुष्ट अथवा किस्ताबन्दीमा ऋण दिने व्यवस्था गरेको छ । नगरपालिकाले इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति, नेपालभाषा विषय पढ्ने विद्यार्थीहरूलाई आकर्षित गर्न नगरपालिकाका तर्फबाट शतप्रतिशत छात्रवृत्ति प्रदान गर्दै आएको प्रजापति बताउँछन् । शिक्षालाई अझ प्रभावकारी बनाउन नगरले ६ ओटा शिशु स्याहार सञ्चालन गर्दै आएको छ ।

आगामी दिनमा अघिल्लो कार्यकालमा गर्न नसकेको ख्वप विश्वविद्यालय सञ्चालन गर्न निरन्तर जोड दिने, सामुदायिक विद्यालयको शैक्षिकस्तर उठाउन शिक्षक तालिम, भौतिक पूर्वाधारहरूको निर्माणमा जोड दिने, शिशु स्याहार केन्द्र वडास्तरमा विस्तार गर्ने, नगरलाई 'सांस्कृतिक नगर' घोषणा गर्नेलगायतको योजना रहेको नवनिर्वाचित उपप्रमुख जोशीले बताइन् ।

भक्तपुर नगरका जनप्रतिनिधिले स्वास्थ्य क्षेत्रमा उल्लेख्य काम गर्दै आएका छन् । एक सय शय्याको ख्वप अस्पताल सञ्चालन गर्ने, यसअघिदेखि नै सञ्चालित घरदैलो नर्सिङ सेवालाई थप प्रभावकारी बनाउँदै वडा–वडामा स्वास्थ्य उपचार केन्द्र विस्तार तथा विशेषज्ञ डाक्टरमार्फत स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिने, आयुर्वेदिक स्वास्थ्य उपचारलाई थप प्रभावकारी बनाउँदै वडास्तरमा सेवा विस्तार गर्ने काम भएको छ भने नगरको उपयुक्त स्थानमा प्रभातकालीन तथा सन्ध्याकालीन विचरण पार्क निर्माणको योजना छ ।

नगरपालिकाको फोहोर व्यवस्थापन पनि निकै प्रभावकारी छ । फोहोर उठाउन नगरपालिकाले १४० जना कर्मचारी खटाएको छ । ती कर्मचारीले हरेक दिन तीन 'सिफ्ट' मा काम गर्छन् ।

खेलकुदमा नयाँ प्रतिभा जन्माउन स्कुलहरूमा खेल शिक्षक अनिवार्य गरिएको छ । प्रत्येक वर्ष अन्तरनगर खेलकुद प्रतियोगिता आयोजना हुँदै आएको छ ।

वरिष्ठ पत्रकार भैरव रिसालले नेमकिपाको कुशल नेतृत्वले भक्तपुरलाई बेग्लै पहिचान दिलाउन अहं भूमिका खेलेको बताए । 'शिक्षा, स्वास्थ्य र सरसफाइ सभ्य नागरिकको आधार हो,' रिसालले भने, 'भक्तपुर नगरले सभ्य सभ्यताको पहिचान दिएको छ । नगरपालिकाका जनप्रतिनिधिले आफ्नो सम्पूर्ण ध्यान शिक्षा र स्वास्थ्यको विकासमा लगाएका छन् । स्वास्थ्यको अभिन्न अङ्ग सरसफाइ पर्न आउँछ ।' पुरातात्त्विक, सांस्कृतिक सम्पदा पुनर्निर्माणमा पालिकाको अद्वितीय योगदान रहेको उनी बताउँछन् ।

## अन्य उम्मेदवारको धरौटी जफत

भक्तपुर नगर प्रमुखमा निर्वाचित नेमकिपाका उम्मेदवारबाहेक अन्य दल र स्वतन्त्र उम्मेदवारको जमानत जफत हुने भएको छ । नेमकिपाका तर्फबाट उम्मेदवार नगर प्रमुख, उपप्रमुखसहित १० ओटै वडाध्यक्षलगायत नगर समिति सदस्यहरूले एकलौटी दुई तिहाइ मत प्राप्त गरेका छन् । अन्य ८ दल र ५ स्वतन्त्र उम्मेदवारले खसेको मतको १० प्रतिशत पनि पाउन नसकेपछि जमानत जफत हुने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

नेमकिपाविरुद्ध उठेका उम्मेदवार सबैको मत जोड्दा ११ हजार २ सय ४९ मत हुन्छ । उनीहरू सबैको मतभन्दा नगर प्रमुखमा निर्वाचित प्रजापतिको मत १८ हजार ३ मत बढी छ । जमानत जोगाउन खसेको मतको १० प्रतिशत कटाउनुपर्छ । भक्तपुर नगर प्रमुखका लागि काङ्ग्रेसका तर्फबाट रामप्रसाद कासुला, एमालेका रवीन्द्र लाछिमस्यु, राप्रपाका बद्री लाखाजु, माओवादी केन्द्रका तुलसीभक्त सुवाल, राष्ट्रिय जनमोर्चाका रामभक्त किजु, मौलिक जरोकिलोका कृष्णराम प्रजापति, नेपाः राष्ट्रिय पार्टीबाट गोपालदास बनेपाली, जनता समाजवादी पार्टीका राजाराम ढुकुछु तथा स्वतन्त्रमा सत्यराम त्वायना, अनिल लावजु, रामसुन्दर धुसु, नीलनारायण कोजु र बलराम प्रजापति गरी १४ जनाको उम्मेदवारी परेको थियो ।

-sflGtk'/_

# भक्तपुर नेमकिपाको क्लिनस्विप, सबै विपक्षीको जमानत जफत





– कृष्ण किसी

भक्तपुर नगरपालिकाको मेयरमा झन्डै ९ गुणा मतान्तरमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का सुनिल प्रजापति निर्वाचित भएका छन् । अन्तिम मतपरिणामअनुसार प्रजापतिले २९ हजार २ सय ५२ मत पाएका छन् । उनका निकटतम प्रतिस्पर्धी नेपाली काङ्ग्रेसका रामप्रसाद कासुला तीन हजार तीन सय ५२ मतमा सीमित भए ।

त्यस्तै उपमेयरमा पनि नेमकिपाकी रजनी जोशीले २९६९५ मत ल्याएर विजयी भएकी छन् । उनकी निकट प्रतिस्पर्धी नेकपा एमालेकी रञ्जना खर्बुजाले २७८४ मत पाएकी छन् । यो नगरपालिकामा नेमकिपाले क्लिन स्विप (मेयर, उपमेयर, वडा अध्यक्षहरू, सदस्यहरू सबै विजयी) भएको हो । नगरपालिकामा विपक्षीहरूको जमानत जफत भएको छ ।

पछिल्लो स्थानीय निर्वाचनमा क्लिन स्विप (मेयर, उपमेयर, वडाध्यक्ष, सदस्य सबैमा विजयी) गरेको नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले यसपटक भक्तपुर नगरपालिकामा त्यतिमा मात्रै होइन, सबै विपक्षी पार्टीहरूको जमानत नै जफत गरिदियो ।

जमानत जोगाउन सदर मतको १० प्रतिशत कटाउनुपर्छ तर कुनै पनि विपक्षी पार्टीले त्यो कटाउन सकेनन् र जमानत जफत भयो । ४३ हजार ३ सय ७४ मत खसेको उक्त नगरमा जमानत जोगाउन कम्तीमा ४ हजार मत कटाउनुपर्ने थियो । तर कुनै पनि पार्टीले ४ हजार मत कटाउन सकेनन् । भक्तपुर नगरपालिकाको मेयरका लागि उठेका आठ दल र पाँच स्वतन्त्र उम्मेदवारको जमानत जफत भएको हो ।

खसेको मतको दुई तिहाई बढी मत एक्लै नेमकिपाले नै ल्याएपछि अन्य उम्मेदवारको जमानत जफत भएको हो । २०७४ को निर्वाचनमा मेयर प्रजापतिले नै २५ हजार ७ सय ३० मत ल्याएका थिए । तर यस पटक उनले यो मतलाई झन्डै ४ हजारले बढाएका छन् । भक्तपुरको उपमेयरमा पनि नेमकिपा बाहेकका उम्मेदवारले जमानत जोगाउन सकेनन् । उपमेयरमा नेमकिपाकै रजनी जोशीले २९ हजार ६ सय ९५ मत पाइन् । निकटतम प्रतिद्वन्द्वी एमालेकी रञ्जना खर्बुजा २ हजार ७ सय ८४ मतमा खुम्चिइन् ।

भक्तपुरमा १० ओटा वडा रहेका छन् । यी सबै वडाका वडाध्यक्ष र सदस्य नेमकिपाबाटै अत्यधिक बहुमतका साथ विजयी भएका छन् ।

-gful/s_

# भक्तपुर अर्थात् नेमकिपा

## जहाँ उसले सबै पद मात्रै जितेन, बाँकीको जमानतै जफत गरायो






– तारा चापागाईं/काठमाडौँ

राम्रो काम गऱ्यो भने मतदाताका नजरमा सधैँ राम्रै हुन पाइन्छ भन्ने उदाहरण हेर्ने हो भने भक्तपुर नगर जानुहोस् । यहाँ पञ्चायतकालदेखि नै नेपाल मजदुर किसान पार्टी (नेमकिपा) वा त्यसका समर्थकले एकछत्र जित्दै आएका छन् । यसपालि त झन् यति ठूलो मतान्तरले सबै पद जितेको छ कि, अन्य दलका उम्मेदवारले जमानतै जोगाउन सकेनन् ।

आखिर किन लोकप्रिय छ नेमकिपा भक्तपुरमा ? यहाँका नागरिकले किन नेमकिपा बाहेकका पार्टीलाई विश्वासै गर्दैनन् ? अन्य दलका नेताहरूसमेत भन्छन्, 'शिक्षा, स्वास्थ्य र विकासमा यहाँ नेमकिपाले नमुना काम गरेको छ ।' त्यही कारण साढे चारदशकदेखि मतदाताले यसलाई पत्याएका छन् र मतदाताको मन पनि उम्मेदवारले जितेका छन् । यहाँ अन्य दललाई टाउको उठाउनै हम्मे छ । यो चुनावमा भक्तपुर नगरपालिकाको मेयरमा नेमकिपाका सुनिल प्रजापति र उपमेयरमा रजनी जोशी निर्वाचित भएका छन् । उनीहरूको यो दोस्रो कार्यकाल हो ।

मेयर पदमा पुनः उठेका उम्मेदवार प्रजापतिले २९ हजार २ सय ५२ मत पाए । उपमेयरमा जोशीले २९ हजार ७ सय ५९ मत पाइन् । अन्य दलका उम्मेदवारलाई लामो मत अन्तरले हराउन दुवै उम्मेदवार सफल बने । मेयरमा प्रतिस्पर्धा गर्न नेपाली काङ्ग्रेसले रामप्रसाद कासुलालाई उठायो । तर, उनले ३ हजार ४ सय ७ मत मात्रै पाए, जमानत गुमाए ।

नेकपा एमालेका रवीन्द्र लाछिमस्युले पनि नेमकिपासँग मत अन्तर कम पार्न सकेनन् । उनले २ हजार ८ सय ४१ मत मात्रै पाए र जमानत गुमाए । उपमेयरमा पनि मत अन्तर लामै रह्यो । नेकपा एमालेकी रन्जना खर्बुजाले २ हजार ९ सय ८८ र नेकपा एकीकृत समाजवादीका ओमचरण अमात्यले १ हजार ७ सय ७८ पाए । नेकपा एमालेबाट मेयरका उम्मेदवार रवीन्द्र लाछिमस्यु भन्छन्, 'नेपाल मजदुर किसान पार्टी २०१९ सालदेखि सङ्गठित भएको हो । २०३४ सालदेखि निरन्तर जित्दै आएको छ । अहिलेसम्म अन्य कुनैले यहाँ जितेको रेकर्ड छैन ।' उनी यस क्षेत्रमा शिक्षा र स्वास्थ्यमा नेमकिपाले राम्रो काम गरेको स्वीकार गर्छन् ।

नेपाली काङ्ग्रेसका उम्मेदवार राम कासुला भने नेपाल मजदुर किसान पार्टीले अघोषित बुथ कब्जा गरेको आरोप लगाउँछन् । अन्य पार्टीले खुला प्रतिस्पर्धा गर्न नपाएको उनको गुनासो छ । '४ दशकबाट नेपाल मजदुर किसान पार्टीले जित्दै आएको छ । यो अघोषित बुथ कब्जा हो । अरूलाई पस्न दिँदैनन्', उनले भने ।

नेमकिपाका प्रदेश सांसद सुरेन्द्रराज गोसाईको तर्क भने फरक छ । जनताको बीचमा निस्वार्थ भावनाले काम गर्दाको परिणाम भएको उनी बताउँछन् । 'नेपाल मजदुर किसान पार्टीले उनीहरूको सुःख दुःखमा साथ दिँदै आएको छ । तल्लो वर्गका जनताको जीवनसँग जोडिएको किसानको पक्षमा काम गरेको छ,' उनले भने ।

उनका अनुसार यो पार्टीले सबैको भावना अनुरूप काम गरेकै कारण नागरिकले मतदान गरेका हुन् । 'जे गऱ्यो इमानदारीपूर्वक गऱ्यो । शिक्षा स्वाथ्य जनताको पहुँचमा छ । विकास निर्माणमा मात्र सीमित नभई जनताको हरेक भावनाअनुसार काम गरी मन मुटुमा बस्न सफल भएको छ,' उनले भने ।


के गर्दैछ
भक्तपुर नगरपालिका ?
थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्
- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० – ८:३० र शुक्रबार साँझ ६:३० – ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६


## 'काम गरेरै मन जितेका छौं'

**- सुनिल प्रजापति नवनिर्वाचित मेयर, भक्तपुर नगरपालिका**




नेपाल मजदुर किसान पार्टीले यहाँका जनताको मर्म बुझेको छ । हामीले जनताका लागि काम गर्ने हो र अहिलेसम्म काम गरेरै उहाँहरूको मन जितेका छौं । घोषणापत्र हेरेर जनताले मत दिएका छन् । हामीले पनि सबै प्रतिबद्धता पूरा गरेका छौं । जतिसुकै दुःख, कष्ट सहेर पनि इमानदार र पारदर्शी काम गरेका छौं । धेरै काम भएका छन् र अब समयअनुकूल त्यसलाई अझै परिमार्जित गर्दै लैजाने पक्षमा छौं । शिक्षा र स्वाथ्य सर्वसाधारण जनताको पहुँचमा पुऱ्याएका छौं । गरिबलाई शैक्षिक ऋण दिएका छौं । नपाद्वारा सञ्चालित कलेजहरुमा ७ हजार विद्यार्थी उच्च शिक्षा पढ्छन् ।

नगरपालिकाको कलेजमा अध्ययनरत विद्यार्थीको लागि वार्षिक ३ करोड छात्रवृत्ति दिइएको छ । अस्पताल बनाएका छौं । सस्तोमा सेवा दिएका छौं । अस्पतालमा २५ रुपैयाँमा सेवा दिएका छौं । आयुर्वेदिक निःशुल्क उपचार उपलब्ध छ । श्वास–प्रश्वास केन्द्रमा सय रुपैयाँ तिरेपछि सस्तोमा उपचारको व्यवस्था छ । विकास निर्माणका काममा हामी सचेत छौं ।

सांस्कृतिक र पर्यटकीय ऐतिहासिक जिल्लाको रूपमा हामीले नगरलाई चिनाएका छौं । पोखरीहरूको संरक्षण गर्ने मात्रै होइन, अतिक्रमण भएकालाई फर्काउने काम पनि गरेका छौं । हामीले कला, साहित्य र संस्कृतिको राजधानी नै बनाएका छौं । त्यसैले नागरिकले अन्य पार्टीलाई किन छान्ने र ?

# के भन्छन्, भक्तपुर नगरका मतदाता ?

ठूला भनिएका राजनीतिक दलको पकड धेरै स्थानीय तहमा छ। जित हार पनि उनीहरू जता ढल्कियो प्रायः त्यतै हुन्छ। तर, भक्तपुर नगरपालिकाको अवस्था त्योभन्दा फरक छ। यहाँ नागरिकले नेपाल मजदुर किसान पार्टी (नेमकिपा) बाहेकका पार्टीलाई विश्वास गर्दैनन्। लामो समयदेखि यहाँ नेमकिपाकै वर्चश्व छ।

शिक्षा, स्वास्थ्य र विकासमा स्थानीयको चाहना नेमकिपाकै उम्मेदवारले बुझ्ने भएकाले उनीहरूलाई नै जिताउनु राम्रो हुने तर्क मतदाताको छ। भक्तपुरका केही मतदाताको विचार–

### रत्नप्रसाद प्रजापति, मतदाता, वडा नम्बर ९



अन्य राजनीतिक पार्टीलाई ठूला पार्टीका नेताले मागी खाने भाँडो बनाए। उनीहरूमा पैसा कमाउने सोच मात्रै छ। तर, मजदुर किसान पार्टीले भने जनताको सेवा गरेको छ। मतदाता यो पार्टीको पक्षमा छन् त्यसैले अत्याधिक बहुमतले जितेको हो। यो पार्टीको कामबाट हामी खुसी छौँ।

### दीपेन्द्र प्रजापति, मतदाता, बालविकास केन्द्र शाखा प्रमुख



यसअघि पनि जितेपछि राम्रो काम भएको थियो। शिक्षा, स्वाथ्य र सम्पदा संरक्षणमा धेरै काम भए। कोभिडको समयमा पनि नागरिकलाई जनप्रतिनिधिको साथ भयो। घर–घरमा पुगेर सहयोग गरे। विकास निर्माणका काममा ठेक्कापट्टा कहिल्यै गर्दैनन्। जनताको सहभागितामा काम हुन्छ। त्यसैले नागरिकको भोट पाउँछन्।

**‘भक्तपुर’ मासिक र ‘ख्वप पौ’ नियमित पढौं।**

### चन्द्रेश्वरी याकामी, मतदाता, वडा नम्बर ६



जनताको चाहनाअनुसार उनीहरूको मर्म बुझेर काम राम्रो गरेको भएरै भोट दिएका छौँ। यहाँका बालबालिकालाई सस्तोमा पढाएको छ। स्वाथ्य क्षेत्रमा राम्रो काम भएको छ। अन्य राजनीतिक दलका नेता त राम्रोसँग बोल्दैनन् पनि अनि के काम गर्छन् ?

### लक्ष्मीनारायण राजलवट, मतदाता (०४९ सालमा १७ नं. वडाका वडा अध्यक्ष)



नेमकिपा विचारमा ठूलो पार्टी हो। यो पार्टीबाट जितेकाको नेतृत्वमा धेरै काम भएका छन्। त्यसैले यहाँ अन्यलाई मत दिने कुरा भएन। विकास निर्माणको काम उपभोक्ता समितिमार्फत् गराउनु ठूलो कुरा हो। अन्य ठूला पार्टीका जनप्रतिनिधि भएका नगरपालिकाले यहाँको जति काम गरेका छैनन्। यो नै जितको कारण हो।

### मैया केसरी कोजु, मतदाता, वडा नम्बर २



मठ–मन्दिर, पोखरी र बाटोघाटोको क्षेत्रमा धेरै काम गर्ने जनप्रतिनिधि नेमकिपाकै आए। बाटोघाटोमा ढुङ्गा छाप्ने काम गरे। विकासका कामलगायत यहाँका जनप्रतिनिधिले सबै काम राम्रो गर्दै आउनु भएको छ। हामी खुसी छौँ। खुसी भएरै जिताउनका लागि मतदान गरेका हौँ।

### हरिप्रसाद वासुकला, जननिर्वाचित अध्यक्ष, वडा नम्बर २

भक्तपुर–२ बाट फेरि पनि निर्वाचित भएको छु। नेमकिपाले घोषणापत्रअनुसार काम गरेकाले नागरिकले मत दिँदै



आएका छन्। शिक्षा, स्वास्थ्य र सम्पदासहित जग्गा एकीकरण आयोजना विशेष प्राथमिकतामा अगाडि बढेको छ। विश्वविद्यालय स्थापना गर्ने उद्देश्य लिएको छ। नागरिकको मन जितेकाले नै जितेका छौँ।

**माधव कपाली, मतदाता, वडा नम्बर १०**



यहाँका जनप्रतिनिधिले गरेको काम धेरै राम्रो छ। नेमकिपाबाट जितेकाले धेरै राम्रो काम गरेका छन् र काम गर्ने शैली पनि राम्रो छ। अरू पार्टीको जस्तो यहाँ हुँदैन। हामी खुसी छौँ। चुनावी प्रतिबद्धता पूरा भएका छन्।

**राकेश श्रेष्ठ, मतदाता, वडा नम्बर २**



सबैको चित्त बुझाउन नसके पनि धेरै राम्रो काम गरेको छ। कोही कसैले चित्त नबुझेर कुरा काट्नु सामान्य हो। तर, नेमकिपाका नेता तथा जितेका जनप्रतिनिधिले राम्रो काम गरेका छन्। आफ्नो जिम्मेवारी पूरा गरेका छन्।

**आशमाया शाही, ८६ वर्षीया मतदाता**



आँखाले त देखेन। तर, भोट हालेँ। नेमकिपा पार्टीलाई नै हालेँ। सधैँ यही पार्टीलाई हालिराखेकी छु। यसले सबै ठाउँमा जितेको छ। आन्नद लागेको छ। सब खुसी छन्। म पनि खुसी छु। पार्टीले राम्रो काम गरोस्।

-cGgk0f{f]6_

# भक्तपुरमा नेमकिपाको 'क्लिन स्विप'






– सञ्जीव दुलाल

भक्तपुर। २०७४ सालको भन्दा बढी मत हासिल गर्दै नेपाल मजदुर किसान पार्टीले भक्तपुर नगरपालिकामा सम्पूर्ण विपक्षीको जमानत नै जफत गरेको छ।

नेपाल मजदुर किसान पार्टीले सुशासन, पारदर्शिता, विकास निर्माणलगायत शिक्षा स्वास्थ्यमा उदाहरणीय काम गर्दै यसपालिको स्थानीय तहको निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी तथा गठबन्धनका प्रत्यासी एवं काङ्ग्रेसका उम्मेदवार राम कासुलाको समेत जमानत जफत गरेको छ।

## ठूला दलको समेत जमानत जफत

नेपाल मजदुर किसान पार्टीका उम्मेदवार सुनिल प्रजापतिले २९ हजार २ सय ५२ मत हासिल गर्दा कासुलाले ३ हजार ४ सय ७ मत मात्र प्राप्त गरे। कुल ४ हजार ३ सय ७४ मत खसकोमा कासुलाले १० प्रतिशत मत हासिल गर्न नसकेपछि जमानत जफत भएको हो। २०७४ सालको चुनावमा सुनिल प्रजापतिसँगै हारेका कासुलाले सोबेला ६ हजार ५ सय ६० मत ल्याई जमानत सुरक्षित गरेका थिए। तर, यसपालि नेकपा (एस)सँग गठबन्धन गर्दा पनि जमानत सुरक्षित गर्न सकेन। २०७४ मा नेमकिपाका सुनिल प्रजापतिले २५ हजार ७ सय ३० मत ल्याएका थिए।

२०७४ सालमा ४ हजार २ सय १० मत ल्याएको एमालेको पनि ओरालो यात्रा तय हुँदा यसपालि मेयरका उम्मेदवार रविन्द्र लाछिमस्युले २ हजार ८ सय ४१ मतमा चित्त बुझाउनुपर्‍यो। स्वतन्त्र उम्मेदवार सत्य त्वायनाले २ हजार ३ सय ९९ मत ल्याउँदा माओवादी केन्द्रका तुल्सी सुवालले ७ सय ६१ मा लज्जास्पद हार बेहोर्नुपर्‍यो। माओवादी केन्द्रले २०७४ सालको स्थानीय चुनावमा २ हजार ३ सय १३

| मेयर उम्मेदवार | २०७९ प्राप्त मत | मेयर उम्मेदवार | २०७४ प्राप्त मत |
|---|---|---|---|
| नेमकिपा (सुनिल प्रजापति) | २९२५२ | नेमकिपा (सुनिल प्रजापति) | २५७३० |
| कांग्रेस (राम कासुला) | ३४०७ | कांग्रेस (राम कासुला) | ६५६० |
| एमाले ( रविन्द्र लाछिमस्यु) | २८४१ | एमाले ( विष्णु सुवाल | ४२१८ |
| राप्रपा (बद्रि लाखा ) | १०८१ | राप्रपा (रविकृष्ण श्रेष्ठ) | ९१५ |
| माओवादी (तुल्सी सुवाल) | ७६१ | माओवादी (सत्यलाल मुल) | २३१३ |
| स्वतन्त्र (सत्य त्वायना) | २३९९ | स्वतन्त्र( विष्णु न्हिसुतु) | ६३ |

| उप मेयर उम्मेदवार | २०७९ प्राप्त मत | उप मेयर उम्मेदवार | २०७४ प्राप्त मत |
|---|---|---|---|
| नेमकिपा (रजनी जोशी) | २१७५९ | नेमकिपा (रजनी जोशी) | २५७११ |
| एस (ओमचरण) | १७७८ | कांग्रेस (गंगा अवाल) | ६५८७ |
| एमाले (रन्जना चौलागाइ) | २९८८ | एमाले (कृष्णमाया त्वानाबासु) | ४६३१ |
| माओवादी (इन्द्रमाया सुवाल) | ९४९ | माओवादी (इन्द्रमाया सुवाल) | २१७० |
| राप्रपा (लक्ष्मी छुस्याबाग) | १२५७ | जनमोर्चा( अमिता बोहजु) | ५४० |

# भक्तपुर नगरपालिकामा नेमकिपाबाहेक सबै उम्मेदवारको जमानत जफत



eQmk/ gu/kflnsfsf] dx]/df lgjf{rt g]lskfsf ;lgn k|hfklt

भक्तपुर । नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले क्लिन स्वीप गरेको भक्तपुर नगरपालिकामा मेयरका बाँकी उम्मेदवारले जमानत जोगाउन सकेनन् ।

नेमकिपाका सुनिल प्रजापतिले भने खसेको मतको दुई तिहाइ बढी मत ल्याए । निवर्तमान मेयर प्रजापतिले दोस्रो कार्यकालका लागि २९ हजार २०० मत पाए । तर बाँकी दल र स्वतन्त्र उम्मेदवारले खसेको मतको १० प्रतिशत ल्याउन सकेनन् ।

नेमकिपाको गढ भक्तपुरमा प्रजापतिसँग प्रतिस्पर्धामा ८ ओटा दल र पाँच जना स्वतन्त्र उम्मेदवार मैदानमा उत्रिएका थिए । तर निकटतम् प्रतिद्वन्द्वी नेपाली काङ्ग्रेसका रामप्रसाद कासुला ३ हजार ३५२ मतमै सीमित भए । ४३ हजार ३७४ मत खसेकाले जमानत जोगाउन चार हजार कटाउनुपर्ने थियो । तर २०७४ मा पाएको मतको आधामै कासुला सीमित भए । २०७४ को चुनावमा पनि नेमकिपाका प्रजापतिसँग काङ्ग्रेसका कासुला निकतम प्रतिस्पर्धी बनेका थिए । त्यसबेला कासुलाले ६ हजार ५६० मत पाएका थिए ।

तर यसपटक सुनिल प्रजापतिले झण्डै चार हजार मत बढाए । २०७४ को चुनावमा उनले २५ हजार ७३० मत पाएका थिए । काङ्ग्रेससहित नेकपा एमाले, नेकपा माओवादी केन्द्रलगायत अन्य दलको पनि यसपटक मत घट्यो ।

२०७४ मा ४ हजार २१८ मत ल्याएको एमालेका उम्मेदवार रवीन्द्र लाछिमस्युले यसपटक २ हजार ८३७ मत पाएका छन् । राप्रपाका बद्री लाखाजुले १ हजार १३८, माओवादी केन्द्रका तुल्सीभक्त सुवालले ७४२, जनमोर्चाका मत ल्याएको थियो । राप्रपाका बद्री लाखाले १ हजार ८१ सय ८ मत पनि २०७४ को भन्दा कम मत हो ।

भक्तपुरमा अरू सबै पार्टीको मत ओरालो लागि नेमकिपाले ९ गुणा मत ल्याउँदा भक्तपुरमा अब उप्रान्त निर्वाचनको आवश्यकता समाप्त भएको टिप्पणी सामाजिक सञ्जालमा गर्न थालिएको छ ।

लामो समयदेखि नेपाल मजदुर किसान पार्टीको गढका रूपमा रहेको भक्तपुर नगरमा योपटकको निर्वाचनमा पनि शतप्रतिशत जनप्रतिनिधि विजयी भई क्लिन स्वीप भएको छ ।

भक्तपुर नगरपालिका मात्र एक यस्तो पालिका हो जहाँ शतप्रतिशत एकै दलका उम्मेदवारले विजयी हासिल गरेका थिए र योपटक पनि निरन्तरता पायो ।

नेपाल मजदुर किसान पार्टीका रजनी जोशीले ९ गुणा मतसहित २९ हजार ७ सय ५९ का साथ उपमेयर दोहोऱ्याएका छन् । उनका निकतम प्रतिद्वन्द्वी एमालेका रञ्जना खर्बुजाले २ हजार ९ सय ८८ मा जमानत गुमाई चित्त बुझाइन् । गठबन्धनबाट उम्मेदवार बनेका नेकपा (एस)का ओमचरण अमात्यलाई काङ्ग्रेसले भोट नदिएको स्पष्ट भएको छ । उनले १ हजार ७ सय ७८ मत ल्याएका थिए ।

भक्तपुर नगरपालिका १ र ३ मा नेमकिपालाई हराउने भन्दै माओवादी केन्द्र, एमाले, नेपाली काङ्ग्रेसलगायतका दल एक ठाउँमा उभिएका थिए । तर, सो वडाहरूमा पनि नेमकिपाले विपक्षीको भन्दा तीन गुणा ज्यादा मत हासिल गरे ।

## वडामा समेत जमानत जफत

भक्तपुर नगरपालिकाको १० वडामा एक पार्टीले एक वडामा त्यो पनि गठबन्धन हुँदा आफ्नो जमानत जोगाउन सफल भएको छ । भक्तपुर नगरपालिका वडा नम्बर १ मा नेकपा एमाले, नेपाली काङ्ग्रेस र माओवादी केन्द्रको गठबन्धनका वडाध्यक्ष उम्मेदवार रमेश न्याइच्याइँले आफ्नो जमानत जोगाउन सफल भएका छन् । यस्तै, वडा नम्बर ३, ४ र ५ का नेपाली काङ्ग्रेसका वडाध्यक्षका उम्मेदवारले पनि जमानत जोगाउन सफल भएका छन् । अन्य सबै वडामा सबै दलले आफ्नो जमानतसमेत जोगाउन सकेनन् ।

-/fhwfgL_

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

रामभक्त किजुले ४१४, जसपाका राजाराम ढुकुछुले १२१ मत पाए ।

उपमेयरमा पनि नेमकिपाका बाहेक उम्मेदवारले जमानत जोगाउन सकेनन् । उपमेयरमा दोहोरिएकी नेमकिपाका रजनी जोशीले २९ हजार ६९५ मत पाइन् । उनलाई पछ्याएकी एमालेकी रञ्जना खर्बुजाले २ हजार ७८४ मत पाइन् । एकीकृत समाजवादीका ओमचरण अमात्यले १ हजार ७४२ र राप्रपाकी लक्ष्मी छुस्याबागले १ हजार १८० मत पाइन् । बाँकी उम्मेदवारले एक हजार मत कटाउन सकेनन् ।

-cgnf0gva/_

## भक्तपुर नगरपालिकाका सबै पदमा नेमकिपा विजयी




भादगाउँ: भक्तपुर नगरपालिकाको प्रमुख, उपप्रमुख तथा वडाध्यक्षसहित सबै पदमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले विजय हासिल गरेको छ । नगरको १० ओटै वडामा अध्यक्ष तथा सदस्य पदमासमेत नेमकिपाले दोस्रो पटक विजय हासिल गरेको हो ।

नगर प्रमुखमा सुनिल प्रजापतिले २९ हजार २ सय मत प्राप्त गरी निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धी नेपाली काङ्ग्रेसका राम कासुलाले ३ हजार ३५२ मत प्राप्त गरे । प्रमुखका अर्का उम्मेदवार नेकपा (एमाले)का रविन्द्र लाछिमस्यूले २ हजार ८३७ मत प्राप्त गरेका छन् ।

त्यस्तै प्रमुखकै उम्मेदवार सत्यराम त्वायनाले २ हजार ३४५, राष्ट्रिय प्रजातन्त्र पार्टीका बद्री लाखाजुले १ हजार १३८ र नेकपा (माओवादी केन्द्र)का तुलसीभक्त सुवालले ७४२ मत प्राप्त गरे । त्यसैगरी उपप्रमुखमा नेमकिपाकी रजनी जोशी २९ हजार ६९५ मतसहित निर्वाचित हुँदा उनका निकटम प्रतिद्वन्द्वी नेकपा एमालेकी रञ्जना चापागाई खर्बुजाले २ हजार ७८४ मत प्राप्त गरे ।

-/f;;, tl:a/M nIdL uf?_

## भक्तपुरमा नेमकिपाको ‘क्लीन स्वीप’, सुनिल प्रजापति दोहोरिए



eQmk/df gdlskfn]gsfn}sf]jho ¥ofnLdf gjlgjf{rt d]o/ ;lgn k|hfklt.   *तस्बिर: अमित मचामसी*



– अनिता श्रेष्ठ

भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले ‘क्लीन स्वीप’ गरेको छ । नेमकिपाले मेयर, उपमेयर र १० ओटै वडाध्यक्षमा फराकिलो मतको अन्तरले विजय हासिल गरेको छ ।

मेयरमा विजयी सुनिल प्रजापतिले २९ हजार २०० र उपमेयरमा विजयी रजनी जोशीले २९ हजार ६९५ मत प्राप्त गरेका छन् । नेकपा (एमाले) का रवीन्द्र लाछिमस्यूले दुई हजार ८३७, नेपाली काङ्ग्रेसका रामप्रसाद कासुलाले तीन हजार ३५२ र नेकपा (माओवादी केन्द्र) का तुल्सीभक्त सुवालले ७४२ मत प्राप्त गरेका छन् ।

### कुन वडामा कति मत ?

वडा नम्बर १ को वडाध्यक्षमा श्याम खत्रीले कूल मत तीन हजार ५२० रहेकोमा दुई हजार १४३ मत प्राप्त गरेका छन् । वडा नम्बर २ को वडाध्यक्षमा हरिप्रसाद बासुकलाले कूल पाँच हजार ११४ मतमा दुई हजार ६२५ प्राप्त गरेका छन् ।

त्यस्तै, वडा नम्बर ३ को वडाध्यक्षमा राजकृष्ण

गोराले कूल मत तीन हजार ९९० मा दुई हजार ४४०, वडा नम्बर ३ का वडाध्यक्ष उपेन्द्र सुवालले कूल पाँच हजार २१९ मतमा तीन हजार ५६२, वडा नम्बर ५ को वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले कूल चार हजार २१७ मतमा दुई हजार ७७६ र वडा नम्बर ६ का हरिराम सुवालले कूल चार हजार ५६६ मतमा तीन हजार २४१ मत प्राप्त गरी विजयी भएका छन् ।

यसै गरी वडा नम्बर ७ मा उकेश कवांले कूल चार हजार ९५६ मतमा तीन हजार ९६९, वडा नम्बर ८ मा कृष्णप्रसाद कोजूले कूल तीन हजार ३७५ मतमा दुई हजार २७९, वडा नम्बर ९ मा रवीन्द्र ज्याख्वले कूल पाँच हजार ३७१ मा चार हजार २२७ मत र १० वडामा लक्ष्मीप्रसाद ह्यौँमिखाले कूल तीन हजार ५५२ मतमा दुई हजार ६२६ मत प्राप्त गरेर विजयी भएका छन् ।

यस पटक अघिल्लो चुनावमा भन्दा धेरै भोट प्राप्त गरेको नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले बताए । अघिल्लो पटक मेयर र उपमेयर करीब २५ हजार मत प्राप्त गरी विजयी भएका थिए । 'यो पटक जनताको ठूलो साथ सहयोग प्राप्त भएको छ', गोसाईले भने ।

-Ixdfnva/_

# 'जित होस् त भक्तपुरको, मतदाता होस् त भक्तपुरका जस्ता'



भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान पार्टीका तर्फबाट मेयरमा सुनिल प्रजापति दोहोरिएका छन् । स्थानीय तहको निर्वाचन २०७९ मा विपक्षीहरूलाई क्लिन स्विप गरी मेयरमा विजयी भएपछि देशभर नै भक्तपुरको चर्चा हुन थालेको छ । सामाजिक सञ्जालभर **'जित होस् त भक्तपुरको, मतदाता होस् त भक्तपुरका जस्ता'** भनी प्रशंसा समेत हुन थालेको छ ।

भक्तपुर नपामा नेमकिपाको जितसँगै भक्तपुर भर विजयोत्सव जारी रहेको छ । विजयोत्सवकै बीच नवनिर्वाचित मेयर प्रजापतिसँगको **छोटो कुराकानी :**



**भक्तपुरवासीले तपाईंहरूलाई दिएको विश्वास कसरी पूरा गर्नुहुन्छ ?**

सबै जनतासँग सल्लाह गरेर, हामीले चुनावको समयमा घोषणापत्रमा जे जाहेर गरेका छौँ, त्यसलाई हामी पूरा गर्दै जानेछौँ । जसरी विगतका वर्षमा हामीले जनताका अपेक्षा पूरा गऱ्यौँ, त्यसरी नै यो पाँच वर्षमा हामीले जनताका इच्छा पूरा गर्नेछौँ ।

**चुनावअघि तपाईंले ८० प्रतिशत जनताले समर्थन गर्छ भन्नु भएको थियो, अहिले आएको मत परिणाम सोचे अनुसार भयो कि भएन ?**

हामीले ८० जति प्रतिशत अनुमान गरेका थियौँ, त्यही अनुसार आएको छ ।

**नगरवासीले के आधार र विश्वासमा तपाईंहरूलाई मतदान गरेको ठान्नुहुन्छ ?**

हामीले गरेको कामलाई विश्वास गरेर र विगतमा पनि हामीले बोलेका कुराहरूलाई पूरा गर्छन् भन्ने हिसाबले नै विश्वास गर्नुभएको हो जस्तो लाग्छ ।

**अब पाँच वर्षमा भक्तपुर नगरलाई नमुना बनाउन केकस्ता विषयमा काम गर्ने सोच राख्नुभएको छ ?**

अहिले गर्न बाँकी जति कामहरू छन्, त्यसलाई पूरा गर्ने, जनताका समस्याहरू जस्तो खानेपानीको समस्या छ, विश्वविद्यालय बनाउने, सांस्कृतिक नगर घोषणा गराउने कामहरू बाँकी छन्, लगायतका जनजीविकासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा पुनर्निर्माण, जे जति

जनताको निम्ति हामीले गर्न सक्ने कुराहरू हुन्, ती सबै हामी एकएक गरेर पूरा गर्नेछौँ ।

**भक्तपुर नगरका थुप्रै समस्याहरूमध्ये कुन विषयलाई पहिलो प्राथमिकता राखेर काम गर्नुहुन्छ ?**

जनताको समस्यालाई नै पहिलो प्राथमिकता राखेर काम गर्छु । अहिले शिक्षा र स्वास्थ्यमा जुन हिसाबले काम गरिरहेका छौँ, त्योभन्दा बढी जनताले सुविधा हुने गरी काम गर्नेछौँ । अहिले ख्वप अस्पताल व्यवस्थित गर्दैछौँ, त्यहाँको सुविधालाई गरिब मान्छेले पनि धनी मान्छेहरूले पाउने सुविधाको स्थितिमा पुऱ्याउने कोसिस गर्दैछौँ ।

**भक्तपुरमा ख्वप विश्वविद्यालय स्थापना हुन्छ, यो कार्यकालमा ?**

अब हाम्रो काबु बाहिरको कुरा हो, नेपाल सरकारले विधेयक पारित गरिदियो भने अहिले माष्टर डिग्रीसम्म पढाउन सक्षम छौँ, पिचएडी गराउन र विदेशीहरूलाई पनि पढाउन सक्नेछौँ । सबैभन्दा बढी त हामी डाक्टर पढाउन चाहन्छौँ । साह्रै महँगो छ डाक्टर पढाउन । त्यो सहज रूपमा मतलब १५/१६ लाखमै पढाउँने भनेर हामी भनिरहेका छौँ । अरू ठाउँमा ५०/६० लाख लाग्छ, एमडी गर्नका लागि एक करोडभन्दा बढी लाग्छ । सरकारको आर्थिक सहयोगमा हैन, हामीलाई विधेयकमात्र पारित गरिदियो भने इञ्जिनियरिङ जसरी सहज रूपमा पढाइ रहेका छौँ, डाक्टर पनि हामी त्यसरी नै पढाउँछौँ र देशभरकै जनतालाई हामी सेवा गर्छौं । भक्तपुरवासीको मात्र हैन, देशका कुनाकाप्चामा बसेका जनताको पनि सेवा गर्छौं ।

-eQmk'/6f0D;_

## आठ गुणा बढी मत ल्याएर भक्तपुरमा सुनिल प्रजापति फेरि चुनिए मेयर, नेमकिपालाई जनताको साथ

काठमाडौँ । भक्तपुर नगरपालिकाको मेयरमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सुनिल प्रजापति निर्वाचित भएका छन् । प्रजापतिले निकटतम प्रतिद्वन्द्वी भन्दा २५ हजार ८ सय ४५ बढी मतले जित निकालेका हुन् ।

२९ हजार २ सय ५२ मत ल्याएर प्रजापतिले चुनाव जित्दा काङ्ग्रेसका रामप्रसाद कासुला ३ हजार ४ सय ५ मत ल्याएर दोस्रो भए ।

एमालेका रविन्द्र लाछिमस्युले २ हजार ८ सय ४१ मत ल्याए । स्वतन्त्रतर्फका उम्मेदवार सत्य राम त्वायनाले खरायो चिन्हबाट २ हजार ३ सय ९९ मत ल्याए । राप्रपाका बद्री लाखाजुले १ हजार ८१ र नेकपा (माओवादी केन्द्र)का तुल्सीभक्त सुवालले ७ सय ६१ मत ल्याए ।

जनमोर्चाका रामभक्त किजुले ४ सय १०, जसपाका राजा राम ढकुछुले १ सय २३, मौलिक जरो किलो पार्टीका कृष्ण राम प्रजापतिले ९७, नेपाल राष्ट्रिय पार्टीका गोपाल दास बनेपालीले ५० मत ल्याएका छन् ।

स्वतन्त्रका अनिल लावजूले २९, राम सुन्दर धुसूले २९, निल नारायण कोजुले १३ र बल राम प्रजापतिले ९ मत ल्याए ।

उपप्रमुखमा नेमकिपाकी रजनी जोशीले २९ हजार ७ सय ५९ मत ल्याएर विजयी भइन् ।

-lahdf08"_

## भक्तपुरमा २५ हजार मत अन्तरले नेमकिपाका प्रजापति विजयी

काठमाडौँ - भक्तपुर नगरपालिकाको मेयरमा नेककिपाका सुनिल प्रजापति निर्वाचित भएका छन् । झन्डै ९ गुणा बढी मत ल्याएर उनी विजयी भएका हुन् । अन्तिम मत परिणामअनुसार सुनिलले २९ हजार २ सय मत पाएका छन् ।

उनका निकटटतम् प्रतिष्पर्धी नेपाली काङ्ग्रेसका राम प्रसाद कासुलाले ३३५२ मतमात्र प्राप्त गरे । यस्तै उपमेयरमा पनि नेमकिपाकी रजनी जोशीले २९६९५ मत ल्याएर विजयी भएकी छन् । उनकी निकटतम् प्रतिष्पर्धी नेकपा एमालेकी रञ्जना खर्बुजाले २७८४ मत पाएकी छन् ।

काठमाडौँ उपत्यकाका महानगर तथा नगरपालिकामध्ये राम्रो काम गरेको भनी चर्चा कमाएका मेयरमध्ये सुनिल प्रजापति अग्रपङ्क्तिमै आउँछन् । भक्तपुरमा परम्परागत शैली जीवित राख्न, भुइँचालोमा ढलेका सम्पदाहरूलाई पुरानै शैलीमा पुनर्जीवन दिन र मासिएका पोखरी ब्युँताउन महत्त्वपूर्ण काम गरेका प्रजापतिले यसपालि फेरि मेयरमा दोहोरिन चाहेका हुन् ।

नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का उनले गएको कार्यकालमा पूरा गर्न नसकेको कामलाई यसपालि

पहिलो प्राथमिकतामा राख्ने बताएका छन् । 'हामीले घोषणापत्रमा उल्लेख भएका लगभग सबै काम पछिल्लो कार्यकालमा पूरा गरेका थियौँ । नेपाल सरकारबाट स्वीकृति नपाउँदा ख्वप विश्वविद्यालय सञ्चालन गर्ने काम भने अधुरै रह्यो । त्यसलाई अब हामी पहिलो प्राथमिकतामा राखेर काम गर्छौं,' उनले भने ।

भक्तपुर नगरपालिकालाई उनी 'सांस्कृतिक नगर' घोषणा गर्न चाहन्छन् जसअनुसार भक्तपुरको पुरानो बस्तीका घरहरूलाई परम्परागत शैलीमा ढाल्ने काम अघि बढेको छ ।

यसको निम्ति नगरपालिकाले स्थानीयलाई ईँटा, झिँगटी, काठलगायत सामग्री किन्न ३५ प्रतिशत अनुदान दिन्छ । यस्तै काम पूरै नगर क्षेत्रभरि विस्तार गरेर सिङ्गो भक्तपुरलाई नै सांस्कृतिक सहर बनाउन चाहेको उनले बताए ।

उनको योजनामा सय वर्षपछि भक्तपुर सहर कस्तो हुन्छ भन्ने परिकल्पना पनि छ । त्यो परिकल्पना २० वर्षअघि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँले लेखेको किताब 'सय वर्षपछिको भक्तपुर' मा आधारित छ ।

उक्त परिकल्पनामा नगरभित्र मौलिक शैलीका घरहरू हुनेछन् । सडकमा धुलो फाल्ने सवारी साधन हुने छैन । प्रत्येक घरमा स्थानीयसँगै विदेशी भाषा बोल्ने र खाना बनाउन जान्ने सीप हुनेछ । यसले विदेशी पाहुना नेपाल आउँदा उनीहरूलाई सहज हुनेछ ।

'अहिले नै नगरपालिकाले यसको आधार तयार गर्न नेपाल भाषासँगै चिनियाँ, जापानी भाषाहरू सिकाइरहेको छ । डकर्मी, सिकर्मी र आर्किटेक्टको तालिम दिइरहेको छ,' उनले भने, 'भोलिका निम्ति हामीले अहिलेबाटै आधार तयार पारिरहेका छौं ।'

बाहिरी मुलुकबाट आएका पर्यटकलाई भक्तपुर पुगिएन भने नेपाल आएजस्तो नलाग्ने सहर बनाउने उनको योजना छ । २०७२ को भुइँचालोताका भक्तपुर नगरपालिकामा १२० ओटा सम्पदा क्षति भएको रेकर्ड थियो । ती सम्पदा लगभग सबै पुनर्निर्माण गर्नुका साथै थप उत्खनन र जीर्णोद्धारका कामहरू गरेको प्रजापति बताउँछन् ।

'त्यति बेला सम्पदा निर्माण गर्दा नगरपालिकाले विदेशीको सहयोग लिएन, सरकारसँग हात थापेन । स्थानीयसँग हातेमालो गर्दै उपभोक्ता समिति बनाएर काम गऱ्यो । कसैले नगद, जिन्सी सहयोग गरे त कसैले श्रमदान गरे । आगामी सम्पदा निर्माण पनि यसरी नै हुनेछ,' उनले भने ।

'हामीकहाँ ज-जसले सम्पदा निर्माणमा काम गरे, उनीहरूको दस्तावेज नै बनाउने तयारी पनि गरिरहेका छौं । त्यसो भयो भने पछिल्ला पुस्ताले मेरो आमाबुवाले त्यो मन्दिर बनायो, त्यो पोखरी बनायो भनेर गर्व गर्न सक्नेछन् । अनि उनीहरूका पछिल्ला पुस्ताले पनि सिक्नेछन् ।'

शिक्षातर्फ उनी सामुदायिक शिक्षालाई स्तरिय बनाउन चाहन्छन् । धेरैले सामुदायिक शिक्षा नराम्रो ठान्ने र निजीमा नभए मात्र सामुदायिकमा पढाउने प्रवृत्ति हटाउने उनको योजना छ । आर्थिक अवस्थाका कारण उच्च शिक्षा लिन नपाएकाहरूलाई नगरपालिकाले शैक्षिक ऋण दिँदै आएको छ । आगामी कार्यकालमा यसलाई थप विस्तार गर्ने उनले बताए ।


शिक्षासँगै विद्यार्थीहरूको मौलिक हक खेलकुद हो भन्ठान्ने प्रजापतिले विद्यालयको पाठ्यक्रममा ६ ओटा खेलकुद समावेश गरेका छन् । त्यसको आधार अघिल्लो कार्यकालमै तयार गरिसकेकाले अब बढीभन्दा बढी खेलकुद प्रतियोगिता र सांस्कृतिक प्रतियोगिताहरू आयोजना गर्ने उनको योजना छ ।

स्वास्थ्य क्षेत्रतर्फ गएको कार्यकालमा उनको नगरले घरघरमा नर्स पठाएर घरदैलो नर्सिङ सेवा दिएको थियो । त्यसबाट आर्थिक अवस्थाका कारण अस्पताल जान नसकेका जनताका धेरै समस्या थाहा भएको उनी बताउँछन् ।

पछिल्लो कार्यकालमा भक्तपुरले गरेका कामलाई धेरैले प्रशंसा गरेको उनी बताउँछन् । गएको चुनावमा प्रजापति २५ हजार ७ सय ३० मत ल्याएर मेयर निर्वाचित भएका थिए । उनीसँग अन्य पार्टीको मतान्तर करिब २० हजार हाराहारी थियो ।

-hgcfjfh_

# भक्तपुरमा नेमकिपाको 'जब्बर' विरासत





– रघुनाथ बजगाईं

**'मैले जे चाहेर भोट हाल्दै आएको छु त्यो पाएको छु। समयअनुसार मेरा चाहना फेरिए होलान्, कहीं कतै पुगेन कि भन्ने लाग्छ पनि तर, मलाई भक्तपुरबासी हुँ भन्दा गर्व लाग्छ।' भक्तपुरमा त्यस्तो के छ ? भन्दा उनी 'के छैन ?' भनेर प्रतिप्रश्न गर्छन्।**

२०४७ साल यताका हरेक निर्वाचनमा भक्तपुर नगरपालिका वडा नं.९ का ६६ वर्षीय बुद्धिकुमार बेञ्जुले नेपाल मजदुर किसान पार्टीका उम्मेदवारलाई भोट हाल्दै आएका छन्।

उनी भन्छन्, 'मैले जे चाहेर भोट हाल्दै आएको छु त्यो पाएको छु। समयअनुसार मेरा चाहना फेरिए होलान्, कहीँ कतै पुगेन कि भन्ने लाग्छ पनि तर, मलाई भक्तपुरवासी हुँ भन्दा गर्व लाग्छ।'

भक्तपुरमा त्यस्तो के छ ? भन्दा उनी 'के छैन ?' भनेर प्रतिप्रश्न गर्छन्।

नेमकिपाको कार्यकर्ता हो ? भन्ने प्रश्नमा 'अहिलेसम्म कुनै पार्टीको सदस्यता लिएको छैन' भन्ने जवाफ दिन्छन्। शुक्रबार भक्तपुरका बिभिन्न मतदान केन्द्रमा पुग्दा बेञ्जु जस्तै सवाल जवाफ गर्ने मतदाता कमै भेटिए। तर, धेरै भेटिए स्थानीय संस्कृतिको जगर्नासँगै भएको विकासप्रति खुसी प्रकट गर्नेहरू। अधिकांशले भक्तपुरको व्यवस्थित विकास हुनुमा नेमकिपालाई जस दिएका छन्।

भक्तपुर नगरपालिकाले अहिले सफा सहरको पहिचान बनाएको छ। 'जबकि ३० वर्ष अघि यो नगरपालिकाको पहिचान फोहोर सहर थियो', ५४ वर्षीय मानकाजी गाइजुले अनलाइनखरसँग भने।

उनका अनुसार, दैनिक उत्पादन हुने फोहोर नगरभित्रै व्यवस्थापन हुन्छ। कुहिने र नकुहिने फोहोरलाई घरमै छुट्टाछुट्टै सङ्कलन गर्ने व्यवस्था छ। फोहोर सङ्कलनका लागि हरेक परिवारलाई नगरपालिकाले दुई ओटाका दरले बाल्टिन दिएको छ।

'हाम्रो घरबाट उठाएको कुहिने फोहोर कम्पोस्ट मल बनाएर नगरपालिकाले हामीलाई नै सस्तोमा बेच्छ। नकुहिने फोहोर अन्तै बेचिदिन्छ', मानकाजी थप्छन्, 'यसले नगरपालिकालाई आम्दानी र हामीलाई सफा सहर प्रदान गरेको छ।' उनका भनाइमा, फोहोरबाटै बायोग्यासलगायत वैकल्पिक ऊर्जा निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिएको छ।

घरबाट उत्पादन हुने फोहोर मात्रैको व्यवस्थापनले भक्तपुर सफा सहर बनेको होइन। सडक बाटो र स्थानीय स्तरमा भएका सांस्कृतिक सम्पदाको पनि नियमित सरसफाइ गरिन्छ।

मानकाजी भन्छन्, 'कसैले सडकमै फोहोर फालेछन् भने सफाइ कर्मचारीले तत्काल टिपेर लैजान्छन्। त्यसैले त भक्तपुर सफा छ।'

उनका अनुसार प्रत्येक महिनाको १ र १५ गते सबै जनप्रतिनिधि, कर्मचारी, स्थानीय क्लब, डाफा-भजन, सङ्घसंस्थाको सहभागितामा मठ-मन्दिर, खोलनाला र घाटको सफाइ गरिन्छ।

भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणलाई उत्तिकै महत्त्व दिएको बताउँछन् ५३ वर्षीय विश्वराज गाइजु। उनका अनुसार संस्कृति र परम्परालाई संरक्षण गर्न नगर क्षेत्रभित्र डाफा, भजन चलाउने, नाचगानका लागि प्रोत्साहन गर्ने, बाँसुरी बाजाको प्रतियोगिता पनि नगरपालिकाले गर्दै आएको छ।

गाइजु थप्छन्, 'भूकम्पपछिको पुनर्निर्माणमा पनि भक्तपुर अन्यत्रभन्दा निकै अगाडि भयो।' उनको बुझाइमा नगरपालिकाले भक्तपुरको लोक संस्कृति जगर्नाका लागि उच्चतम ध्यान दिएको छ। पाटी पौवाहरू, गुम्बाहरू बनाएको छ। पुराना ऐतिहासिक सम्पदाहरूको संरक्षण गरेको छ। उनी थप्छन्, 'भक्तपुर बस्न लायक सहर हो। यहाँ सबै प्रकारको सुविधा छ।'

## स्वास्थ्य : घरघरमै सेवा

भक्तपुरको दत्तात्रेय मतदान केन्द्रमा भेटिएका निरज हँजुले भक्तपुरवासीले प्राप्त गर्दै आएको स्वास्थ्य सेवा र शिक्षाको विषयको चर्चा गरे।

उनका अनुसार घरघरमा निशुल्क नर्सिङ सेवा पाइन्छ। नगरपालिकाले १० ओटै वडाका लागि एक/एक जना नर्स राखेको छ। जो हरेक दिन नागरिकहरूको घरमा पुग्छन्। नागरिकले दिनहुँ निशुल्क नर्सिङ सेवा प्राप्त गर्छने। नर्ससँगै स्वास्थ्य स्वयंसेविकासमेत गएर नागरिकको चाहनाअनुसार रक्तचाप र सुगर परीक्षण, गर्भवती र सुत्केरी जाँच गर्छन्। कुनै समस्या भए अस्पताल जान सुझाउँछन्।

अस्पतालमा पनि उपचारका लागि महँगो शुल्क तिर्नु नपर्ने निरजको अनुभव छ। उनी भन्छन्, 'बालरोग, स्त्रीरोग, नाक, कान, घाँटीरोग, छालारोग, नसा तथा हाडजोर्नी जस्ता समस्याहरूको सेवा ५० रुपैयाँको टिकट काटेर पाउन सकिन्छ।' उनका भनाइमा, जटिल रोगबाहेक अरू सबै उपचार न्यून शुल्कमा पाइन्छ।

घरघरमा पुगेका नर्सले नागरिकहरूको स्वास्थ्य जाँचको रेकर्ड राख्छन्। रेकर्डअनुसार नगरपालिकाले नगरवासीका लागि थप सेवाहरू उपलब्ध गराउँछ। उदाहरणका लागि, नियमित व्यायामको अभावमा हुने जटिल किसिमका रोगबाट नागरिकहरू पीडित भएको निष्कर्ष निक्लिएपछि विभिन्न स्थानमा निशुल्क व्यायामशालाको सुरुवात गरिएको छ।

५१ वर्षीय मोहनकुमार माकका अनुसार, सुरुमा ५ ठाउँमा व्यायामशालामा राखिएको थियो। धेरैको आकर्षण बढेपछि अहिले १३ ठाउँमा व्यायामशाला निर्माण भएर सञ्चालनमा छन्। 'एकाबिहानै व्यायामशालामा नागरिकहरूको भीड लाग्छ' माकले अनलाइनखबरसँग भने।

भक्तपुर नगरपालिकाका निवर्तमान मेयर सुनिल प्रजापतिका अनुसार, भक्तपुर नगरपालिकामा सरकारी र निजी गरी ५ ओटा अस्पताल छन्। नगरपालिकाले २५ शय्याको अस्पताल आफ्नै लगानीमा बनाउन स्वीकृति लिएर काम अगाडि बढाएको छ।

यस्तै, शिक्षा सर्वसुलभ रूपमा पाइएको स्थानीयबासिन्दाको भनाइ छ। पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ख्वप इञ्जिनियरिङ कलेजमा स्नातक र स्नातकोत्तरको अध्यापन हुन्छ। अरू ६ ओटा क्याम्पस छन्।

निवर्तमान मेयर प्रजापतिका अनुसार, भक्तपुर नगरपालिकाले आफ्नै स्वामित्वका सातओटा शिक्षण संस्था (ख्वप मावि, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इञ्जिनियरिङ, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, शारदा मावि र शारदा कलेज)बाट सेवा प्रदान गर्दै आएको छ।

भक्तपुरमा अध्ययनका लागि आफूहरूलाई अन्य नगरपालिका र जिल्लाका नागरिकहरूले भनसुनका लागि आग्रह गर्ने गरेको स्थानीयबासिन्दाको भनाइ छ। बुद्धिकुमार बेञ्जु भन्छन्, 'मलाई भनसुन का लागि आग्रह गर्नेहरूले भन्दा कलेजले लिने परीक्षा पास गर्नेले पढ्न पाउँछ। कसैको भनसुसन लाग्दैन भनेको छु।'

शुक्रबार मतदान स्थलमा भेटिएका मतदाताहरू अब भक्तपुरको मुख्य चुनौती र चिन्ता शैक्षिक बेरोजगारलाई व्यवस्थापन गर्नु रहेको बताउँछन्। स्थानीय निरज हँजु भन्छन्, 'कुनै बेला एक जना नर्स भए नगरपालिकाभर चिनिन्थ्यो। अहिले प्रत्येक वडा वडामा नर्स सेवा छ। धेरैले नर्स पढेका छन्। इन्जियिरिङ पढ्नेहरू उस्तै छन्। घर घरमा मास्टर डिग्री होल्डरहरू छन्।'

जीवन मानन्धर भक्तपुर नगरपालिकाको अबको मुख्य चुनौती सबैलाई रोजगार दिलाउनु रहेको बताउँछन्। आफू इन्जियिरिङ पेशामा रहेको तर, आफ्ना सबै सहपाठीहरू रोजगार नरहेको भन्दै उनले अब निर्वाचित हुने जनप्रतिनिधिले यसतर्फ ख्याल गर्नुपर्ने बताए।

'पाँच वर्षको कार्यकालका लागि मैले चुन्दै गरेका जनप्रतिनिधिले यहाँको वेरोजगार समस्यालाई चिर्नुपर्ने छ' मानन्धरले बताए।

के गर्दा बेरोजगार समस्या समाधान हुन सक्छ भन्ने पनि उनी सुझाउँछन्। उनी भन्छन्, 'पर्यटन विकास गर्ने, यहाँको कला संस्कृतिबारे जानकारी गराउन सक्ने गरी नागरिकलाई विभिन्न भाषा सिकाउने गर्न सकिन्छ।'

## तीन दशकको प्रयास

व्यवस्थित भक्तपुर बन्नुको पछाडि एक दुई वर्षको मिहिनेत मात्रै नरहेको स्थानीयबासिन्दाहरू नै बताउँछन्।

'स्थानीय व्यापारी मोहनकुमार माक भन्छन्, 'भक्तपुरले दीर्घकालीन हित हेर्ने गरी काम गर्ने नेतृत्व पायो। नेतृत्वले निरन्तर प्रयास गर्‍यो र नागरिकहरूले पनि साथ दिए। यसका लागि भक्तपुरले तीन दशकभन्दा बढी समय गुजारिसकेको छ' उनले भने। उनी आफूले व्यापार गरेवापत नगरपालिकालाई कर तिर्ने गरेको र नगरपालिकाबाट पाएको सेवाबाट सन्तुष्ट रहेको बताउँछन्।

६६ वर्षका बुद्धिकुमार बेन्जुका अनुसार २०५४ सालको स्थानीय चुनावमा नेमकिपाले शिक्षण संस्था स्थानीय निकायले सञ्चालन गर्ने, सम्पदा संरक्षणमा जनसहभागिता गराउने लगायतको नीति घोषणा गरेको थियो। 'उक्त घोषणा अहिले कार्यान्वयनमा छ' उनले भने। त्यसबेलादेखिको नेमकिपाको नीति र जनताको समर्थनले नगरलाई व्यवस्थित बनाएको उनलाई लाग्छ।

स्थानीयहरूका अनुसार ०५४ देखि नै भक्तपुरमा स्थानीय तह र संसदमा प्रतिनिधित्व गर्ने दल नेमकिपा हो। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानपछिको पहिलो स्थानीय तहको चुनावबाट पनि भक्तपुर नगरको नेतृत्वमा नेमकिपाकै सुनिल प्रजापति विजयी भएका थिए। उनले पनि पार्टीको नीतिअनुसार भक्तपुरलाई थप व्यवस्थित बनाउन भूमिका खेलेको स्थानीयहरूको बुझाइ छ।

-cgnf0gva/, #) j}zfv, tl:a/ M ljsf; >]7_

# भक्तपुरमा नेमकिपाको प्रचार : बिहान घरदैलो, बेलुकी टोलभेला र प्रशिक्षण



भक्तपुर नगरपालिका नेपाल मजदुर किसान पार्टी(नेमकिपा)को किल्ला हो । त्यहाँ सबै दलहरू मिल्दा पनि नेमकिपाको किल्ला कसैले हल्लाउँदैन । अध्यक्ष नारायणमान बिजुक्छेँको क्षेत्रमा जनतालाई चित्त बुझाउने काम गरेकाले अरूभन्दा उनीहरू अब्बल र लोकप्रिय छन् ।

नेमकिपाबाट भक्तपुर नगरपालिका मेयरमा सुनिल प्रजापति र उपमेयरमा रजनी जोशीले उम्मेदवारी दिएका छन् । उनीहरू अरू उम्मेदवारभन्दा चुनाव जित्नेमा ढुक्क छन् । भक्तपुर नगरमा नेपाली काङ्ग्रेस र नेकपा एकीकृत समाजवादीको चुनावी तालमेलमा छन् । नेकपा एमाले र नेकपा माओवादी केन्द्रले एकल उम्मेदवारी दिएका छन् । नेमकिपाको चुनावी प्रचार-प्रसार रिपोटिङ गर्न रातोपाटीकर्मी विहान ७ बजे भक्तपुर नगरपालिकाको वडा नम्बर ८ स्थित दत्तात्रे मन्दिर पुग्दा मेयरका उम्मेदवार प्रजापति र उपमेयरकी उम्मेदवार जोशीले घरदैलो सुरु गरिसकेका थिए । बिहानको चिया बिस्कुट मात्रै खाएर उम्मेदवारसहित कार्यकर्ता नाराबाजी गर्दै घरदैलो पुग्दा धेरै मतदाता ओछ्यानमै थिए । उनीहरूको आवाजबाट कतिपय मतदाता उठेर झ्यालबाट अभिवादन फर्काउँदै थिए भने कतिपयले जितको शुभकामना दिँदै थिए ।

नेमकिपाका उम्मेदवारको प्रचारसँगै मतदाता शिक्षा दिने कार्यकर्तासमेत सँगै थिए । उनीहरूले प्रायः नेवारी भाषामा मतदाता शिक्षा दिँदै मादलमा भोट हाल्न सुझाइरहे । नेता कार्यकर्ताहरू नारा लगाउँदै 'जनताको जितका लागि जनताको मादलमा' भोट माग्दै थिए । त्यहाँका मतदाता समेत उनीहरू आउँदा हर्षोल्लासका साथ स्वागत र बिदाइ सँगसँगै गरिरहे । उनीहरूले कहिले नेपाली र कहिले नेवारी भाषामा नारा जुलुससमेत गर्दै घरदैलो गरे । उनीहरूले प्रत्येक नारामा एमसीसी विरोधी शक्ति एक मात्र नेपाल मजदुर किसान पार्टी भएको भन्दै भोट माग्न बिर्सिएनन् । काङ्ग्रेस, एमाले, माओवादीले साम्राज्यवादीको दलाली गरेर एमसीसी पारित गरेको भन्दै राष्ट्रवादी नेमकिपालाई भोट मागे । उनीहरूले एमसीसीलाई राम्रैसँग क्यास गरेर भोट माग्दै थिए ।



'हामी बिहान ७ बजे घरदैलो गरेर करिब ११ बजे सक्छौँ । त्यसपछि आ-आफ्नो घरमा गएर खाना खान्छौँ । अरू बिहानको खाना उम्मेदवार कार्यकर्ताले प्रायः आ-आफ्नो घरमा खान्छन् । नेमकिपाका नगरका नेता राधेश्याम सिलाले भने, 'त्यसपछि दिउँसो प्रायः किसान, व्यापारी र नोकरी गर्ने व्यस्त हुन्छन् । हामी आराम गर्ने र योजना बनाउने गर्छौं ।' बिहान घरदैलोमा चिया बिस्कुट मात्रै उम्मेदवारको खर्च हो । त्यसैले पनि उम्मेदवारलाई खर्चको टन्टो छैन । नेमकिपाका उम्मेदवारले बेलुका ६ देखि ८ बजेसम्म टोल भेला र प्रशिक्षण गर्छन् । प्रशिक्षणमा नेमकिपालाई किन भोट हाल्ने ? चुनाव जिते के-के काम गर्ने ? अरू पार्टी कस्ता हुन् ? भनेर भाषण, प्रशिक्षणसहित नाटक र गीत गाउँछन् । नेमकिपाले आफ्नो पकडमा राख्न राजनीतिक र वैचारिक प्रशिक्षण दैनिक चलाउँछ । 'हरेक वडामा टोल भेला र प्रशिक्षण चल्छ । त्यहाँ उम्मेदवारले मात्रै होइन त्यहाँका युवाहरूले आफ्नो कुरा राख्छन्' सिलवालले भने, 'टोल भेला र प्रशिक्षणमा नेताले भन्ने अरूले सुन्ने होइन टोल टोलका युवाहरूले राजनीतिक र वैचारिक कुरा लिने दिने दुवै चल्छ । हेर्न लायक हुन्छ । एक ढङ्गले अन्तरक्रियाजस्तै हुन्छ ।'



चुनाव जितेपछि पनि ठूलै भोज हुँदैन। सामान्य खुसियाली मनाउन एकाध ठाउँमा खर्च गरेपनि सामान्य हुने गरेको सिलवाल बताउँछन्। मेयर उपमेयर भएर जनताको काम गर्ने भएकाले खर्च गरेमा जनतालाई भार पर्ने भएकाले भड्किलो प्रचार नगरिने मेयरका उम्मेदवार प्रजापति बताउँछन्। 'हामीलाई जनताले त्यसै भोट दिने होइन। जनताको पक्षमा काम गर्छौं हामीलाई भोट दिन्छन्।' प्रजापतिले भने– 'जनताले नगरबाट पाउने सेवा सुविधा छिटो छरितो पाउनुका साथै अरू शिक्षा, स्वास्थ्य खानेपानीलगायत आधारभूत आवश्यकता दिलाउँछौं।'

-/ftf]kf6L, @! j}zfv_

**अन्तर्वार्ता**

# हामी जे बोल्छौं, त्यो गर्छौं, त्यसैले फेरि जनताले विश्वास गरे : सुनिल प्रजापति





– सुनीता साखकर्मी

भक्तपुर नगरपालिकाका नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले मेयर/उपमेयरसहित भारी मतान्तरले 'क्लीन स्वीप' गरेपछि भक्तपुरमा विजय जुलुस निस्कियो। त्यसै दौरान नवनिर्वाचित मेयर सुनिल प्रजापतिसँग नेपालभ्यूजकर्मी सुनीता साखकर्मीले गरेको अन्तर्वार्ता :

**भक्तपुरमा नेपाल मजदुर किसान पार्टीले सधैं जित्ने आधारहरू के के हुन् ?**

राजनीतिक कार्यकर्ताहरूले जनतामा समर्पित भएर काम गरेपछि पाउने एक सम्मान हो यो। जनतासँग आफ्नै मत हुन्छ। उनीहरूको आफ्नै धारणा हुन्छ। त्यसलाई आफ्नो पक्षमा ल्याउन राजनीतिक कार्यकर्ताले काम गर्नुपर्छ। सेवा गर्ने हिसाबले काम गरे मात्रै जनताको मत आफ्नो पक्षमा आउने हो। हामी नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूले यही भावनाले दिनरात काम गरिरहेका हौं। हामी जे काम गर्छौं, त्यो एकदमै पारदर्शी हुन्छ। हरेक काम जनतालाई देखाएर मात्रै गर्छौं। कुनै किसिमको लोभलालच नराखी इमानदारीपूर्वक जनताको सेवा गरेकोले नै अहिले हामीले जनताको मत प्राप्त गर्न सकेका हौं।

**धेरैले जातीय भोट बैंक तपाईंहरूको जितको आधार भन्छन् नि ?**

हामी जातीय हिसाबमा कुरा गर्दैनौं। हामी त वर्गीय हिसाबले हेर्छौं। यसबाहेक हामीले निर्वाचनलाई अभियानको रूपमा लग्यौं। एमसीसीका समर्थन गरेर हस्ताक्षर गर्ने दलका नेताहरूका विरुद्धमा जनतालाई सचेत बनायौं। एमसीसीमा हस्ताक्षर गरेर देशलाई घात गर्नेहरूलाई जनताले पनि रुचाएनन्। त्यसैले भक्तपुरवासी दाजुभाइ, दिदीबहिनीले नेपाल मजदुर किसान पार्टीलाई मत दिनुभयो र हाम्रो जित भयो।

**अरू पार्टीले भक्तपुरवासीको मन जित्न नसक्ने सधैं नेमकिपाले सक्ने किन हो ?**

हामीले जे भनेका छौं, त्यो गरेका छौं। अहिले जनताहरू सचेत छन् नि। अघिल्लो निर्वाचनमा नेकपा एमाले, नेपाली काङ्ग्रेसलगायत अन्य पार्टीले यो गर्छु, त्यो गर्छु भनेर लामा घोषणापत्र पनि बनाए। जनताले विश्वास गरेर उनीहरूलाई मत पनि दिए। तर जितिसकेपछि उनीहरूले

जनतालाई गरेका वाचा बिर्सिए। काम गर्नुपर्ने समयमा केही गरेनन्। यो सब जनताले त देखेका छन्। प्रतिबद्धता गरेअनुसार काम नगरेको, आफ्नो मत खेर गएपछि जनताले पनि त विश्वास गर्दैन।

घोषणापत्र जारी गरेपछि घोषणापत्रलाई नै बिर्सिने गरेपछि गाह्रो हुने हो। तर नेमकिपा त्यस्तो होइन। नेमकिपाले जे बोल्छ, त्यो काम गरेरै छाड्छ। गर्न नसक्ने काम गर्न सक्छु भनेर कहिल्यै बोल्दैन। जारी गरेको घोषणापत्रलाई अक्षरसः पालना गर्छ। त्यो आधारमा पनि भक्तपुरवासीले यसपालि पनि नेमकिपालाई विश्वास गरेका हुन्।

**त्यसो हो भने भक्तपुरभन्दा बाहिर किन तपाईंहरूको प्रभाव छैन ?**

नेमकिपाले इमानदारीपूर्वक काम गर्छौं भनेर जनतासँग भोट पनि माग्यो, चन्दा पनि माग्यो। अरू पार्टीले निर्वाचन जित्न करोड-करोड रुपैयाँ खर्च गरेका छन्। अझै पनि सबै जनता त सचेत छैनन्। अरू पार्टीले धेरै खर्च गर्ने भएकोले ठूला राजनीतिक दलको पछाडि मतदाता लागेका छन्।

भक्तपुरबाहेक कालिकोट, दैलेखमा पनि नेमकिपाले जितेको छ। त्यहाँ पनि नेमकिपाका सदस्यलाई प्रभावमा पार्न नखोजेको होइन। तर नेमकिपाले त्यहाँ राम्रै काम गरेकोले त्यहाँका जनता प्रभावित भएनन्।

यसपटकको निर्वाचन त निर्वाचन जस्तै नै लागेन। खाली गठबन्धन भनेको छ, पैसा खर्च गरेको छ। मन्त्री, प्रधानमन्त्री भएका मानिस चुनाव प्रचारमा लागेका छन्। आचारसंहिता लाग्दैन। पुँजीवादी निर्वाचन प्रणालीमा पैसा, बल, प्रशासनको दुरूपयोग गरी निर्वाचनलाई प्रभावित पार्न खोज्ने मानिसहरू हुन्छन्।

**अब पाँच वर्षमा भक्तपुरमा के-के गर्नुहुन्छ ? तपाईंको योजना र प्राथमिकता के के छन् ?**

हामीले घोषणापत्रमा लेखेका छौँ। घोषणापत्रमा उल्लेखित सबै काम गर्छौं। सरकारले ख्वप विश्वविद्यालयको स्वीकृति दियो भने उत्कृष्ट विश्वविद्यालयको रूपमा अगाडि बढाउँछौँ। त्यसअन्तर्गत मेडिकल कलेज सञ्चालन गरेर जनताका छोराछोरीलाई सस्तोमा डाक्टरका रूपमा उत्पादन गरिदिन्छौँ। स्वास्थ्य क्षेत्रमा अहिले हामीसँग २५ बेडको ख्वप अस्पताल मात्रै छ। त्यसको स्तरोन्नति गरेर १०० बेडमा पुऱ्याउँछौँ। सस्तोमा स्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउँछौँ। अहिले नै दैनिक सात सय बिरामी ख्वपः अस्पतालमा आउँछन्। धनी मानिसले पाउने सुविधा र गरीब मानिसले पाउने सुविधामा फरक आउँदैन। हामीले भोट माग्दा पनि यही प्रतिबद्धता गरेका हौँ।

'नेमकिपाले इमानदारीपूर्वक काम गर्छौं भनेर जनतासँग भोट पनि माग्यो, चन्दा पनि माग्यो। अरू पार्टीले निर्वाचन जित्न करोड-करोड रुपैयाँ खर्च गरेका छन्। अझै पनि सबै जनता त सचेत छैनन्। अरू पार्टीले धेरै खर्च गर्ने भएकोले ठूला राजनीतिक दलको पछाडि मतदाता लागेका छन्।'

भक्तपुर सांस्कृतिक रूपमा धनी छ। त्यसैले यहाँका कला संस्कृति जगेर्नाको लागि भक्तपुरलाई सांस्कृतिक नगरका रूपमा घोषणा गरी त्यही अनुरूप काम गर्छौं। यो काम गर्न प्रदेश सरकारको भूमिका हुन्छ। कानूनबमोजिम अनुमति दिन हामी प्रदेश सरकारलाई आग्रह गर्छौं। हामीसँग जे अधिकार छ, त्यो अहिले पनि प्रयोग गरिरहेका छौँ। आगामी पाँच वर्षभित्र हामी यस्ता कामहरू अगाडि बढाउँछौँ।

**अघिल्लो कार्यकालमा पनि सङ्घीय र प्रदेश सरकारले तपाईंहरूलाई काम गर्न नदिनुभएको गुनासो थियो तपाईंहरूको। अब पनि तपाईंलाई काम गर्नको लागि त्यस्तै अवरोध सिर्जना भयो भने के गर्नुहुन्छ ?**

त्यो त स्पष्टै छ नि। हामीले २०४०/२०४१ सालदेखि सञ्चालन गर्दै आइरहेको नर्सिङ कलेजलाई यो वर्ष माओवादीको शिक्षामन्त्रीज्यूले रोक्नुभयो। हामीले जनतालाई आत्मनिर्भर बनाउनुपर्छ, जनताको सहभागितामा विकास निर्माण गर्नुपर्छ भनेर उपभोक्ता समितिमार्फत् गर्दै आएको काममा अहिलेको सहरी विकास मन्त्री रामकुमारी झाँक्रीले पत्र नै पठाएर रोक्न खोज्नुभयो। यस्ता खालका काम गरिरहनुभएको छ।



हामी कानूनभित्रै बस्छौँ। कानूनभित्रै बसेर काम गर्छौँ। तर सिंहदरबार र प्रदेश सरकारले नरोकेको खण्डमा हामी धेरै अगाडि बढ्न सक्छौँ।

**नारायणमान बिजुक्छेंको प्रभाव रहेसम्म नेमकिपाको पनि प्रभाव भक्तपुरमा रहन्छ, बिजुक्छेंको अधिनायकत्व चल्छ भक्तपुरमा भन्छन् नि ?**

त्यो त भन्नेहरूलाई नै थाहा होला। काम त हामी युवापुस्ताले नै गरिरहेका हुन्छौँ। नयाँ पुस्ताका धेरै साथीहरू त्यसरी नै माथि आइरहनु भएको छ। भन्नेहरूले कुन रूपमा भने सबैमा हामीले टीकाटिप्पणी गरिरहनु आवश्यक हुँदैन।

-g]kfnEoh_

कुराकानी

# 'भक्तपुर नगरपालिकामा नेमकिपाको कुनै प्रतिस्पर्धी छैन' : सुनिल प्रजापति

## नगर उत्कृष्ट हुनुमा जनपरिचालनको मुख्य भूमिका



– वीरेन्द्र ओली

नेपाल मजदुर किसान पार्टी (नेमकिपा) को गढका रूपमा मानिने भक्तपुर नगरपालिकामा १४ जना प्रमुख र ९ जना उपप्रमुखसहित २ सय १२ जनाले उम्मेदवारी दिएका छन्। नेपाली काङ्ग्रेस र नेकपा एकीकृत समाजवादी चुनावी तालमेलमा छन् भने नेकपा एमाले र नेकपा माओवादी केन्द्रले एकल उम्मेदवारी दिएका छन्। नेपाल मजदुर किसान पार्टीबाट नगरको मेयरमा सुनिल प्रजापति र उपमेयरमा रजनी जोशीले उम्मेदवारी दिएका छन्। स्थानीय तह निर्वाचनको चटारोका बीच भक्तपुर नगरपालिकाको मेयरका उम्मेदवार सुनिल प्रजापतिसँग रातोपाटीकर्मी **वीरेन्द्र ओली**ले गरेको **कुराकानीको सम्पादित अंश:**




**तपाईंले ५ वर्ष मेयर भएर काम गर्नुभयो। फेरि सोही पदमा किन उम्मेदवारी दिनुभयो ?**

नेपाल मजदुर किसान पार्टीले यो निर्वाचनभन्दा अघि जारी गरेको घोषणापत्रमा उल्लेखित अधिकांश बचनवद्धता पूरा भएका छन्। आधारभूत गरिखाने वर्गलाई प्राथमिकता दिएर अहिलेको निर्वाचनमा पुनः नयाँ घोषणापत्र जारी गरेका छौँ। यसअघि गर्न नभ्याएका वा पूरा गर्न नसकेको कामलाई निरन्तरता दिन पनि उम्मेदवार भएको हुँ।

**यसअघिको कार्यकालमा वाचा गरेको के के गर्न सक्नुभयो ? अबको योजना के छ ?**

भक्तपुरलाई सांस्कृतिक नगरको रूपमा घोषणा गर्ने भनेका थियौँ। सांस्कृतिक नगर यो प्रदेश सरकारले गर्नुपर्ने थियो, त्यो हामीबाट सम्भव भएन र गर्न सकेनौँ। ख्वप विश्वविद्यालय बनाउने एजेण्डा अघि सारेका थियौँ। त्यस अन्तर्गत मेडिकल कलेज सञ्चालन गर्ने कुरा उठाएका थियौँ। जसरी इन्जिनियरिङ पढेर गरिब जनताका छोराछोरीले सेवा लिइरहेका थिए, त्यसरी नै मेडिकल क्षेत्रमा व्यवस्था गर्न खोजेका थियौँ, त्यो पूरा गर्न सकेनौँ।

यस पटक निर्वाचित भएर आएपछि ख्वप विश्वविद्यालय र मेडिकल चलाउने छौँ। जनताको जनजीविकाको मुद्दा महँगी, कालोबजारीलगायत क्षेत्रलाई सम्बोधन गर्नुपर्ने छ। शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ र सम्पदा निर्माणमा अत्यन्तै राम्रोसँग बन्दोबस्त गर्नेछौँ। हामीले मिहिनेत गरेर काम गरेकोले देशकै सफा नगर र संस्कृति संरक्षण सहरको रूपमा विकास भयो। हामी भक्तपुर नगरलाई सफा, सुन्दर र व्यवस्थित बनाएर देशकै हेर्न लायक नगर बनाउने कोसिस गर्नेछौँ।

**चुनावी प्रचारमा कसरी जुटिरहनु भएको छ ?**

हरेक दिन बिहान घरदैलो अभियान चलाउँछौ। सम्भव भएसम्म हामी उम्मेदवार त्यहाँ पुग्छौँ। हामी पुग्न नसकेको अवस्थामा वडाका उम्मेदवारहरू पुग्नुहुन्छ। हरेक दिन बेलुका ५ बजेदेखि ८ बजेसम्म नगरस्तरीय सभा चल्छ।

त्यस बीचमा चोक चोकमा वडा सभाहरू भइरहेका हुन्छन्। हाम्रा जनप्रतिनिधिहरू सभामा सहभागी हुन्छन्। ती गतिविधिमा हामीले मतदातालाई मतदान गर्न पनि सिकाउँछौँ।

**टोल टोलमा पुग्दा जनताले के काम गरिदिए हुन्थ्यो भन्ने पाउनु भएको छ ?**

जनतालाई सबैभन्दा बढी चाहिएको सर्वसुलभ गुणस्तरीय शिक्षा र स्वास्थ्य नै हो। त्यसैले हामीले पनि त्यसैमा केन्द्रित भएर काम गरेका छौँ। अहिले यहीं भक्तपुर हो, जहाँबाट हाम्रै नगरपालिकाबाट ४३२ इन्जिनियरसहित १२ सयभन्दा बढी इन्जिनियर उत्पादन भइसकेका छन्। एमए, एमएस्सी, एमएड र एमबीएसबाट स्नातकोत्तर पढ्न नगरपालिकाभन्दा बाहिर जानु पर्दैन। नगरमा पढाइ नहुने विषयमा पढ्न जाने विद्यार्थीलाई शैक्षिक ऋण दिएका छौँ। अहिले ३१४ जनाले ३ करोडभन्दा बढी शैक्षिक ऋण लिएर पढिरहेका छन्।

राजनीति शास्त्र, इतिहास, संस्कृति र नेपाल भाषा पढ्ने जुनसुकै कलेज र विश्वविद्यालयमा गए पनि त्यो व्यक्तिले पैसा तिर्नु पर्दैन। स्नातकदेखि विद्यावारिधिसम्मको सबै पैसा नगरपालिकाले तिर्छ। हामीले नगरवासीका लागि शिक्षामा धेरै लगानी गरेका छौँ। हामीले सात कलेज चलाएका छौँ, जहाँ ७ हजार विद्यार्थीहरू पढिरहेका छन्। यहाँ मनाङबाहेक सबै जिल्लाका विद्यार्थीले पढिसकेका छन्।

जनताको अर्को चाहना स्वास्थ्य हो। घर घरमा गएर स्वास्थ्य स्वयम्सेवी र नर्सले सेवा दिइरहेका छन्। ब्लड प्रेसर, सुगर, ज्वरो जाँच्ने काम गरिरहेका छन्। औषधि खान नजान्नेलाई खान सिकाउने र नुहाउन नसक्ने अशक्तलाई नुहाइदिने पनि गर्छन्। यदि अस्पताल लग्नुपर्ने भए लग्न सहयोग गर्छन्।

नगरपालिकाको आफ्नै अस्पताल छ, जहाँ दैनिक ७ सयभन्दा बढी बिरामीहरूले उपचार पाउँछन्। जहाँ ५० देखि ८० रुपैयाँमा विशेषज्ञ सेवा दिइन्छ। कतिपयले यति सस्तोमा कसरी उपचार गर्न सम्भव छ ? भनेर प्रश्न पनि गर्छन्। यति थोरै पैसा तिरेर पनि राम्रो अस्पताल बनाएका छौँ। यदि हामीलाई एक सय शय्याको अस्पताल सञ्चालन गर्न अनुमति दिएमा भौतिक संरचना बनाइसकेका छौँ। अनुमति पाएमा सस्तो स्वास्थ्य सेवा दिने तयारी गरेका छौँ।

**भक्तपुर नगरले धेरै राम्रो काम गरेको चर्चा छ। अन्य कुन कुन क्षेत्रमा उदाहरणीय काम गर्नुभयो ?**

हामी पैसालाई भन्दा जनतालाई प्राथमिकतामा राख्छौँ। हरेक काम जनताको सहभागितामा पूरा गराउँछौँ। यहाँको सम्पदा निर्माण यहाँका जनताले गर्छन्, आफै आर्थिक सहयोग र श्रमदान गर्छन्। अरू आवश्यक जिन्सी पनि जनताले सहयोग गर्छन्। यस्तो खालको भक्तपुरवासीको सहयोग र समन्वय भएकाले थोरै पैसाले धेरै काम भएका छन्।

नगरको सरसफाइका लागि प्रत्येक सहकारीलाई एक सहकारी, एक क्षेत्र सरसफाइ अभियान चलाएका छौँ। एक विद्यालय, एक सम्पदा संरक्षण र सरसफाइ निर्णय नै गराएर जिम्मेवारी दिएका छौँ। ८,९ कक्षाका विद्यार्थीहरू पालैपालो आफ्नो क्षेत्रको सम्पदा संरक्षण र सफा गर्छन्। जनता आफै सरसफाइमा सहभागी भएको पाउनुहुन्छ। हरेक विकास निर्माणका काममा जनताको सहभागिता नै यहाँको उदाहरणीय कार्य हो।

**भक्तपुर नगरमा नेमकिपालाई अहिले पनि जनताले विश्वास गर्छन् त ?**

हामी अरूले जस्तो पैसा खर्च गरेर भोज खुवाउँदैनौँ। हामी जनताकै बीचमा जान्छौँ, आफ्नो पार्टीको सिद्धान्त प्रचार गर्छौँ। नेमकिपा भनेको यस्तो हो भनेर आफ्ना कुरा राख्छौँ। हामीले बनाउन खोजेको समाज यस्तो हो भन्ने कुरा जनतासँग प्रष्ट रूपमा राख्दै हामी जे बोल्छौँ, त्यो पूरा गर्छौँ। जनतालाई झूटो आश्वासन दिएर भ्रममा पार्दैनौँ। त्यसो भएको हुनाले यहाँका जनताले धेरै विश्वास गरेको अवस्था छ, गरिरहने छन्। नेमकिपाको प्रतिस्पर्धी यहाँ अरू कोही छैन।

**स्थानीय सरकारलाई घरदैलोको सरकार भन्ने गरिन्छ। अन्य स्थानीय सरकारले कुन कुन क्षेत्रलाई प्राथमिकता दिएर काम गर्नुपर्छ जस्तो लाग्छ ?**

हामीले जनतालाई थोरै पनि असजिलो हुने काम गर्नु हुँदैन। जस्तै नगरमा सिफारिस लिन जनता आए, तत्काल सेवा दिनुपर्छ। दिन मिल्दैन भने यी कागजात लिएर आउनुस् मिल्छ भनेर चित्त बुझाएर फर्काउन सक्नुपर्छ। सबै सेवाग्राहीको समय आफैमा मूल्यवान हुन्छ, समयमै सेवा दिन सक्नुपर्छ। हामीले समय खेर फालिदिनुहुन्न।

हामीले भक्तपुरमा राम्रो काम गरेपछि ५०/६० जनाभन्दा बढी मेयर उपमेयरहरू अध्ययन गर्न, बुझ्न आउनुभयो। हामीले कलेज, अस्पताल र सरसफाइको अवस्थाको स्थलगत रूपमा अवलोकन गरायौँ। उहाँहरू हेरेर आश्चर्य मान्नुभयो। यो कसरी गर्न सम्भव छ ? सोध्नु भयो। बजेटका दृष्टिकोणले भक्तपुर नगरमा थोरै छ, कसरी यति धेरै काम गर्न सकिन्छ भन्दा हामीले जनता परिचालन गरेमा गर्न सकिन्छ भन्ने जवाफ दिने गरेका छौँ।

जनप्रतिनिधि, कर्मचारी र जनता एक मन भई

इमानदार भएमा धेरै काम गर्न सकिन्छ। हामीले कर्मचारीलाई बढी तलब दिएका होइनौँ, सुविधा बढी दिएका होइनौँ। सरकारले जति तोकेको छ, त्यति नै दिएका हौँ। हामी कर्मचारी साथीहरूसँग बस्छौँ। उहाँहरूलाई कन्भिन्स गराएर काममा लगाउँछौँ। १० बजेदेखि ५ बजेसम्म संस्थाले किनेको समय हो, त्यो समयमा कर्मचारी इमानदार भए धेरै काम गर्न सकिन्छ। अरू बिहान र बेलुकाको समय देश, जनता र राष्ट्र निर्माणमा योगदान गर्नुस् भनेरै कन्भिन्स गर्छौँ। त्यसो भन्दा उहाँहरूले ओभर टाइम काम गरेको पैसा खोज्नुहुन्न। उहाँहरू शनिबार र बिदाको समय पनि आएर काम गर्नुहुन्छ।

अरू स्थानीय तहले शिक्षा र स्वास्थ्यलाई नै प्राथमिकतामा राख्नुपर्छ भन्ने लाग्छ। यस्तै विकास निर्माणमा जनतालाई परिचालन गर्नुपर्छ। त्यसो गरेमा जनताले अपनत्व महसुस गर्छन्। ठेक्का प्रणालीलाई विस्तारै निरुत्साहित गर्दै लग्नुपर्छ। सबै विकास निर्माणमा ठेक्का प्रणालीमा जाँदा नगरपालिकाको धेरै पैसा केही व्यक्तिमा गएर केन्द्रित हुन्छ। त्यसैले जनपरिचालन गरेर काम गरेमा रोजगारी सिर्जना हुन्छ। यस्तो भएमा धेरै पैसा सदुपयोग हुनुका साथै जनताको विश्वास बढ्दै जान्छ।

**नेमकिपालाई विपक्षीहरूले निरङ्कुशको आरोप लगाउँछन्। अरूलाई नगरभित्र राजनीतिक गतिविधि नै गर्न दिँदैनन् भन्ने आरोप छ। के त्यसो गर्नु भएको हो र?**

विपक्षीहरूले आलोचना गर्नु स्वभाविकै हो, हामीले अन्यथा लिँदैनौँ। जसलाई पनि यहाँ राजनीतिक गतिविधि गर्न छुट छ। काङ्ग्रेस भनेको सामन्त र पुँजीपतिहरूको पार्टी हो। एमाले भनेको वैचारिक रूपमा काङ्ग्रेसको भाइ पार्टी हो, यसरी नै प्रचार गर्छौँ। उहाँहरूले के के गर्नुहुन्छ, त्यहीँ प्रचार गर्छौँ।

एमसीसीको सबैले समर्थन गरेका छन्, हामीले विरोध गरेका छौँ। एमसीसी भनेको के हो भनेर जनतालाई बुझाउँदै छौँ। निर्वाचनमा हामीले एउटा राजनीतिक कक्षाको रूपमा सञ्चालन गर्छौँ तर उहाँहरूलाई सह्य हुँदैन। उहाँहरूलाई छिर्नै दिएन भन्ने हो भने अघिल्लो निर्वाचनमा उहाँहरू मिलेरै लड्नु भएको हो। अहिले पनि पनि निर्वाचन मिलेरै लड्दै हुनुहुन्छ। हामी अराजक कुरा गर्दैनौँ। हामी विचारको प्रतिस्पर्धामा काङ्ग्रेस, एमाले र माओवादीसँगै लडिरहेका छौँ। उहाँहरूले जुन आलोचना गर्नु भएको हो, त्यो सही होइन।

-/ftf]kf6L, j}zfv @#, @)&(_

# सुनिल प्रजापति भन्छन्– सहर कस्तो भक्तपुरजस्तो भन्ने उदाहरण छाड्न चाहन्छु





– सबिना श्रेष्ठ

काठमाडौँ उपत्यकाका महानगर तथा नगरपालिकामध्ये राम्रो काम गरेको भनी चर्चा कमाएका मेयरमध्ये सुनिल प्रजापति अग्रपङ्क्तिमै आउँछन्। भक्तपुरमा परम्परागत शैली जीवित राख्न, भुइँचालोमा ढलेका सम्पदाहरूलाई पुरानै शैलीमा पुनर्जीवन दिन र मासिएका पोखरी ब्युँताउन महत्त्वपूर्ण काम गरेका प्रजापतिले यसपालि फेरि मेयरमा दोहोरिन चाहेका छन्।

नेपाल मजदुर किसान पार्टी (नेमकिपा) बाट सोमबार उम्मेदवारी दिएपछि सेतोपाटीसँग कुराकानी गरेका उनले गएको कार्यकालमा पूरा गर्न नसकेको कामलाई यसपालि पहिलो प्राथमिकतामा राख्ने बताए।

'हामीले घोषणापत्रमा उल्लेख भएका लगभग सबै काम पछिल्लो कार्यकालमा पूरा गरेका थियौँ। नेपाल सरकारबाट स्वीकृति नपाउँदा ख्वप विश्वविद्यालय सञ्चालन गर्ने काम भने अधुरै रह्यो। त्यसलाई अब हामी पहिलो प्राथमिकतामा राखेर काम गर्छौँ,' उनले भने।

भक्तपुर नगरपालिकालाई उनी 'सांस्कृतिक नगर' घोषणा गर्न चाहन्छन् जसअनुसार भक्तपुरको पुरानो बस्तीका घरहरूलाई परम्परागत शैलीमा ढाल्ने काम अघि बढेको छ। यसको निम्ति नगरपालिकाले स्थानीयलाई इँटा, झिँगटी, काठलगायत सामग्री किन्न ३५ प्रतिशत अनुदान दिन्छ। यस्तै काम पूरै नगर क्षेत्रभरि विस्तार गरेर सिङ्गो भक्तपुरलाई

नै सांस्कृतिक सहर बनाउन चाहेको उनले बताए ।

उनको योजनामा सय वर्षपछि भक्तपुर सहर कस्तो हुन्छ भन्ने परिकल्पना पनि छ । त्यो परिकल्पना २० वर्षअघि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छैँले लेखेको किताब 'सय वर्षपछिको भक्तपुर' मा आधारित छ । उक्त परिकल्पनामा नगरभित्र मौलिक शैलीका घरहरू हुनेछन् । सडकमा धूलो फाल्ने सवारी साधन हुने छैन । प्रत्येक घरमा स्थानीयसँगै विदेशी भाषा बोल्ने र खाना बनाउन जान्ने सीप हुनेछ । यसले विदेशी पाहुना नेपाल आउँदा उनीहरूलाई सहज हुनेछ । 'अहिले नै नगरपालिकाले यसको आधार तयार गर्न नेपाल भाषासँगै चिनियाँ, जापानी भाषाहरू सिकाइरहेको छ । डकर्मी, सिकर्मी र आर्किटेक्टको तालिम दिइरहेको छ,' उनले भने, 'भोलिका निम्ति हामीले अहिलेबाटै आधार तयार पारिरहेका छौँ ।'

बाहिरी मुलुकबाट आएका पर्यटकलाई भक्तपुर पुगिएन भने नेपाल आएजस्तो नलाग्ने सहर बनाउने उनको योजना छ ।

२०७२ को भुइँचालोताका भक्तपुर नगरपालिकामा १२० ओटा सम्पदा क्षति भएको रेकर्ड थियो । ती सम्पदा लगभग सबै पुनर्निर्माण गर्नुका साथै थप उत्खनन र जीर्णोद्धारका कामहरू गरेको प्रजापति बताउँछन् ।

'त्यति बेला सम्पदा निर्माण गर्दा नगरपालिकाले विदेशीको सहयोग लिएन, सरकारसँग हात थापेन । स्थानीयसँग हातेमालो गर्दै उपभोक्ता समिति बनाएर काम गऱ्यो । कसैले नगद, जिन्सी सहयोग गरे त कसैले श्रमदान गरे । आगामी सम्पदा निर्माण पनि यसरी नै हुनेछ,' उनले भने ।

'हामीकहाँ ज-जसले सम्पदा निर्माणमा काम गरे, उनीहरूको दस्तावेज नै बनाउने तयारी पनि गरिरहेका छौँ । त्यसो भयो भने पछिल्ला पुस्ताले मेरो आमाबुवाले त्यो मन्दिर बनायो, त्यो पोखरी बनायो भनेर गर्व गर्न सक्नेछन् । अनि उनीहरूका पछिल्ला पुस्ताले पनि सिक्नेछन् ।'

यसपालि फेरि निर्वाचित भइयो भने अबको कार्यकालमा पहिले सुरू गरेका भाज्या पोखरी, नरसिंह मन्दिरलगायतको निर्माण सक्ने उनको योजना छ । विभिन्न कानुनी अप्ठ्याराका कारण बन्न नसकेका घर निर्माण गरेर हेर्नलायक सुन्दर सहर बनाउन उनी चाहन्छन्, भन्छन्, 'सहर कस्तो बनाउने भन्दा भक्तपुरजस्तो भन्ने उदाहरण छाड्न चाहन्छौँ ।'

शिक्षातर्फ उनी सामुदायिक शिक्षालाई स्तरीय बनाउन चाहन्छन् । धेरैले सामुदायिक शिक्षा नराम्रो ठान्ने र निजीमा नभए मात्र सामुदायिकमा पढाउने प्रवृत्ति हटाउने उनको योजना छ । आर्थिक अवस्थाका कारण उच्च शिक्षा लिन नपाएकाहरूलाई नगरपालिकाले शैक्षिक ऋण दिँदै आएको छ । आगामी कार्यकालमा यसलाई थप विस्तार गर्ने उनले बताए ।

'आर्थिक अभावकै कारण कोही शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने हाम्रो उद्देश्य हो,' उनले भने ।

शिक्षासँगै विद्यार्थीहरूको मौलिक हक खेलकुद हो भन्ठान्ने प्रजापतिले विद्यालयको पाठ्यक्रममा ६ ओटा खेलकुद समावेश गरेका छन् । त्यसको आधार अघिल्लो कार्यकालमै तयार गरिसकेकाले अब बढीभन्दा बढी खेलकुद प्रतियोगिता र सांस्कृतिक प्रतियोगिताहरू आयोजना गर्ने उनको योजना छ ।

स्वास्थ्य क्षेत्रतर्फ गएको कार्यकालमा उनको नगरले घरघरमा नर्स पठाएर घरदैलो नर्सिङ सेवा दिएको थियो । त्यसबाट आर्थिक अवस्थाका कारण अस्पताल जान नसकेका जनताका धेरै समस्या थाहा भएको उनी बताउँछन् ।

यहाँ कोरोना महामारी बेला ख्वप अस्पतालबाट काम भएको थियो । त्यसबाट अहिले रातदिन सेवा दिइन्छ । वडा-वडामा जनस्वास्थ्य केन्द्रहरू छन् । मानव अङ्ग प्रत्यारोपण केन्द्र, क्यान्सर अस्पताल लगायत भक्तपुर नगरमा छन् ।

'सबै सेवा यहीँबाट दिन सकौँ भनेर हामी प्रयासरत छौँ । पैसा नभएकाहरूलाई पनि कसरी स्तरीय सेवा दिने भनेर हामी काम गरिरहेका छौँ,' उनले भने ।

पछिल्लो कार्यकालमा भक्तपुरले गरेका कामलाई धेरैले प्रशंसा गरेको उनी बताउँछन् । यो कार्यकाल पनि सम्हाल्ने अवसर मिल्यो भने आफूले थप राम्रो काम गर्ने उनले बाचा गरे ।

गएको चुनावमा प्रजापति २५ हजार ७ सय ३० मत ल्याएर मेयर निर्वाचित भएका थिए । उनीसँग अन्य पार्टीको मतान्तर करिब २० हजार हाराहारी थियो ।


-;]tf]kf6L, j}zfv !#_

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**

अन्तरवार्ता

# भक्तपुरमा हामीले शासन होइन जनताको सेवा गरेका छौँ : सुनिल प्रजापति

## "अनुमति दिए १६, १७ लाखमा एमबीबीएस पढाउन तयार छौँ"




चुनावबाट कहाँ कुन पार्टीका उम्मेदवार निर्वाचित होलान् भन्ने थाहा पाउन मतगणना कुर्नै पर्छ । तर भक्तपुर नगरपालिकामा भने नेपाल मजदुर किसान पार्टीले जित्छ भन्नलाई मत परिणामसम्म कुर्न पर्दैन । मत कति ल्याएर जित्ला अनि अरू दलले कति मत ल्याउलान् भन्ने मात्र चासोको विषय हुने गरेको छ । भर्खरै भएको मतदानबाट २५ हजार ८ सय ४५ मत अन्तरले नेपाल मजुदर किसान पार्टी (नेमकिपा)का उम्मेदवार विजयी भएका छन् । निर्वाचनमा नगरपालिकाभित्रका कुनै वडा सदस्यमा समेत अन्य पार्टीका एकै जनाले पनि जित्न सकेनन् । सुनिल प्रजापति यसअघि पनि भक्तपुरका मेयर नै थिए । उनै प्रजापतिसँग चुनावी नतिजा, भक्तपुरमा नेमकिपाको शासन, गएको ५ वर्षको अनुभव, अबका योजना लगायत विषयमा **तर्क थापा**ले गरेको कुराकानीको सम्पादित अंश –

**नेमकिपा र भक्तपुर नगरपालिका भन्ने पर्याय जस्तो लाग्न थालेको छ । भर्खरै भएको निर्वाचनमा पनि भक्तपुर नगरपालिकामा सबै पदमा भारी मतका साथ जित हात पार्नुभयो, यो कसरी सम्भव भयो ?**

नेपाल मजदुर किसान पार्टीका नेता कार्यकर्ता निर्वाचन भएपछि पनि वा निर्वाचित नभए पनि राजनीतिलाई जनताको सेवा गर्ने माध्यमका रूपमा प्रशिक्षित हुन्छन् । जनताको सेवालाई नै केन्द्रविन्दुमा रहेर काम गर्ने गरेका छौँ । हामीले पनि त्यही गर्‍यौँ । जनताको सेवा गरेकै कारण जनताले हामीलाई अनुमोदन गरेका हुन् । जनताले माया गरे ।

**अरू पार्टीले त भक्तपुर नेमकिपाले कब्जा गर्‍यो भन्ने आरोप लगाउँछन् नि ?**

उनीहरूले त्यति भनेनन् भने अरू के भन्छन् त ? अरू भन्ने ठाउँ छैन । सबै जनताले राम्रो प्रजातान्त्रिक अभ्यास गर्न पाउनु भएको छ । विपक्षी दलका साथीहरू हामीलाई तथानाम गाली गर्दै हिँड्नुभयो हामीले केही भनेनौँ । विपक्षी दलका नेताहरूले भक्तपुरमा बोलेको भाषा अन्य ठाउँमा बोलेको भए उहाँहरूको अवस्था के हुन्थ्यो सबैलाई थाहै छ । हामीले सैद्धान्तिक कुराको आलोचना गर्‍यौँ । उहाँहरूले मञ्चमा बोल्नु भयो हामीले टेलिभिजनको पर्दामार्फत सैद्धान्तिक उत्तर दिएका छौँ । व्यक्तिगत समस्या केही होइन । पार्टीका केन्द्रीय नेता, सांसद भइसकेकाहरूले बोल्ने भाषा होइन, हामीले हरेकको उत्तर दिइरहनु पर्छ भन्ने पनि लाग्दैन ।

**भक्तपुरमा वर्षौंदेखि एकछत्र राज गरिरहनु भएको छ । अरू पार्टीलाई आउनै नदिने रणनीति हो ?**

हामीले शासनभन्दा पनि जनताको सेवा गरेको भन्नु राम्रो हुन्छ । अरू पार्टीहरू पनि जनताले रुचाए भने आउँछन् नआउने कुरै भएन । २०७४ सालको चुनावभन्दा पहिला ११ र १६ नम्बर वडामा काङ्ग्रेस र राप्रपाको एक एक जना जहिले पनि आइरहनु हुन्थ्यो नी । जनताका सेवाभावले काम गरेपछि राम्रोलाई रोज्दा रहेछन् । अहिलेको निर्वाचनले पनि त्यो देखायो ।

**जितको कुरा एउटा हो तर सधैं जितिरहनु त्यो पनि ठूलो अन्तरमा, यो त त्यसै अवस्य सम्भव नहोला । यसका लागि चाहिँ यहाँहरूले के के गर्नुभयो ?**

जनताको आधारभूत आवश्यकता पूरा गरिदिएको अवस्थामा जनताले मन पराउँछन् । हामीलाई ठूला सपना देखाउन पनि आउँदैन, हामीले सम्भव नहुने आश्वासन बाँड्दैनौँ । जस्तो कि शिक्षाको कुरा गरौँ, यो अनिवार्य र आवश्यक विषय हो । शिशु स्याहारदेखि कलेजसम्म सञ्चालन गर्‍यौँ । हाम्रै सातओटा कलेज छन् । जहाँ ७२ जिल्लाका ७ हजार बढी विद्यार्थी पढ्छन् । वर्षको ३ करोड रुपैयाँको छात्रवृत्ति छ । हामीले जेहनदार र आर्थिक रूपमा कमजोर विद्यार्थीलाई सहयोग गर्छौं ।

अरू कलेजमा पढ्न जानेका लागि ५ लाखसम्मको शिक्षा ऋण दिएका छौँ । अहिले ३१४ जना विद्यार्थी त्यसरी पढिरहेका छन् । राजनीति शास्त्र, नेपाल भाषा, भूगोल, इतिहास र संस्कृति विषयमा जहाँ गएर पढेपनि नगरपालिकाले नि:शुल्क पढाइदिन्छ ।


अर्को कुरा स्वास्थ्य आधारभूत आवश्कता हो। हामीले त्यसमा जोड दियौँ। वडावडामा डाक्टरसहितका स्वास्थ्य चौकी छन्। स्तरीय ख्वपः अस्पताल सञ्चालनमा छ। ८० रुपैयाँमा विशषेज्ञ सुविधा, ५० रुपैयाँमा एमबीबीएस डाक्टरको सुविधा बिरामीले पाउँछन्। ख्वपः अस्पतालमा १३५ जना नर्स, डाक्टर कार्यरत हुनुहुन्छ। असाध्यै सस्तो र स्तरीय स्वास्थ्य सुविधा दिइरहेका छौँ।

**शिक्षा र स्वास्थ्यको विषय उठाउनु भयो, नेपालमा शिक्षा र स्वास्थ्यमा निजी क्षेत्रको लगानी ठूलो छ तर भक्तपुरमा किन सरकारको मातहतमा चलाइरहनुभएको छ ?**

शिक्षा र स्वास्थ्य राज्यको दायित्व हो। हाम्रो संविधानले समाजवाद उन्मुख राज्यको परिकल्पना गरेको छ। हाम्रो देश समाजवाद उन्मुख छ भनेर पढ्छौँ। त्यसको अर्थ मानिसका आधारभूत आवश्यकताहरूमा राज्यको पहुँच हुनुपर्छ, राज्यको नियन्त्रणमा हुनुपर्छ भन्ने सिद्धान्त हो। त्यसैले हामीले शिक्षा र स्वास्थ्यलाई राज्यको मातहतमा ल्याएर त्यसको गुणस्तरलाई उठाउने काम गरेका छौँ। हाम्रो देशमा सामुदायिक विद्यालय भनेपछि नाक खुम्च्याउने चलन छ। तर, भक्तपुरमा सामुदायिक विद्यालयको स्तर जाँच गर्नसक्नु हुन्छ। यहाँ गर्व गर्न लायक शिक्षा छ।

एउटै सामुदायिक विद्यालयमा ४ हजारमाथि विद्यार्थी पढ्छन्। अझै राख्ने ठाउँ भएको भए कति पढ्थे होलान्। हामीले शिक्षाको गुणस्तरीयतामा जोडदिएकै कारण विद्यार्थीको चाप बढेको हो। शिक्षा र स्वास्थ्य साह्रै महँगो छ। सामान्य मान्छेको पहुँच राम्रो शिक्षा र स्वास्थ्यसम्म पुगेको पाइँदैन। त्यसैले, आधारभूत शिक्षा र स्वास्थ्यलाई विशेष जोड दिनका लागि जनताको आधारभूत आवश्यकतामा राजनीति र व्यापार नहोस् भन्नका लागि सरकारको नियन्त्रणमा ल्याएका हौँ।

संविधानले समाजवादउन्मुख देशको परिकल्पना गरेका कारण हामीले त्यसको अभियानमा सहयोग गरेका हौँ। व्यक्ति धनी हुँदै जाने व्यवस्था पूँजीवादी व्यवस्था हो।




अरू पार्टीले त्यही पूँजीवादी व्यवस्थाअनुसार काम गरिरहेका छन्। हामीले समाजवाद उन्मुख देशको लागि तयारी गरिरहेका छौँ।

**भक्तपुरलाई नेमकिपाले नेपालको उत्तर कोरिया बनायो, बाहिर नल्याइएको मात्र हो भित्रभित्र त्यहाँ पनि समस्या धेरै छन् भन्ने आरोप पनि लाग्ने गरेको छ नि ?**

उत्तर कोरिया के हो भनेर नबुझ्नेहरूको भाषा हो यो। अहिले संसारमा सुखी समाज कहिँ छ भने त्यो उत्तर कोरियामा छ। समानताको हिसाबले, शिक्षाको हिसाबले, शक्तिको हिसाबले, विज्ञान र प्रविधिको विकासको हिसाबले उत्तर कोरिया अगाडि छ। अमेरिकासँग ठाउँको ठाउँ युद्ध र शान्तिको एक्सन लिन्छ। संसारको स्वर्ग भनेर उत्तर कोरियालाई चिन्न सकिन्छ। उत्तर कोरियालाई केही गर्न नसकेपछि अमेरिकी प्रचारबाजीलाई कतिले साँचो ठानेर बोल्ने गर्छन्।

रह्यो कुरा भक्तपुरको। भक्तपुरलाई हामीले भक्तपुर नै बनाउन चाहेको हो। भक्तपुरको छुट्टै विशेषता छ। यहाँको छुट्टै संस्कृति छ। यहाँका सम्पदालाई कसरी संरक्षण गर्ने, यहाँको मानिसको रहनसहनलाई कसरी सहजताकासाथ अगाडि लैजाने हामीले सोचेको त यही हो।

**भक्तपुरमा तपाईंहरुले मात्र जितेपछि प्रजातान्त्रिक अभ्यास त हुन पाएन नि ?**

त्यो तर्कका लागि तर्क गर्नु एउटा विषय भयो। सैद्धान्तिक कुरा गर्दा हामीले जति कसले काम गर्छ। अघि कुरा गरेजस्तै ठूला पार्टीले भक्तपुरमा आएर सार्वजनिक कार्यक्रमबाट जुन अभिव्यक्ति दिए त्यो केटाकेटीपन हो। अन्य ठाउँमा गएर त्यसरी बोल्दा उहाँहरूको हविगत के हुन्थ्यो ? त्यही कुराबाट पनि प्रष्ट हुन्छ कि हाम्रो नगरपालिकामा प्रजातान्त्रिक अभ्यास भएको छ कि छैन भनेर।

हामीले उहाँहरूको जस्तो अपरिपक्व भाषा प्रयोग गर्दैनौँ। हामी सैद्धान्तिक लडाइँमा छौँ। एमसीसीको विषयमा पनि हामीले सैद्धान्तिक रूपमा गाउँगाउँका जनतालाई सचेत गराएपछि अरू पार्टीका नेताहरूले सम्झौता पढ्न थालेका हुन्। सैद्धान्तिक कुराहरूमा एमाले, माओवादी र काङ्ग्रेसहरूलाई हामीले बेलाबेलामा सचेत गराइरहेका छौँ। सडक र संसदका साथै देशका कुनाकाप्चामा हामीले सैद्धान्तिक विषयमा जोड दिएका हुन्छौँ। अहिलेका शासक दलका नेताहरूलाई एमसीसीको बारेमा सचेत हामीले नै गराएको हो। त्यतिमात्र होइन कार्यकर्ताले नेताहरूकोविरुद्ध बोल्न बाध्य

गराउने पनि हामी त हो नी । त्यो स्वीकार गरुन् या नगरुन् यथार्थ हो ।

हामीले गरेको जस्तो अभ्यास गर्ने भनेर विभिन्न ठाउँबाट मेयर वा पालिका अध्यक्षहरू आउनुभएको छ । यहाँबाट सिकेर गएर चलाउनुभएको पनि छ । नेपालगञ्जका मेयर धवलसमशेर राणा आउनुभयो । उहाँहरूसँग छलफल भयो । महिला कलेज खोलेर मजैसँग चलाउनु भएको छ । अन्यले पनि त्यो अभ्यास गरिरहनु भएको छ । अरू दुईओटा नगरपालिकाहरूले सञ्चालन गरेको खबर सुनेका छौँ । धेरै मेयरसाब सँग भेटघाट गरेर अनुभवको आदानप्रदान गरिएको छ ।

**पहिलो कार्यकालमा गरेका प्रतिवद्धता सबै पूरा गर्नुभयो कि केही छुटे पनि ? अबका योजना चाहिँ के छन् ?**

जनताको बीचमा ५ वर्ष अघि दिएका वचन त पूरा गऱ्यौँ । अब त्यो बेलामा प्रदेश सरकार र केन्द्र सरकारले सहयोग नगरेर बाँकी रहेका कामहरू अहिलेको कार्यकालमा गर्ने कोसिस रहने छ । जस्तै, ख्वपः अस्पताललाई १०० बेडको चलाउने तयारीमा छौँ । प्रदेश सरकारले त्यसको अनुमति दिनुपर्ने दिएको छैन । हामीले त्यसको पुनः प्रयास गर्नेछौँ ।

ख्वपः विश्वविद्यालयको तयारीमा छौँ । सरकारले विधेयक पारित नगरेका कारण रोकिएको छ । ७ ओटा कलेजहरू, ७ हजार विद्यार्थी पढिरहेका छन् । यत्रो विद्यार्थी पढ्ने त आफै विश्वविद्यालय हो । सरकारले विधेयक पास गरेपछि पीएचडी पनि पढाउने सोचमा छौँ त्यो पनि पूरा गर्नेछौँ ।

मेडिकल कलेजको पनि त्यस्तै अवस्था छ । हामीलाई स्वीकृति दिए १५/१६ लाखमा एमबीबीएस पढाउँछौं भनेका छौँ । त्यो पनि भएको छैन । भएको एउटा नर्सिङ कलेज पनि सरकारले बन्द गरायो । त्यसको लागि पनि हामीले प्रयास गर्नेछौँ ।

भक्तपुर दरबार स्क्वायर भित्रका धेरै संरचना छन् । विश्व सम्पदासूचीमा परेका सम्पदालाई केन्द्र सरकार, पुरातत्त्व विभागलगायतले राम्रो समन्वय नगरिदिंदा गर्न पाइरहेको छैनौँ । त्यसलाई पनि बनाउने अबको ५ वर्षको कार्यकालको काम रहन्छ ।

भक्तपुरमा बग्ने खोलाहरूमा सफा पानी बगाउने अर्को योजना पनि छ । हुन त पहिला पनि हामीले त्यसको बारेमा योजनाहरू तयार गरेका छौँ । काम भइरहेको पनि छ तर, अब यसलाई फाइनल गर्न केही समय लाग्छ । अन्य ठाउँबाट आएको बाहेक भक्तपुर भित्रबाट निस्कने पानीलाई हामी सफा बगाउने तयारी गरिरहेका छौँ ।

**यो ५ वर्षे अनुभवमा सङ्घीयताको अभ्यास कस्तो भयो ?**

सङ्घीयता देशमा आयो, कानूनमा आयो र संविधानमा आयो । तर, नेताहरूको सोचमा आएन, दिमागमा आएन । उनीहरू केन्द्रबाट नियन्त्रित सङ्घीयताको अभ्यासमा जान खोजे । भनेको सिंहदरबारबाट नियन्त्रित । यो प्रदेश र स्थानीय तह त सङ्घको इकाइ हो भनेर प्रधानमन्त्रीज्यूहरूले नै बोल्नु भएको सुनेका छौँ नि । सामान्य उदाहरण दिउँ, शिक्षकलाई तलब खुवाउने स्थानीय तह, सरुवा, बढुवालगायत नियन्त्रण गर्ने सङ्घीय सरकार । सैद्धान्तिक कुरा नै के हो भने जसले तलब खुवाउँछ त्यसैले नै नियन्त्रण गर्न पाउनु पर्ने हो नि ।


स्थानीय स्वायत्त शासन ऐन २०५५ ले नै कर्मचारीको सेवा सुविधा, राख्ने हटाउने अधिकार त नगरपालिकालाई दिएको छ नि । त्यो भन्दा पछाडि फर्केर अहिले सबै कर्मचारी प्रदेश सरकारले लोकसेवाबाट पठाउने भन्यो । ५ वर्ष बित्यो पठाउन सकेको छैन । सङ्घले पठाएको हामीले लिएका छैनौँ । कानून र संविधानले के के काम गर्ने भनेर भूमिका त छुट्याएको छ । जवाफदेहिता नभएका कारण सङ्घीयतामाथि प्रश्न उठ्नु त स्वभाविकै हो नि ।

**तपाईंले भक्तपुरमा धेरै राम्रा काम गरेको दाबी गर्नुभयो तर, नेमकिपा भक्तपुरबाट बाहिर फैलिन किन नसकेको ?**

हामीले वैचारिक लडाइँ गरिरहेका छौँ । **सैद्धान्तिक र वैचारिक लडाइँ सङ्ख्याको आधारमा धेरै ठूलो हो ।** हामीले अहिलेको निर्वाचनमा पनि धेरै ठाउँबाट उम्मेदवार उठाएका छौँ । हाम्रो निर्वाचन प्रणाली, ठूला दलहरूको मत खरिद गर्ने परम्पराका कारण हाम्रा साथीहरू हार्नुभयो । जुन दिनसम्म निर्वाचन आयोगले बनाएको आचारसंहितामा टेकेर निर्वाचन हुँदैन त्यो दिनसम्म हामीले जित्दैनौँ । अथवा जुन दिनसम्म जनता सचेत हुँदैनन्, जनता राजनीतिक र सांस्कृतिक रूपमा माथि उठ्दैनन् । त्यो दिनसम्म यहाँले यस्तो प्रश्न गरिरहनु हुनेछ । हामी ठूलो भएको देख्नलाई नीति, नियम, अनुशासनको पूर्ण पालना भएको र जनता सुसूचित भएको अवस्था हुनुपर्छ ।

-Sofgf8f=sd, h]&_
kgZr M ;a]h;f] tl:a/ ;DalGwt ;~rf/ dfWodaf6

# भक्तपुरमा नेमकिपा किन कहिल्यै हार्दैन ?






– सृजना खड्का

मतगणना हुनुभन्दा पहिल्यै मतपरिणाम थाहा हुने ठाउँ हो, भक्तपुर नगरपालिका। नेपाल मजदुर किसान पार्टीले उम्मेदवारी दिएपछि अरु पार्टीले भक्तपुरमा जित्न हम्मे-हम्मे पर्छ। अघिल्लो पटक १९ हजारको मतान्तरले विजयी भएका सुनिल प्रजापति यसपटक लगभग २६ हजारको मतान्तरले विजयी भएका छन्। यसपटक उनले २९ हजार २५२ मत ल्याएर निर्वाचित भएका हुन्। प्रजापतिसँग दोस्रो कार्यकालको योजनाबारे **सृजना खड्का**ले गरेको कुराकानी :

**२५ हजारभन्दा बढी मतान्तरले विजयी हुनुभयो, यस्तो भारी मतान्तरले विजयी हुँदा कस्तो महसुस हुँदो रहेछ ?**

जनताले राम्रो मूल्याङ्कन गरेको सोचेर खुसी भएँ। हामी जित्छौं भन्नेमा शङ्का थिएन। मतान्तरको मात्रै पर्खाइ थियो। हामीले जनताको विश्वास जितेको र उनीहरूको भावनाअनुसार काम गरेको हुनाले अघिल्लो कार्यकालभन्दा बढी मत आउँछ भन्नेमा ढुक्क थियौं। २०७४ सालको निर्वाचनमा १९ हजारको मतान्तरले जितेका थियौं। यसपटक त्योभन्दा पाँच/छ हजार बढी मतले जित्यौं।

**मेयरका लागि पार्टीमा अरू पनि आकाङ्क्षी थिए होलान्, तपाईंकै उम्मेदवारी किन ?**

यो पार्टीको निर्णय हो। पार्टीले गरेको निर्णयमा अहिलेसम्म कसैले विवाद गरेको छैन। पार्टीले केही सोचरै निर्णय लियो होला।

**तपाईंको दोस्रो कार्यकालको पहिलो प्राथमिकता के रहन्छ ?**

हामीले जितेपछि सबैभन्दा पहिला प्रजातन्त्रको निमित्त लड्ने शहीदहरूको सम्झना गर्‍यौं, श्रद्धाञ्जलि अर्पण गर्‍यौं। घाइतेहरूलाई उच्च सम्मान व्यक्त गर्‍यौं। मतदातादेखि मतदानमा खटिने कर्मचारी, सुरक्षाकर्मी सबैलाई धन्यवाद ज्ञापन गर्‍यौं। त्यसपछि यसपटक हामीले जनतालाई खानेपानीको व्यवस्था गर्ने वचन दिएका थियौं। त्यहीअनुसार शपथ ग्रहण गरेकै दिन खानेपानीका लागि काम गर्‍यौं।

केयूकेएलका प्रमुख मिलनकुमार शाक्य, काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका निर्देशक सञ्जीवविक्रम राणा आदिलाई सम्पर्क गर्‍यौं। आफै फिल्डमा गयौं। हामीले चासो देखाएपछि भोलिपल्टैबाट काम हुने भयो। शनिबार सामान झार्‍यौं। अहिले काम सुरु भइसकेको छ। एक दुई दिनमा खानेपानीको समस्या समाधान हुने देखिएको छ। खानेपानीसँग सम्बन्धित हाकिमहरू सोमबार भक्तपुर नगरपालिकाको कार्यालयमा आउनुभएको थियो। 'तपाईंहरूले पानी नपठाएसम्म मैले छोड्नेवाला छैन है' भनेको छु। त्यस्तै, हामीले घोषणापत्रमा अधुरा काम पूरा गर्छौं भनेका थियौं। अधुरा काममा भाज्या पोखरी बाँकी थियो। त्यो यो आर्थिक वर्षभित्र सम्पन्न हुन्छ। पहिला अधुरा कामबाट यो कार्यकाल सुरु गरेका छौं।

**अधुरा काम पूरा गर्नेबाहेक भक्तपुर नगरमा अब गर्न बाँकी के छ ?**

हामीले गर्नुपर्ने धेरै काम छन्। तर, जे गर्छौं जनतासँग सरसल्लाह गरेर मात्रै गर्छौं। बजार व्यवस्थापनका लागि नगर प्रहरीको व्यवस्था गर्दैछौं। बिजुलीको तार हटाएर दृश्य प्रदूषण कम गर्नेछौं। कोर एरियामा ढुङ्गा छापिसकेका छौं। बाटोमा सबै ठाउँमा बत्तीको व्यवस्था गर्नेछौं। पुरानो नगरको मूल सडकमा गाडीलाई निषेध गर्ने योजना छ। ठाउँ सानो, बस्ती घना भएकाले हाम्रो नगरमा पार्किङको समस्या छ। त्यसमा पनि ध्यान दिनुपर्नेछ। त्यस्तै, नेवारी जनजीवन झल्किने खालका म्युजियम बनाउनेछौं। सार्वजनिक जग्गाहरूको उपयोग गरेर बाल उद्यान र व्यायामशालाहरू बनाउँछौं।

सरकारी सेवा अनलाइनमार्फत उपलब्ध गराउने योजना छ। यो वर्ष अरनिको सभा भवन सुरु गर्ने विचार छ। अब भक्तपुरका विद्यालयमा अतिरिक्त क्रियाकलापका शिक्षक नगरपालिकाले व्यवस्था गर्छ। भक्तपुरको परम्परागत

सङ्गीतका प्रशिक्षकहरू स्कुलमा पठाउने योजना छ । विद्यार्थीले परम्परागत बाजाहरू बजाउन सिक्नेछन् । यस्तो प्रयासले हाम्रो संस्कृति पुनरुत्थान, पुस्तान्तरण र हस्तान्तरण हुनेछ । खेलकुद प्रशिक्षकहरू अहिले पनि पठाइरहेका छौँ । त्यसको सङ्ख्या बढाउने योजना छ । हाम्रो नगरमा हनुमन्ते र कासान दुई खोला छन् । ती दुई खोलाको किनारमा करिडोर बनाउनेछौँ । २५ बेडको स्वीकृति लिएर ख्वप अस्पताल चलाइरहेका छौँ । त्यसलाई सय बेड बनाउँछौँ । शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकता सबैको पहुँचमा हुनुपर्छ भन्ने हाम्रो मान्यता हो । तर, दुई दिन बिदा दिने सरकारका नचाहिँदो निर्णयले धेरै सरकारी स्कुल, कलेज र अस्पताललाई नराम्रो असर परेको छ ।

**तपाईंहरूले त स्कुल, कलेज र अस्पतालमा दुई दिन बिदाको निर्णय मान्नुभएको छैन, हैन ?**

यो निर्णय गर्नुमा सरकारको आफ्नो बाध्यता होला । तर, हामीले यसलाई मानेका छैनौँ । हामी आफ्नै तरिकाले चलिरहेका छौँ । काम थोरै गरेर देश विकास गर्न सकिन्छ भन्ने विचार कहिल्यै सही हुन सक्दैन । दुई दिन बिदा भएपछि सरकारी अस्पतालमा बिरामीको बिजोग हुन थालेको छ । ख्वप अस्पताल जहाँ दिनको सात सय बिरामी जाँचिन्छ, त्यहाँ एक दिन बिदाले पनि ठूलो प्रभाव पर्छ । मानिसहरू निजीमा जान बाध्य हुन्छन् ।

शिक्षा र स्वास्थ्य भनेको संवेदनशील थलो भएकाले हामीले बिदा नगर्ने निर्णय गरेका छौँ । जनताको जीवनसँग सम्बन्धित कुरामा हामी सम्झौता गर्दैनौँ । हाम्रो प्रायः सरकारी स्कुलसँग बस छैनन् भने हामीले किन बन्द गर्ने ? दिनमा २०-३० ओटा गाडी चढ्ने निजी स्कुल बन्द नहुने, सरकारी मात्रै किन बन्द गर्नु ? सामुदायिक विद्यालयमा उसै पनि आकर्षण छैन । यस्तो नीतिले त झन् सामुदायिक विद्यालयमा पढ्नेहरू निजीतिर आकर्षित हुन्छन् । यो दुई दिनको बिदाको उद्देश्य भनेको सरकारी स्कुल, कलेज, अस्पतालको अस्तित्व खत्तम पार्नु हो ।

**मेडिकल कलेजको स्वीकृति पाएमा १५ लाखमै मेडिकल पढाउँछौँ पनि भन्नुभएको छ, यो सम्भव छ ?**

पूर्वाधार निर्माणका लागि एकपटक अलि धेरै पैसा खर्च हुने हो । त्यसबाहेकको विद्यार्थीलाई पढाउने खर्च भनेको अरु कलेजमा पढाएको जस्तै हो । प्राक्टिकलमा केही खर्च होला । अहिले पनि हरेक वर्ष एक डेढ करोड इन्जिनियरिङ कलेजमा प्राक्टिकलका लागि खर्च गरिरहेका छौँ । त्यसबाहेक प्राध्यापकहरूलाई तलब खुवाउनु पर्ला । त्यो हामी अरु विकास निर्माणका काम रोकेर देशका लागि आवश्यक पर्ने जनशक्तिमा खर्चिन तयार छौँ ।

ढुङ्गा छाप्ने, पिच गर्ने काम दुई-चार वर्षपछि साछौँ । शिक्षा भनेको नाफा खाने थलो होइन, सेवा गर्ने ठाउँ हो । हामीले इन्जिनियरिङ कलेज चलाएर आफूलाई प्रमाणित गरिसकेका छौँ । शिक्षा, स्वास्थ्य जस्ता कुरामा सरकारले जिम्मा लिनुपर्छ । त्यसैले, स्वीकृति पाएमा अहिल्यै चलाएर देखाइदिन्छौँ । हामीले यसका लागि निकै कोसिस गरेका थियौँ । तर, गोविन्द केसीजीको सम्झौता देखाएर स्वीकृति मिलेन । पछिल्लो समय ताकेता गर्न पनि छाड्यौँ ।

**उपत्यकामा अरू पनि मेडिकल कलेज छन्, बाहिरी जिल्लालाई पनि त प्राथमिकता दिनुपर्‍यो नि होइन र ?**

त्यो आफ्नो ठाउँमा होला । तर, जहाँ मानिसहरूको चाप हुन्छ, त्यहाँ आवश्यकता हुन्छ । बिरामी नभएको ठाउँमा मेडिकल कलेज खोलेर के काम ? इन्जिनियरिङ कलेजमा हामीसँग ४ सय ३२ जनाको क्षमता छ, भर्ना हुन २२ सय विद्यार्थी आउँछन् । ख्वप माविमा यो वर्ष १८ सयलाई भर्ना लियौँ । २५ सयभन्दा बढीले निवेदन दिएका थिए । हामी निजीसँग गुणस्तरमा प्रतिस्पर्धा गरिरहेका छौँ । तैपनि, हामीले गोविन्द केसीजीले सम्झौता गर्नुभन्दा अगाडि नै मेडिकल कलेजको माग राखेका थियौँ । सुनुवाइ भएन । मेडिकल कलेजको स्वीकृति नपाए पनि हामी अरु कलेज खोल्छौँ । यो कार्यकालमा सबैले भक्तपुर नगरमा नयाँ-नयाँ कलेज देख्न पाउनु हुनेछ । सय वर्षपछिको भक्तपुरका लागि हामीले अहिलेदेखि नै एउटा-एउटा इँटा जोडेर काम गर्नुछ ।

**कस्तो हुनेछ सय वर्षपछिको भक्तपुर ?**

हाम्रो पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले 'सय वर्षपछिको भक्तपुर' पुस्तक लेख्नुभएको छ । त्यसमा भनिएको छ- यहाँका प्रत्येक युवाले चार-पाँचओटा भाषा जानेका हुनेछन् । सम्पदा क्षेत्रमा गाडी गुड्ने छैनन् । सडक धुवाँधूलोरहित हुनेछन् । साँझमा सहर घुम्न निस्किँदा बाजा बजिरहेको हुनेछ । मानिसहरू भजन गाइरहेका हुनेछन् । सांस्कृतिक नृत्यहरू देखिनेछन् । मठमन्दिरमा बत्तीहरू झिलिमिली बलिरहेका हुनेछन् । पर्यटकहरू आएर आनन्द लिनेछन् । विदेशीहरू आएर भक्तपुरमा पीएचडी गरिरहेका हुनेछन् । एकै रूपका घरहरू हुनेछन् । त्यो सहर बिहान हेर्दा प्राचीन सहरजस्तो देखिनेछ । दिउँसो हेर्दा खुला विश्वविद्यालयजस्तो देखिनेछ । साँझ पनि उत्तिकै सुन्दर देखिनेछ ।

अहिलेको हाम्रो कदम यही परिकल्पनालाई साकार पार्नका लागि हो। उहाँले यो लेख्नुभएको २० वर्ष भयो। हामी अगाडि बढिसकेका छौँ। हामीले युवाहरूलाई भाषा पढाइरहेका छौँ। धुवाँ–धूलो नहोस् भनेर ढुङ्गा छापिरहेका छौँ। एकरूपताको घर बनाउन थालिसकेका छौँ। सम्पदा पुनःनिर्माण गरिरहेका छौँ। दृश्य प्रदूषण नहोस् भनेर तारलाई अन्डरग्राउन्ड गरिरहेका छौँ। हामी हतारमा छैनौँ। जनतासँग छलफल गर्दै काम गरिरहेका छौँ। हाम्रा सम्पूर्ण योजना आजको भोलि सम्पन्न हुने खालका छैनन्। यो पाँच–दश वर्षमा गर्न सकिने विषय पनि होइन। बिस्तारै एक–एक गर्दै गर्नेछौँ।

हामीले सीमित स्रोत र साधनले अधिकतम समस्या पूरा गर्ने कोसिस गरेका छौँ। त्यसमा इमानदार र पारदर्शी भएर काम गरेका छौँ। जनप्रतिनिधिले आर्थिक अनुशासनमा बसेर काम गर्ने हो भने कुनै समस्या हुँदैन। हामी स्रोत भएर होइन, स्रोतको सही सदुपयोग गरेर अगाडि बढेका छौँ। भ्रष्टाचार नगरेपछि पैसा बच्छ। हामीले भक्तपुरका सम्पदा बनाउन ४८ करोड अड्कलेका थियौँ। जम्मा २५ करोड लाग्यो। त्यो बचेको पैसा हामी अरुतिर खर्च गर्छौं। जनताको स–सानो समस्यामा ध्यान दिन्छौँ। जनतालाई खानेपानीको समस्या हुँदा हामी ठूला बिल्डिङ बनाउनतिर लाग्दैनौँ।

**तपाईंको त पार्टीको नाममै मजदुर र किसान जोडिएको छ, उनीहरूका लागि चाहिँ यो पटक के गर्ने योजना छ ?**

मजदुर र किसानका लागि वैकल्पिक रोजगारीको योजनामा छौँ। किसानी गरेर खाने जग्गाजमिन सकिइसक्यो। उनीहरूको पेसालाई नै परिवर्तन गर्नुपर्ने अवस्था छ। हामी उनीहरूलाई सीपमूलक तालिमको व्यवस्था गर्नेछौँ। डकर्मी, सिकर्मीको तालिम दिनेछौँ। युवाहरूका लागि मोबाइल, मोटरसाइकल मर्मत तालिमको व्यवस्था हुनेछ। किसानहरूले खेत छैन भनेर बस्नु नपरोस् भन्ने हाम्रो उद्देश्य हो। हातमा सीप भए सबैजना आत्मनिर्भर बन्न सक्छन्।

**केही समयअघि काठमाडौंका मेयर उम्मेदवार बालेन साह तपाईंलाई भेट्न आएका थिए, उनले भक्तपुरबाट सिकेर केही काम गर्ने भनिरहेका छन्, तपाई सहकार्य गर्न कतिको तयार हुनुहुन्छ ?**

हाम्रो भेट चुनावभन्दा अगाडि नै भएको थियो। हामीबीच यहाँको सम्पदा र काम गर्ने शैलीबारे कुराकानी भयो। हामी उहाँसँग मात्र होइन, सबैसँग मिलेर काम गर्न तयार छौँ। जनप्रतिनिधिसँग मिलेर काम गर्न पाउनु राम्रो पनि हो। हामीले आफूमा भएको सीप दिएर उहाँहरूसँग भएको अनुभव लिने हो।

**पछिल्लो समय धेरै स्वतन्त्र उम्मेदवारहरू विजयी भएका छन्, यसलाई कसरी नियालिरहनुभएको छ ?**

यसलाई पार्टीले सही व्यक्तिलाई नउठाउँदा जनताले पोखेको असन्तुष्टिका रूपमा हेर्न सकिन्छ। पार्टीमा आस्था हुँदाहुँदै पनि प्रतिनिधि चित्त नबुझेर स्वतन्त्रलाई जिताएको पनि हुनसक्छ। युवालाई अवसर दिन खोजेको पनि होला। तर, यसको मुख्य कारण भनेको राजनीतिक रूपमा जनतालाई सचेत पार्न नसक्नु हो।

राजनीतिक रूपले आफ्ना जनतालाई सचेत र विश्वास दिलाउन सकियो भने एउटा भोट पनि तल–माथि हुँदैन। नत्र जनता जसलाई मन लाग्छ, त्यसलाई हाल्छु भन्नेतिर जान्छन्। पहिला पनि नानीमैयाँ दाहाललाई जिताएको इतिहास हामीसँग छ। स्वतन्त्रले पनि आफ्नो हिसाबले काम गर्लान्। तर, दलीय व्यवस्थामा दलको विकल्प व्यक्ति होइन, दल नै हुन्छ।


स्वतन्त्र भएर काम गर्दा बजेट पास नहुनेदेखि धेरै समस्या भोग्नुपर्छ। कसै न कसैसँग नमिली एउटा पनि प्रस्ताव पास गर्न सकिँदैन। सबैलाई समन्वय गर्ने भन्ने शब्द साह्रै सजिलो र कर्णप्रिय छ। तर, गर्न त्यति सजिलो छैन। अल्पमतको सरकारलाई त चुनौती हुन्छ भने स्वतन्त्रहरूलाई काम गर्न सजिलो छैन। तर, सबैले आफ्नो शैली र खुबीले काम गर्ने हो।

(ईकागज, जेठ १२)



# स्थानीय निर्वाचन २०७९

| | |
|---|---|
| **जम्मा पालिका** | ७५३ |
| महानगर ६, उपमहानगर ११<br>नगर २७६, गाउँ ४६० | |
| **जम्मा पद** | ३५२२१ |
| **कूल मतदाता** | १७७३३७२३ |
| पुरुष ८९८२०१०, महिला ८७४१५३०,<br>अन्य १८३ | |
| **कूल उम्मेदवार** | १४५०११ |
| पुरुष ८९३१३, महिला ५५६९८ | |
| **निर्विरोध निर्वाचित** | ३९० |




| प्रदेश | जिल्ला | मनपा | उपमनपा | नपा | गापा | जम्मा पालिका | जम्मा वडा | महिला मतदाता | पुरुष मतदाता | मतदान स्थल | मतदान केन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १४ | १ | २ | ४६ | ८८ | १३७ | ११५७ | १६४७५६१ | १६९९८०० | १८७७ | ४०५१ |
| मधेस | ८ | १ | ३ | ७३ | ५९ | १३६ | १२७९ | १५३३१५८ | १७९७९४५ | २१६३ | ४१८९ |
| बागमती | १३ | ३ | १ | ४१ | ७४ | ११९ | ११२१ | १७०७९४२ | १७०४८९८ | १७९२ | ४०९५ |
| गण्डकी | ११ | १ | ० | २६ | ५८ | ८५ | ७५९ | ९२४९४८ | ८६४४५२ | १२५३ | २३०० |
| लुम्बिनी | १२ | ० | ४ | ३२ | ७३ | १०९ | ९८३ | १६०१३५२ | १६१८०७३ | १६२९ | ३८३२ |
| कर्णाली | १० | ० | ० | २५ | ५४ | ७९ | ७१८ | ४९५०९९ | ५०६१८० | ९०७ | १३८५ |
| सुदूर पश्चिम | ९ | ० | १ | ३३ | ५४ | ८८ | ७३४ | ८३१४७० | ८००६६२ | ११३५ | २१०३ |
| **जम्मा** | **७७** | **६** | **११** | **२७६** | **४६०** | **७५३** | **६७५१** | **८७४१५३०** | **८९९२०१०** | **१०७५६** | **२१९५५** |

स्रोत : निवर्वाचन आयोग

# स्थानीय तह निर्वाचन २०७९ - मतदानको दिन

स्थानीय तहको निर्वाचन यस पटक वैशाख ३० गते एकै चरणमा गरिएको थियो । सुदूरपश्चिमको टिंकर र छांगरूमा पनि मतदान गरियो । शासक दलका थुप्रै नेताहरूले आचारसंहिताको उल्लङ्घन गरे । निर्वाचन आयोगले दोहोऱ्याएर पनि २४ घण्टे स्पष्टिकरण सोधे । तर कारबाही केही गरेको जानकारीमा आएन । यद्यपि प्रमुख निर्वाचन आयुक्तले केही राजनीतिक दलको कार्य, सुरक्षा व्यवस्था आदिबारे गुनासो पोखे । देशभरमा ८५ मतदान केन्द्रमा चुनाव स्थगित भए पनि समग्रमा निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भयो । स्थगित मतदान केन्द्रहरूमा पछि चुनाव भयो ।

मतदानको दिनका केही तस्बिर विभिन्न पत्रपत्रिकाबाट –




g]kfn cWoIf gf/fo0fdfg lahS5] F dtbfg ug{x'b} 



g]kfnsf sf]lbs] o ;b:o Pjd\ eQmk'/ gkfsf ]kd'vsf pDd]bjf/ ;lgn kh]fklt dtbfg ug{x'b} 




g]kfnsf ;lrj Pjd\;f+b k|d'v ;'jfn dtbfg ug{x'b} 



g]kfnsf ;ef;b\;/]|b|/fh uf]f0f{ dtbfg ug{x'b} 



ut rgfjsf] dtu0fgfdf st}dtkq vf0lbPsf]n] b ;k6s ;a}7fpdf kmnfd]hfnLsf]sf]7fdf dtu0fgf ul/of].









dtbfg ug{ sf]xL af]sfP/ cfP, sf]xL :6«]r/df cfP eg] sf]xL clS;hgsf] ;lnG8/ g}af]s]/ cfP .





ckfË / czQmnfO{ st}x\ln r]ò/ k|of]u ug{ bO{of] eg] st} glbPsf] lxnf]df 3;|]/ hfg'k¥of] .











dtbfgsf]bg st}tf8kmf8, st}dt kl]6sf n6/ efu}sf/ st};gfn]aGbs ;]gf\ofPsf]klg b]vof]

# नेमकिपाका उम्मेदवारलाई पार्टीको निर्वाचन चिह्न ‘मादल’ दिइएन



प्रेस विज्ञप्ति

नेपाल मजदुर किसान पार्टीको तर्फबाट सिन्धुपाल्चोक जिल्लाको लिसंखु पाखर गाउँपालिकाको अध्यक्ष पदमा मैले उम्मेदवारी दर्ता गराएको थिएँ। निर्वाचन कार्यालय लिसंखु पाखरले मेरो मनोनयन पत्र दर्ता गरी पार्टीको नाममा उम्मेदवार परिचय पत्र समेत दिइसकेको थियो। तर, निर्वाचन कार्यालयले वैशाख १७ गते नेमकिपाको चुनाव चिन्ह मादल प्रदान नगरी स्वतन्त्र चुनाव चिन्ह प्रदान गऱ्यो। निर्वाचन आयोग र निर्वाचन कार्यालयको यो निर्णय बहुदलीय प्रजातन्त्रविपरित हो। यसको विरोधमा नेमकिपा र व्यक्तिगतरुपमा म आफैले कानुनी उपचारमा लागेको यहाँ उल्लेख गर्न चाहन्छु। नेमकिपाका म उम्मेदवारलाई पार्टीको निर्वाचन चिन्ह ‘मादल’ नदिने प्रतिगामीहरुको यो निर्णयको म विरोध एवम् निन्दा गर्दछु।

गणेशराज खरेल
अध्यक्ष पदका उम्मेदवार
लिसंखु पाखर गाउँपालिका,
सिन्धुपाल्चोक

सिन्धुपाल्चोक। नेमकिपाको तर्फबाट सिन्धुपाल्चोक जिल्लाको लिसंखु पाखर गाउँपालिकाको अध्यक्ष पदमा उम्मेदवारी दिएका गणेशराज खरेलले पार्टीको निर्वाचन चिह्न नदिई स्वतन्त्र उम्मेदवारको चिह्न दिएकोमा विरोध एवं निन्दा गर्दै एक प्रेस विज्ञप्ति प्रकाशित गर्नुभएको छ।


विज्ञप्तिमा भनिएको छ, ‘नेमकिपाको तर्फबाट सिन्धुपाल्चोक जिल्लाको लिसंखु पाखर गाउँपालिकाको अध्यक्ष पदमा मैले उम्मेदवारी दर्ता गराएको थिएँ।

निर्वाचन कार्यालय लिसंखु पाखरले मेरो मनोनयन पत्र दर्ता गरी पार्टीको नाममा उम्मेदवार परिचय पत्रसमेत दिइसकेको थियो। तर, निर्वाचन कार्यालयले वैशाख १७ गते नेमकिपाको चुनाव चिह्न मादल प्रदान नगरी स्वतन्त्र चुनाव चिह्न प्रदान गऱ्यो।

निर्वाचन आयोग र निर्वाचन कार्यालयको यो निर्णय बहुदलीय प्रजातन्त्रविपरीत हो। यसको विरोधमा नेमकिपा र व्यक्तिगतरूपमा म आफैले कानुनी उपचारमा लागेको यहाँ उल्लेख गर्न चाहन्छु। नेमकिपाका म उम्मेदवारलाई पार्टीको निर्वाचन चिह्न ‘मादल’ नदिने प्रतिगामीहरूको यो निर्णयको म विरोध एवम् निन्दा गर्दछु।’

स्मरणीय छ, निर्वाचन आयोगमा दर्ता भएका दललाई निर्धारित चुनाव चिह्न नै दिलाउन नेपाल मजदुर किसान पार्टीले कानुनी सङ्घर्ष गरी अदालतबाट आयोगलाई पराजित गरेको थियो।

# नेमकिपाको कुनै दलसँग सहकार्य छैन



नेपाल मजदुर किसान पार्टी
NEPAL WORKERS & PEASANTS' PARTY
जिल्ला समिति भक्तपुर
District Committee, Bhaktapur

च.नं.
मिति : ..........................

मिति २०७९ वैशाख २९ गते

प्रेस विज्ञप्ति

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिले आजको मितिसम्म कुनैपनि विपक्षी दलसँग सहकार्य या गठबन्धन गर्ने निर्णय या समझदारी नगरेको सबैमा जानकारी गराउँछौं। त्यस प्रकृतिको निर्णय गर्ने अधिकार कुनै समिति र व्यक्तिलाई प्रत्यायोजन नगरिएको र यदि कहीं कतै कसैले त्यस्तो कार्यमा मौखिक या लिखित समझदारी जनाएको भए आधिकारिक नहुने समेत अनुरोध गर्दछौं।

देश दुई विचारमा विभाजित छ – देशघाती एमसीसी पक्षधर र एमसीसीविरोधी देशभक्त तथा प्रगतिशील पक्ष। देशघाती एमसीसीका पक्षधरहरूसँग निर्वाचनमा कुनैपनि समझदारी कायम नगर्ने नेमकिपाको केन्द्रीय नीति नै रहेको पुनः स्मरण गराउँदछौं।

सुरेन्द्रराज गोसाई
अध्यक्ष

भक्तपुर। नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिले वैशाख २९ गते एक प्रेस विज्ञप्ति प्रकाशित गर्दै स्थानीय निकाय निर्वाचन-२०७९ मा कुनै पनि विपक्षी दलसँग सहकार्य या गठबन्धन गर्ने निर्णय या समझदारी नगरेको स्पष्ट पारेको छ।

पार्टी जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईद्वारा हस्ताक्षरित उक्त विज्ञप्तिमा भनिएको छ– ‘वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिले आजको मितिसम्म कुनै पनि विपक्षी दलसँग सहकार्य या गठबन्धन गर्ने निणय या समझदारी नगरेको सबैमा जानकारी गराउँदछौं। त्यस प्रकृतिको निर्णय गर्ने अधिकार कुनै समिति या व्यक्तिलाई प्रत्यायोजन नगरिएको र यदि कहीं कतै कसैले त्यस्तो कार्यमा मौखिक या लिखित समझदारी जनाएको भए आधिकारिक नहुने समेत अनुरोध गर्दछौं।’

विज्ञप्तिमा भनिएको छ, ‘देश दुई विचारमा विभाजित छ– देशघाती एमसीसी पक्षधर र एमसीसीविरोधी देशभक्त तथा प्रगतिशील पक्ष। देशघाती एमसीसीका पक्षधरहरूसँग निर्वाचनमा कुनै पनि समझदारी कायम नगर्ने नेमकिपाको केन्द्रीय नीति नै रहेको पुनः स्मरण गराउँदछौं।’

# विभिन्न पालिकामा नेमकिपाका विजयीहरू



## दैलेख

### चामुण्डा विन्द्रासैनी नगरपालिका

दैलेखको चामुण्डा विन्द्रासैनी नगरपालिकाको **वडा नम्बर १** को अध्यक्षमा नेपाल मजदुर किसान पार्टीका उदय विक निर्वाचित हुनुभएको छ । उहाँ ३१७ मत ल्याएर निर्वाचित भएका हुन् ।



pbo ljs

वडा नम्बर १ को महिला सदस्यमा नेमकिपाकी लाली सारू मगर निर्वाचित हुनु भएको छ । उहाँले ३०७ मत पाउनु भएको हो ।



वडा सदस्यमा नेमकिपाका गोरखबहादुर केसीले ३३७ र सुरेन्द्र शाहीले ३२४ मत पाउनु भएको छ ।

नवनिर्वाचित वडाध्यक्ष उदय विक २०४० सालमा चामुण्डा गाविसको वडा नं १ को एक गरिब परिवारमा जन्मिनुभएको हो । विद्यार्थी जीवनदेखि नै नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घमा आवद्ध हुनुभएको हो । प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि गरिबीको कारणले उच्च शिक्षा हासिल गर्न उहाँ असमर्थ हुनुभयो ।

उहाँले लामो समयदेखि नेमकिपा चाविनपाको वडा नं. १ को सदस्य तथा पार्टी चावि नगर समितिको सदस्य भएर काम गर्दै आउनुभएको थियो । हाल उहाँ कृषि पेशामा संग्लन हुनुहुन्छ ।

चामुण्डाविन्द्रासैनी नगरपालिकाकै **वडा नं. ३** मा नेपाल मजदुर किसान पार्टीको तर्फबाट वडाध्यक्ष दिपबहादुर शाहीसहित सम्पूर्ण सदस्य विजयी हुनुभएको छ ।

विजयी वडाध्यक्ष शाहीले ४२८ मत प्राप्त गर्नुभएको छ ।



lbkaxfb'/ zfxL

विजयी वडा सदस्यमा बासुदेव कँडेलले ४४१, रविलाल सुनारले ४३९, महिला सदस्यमा कल्पना कुमारी थापामगरले ४४७ र दलित महिला सदस्यमा दानकला मिजार४४३ मत ल्याउनुभयो ।

दीपबहादुर शाहीको जन्म २०२५ माघ १० गते चाविनपा ३ हाडाकोटमा भएको थियो । उहाँले शिक्षाशास्त्रमा स्नातक तहको अध्ययन पूरा गर्नुभएको छ ।

उहाँले नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको सदस्य भएर आफ्नो राजनीतिक जीवन सुरु गर्नुभएको थियो । उहाँले नेपाल क्रान्तिकारी शिक्षक सङ्घको जिल्ला कोषाध्यक्ष, चाविनपा कार्यसमितिको अध्यक्ष भएर काम गर्नुभएको छ । हाल वडाध्यक्ष शाही पार्टी नगर समितिको सदस्य हुनुहुन्छ ।

चामुण्डाविन्द्रासैनी नगरपालिका **वडा नं. ७** मा नेमकिपाका वडाध्यक्ष इन्द्रप्रसाद चौलागाई ४०६ मत ल्याई पुनः निर्वाचित हुनुभएको छ ।



0Gbk|;fb rf}hfuf0{+

निर्वाचित वडा सदस्यमा लव जैसीले ३९९, महिला सदस्यमा वसन्ता खनालले ४०० र दलित महिला सदस्यमा जयकला विकले ३९५ प्राप्त गर्नुभयो ।

वडाध्यक्ष चौलागाई नेमकिपा, चामुण्डाविन्द्रासैनी नगर समितिका सदस्य हुनुहुन्छ ।

## धन्यवादज्ञापन र्‍याली

नेपाल मजदुर किसान पार्टीको तर्फबाट दैलेख चामुण्डाविन्द्रासैनी नगरपालिकामा निर्वाचित जनप्रतिनिधिको विजय जुलुस जेठ ३ गते भयो ।



चामुण्डाविन्द्रासैनी नपाको वडा नं १, ३ र ७ मा विजयी तीन जना वडाध्यक्ष र १० जना सदस्यसहितको विजय जुलुसले नपाको केन्द्र जम्बुकाँध बजार परिक्रमा गरेको थियो । विजय जुलुस जम्बुकाँध बजारबाट विशालबजार पुगेको थियो । विशालबजारबाट प्रत्येक वडाका सर्वसाधारणसहितको जुलुस आआफ्नो वडातिर गएको थियो ।

पञ्चेबाजासहितको जुलुसमा नाचगान गरेर खुसियाली मनाइएको थियो । जुलुसमा एमसीसीविरुद्धका नारासमेत लगाइएको थियो । सर्वसाधारणले नवनिर्वाचित जनप्रतिनिधिलाई ठाउँठाउँमा अबिरसिन्दुर लगाएर स्वागत गरेका थिए ।

विजय जुलुस वडा नं १ को पानीचौरमा पुगेपछि आयोजित जनसभामा नेमकिपाका केन्द्रीय सदस्य एवम् दैलेख जिल्ला अध्यक्ष जग्यबहादुर शाहीले मतदातालाई धन्यवाद दिनुहुँदै नवनिर्वाचित प्रतिनिधिहरूलाई पार्टीको घोषणापत्रअनुसार इमानदारीसाथ काम गर्न अनुरोध गर्नुभयो ।

पार्टी वडा समितिका सचिव लालबहादुर पौडेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा जिल्ला समितिका पूर्वअध्यक्ष पूर्णबहादुर शाही, जिल्ला सदस्य केशेन्द्र कार्की, नेमकिपा सुर्खेत जिल्ला सचिव धनेन्द्र विक, निर्वाचित वडाध्यक्ष उदय विक र सदस्य सुरेन्द्र शाहीले मन्तव्य राख्नुभएको थियो ।

# कालिकोट

## शुभकालीका गाउँपालिका

कालीकोट, १ जेठ । कालीकोट जिल्ला शुभकालीका गाउँपालिका **वडा नं. ३** को वडा अध्यक्षमा नेपाल मजदुर किसान पार्टी विजयी भएको छ । वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा नेमकिपाको तर्फबाट उम्मेदवारी दिनुहुने प्रकाशबहादुर शाहीले ४५८ मत प्राप्त गर्नुभएको हो ।



k|sfzaxfb'/ zfxL

निर्वाचित महिला सदस्यमा जयसरा रोक्कामगरले ३७३, दलित महिला सदस्यमा तुलसी दमाइले ३८३ र खुला सदस्यमा गोकर्ण तिरुवाले ३७८ मतले विजयी हुनुभएको हो ।

वडाध्यक्ष निर्वाचित प्रकाशबहादुर शाहीको जन्म २०४२ मंसिर २१ गते कालिकोट भर्तामा भएको थियो । शाहीले नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घबाट राजनीतिक गतिविधिको सुरुआत गर्नुभएको थियो । उहाँ पार्टीका विभिन्न गतिविधिमा सक्रिय हुनुहुन्छ ।

## तिलागुफा नगरपालिका

कालिकोट, २ जेठ । कालिकोट जिल्ला, तिलागुफा नगरपालिका **वडा नम्बर ३** को वडा अध्यक्षमा नेमकिपाका सूर्यबहादुर शाही पुनः निर्वाचित हुनुभएको छ । उहाँ २४७ मतले विजयी हुनु भएको हो ।

त्यस वडामा दलित महिला सदस्यमा २३४ मतले होइजा दमाई निर्वाचित हुनुभएको छ । उहाँ नेमकिपा, कालीकोट जिल्ला समिति सदस्य दिवंगत लौके दमाईकी धर्मपत्नी हुनुहुन्छ ।

नवनिर्वाचित वडाध्यक्ष शाही नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ र नेपाल क्रान्तिकारी युवा सङ्घमा क्रियाशील हुनुहुन्थ्यो । गत वैशाखमा सम्पन्न पार्टीको तिलागुफा नगर सम्मेलनबाट उहाँ अध्यक्षमा निर्वाचित हुनुभएको थियो ।

त्यस्तै तिलागुफा नगरपालिका **वडा नं.९** मा नेमकिपाका नरेन्द्र रोकाया २४२ मतले वडाध्यक्ष पदमा पुनः निर्वाचित हुनुभएको छ । रोकाया नेमकिपा, तिलागुफा नगर



;'o{axfb'/ zfxL

समितिका सदस्य हुनुहुन्छ । सोही वडामा महिला सदस्यमा नेमकिपाका माया कुमारी जिसी २८२ मत र दलित महिला सदस्यमा लालकौरा विक २४० मतले विजयी हुनुभएको छ ।



g/]b|/f]sfof

तिलागुफा नगरपालिकाको **वडा नं. २** को धनबहादुर बोहराले ११३ मत, **वडा नं. ११** को महिला सदस्यमा गौरी शाहीले २१७ मत र वडा सदस्यमा प्रवल शाहीले २०८ मत ल्याई निर्वाचित हुनुभएको छ।

## जुम्ला

वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा जुम्लाको सिँजा गाउँपालिका वडा नं. ६ मा नेपाल मजदुर किसान पार्टीका वडाध्यक्षसहित सबै सदस्य विजयी हुनुभएको छ।



nfnaxfb'/ a9f

निर्वाचन परिणामअनुसार वडाध्यक्षमा लालबहादुर बुढाले ४ सय ७७ मत प्राप्त गर्नुभएको छ। त्यस्तै, महिला वडासदस्य बसम बुढाले ३२९, दलित महिला सदस्य शान्ति नेपालीले ४०४, खुला सदस्य जयलाल रावतले ३८४ र रामबहादुर रोकायाले ३७७ मत पाउनुभएको हो।

## भक्तपुर

### चाँगुनारायण नगरपालिका

भक्तपुरको चाँगुनारायण नगरपालिका **वडा नं. ९** मा नेपाल मजदुर किसान पार्टीको तर्फबाट वडाध्यक्षसहित सबै उम्मेदवारले विजय हासिल गर्नुभएको छ।

निर्वाचन परिणामअनुसार गणेश त्यातले १७ सय ८६ मत प्राप्त गरी वडाध्यक्षमा पुनः निर्वाचित हुनुभएको हो। उहाँ नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य हुनुहुन्छ।



u0f]z Toft

उक्त वडाको महिला सदस्यमा कमला भारती गिरीले १६ सय २८ मत प्राप्त गर्नुभयो भने दलित महिला सदस्यमा सुमित्रा दर्जीले १६ सय २२, वडा सदस्यमा विद्यापति प्वार थापाले १५ सय ६६ मत र रविन बासुकलाले १५ सय ३४ प्राप्त गर्नुभएको छ।

ताथली गाविसमा विगतमा पनि नेमकिपाले नै विजयी हासिल गर्दै आएको थियो।



मतगणनाको परिणाम सार्वजनिक भए लगत्तै मतगणनास्थल खरिपाटीबाट निकालिएको विजयी जुलुस च्याम्हासिंह हुँदै ताथलीको फैढोकामा पुगेर समापन गरिएको थियो।

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईले एनजिओ र आईएनजिओको पैसाले चुनाव जित्नु जनताप्रतिको घात हो र कुनै पनि कम्युनिष्ट पार्टीले विदेशीको पैसाको आडमा चुनाव जित्ने नगरेको बताउनुभयो।

## मध्यपुर थिमि नगरपालिका

भक्तपुरकै मध्यपुर थिमि नगरपालिका **वडा नं. ८** को वडाअध्यक्ष पदमा नेपाल मजदुर किसान पार्टीका उम्मेदवार रमेश थापाश्रेष्ठ विजयी हुनुभएको छ। उहाँ एक हजार दुई सय २६ मतका साथ विजयी हुनुभएको हो।



/d]z yfkf>]7

उहाँका साथै नेमकिपाबाट वडा सदस्यहरू सुरेन्द्र था श्रेष्ठ ९७७ मत, विजय प्रकाश साहुखल ९२८ मत, दलित महिला सदस्य मनिषा परियार १०१७ मतले विजयी हुनुभएको छ।

### मतदाताहरूलाई धन्यवाद ज्ञापन

'चुनावमा गरिने पद र पैसाको दुरूपयोगले देशले सधैँ गलत परिणाम भोग्नुपर्ने भएकोले नेपाल मजदुर किसान पार्टीले यस्ता अनियमित, गैरकानुनी, गैरप्रजातान्त्रिक कामको सधैँ विरोध गर्ने गरेको छ।'

उक्त भनाइ नेमकिपा, बोडे ८ वडा एकाइ समितिको आयोजनामा जेठ ७ गते भएको मतदाताहरूलाई धन्यवाद ज्ञापन सभामा नेमकिपा भक्तपुर जिल्ला अध्यक्ष सुरेन्द्रराज गोसाईले व्यक्त गर्नुभएको हो।

उहाँले नेमकिपाले निर्वाचनमा प्राप्त गरेको मत देशभक्तिपूर्ण आन्दोलन, सत्य र निष्ठाको मत तथा एमसीसीविरोधी मत भएको धारणा राख्नुभयो।




'अब वडा कार्यालयबाटै जनतालाई सजग र सचेत बनाई देशभक्तिपूर्ण भावना जगाउने कार्यक्रमहरू ल्याउनु आवश्यक छ', उहाँले भन्नुभयो।

कार्यक्रममा नेमकिपाबाट मध्यपुर थिमि नगरपालिकाको वडा नं. ८ मा निर्वाचित वडाध्यक्ष रमेश थापाश्रेष्ठले नेमकिपाको जित भनेको भूमिगत कालदेखि गरिआएको सङ्घर्ष र जनताले गरेको अगाध मायाको परिणाम भएको बताउनुहुँदै पार्टीको सिद्धान्तअनुसार सेवामा लाग्ने वचनबद्धता व्यक्त गर्नुभयो।

सबै स्थानीय तहले 'ख्वप मोडेल' लाई अवलम्बन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

नेमकिपा, बोडे ८ वडा एकाइ समितिका अध्यक्ष रामसुन्दर थाको सभापतित्वमा सम्पन्न उक्त सभामा नेमकिपा, मध्यपुर नगर समितिका उपाध्यक्ष वीरकृष्ण प्रजापति, सजीव था र अम्बर दलीले पनि बोल्नुभएको थियो।

### पद बहाली

मध्यपुर थिमि नगरपालिकाको अन्य वडामा झैँ वडा नं ८ मा पनि पद बहाली भयो। वडा नं. ८ मा नेमकिपाबाट निर्वाचित वडाध्यक्ष रमेश थापा श्रेष्ठसहित वडा सदस्यहरूले जेठ ९ गते एक समारोहबीच पद बहाली गर्नुभयो।

नवनिर्वाचित जनप्रतिनिधिहरूको वडा समितिको पहिलो बैठकले निर्वाचनमा नेमकिपाका उम्मेदवारहरूलाई मतदान गरी निर्वाचित गर्ने स्थानीय वडावासी मतदाता, सुरक्षाकर्मी, कर्मचारी तथा सम्बन्धित सबैमा धन्यवाद दिने निर्णय गर्‍यो।

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ।**

# केही समाचार

## जनतालाई दिएको वचन पूरा गर्न जनताको राय सल्लाहअनुसार अगाडि बढ्ने




नेपाल मजदुर किसान पार्टी भक्तपुर नगरपालिका वडा नं. ४ समन्वय समितिको आयोजनामा स्थानीय तहको निर्वाचनमा नेमकिपाको तर्फबाट विजयी उम्मेदवारहरूलाई बधाई तथा वडावासी मतदाता, सहयोगी र स्वयम्सेवक महानुभावहरूलाई धन्यवाद ज्ञापन कार्यक्रम जेठ ८ गते सम्पन्न भयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् नवनिर्वाचित प्रमुख **सुनिल प्रजापति**ले चुनावमा जनतालाई दिएको वचन पूरा गर्न जनताको राय, सुझाव र सल्लाहअनुसार काम गर्दै अगाडि बढ्ने प्रतिबद्धता दोहोऱ्याउनुभयो । उहाँले कृषिप्रधान देशमा मलको अभाव छ, कृषि उत्पादनमा ह्रास छ र निर्यातभन्दा आयातमा वृद्धि भइरहेको छ भन्नुभयो । सरकारले ख्वप विश्वविद्यालय र मेडिकल कलेजको स्वीकृति नदिएसम्म सङ्घर्ष चालू रहने विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

श्रीलङ्कामा पर्यटक आगमन न्यून हुँदा आर्थिक सङ्कट निम्तिएको उल्लेख गर्नुहुँदै उहाँले देशलाई आत्मनिर्भरतातर्फ अगाडि बढाउन नयाँ प्रविधिको प्रयोग गर्दै जनतासित मिलेर काम गर्नुपर्ने आवश्यकतामाथि प्रकाश पार्नुभयो ।

उहाँले राजनैतिक सिद्धान्त र विचारमा स्पष्ट नभएका गठबन्धन पार्टीहरूले जतिसुकै सीट जिते पनि देश र जनताको हितमा काम नहुने दाबी गर्नुभयो ।

नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष एवम् बागमती प्रदेश सांसद **सुरेन्द्रराज गोसाईं**ले सङ्गठन विकास र विस्तारका लागि भावनात्मक एकता आवश्यक भएको धारणा राख्नुहुँदै पदमा नरहेकाहरूको पनि उत्तिकै जिम्मेवारी रहन्छ भन्नुभयो । सन्तुलित विकासको अवधारणालाई व्यवहारमा लागू गरे देश विकासमा लामो समय नलाग्ने बताउनुहुँदै उहाँले राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिबारे जनतालाई सुसूचित गर्ने काममा नेमकिपा अघि रहेको चर्चा गर्नुभयो । चुनाव जित्न लाखौँ करोडौँ खर्चने राजनीतिक दल र तिनका उम्मेदवारहरूको कारण महँगी बढेको भनाइ राख्नुहुँदै उहाँले समाजको आमूल परिवर्तनको लागि कार्यकर्ताहरूले सधैँ दतचित भएर काम गर्नुपर्ने खाँचो औँल्याउनुभयो ।

उपप्रमुख **रजनी जोशी**ले अग्रजहरूले गरेका सम्पदा निर्माण र संवर्द्धनलाई निरन्तरता दिँदै जाने, शिक्षा, स्वास्थ्य, वातावरण, सरसफाइजस्ता आधारभूत आवश्यकता पूरा गर्ने कार्यमा भक्तपुर नगरपालिकाले निरन्तर काम गरिरहेको उल्लेख गर्नुभयो । भक्तपुर नगरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने, मौलिक सम्पदा, संस्कृतिको जगेर्ना गरी नगरवासीहरूको सांस्कृतिक स्तर माथि उकास्नेलगायत सचेत, सभ्य र सुसंस्कृत नागरिक तयार गर्न निरन्तर अगाडि बढ्ने धारणा व्यक्त गर्नुभयो ।

नेमकिपा ४ वडा समन्वय समितिका संयोजक एवं नवनिर्वाचित वडाध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा निवर्तमान वडाध्यक्ष कुमार चवाल, कृष्णलक्ष्मी दुवाल, विजय लोहला, एच. एस. सुवाल, न्हुछेराम भेले र बालकृष्ण प्रजापतिलगायतले बोल्नुभएको थियो ।

## निर्वाचन समीक्षा




नेपाल मजदुर किसान पार्टी भनपा ९ दत्तात्रय चुनाव परिचालन समितिको आयोजनामा जेठ ९ गते समीक्षा कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भनपा वडा नं ९ का निर्वाचित वडाध्यक्ष **रबीन्द्र ज्याख्व**ले मतदाताहरू सचेत हुनुपर्ने बताउनुहुँदै हरेक निर्णय सरसल्लाहले गर्ने बताउनुभयो ।

उहाँले नयाँ पुस्तालाई उत्प्रेरित गर्ने गतिविधिहरू गरिरहनुपर्ने बताउनुभयो । उहाँले विपक्ष उम्मेदवारहरू एउटा

वर्गका प्रतिनिधि भएको बताउनुहुँदै निर्वाचित भइसकेपछि सबैको उम्मेदवार भएकोले कसैलाई विभेद नगर्ने बताउनुभयो।

कार्यक्रममा नेमकिपा भक्तपुर नगर समितिका प्रतिनिधि **कृष्णगोविन्द लाखा**ले विपक्षले नेमकिपाबारे भ्रूटको खेती गरेको कारण मतदाताहरूले नेमकिपालाई मत दिएको बताउनुभयो। उहाँले युवा-विद्यार्थी परिचालनबारे समीक्षा आवश्यक छ भन्नुभयो।

कार्यक्रममा नेमकिपा भनपा ९ को समन्वय समितिका अध्यक्ष **कृष्णभक्त लवजु**ले पार्टीको कार्यमा व्यक्ति गौण हुने बताउनुहुँदै मतदाता शिक्षाको अभावको कारण केही मत बदर भएको बताउनुभयो। उहाँले युवा पुस्ता जागरुक हुने भएकोले युवा परिचालन गरी सङ्गठित गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा पूर्ववडाध्यक्ष **विष्णुबहादुर मानन्धर**ले समन्वय गर्ने कार्य अभाव भएको बताउनुहुँदै पुराना कार्यकर्ताहरूलाई समेट्नुपर्छ भन्नुभयो। उहाँले सङ्कटको समयमा सहयोग गर्नेमात्र पार्टी कार्यकर्ता हुने बताउनुभयो।

कार्यक्रममा समीक्षाबारे बोल्दै **निरज लवजू**ले पाँचवर्षे जनप्रतिनिधिको गतिविधि सञ्चारमाध्यममा छाएको चर्चा गर्नुहुँदै अब नयाँ पुस्ताको भावनालाई कसरी संस्थागत गर्ने भन्ने विषयमा समीक्षा गर्नुपर्ने बताउनुभयो।

नेमकिपा भनपा ९ दत्तात्रय चुनाव परिचालन समितिका संयोजक **सञ्जय मानन्धर**को सभापतित्वमा भएको कार्यक्रममा इन्द्रबहादुर प्याथ, ज्ञानबहादुर मानन्धर, कृष्णबहादुर प्रजापति, रामकृष्ण प्रजापति, श्यामकृष्ण लवजु, लक्ष्मीप्रसाद गाईजू, सुनिल जंगम, पशुपतिभक्त थकु, रत्न चवाल, विशेश्वर मानन्धरले समीक्षात्मक मन्तव्य राख्नुभएको थियो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का प्रमुख मिलनकुमार शाक्यले जेठ ९ गते भेट गर्नुहुँदै मेलम्चीको पानी अबको २-३ दिनभित्रै वितरण गरिने जानकारी गराउनुभयो।

भेटमा नगर प्रमुख प्रजापतिले भक्तपुरमा पानीको सहज वितरणलाई प्राथमिकतामा राख्दै आएको बताउनुहुँदै खानेपानीको समस्या समाधान छिटै गर्नु आवश्यक भएको बताउनुभयो। उहाँले खानेपानीको समस्या हाल भक्तपुरको ठूलो समस्याको रूपमा रहेको बताउनुहुँदै जनतालाई छिटोभन्दा छिटो सहज तरिकाले मेलम्चीको पानी वितरणमा जोड दिनुपर्छ भन्नुभयो।

भेटमा केयुकेएलका प्रमुख मिलनकुमार शाक्यले जनप्रतिनिधिहरूले खानेपानी व्यवस्थापनमा चासो लिएकोप्रति धन्यवाद दिनुहुँदै अबको २-३ दिनभित्रै कटुञ्जे पानी ट्याङ्कीबाट मेलम्चीको पानी भक्तपुरमा वितरण हुने तयारी भइरहेको बताउनुभयो। उहाँले पानीको स्रोत बढाउने प्रयत्न पनि भइरहेको र सुन्दरीजलमा थप १० करोड लिटर थप्ने योजना अघि बढाइरहेको बताउनुभयो।

उहाँले महादेव खोलामा बाँध बाँधेर भक्तपुरमा पानी वितरण गर्ने योजनालाई अघि बढाउने पहल भइरहेको बताउनुहुँदै प्रमुख शाक्यले भक्तपुरवासीलाई सहज पानी उपलब्ध गराउन केयुकेएलले निरन्तर प्रयास जारी राखेको बताउनुभयो। भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, नपाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, केयुकेएल भक्तपुरका प्रमुख सुरेन्द्र हिमालय श्रेष्ठ, ई. चेतबहादुर ऐरलगायतको उपस्थिति थियो।

# नगर प्रमुख प्रजापतिसँग केयुकेएलका प्रमुख शाक्यको भेट

## अबको २-३ दिनभित्रै भक्तपुरमा मेलम्चीको पानी



# भक्तपुरमा जेठको दोस्रो हप्ताबाट मेलम्चीको पानी वितरण हुने



भक्तपुर नगरपालिकामा जेठको दोस्रो हप्ताबाट मेलम्चीको पानी वितरण सुरु हुने भएको छ । सूर्यविनायकको कटुञ्जेस्थित खानेपानी ट्यांकीमार्फत जेठको दोस्रो साताबाट भक्तपुर नगरपालिकामा खानेपानी वितरण सुरु हुन लागेको हो ।

भक्तपुर नगरपालिकाका नवनिर्वाचित प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, वडाध्यक्षहरू रबिन्द्र ज्याख्व, हरिप्रसाद बासुकला र खानेपानी कार्यालय भक्तपुरका प्रमुख सुरेन्द्र हिमालय श्रेष्ठले जेठ ६ गते संयुक्त रूपमा कटुञ्जेस्थित खानेपानी ट्यांकीको स्थलगत निरीक्षण गर्नुभएको थियो ।

सोही अवसरमा प्रमुख प्रजापतिले मेलम्चीको पानी छिटोभन्दा छिटो भक्तपुरमा वितरण गर्न सके खानेपानीको समस्या समाधान हुने बताउनुभयो । प्रमुख प्रजापतिले केयुकेएलका प्रमुख मिलन शाक्य र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जिव विक्रम राणासँग कुराकानी गर्नुहुँदै भक्तपुरमा खानेपानी समस्या समाधानको लागि मेलम्चीको पानी वितरणमा ढिलाइ गर्न नहुनेमा जोड दिनुभयो ।

सोही क्रममा केयुकेएलका शाक्य र सीईओ राणाले २०७९ वैशाख १९ गतेबाटै कटुञ्जेको खानेपानी ट्यांकीमा मेलम्चीको पानी खसालिसकेको र अब छिटै भक्तपुरमा उक्त पानी वितरण हुने बचनबद्धता व्यक्त गर्नुभयो ।

निरीक्षणकै क्रममा खानेपानी कार्यालय भक्तपुरका प्रमुख सुरेन्द्र हिमालय श्रेष्ठले कटुञ्जेमा हाल ६० लाख लिटर र १०।१० लाख लिटर गरी ८० लाख लिटर बराबर क्षमता भएको खानेपानी ट्यांकी निर्माण भइरहेको अवगत गराउनुहुँदै खानेपानी पाइप बिछ्याउने कार्य सकिएलगत्तै भक्तपुरमा पनि मेलम्चीको पानी वितरण सुरु गर्ने बताउनुभयो ।

कटुञ्जे खानेपानी ट्यांकीमा खसालिएको मेलम्चीको पानीको गुणस्तर परीक्षणलगत्तै मेलम्चीको पानी २४ सै घण्टा पानी वितरण गर्न सकिने उहाँले बताउनुभयो ।

## मेलम्चीको पानी वितरण सुरु

बहुप्रतिक्षित मेलम्ची खानेपानी आयोजनाको पानी जेठ १२ गते बिहीबार दिउँसो १२ बजेदेखि भक्तपुरवासीहरूको धारामा खसेको छ । भक्तपुर नगरपालिकामा हाललाई कटुञ्जेस्थित खानेपानी ट्याङ्कीबाट भक्तपुर नपा वडा नं. १, २, ३, ४ र ५ वडामा मेलम्चीको खानेपानी वितरण सुरु भएको हो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र केयुकेएल भक्तपुरका निवर्तमान प्रमुख सुरेन्द्र हिमालय श्रेष्ठले बिहीबार संयुक्त रुपमा मेलम्चीको पानीको साँचो खोली भक्तपुरवासीहरूको घरघरमा खानेपानी वितरण सुरु गरिएको हो ।



सो अवसरमा नगर प्रमुख प्रजापतिले भक्तपुर नपाले खानेपानीको समस्या समाधानतर्फ सुरुदेखि आवश्यक पहल गरिरहेको र निर्वाचनमा पनि खानेपानीलाई पहिलो प्राथमिकतामा राख्दै जनतालाई जेठको दोस्रो हप्ताभित्र मेलम्चीको पानी वितरण गर्नेमा जोड दिँदै आउनुभएको थियो ।



उहाँले भक्तपुरमा मेलम्चीको पानी वितरण सुरु भएसँगै जनताहरू निकै खुशी भएको बताउनुभयो ।

सोही क्रममा केयुकेएल भक्तपुरका सुरेन्द्रहिमालय श्रेष्ठले भक्तपुरवासी जनतालाई मेलम्चीको खानेपानी वितरण गर्न सफल भएकोमा गौरवान्वित महसुस भएको बताउनुहुँदै भक्तपुरमा अब खानेपानीको समस्या सहज हुने बताउनुभयो ।



Sjf5[f]wf/fdf dh]DrLsf]kfgL

मेलम्चीको पानी वितरणसँगै भक्तपुरका स्थानीयहरू निकै खुशी देखिएका थिए । विगत २० वर्षदेखि खानेपानीको समस्या भोगिरहेका खौमा, इटाछेँ, बोलाछेँ, टौमढीलगायतका स्थानीयहरूले मेलम्चीको पानी वितरण भएसँगै नगर प्रमुख सुनिल प्रजापतिलाई धन्यवादसमेत दिएका थिए । पानी वितरणसँगै ठाउँ ठाउँमा पाइपहरू फुटेर पानी चुहिएको पनि देखिएको छ । त्यसलाई छिटै नै व्यवस्थापन गर्नुपर्ने स्थानीयवासीहरूको माग रहेको छ ।

# युग सुहाउँदो शिक्षा दिन शिक्षकहरूले मिहिनेत गर्नुपर्छ : प्रमुख प्रजापति

स्थानीय निर्वाचन २०७९ मा भक्तपुर नगरपालिका वडा नं. ८ बाट निर्वाचित जनप्रतिनिधिहरूलाई जेठ ९ गते समाज सुधार माविले बधाईज्ञापन कार्यक्रमको आयोजना ग¥यो ।

कार्यक्रममा भक्तपुर नपाका नवनिर्वाचित प्रमुख **सुनिल प्रजापति**ले असल र सभ्य नागरिक बन्न उच्च अध्ययनमा जोड दिनुपर्छ भन्नुभयो ।

विद्यार्थीहरू हरेक क्षेत्रमा अब्बल हुनुपर्ने उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले आजको अनुशासित विद्यार्थी नै भविष्यका असल नागरिक हुने हुँदा शिक्षक शिक्षिकाहरूले युग सुहाउँदो शिक्षा दिन मिहिनेत गर्नुपर्ने बताउनुभयो ।

भक्तपुरका जनप्रतिनिधिको काम पारदर्शी र जनमुखी भएकै कारण नेमकिपालाई अत्यधिक मतले विजयी गराएको स्पष्ट पार्नुहुँदै उहाँले भक्तपुर नपाले आगामी दिनहरूमा पनि जनतालक्षित कार्यक्रमलाई जोड दिँदै जाने बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले जनताको



अमूल्य मतबाट आफूहरू विजयी भएको प्रसङ्ग जोड्नुहुँदै जनतालक्षित गतिविधिलाई अगाडि बढाइने प्रतिबद्धता व्यक्त गर्नुभयो । भक्तपुर नगरको पहिचानलाई अझ बढावा दिँदै जाने विश्वास व्यक्त गर्नुहुँदै उपप्रमुख जोशीले यो नगरवासीहरूको विजय हो भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ८ का निर्वाचित वडाध्यक्ष **कृष्णप्रसाद कोजु**ले वडाको आगामी नीति तथा कार्यक्रमबारे अवगत गराउनुहुँदै वडावासीहरूकै साथ र सहयोगबाट वडाले आफ्ना कार्यक्रम अगाडि बढाउने बताउनुभयो ।

कार्यक्रममा समाज सुधार माविका प्रधानाध्यापक **जगन्नाथ प्रजापति** र पूर्वशिक्षक **राम प्रजापति**ले पनि विद्यालयको शैक्षिक अवस्था र आगामी योजनाहरूबारे आ–आफ्नो धारणा व्यक्त गर्नुभयो ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

# 'नेमकिपा सिद्धान्तहीन गठबन्धनमा लागेको छैन'



सेवा निवृत्त शिक्षक समाज भक्तपुरको आयोजनामा भक्तपुर नगरपालिकामा नवनिर्वाचित जनप्रतिनिधिहरूलाई बधाई एवं शुभकामना कार्यक्रम जेठ ७ गते गरियो। दोस्रो कार्यकालका निम्ति पुनः निर्वाचित नगर प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रममा उहाँले भक्तपुरलाई उत्कृष्ट नगर बनाउन सेवा निवृत्त शिक्षक समाजलगायत सम्पूर्ण नगरवासीसँग हातेमालो गर्दै अघि बढ्ने वचनबद्धता प्रकट गर्नुभयो।

कुर्सीको लागि विचारलाई बन्धक राखी गरिएको गठबन्धन सिद्धान्तहीन छ, नेमकिपा त्यस्तो गठबन्धनमा नलागेको प्रस्ट पार्नुहुँदै उहाँले देशघाती एमसीसीको चुनावमा मात्र हैन, आगामी दिनमा पनि निरन्तर विरोध गरिरहनेमा जोड दिनुभयो।

देशको असंलग्न परराष्ट्र नीतिविपरीत रूस–युक्रेन युद्धमा युक्रेनको पक्ष लिएर सरकारले गलत गरेको चर्चा गर्नुहुँदै उहाँले अब नचाहेर पनि अमेरिकी साम्राज्यवादको पक्षमा उभिन बाध्य हुने र नकारात्मक परिणाम भोग्नुपर्ने बताउनुभयो।

दोस्रो कार्यकालको पहिलो काम नगरवासीको लागि खानेपानीको समस्या समाधान गर्न केयूकेएलको कटुञ्जेको खानेपानी ट्यांकी निरीक्षण गर्न गएको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले नगरमा पानी पठाउन कुनै ढिलो नगर्न अनुरोध गरेको बताउनुभयो।

विपक्ष राजनीतिक दलहरूबाट रचनात्मक आलोचनाको अपेक्षा गर्नुहुँदै उहाँले भन्नुभयो, 'हामी जनताको सेवामा समर्पित छौँ, हाम्रो काम खुला पुस्तक सरह पारदर्शी छ, हामी अनुभवीको अनुभव, बुद्धिजीवी विद्वत्वर्गको सल्लाह–सुझावको उचित कदर गर्छौं।'

स्थानीय निकायमा जनप्रतिनिधि नभएको बेलामा इथुलीमा ख्वप विश्वविद्यालयको लागि जग्गा अधिग्रहण गर्न लाग्दा त्यसबेला माओवादीहरूले विरोध गरे, अहिले त्यहाँ न विश्वविद्यालय बन्यो न किसानसँग जग्गा नै बाँकी रह्यो, सबै प्लटिङ भएको विगत सम्झँदै उहाँले अहिले पनि सञ्चालन भइरहेको नर्सिङ कक्षा माओवादी शिक्षामन्त्रीले रोकेको हुँदा शिक्षाप्रति माओवादी दृष्टिकोण कस्तो रहेछ भन्ने स्पष्ट हुन्छ, यो कोणबाट हेर्दा ख्वप विश्वविद्यालय रोक्ने प्रचण्ड नै हो भन्ने पुष्टि हुन्छ भन्नुभयो।

नेमकिपाले मल्लकालीन ९९ चोक बनाउने सपना साँचेको हुँदा अदालत चोखा तुमचोमा सार्न लागेको उल्लेख गर्नुहुँदै उहाँले चुनावमा आफूहरूको कुनै पैसा खर्च नभएको बताउनुभयो।

ठूला भन्ने पार्टीहरूले साना–साना काम पनि गर्न नसकिरहेको अवस्थामा हामी सानो पार्टीले अरूलाई अनुकरण गर्न योग्य काम गरेका विभिन्न उदाहरणहरू उहाँले दिनुभयो।

निर्वाचनमा घोषित प्रतिबद्धताहरू क्रमशः पूरा गर्दै जाने कुरामा विश्वस्त हुन आग्रह गर्नुहुँदै उहाँले आयोजकप्रति आभार व्यक्त गर्नुभयो।

कार्यक्रममा पुनःनिर्वाचित उपप्रमुख **रजनी जोशी**ले अग्रजहरूकै पथ पछ्याउँदै आफूहरू अघि बढ्ने बताउनुहुँदै चलिरहेको नर्सिङ कक्षा रोक्नु निकृष्ट काम भनी टिप्पणी गर्नुभयो।

सम्पदा संरक्षणका कामहरू अझै धेरै गर्न बाँकी रहेको चर्चा गर्नुहुँदै उहाँले राष्ट्रिय कला सङ्ग्रहालय भएको भवन मल्लकालीन शैलीमै बनाउन लागेको जानकारी दिनुहुँदै भनपा नगरवासीको साथमा रहेको बताउनुभयो।

नवनिर्वाचित वडाध्यक्षहरूको तर्फबाट वडा नं. ९ का वडाध्यक्ष **रबीन्द्र ज्याख्व**ले निवृत्त शिक्षक समाजबाट नगरको शिक्षा क्षेत्रमा सहयोगको अपेक्षा गरेको भन्नुहुँदै नयाँ पुस्तामा नैतिक शिक्षा कम हुँदै गएकोमा सबैले चिन्तन गर्नुपर्ने बताउनुभयो।

आयोजक समाजका अध्यक्ष **अम्बिकामान मानन्धर**को सभापतित्वमा भएको उक्त कार्यक्रममा उपाध्यक्ष रामगोपाल कर्माचार्य, कोषाध्यक्ष विश्वराम कवां, सदस्यहरू ज्ञानसागर प्रजापति, रत्नकेशरी कक्षपति र तुल्सीराम ग्वाछाले बधाई एवं शुभकामना मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा नवनिर्वाचित जनप्रतिनिधिहरूलाई खादा ओढाई सम्मान गरिएको थियो।

# भक्तपुर नपाले आर्थिक पारदर्शितालाई उच्च महत्त्व दिँदै आएको छ : प्रमुख प्रजापति




नेपाल मजदुर किसान पार्टी निर्वाचन परिचालन समिति भक्तपुर नपा ५ खँला एकाइ समितिको आयोजनामा जेठ १० गते स्थानीय निर्वाचन २०७९ मा नेमकिपाका उम्मेदवारहरूलाई विजयी गराउन सहयोग गर्नुहुने सम्पूर्ण मतदाता तथा शुभचिन्तकहरूमा धन्यवादज्ञापन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका नवनिर्वाचित प्रमुख **सुनिल प्रजापति**ले नेमकिपाका जनप्रतिनिधिहरूले जनतालाई दिएको वचनअनुसार इमानदारिताका साथ काम गर्ने बताउनुभयो । खानेपानी र किसानको समस्यामा केन्द्रित रहेर काम सुरु भएको जानकारी गराउनुहुँदै उहाँले ख्वप विश्वविद्यालय सञ्चालन गर्न भक्तपुर नपाले निरन्तर प्रयास गरिरहने विश्वास दिलाउनुभयो ।

भक्तपुर नपाले आर्थिक पारदर्शितालाई उच्च महत्त्व दिएको उल्लेख गर्नुहुँदै उहाँले नगरपालिकाका हरेक गतिविधिबारे विभिन्न माध्यमबाट जनतालाई जानकारी दिँदै आएको र देश र जनताको स्वार्थ नै नेमकिपाको स्वार्थ भएको बताउनुभयो ।

भक्तपुर नपाले जनताको सहयोगमा जनताकै निम्ति काम गर्ने कार्यशैली अपनाएको प्रस्ट पार्नुहुँदै उहाँले ठेकेदार र कमिसनखोरहरू पोस्ने विकास मोडेलको नेमकिपा विरोधी रहेको बताउनुभयो ।

नेमकिपाको विकास मोडेल, आत्मनिर्भरता र स्वाधीनताको मोडेल हो, उहाँले भन्नुभयो ।

कार्यक्रममा नवनिर्वाचित उपप्रमुख **रजनी जोशी**ले शिक्षा, स्वास्थ्य, सरसफाइ र सम्पदा संरक्षणमा विगत ५ वर्षमा गरेको महत्त्वपूर्ण कार्यको स्मरण गर्नुहुँदै ख्वप मोडेल देशका अन्य पालिकाहरूको निम्ति प्रेरणाको स्रोत बनेको बताउनुभयो ।

भक्तपुर नपा ५ वडाका नवनिर्वाचित वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले मतदाताहरूलाई धन्यवाद व्यक्त गर्नुहुँदै जिम्मेवारीअनुसार इमानदारीपूर्वक जनताको सेवा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा पूर्ववडाध्यक्षहरू हिमालयशवरलाल मूल, सत्यनारायण दिदिया र प्रेमगोपाल कर्माचार्य र स्थानीय बलराम न्हिसुतु र केपी छुस्याकीले पनि बोल्नुभएको थियो ।

## निरीक्षण

प्रमुख सुनिल प्रजापति वडा नं. २ ब्यासी टुरिष्ट बस पार्क अगाडिको बाटोमा उपभोक्ता समितिबाट भइरहेको ढुङ्गा बिछ्याउने कार्यको निरीक्षणमा ।



# नगरको विकासको निम्ति जनताको सल्लाहलाई नपाले कदर गर्ने



स्थानीय तहमा निर्वाचित भक्तपुर नगरपालिकाका जनप्रतिनिधिलाई बधाई र मतदातालाई धन्यवाद ज्ञापन गर्न नेमकिपा भक्तपुर नपा वडा नं ९ दत्तात्रय परिचालन समितिको आयोजनामा जेठ १२ गते मकोमा चोक सभा भयो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले स्थानीय तहमा नेमकिपाको चुनाव चिह्न मादलमा मतदान गरेर नेमकिपाका उम्मेदवारलाई विजय गराउनुभएकोमा मतदातालाई धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले भक्तपुरको खानेपानी समस्या समाधान गर्न मेलम्ची आयोजनाको पानी वितरण थाल्नुका साथै नगरका विभिन्न स्थानमा भूमिगत पानी उत्कर्षण (बोरिङ) को काम प्राथमिकताका साथ भइरहेको बताउनुभयो ।

उहाँले विभिन्न बाजागाजा बजाउने र सांस्कृतिक नाचगान सिकाउने गुरुहरूको सीप र कलालाई व्यावसायिक बनाउने र पर्यटक उद्योगमा विकासको निम्ति भक्तपुर नपाले आगामी पाँच वर्षमा थप काम गर्ने बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुरका सबै जनताले जिम्मेवार भएर नगरको विकासको निम्ति सल्लाह सुझाव दिनसक्ने र नपाले त्यस्ता सुझावको कदर गर्ने बताउनुभयो ।

उहाँले पुर्खाले बनाएका सम्पदा अवलोकन गर्न विदेशी पर्यटकसँग पर्यटन शुल्क उठाएर भक्तपुरका जनताको सेवा, सम्पदा संरक्षण र शिक्षा, स्वास्थ्य र सरसफाइमा उपयोग गरिरहेको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले नेमकिपाले जनतासमक्ष गरेका प्रतिबद्धताको अक्षरशः पालना गर्न आगामी वर्ष अझ तदारुकतासाथ काम गर्ने बताउनुभयो । उहाँले नगरवासीका जनस्वास्थ्य, खानेपानी, रासायनिक मलको अभाव समस्या यथाशक्य चाँडो समाधान गर्न जनप्रतिनिधिहरू सक्रिय हुने बताउनुभयो ।

भक्तपुर नपा वडा नं ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले नेमकिपाको गौरवपूर्ण इतिहास भावी पुस्तालाई जानकारी दिन पुराना किसान कार्यकर्ताका अनुभवको कदर गर्नुपर्ने बताउनुभयो ।

उहाँले वैशाख ३० गते सम्पन्न निर्वाचनमा भक्तपुरका जनता राजनीतिकरूपमा सचेत भएको वास्तविकता देशभरका जनताले अनुभव गरेको बताउनुभयो । उहाँले आगामी दिनमा घरदैलो नर्सिङ सेवालाई अझ प्रभावकारी बनाइने विचार व्यक्त गर्नुभयो ।

नेमकिपा मको भेगीय निर्वाचन परिचालन समितिका संयोजक गोपाल लाछिमस्युको सभापतित्वमा भएको सभामा नेमकिपा भक्तपुर नगर समितिका कृष्णगोविन्द लाखा, नेमकिपा वडा नं. ९ समन्वय समितिका अध्यक्ष कृष्णभक्त लवजू, नेमकिपा वडा नं. ९ एकाइ समितिका अध्यक्ष सञ्जय मानन्धर, समाजसेवी श्यामकृष्ण लवजू, नीरज लवजूलगायतले बोल्नुभएको थियो ।

सभामा निर्वाचित जनप्रतिनिधिहरूलाई स्थानीय ज्येष्ठ नागरिक तथा बाजा गुरु रत्नभक्त न्हेमाफुकीले सम्मान गर्नुभएको थियो ।

# घरदैलो नर्सिङ सेवा सञ्चालन गर्ने पहिलो भक्तपुर नगरपालिका



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिका घरदैलो नर्सिङ सेवा सञ्चालन गरी जनताको सेवा गर्ने पहिलो नगरपालिका रहेको बताउनुभयो । वीर अस्पताल नर्सिङ क्याम्पसका बी.एम.एस. दोस्रो वर्षमा

अध्ययनरत विद्यार्थीहरूको आयोजनामा जेठ १३ गते भएको मातृत्व र प्रजनन् स्वास्थ्य विषयमा भएको घरदैलो नर्सिङ कार्यक्रमअन्तर्गतको प्रस्तुतिकरण कार्यक्रममा बोल्नुहुँदै उहाँले भक्तपुर नपाले अहिले घरदैलो नर्सिङ सेवालाई थप प्रभावकारी रूपमा सञ्चालन गर्ने योजनाका साथ अगाडि बढिरहेको बताउनुभयो ।

स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै भक्तपुर नपाले ख्वप अस्पताल सञ्चालनमा ल्याएको बताउनुहुँदै उहाँले नपाले वडा वडामा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गर्ने उद्देश्य रहेको बताउनुभयो । उहाँले सरसफाइलाई व्यवस्थित गर्न कुहिने र नकुहिने फोहोर अलग अलग संकलन गरी व्यवस्थापन गर्दै आएको बताउनुहुँदै भक्तपुरका हरेक काममा जनताको अपनत्व र साथ भएकै कारण भक्तपुर आज देशकै नमुना र उदाहरणीय नगरको रूपमा रहन सफल भएको बताउनुभयो ।

कार्यक्रममा वीर अस्पताल नर्सिङ क्याम्पस प्रमुख **वन्दना थापा**ले वीर अस्पतालले ख्वप अस्पतालसँग समन्वय गरी काम गर्न पाएकोमा निकै खुशी भएको बताउनुहुँदै आगामी दिनहरूमा पनि भक्तपुर नपाको काम पारदर्शी र जनमुखी हुने अपेक्षा रहेको बताउनुभयो ।

कार्यक्रममा वीर अस्पताल नर्सिङ क्याम्पसका शिक्षिका पूर्णदेवी महर्जन, विद्यार्थीहरू पूजा अैडी, करुणा थापामगरलगायतले कार्यक्रमको मुख्य उद्देश्यबारे प्रष्ट पार्दै आगामी दिनमा यस्तो साथ र सहयोगको अपेक्षा रहेको बताउनुभयो । कार्यक्रममा वीर अस्पताल नर्सिङ क्याम्पसका विद्यार्थीहरूले मातृत्व र प्रजनन् स्वास्थ्यबारे बृहत प्रदर्शनी समेत गरेको थियो ।

# बासु माविद्वारा नवनिर्वाचित जनप्रतिनिधिहरुलाई शुभकामना तथा बधाईज्ञापन




बासु माविको आयोजनामा भक्तपुर नगरपालिकामा नवनिर्वाचित प्रमुख, उपप्रमुख, वडा नं. २ का वडाध्यक्ष तथा वडा सदस्यहरुलाई शुभकामना तथा बधाईज्ञापन कार्यक्रम जेठ १३ गते भयो ।

कार्यक्रममा बोल्नुहुँदै नवनिर्वाचित प्रमुख **सुनिल प्रजापति**ले सामुदायिक विद्यालयको गुणस्तर, स्तरोन्नति र विकासमा नपाले जोड दिएकै कारण आज भक्तपुरका सामुदायिक विद्यालयमा अध्ययन गर्न देशभरिका विद्यालयहरुबीच प्रतिस्पर्धा भइरहेको बताउनुभयो ।

भक्तपुरलाई विश्वको लागि हेर्न लायक सहरको रुपमा विकास गर्ने र 'सय वर्षपछिको भक्तपुर' परिकल्पना सार्थक बनाउने उद्देश्यका साथ नगरपालिका लागिपरेको उहाँले बताउनुभयो ।

भक्तपुरले आज देशकै सफा नगर, उत्कृष्ट शैक्षिक गन्तव्यस्थल र सांस्कृतिक सम्पदा संरक्षित नगरको रुपमा आफ्नो परिचय कायम गर्न सफल भएको बताउनुहुँदै प्रमुख प्रजापतिले दलगत र व्यक्तिगत स्वार्थले कहिल्यै देशको विकास सम्भव नभएको बताउनुभयो ।

जनता सचेत भए देश विकास गर्न धेरै समय नलाग्ने बताउनुहुँदै प्रमुख प्रजापतिले समाजवादी मोडलअनुरुप भक्तपुर नपाले आफ्ना गतिविधिहरुलाई प्राथमिकताका साथ अगाडि बढाइरहेको बताउनुभयो ।

नवनिर्वाचित उपप्रमुख **रजनी जोशी**ले भक्तपुर देशकै सानो नगरपालिका भएर पनि भक्तपुरले गरेको काम देशव्यापी रुपमा अनुकरणीय र चर्चाको विषय बनेको बताउनुहुँदै ख्वप विश्वविद्यालय सञ्चालन गर्ने भक्तपुर नपाको उद्देश्य रहेको बताउनुभयो ।

उहाँले घरदैलो नर्सिङ सेवालाई अझ प्रभावकारी ढङ्गले सञ्चालन गर्ने, अरनिको सभाभवन, थन्थु दरबार, न्ह्यकं झ्या दरबार पुनःनिर्माण गर्ने आगामी योजनाहरु रहेको बताउनुहुँदै नपाले अनुसन्धानमूलक गतिविधिमा जोड दिँदै लाने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. २ का नवनिर्वाचित वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले देको मिवा इतापाके आवास योजना सञ्चालन गर्नुको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै आयोजना अब छिट्टै सम्पन्न हुने विश्वास दिलाउनुभयो ।

बासु मावि व्यवस्थापन समितिका अध्यक्ष बालमुकुन्द बासुकलाको सभापतित्व भएको उक्त कार्यक्रममा बासु माविका प्रअ अम्बिका न्याइच्याइँ र कलेजका शिक्षक सबिन ख्याजूले नवनिर्वाचित जनप्रतिनिधिको सफल कार्यकालको लागि शुभकामना दिनुभयो ।

# मेडिकल कलेज स्थापनाको लागि निरन्तर कार्य




नेपाल मजदुर किसान पार्टी २ वडा ब्यासी ईकाई समितिको आयोजनामा भक्तपुर नगरपालिकामा नवनिर्वाचित मेयर, उपमेयर, २ वडाका वडा अध्यक्ष र सदस्यहरूलाई मत दिने मतदाता, सहयोगी तथा शुभचिन्तकहरूलाई धन्यवादज्ञापन कार्यक्रम जेठ १४ गते भयो ।

कार्यक्रममा भक्तपुर नपाका नवनिर्वाचित मेयर **सुनिल प्रजापति**ले भक्तपुर नगर शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणको कारण नेपाल भरमा उत्कृष्ट भएको हो । भक्तपुर नगरमा नगरमा पानीको अभाव हुन नदिन मेलम्चीको पानी वितरण सुरु भएको बताउनुभयो ।

प्रत्येक ५० पचास वर्षमा आउने बाढीको प्रभाव लाई वैज्ञानिक मूल्याङ्कन गरी खोला छेउमा अग्लो पर्खाल निर्माण गरेको बताउनुहुँदै उहाँले देको, मिबा, इतापाखे आयोजनाको प्लानिङबारेको गलत प्रचारमा आफ्नो कान नछामी कागको पछि दौडिन भएन भन्नुभयो ।

उहाँले मेडिकल कलेज स्थापनाको लागि निरन्तर कार्य अगाडि बढिरहेको र भक्तपुरको ख्वप मोडेलबारे र राष्ट्रभर प्रचार भैरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपमेयर **रजनी जोशी**ले अग्रजहरूले भक्तपुर नगर विकासमा महत्त्वपूर्ण योगदान रहेको चर्चा गर्नुहुँदै ख्वप विश्वविद्यालय स्थापनाको लागि प्रयास भइरहेको र मेडिकल कलेज स्थापना गरी भक्तपुरलाई ज्ञान-विज्ञान, प्रविधि एवं अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने योजना रहेको बताउनुभयो ।

नेमकिपा वडानं २ का अध्यक्ष गणेशप्रसाद सुवालको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेमकिपा भक्तपुर नगरका इन्चार्ज नारायण बहादुर दुवाल, भक्तपुर नपा वडानं २ का वडा अध्यक्ष हरिप्रसाद बासुकला, शिक्षा सेवी बालमुकुन्द बासुकला, स्थानीय राजकुमार लघु, सिद्धीराम सुवाललगायतले मादल चिह्नमा छाप लगाई नेमकिपा का उम्मेदवारहरूलाई अत्यधिक मतले विजयी गराउनु भएकोमा मतदाताहरूलाई धन्यवाद र नवनिर्वाचित मेयर, उपमेयर र वडा अध्यक्ष र वडा सदस्यहरूलाई बधाई ज्ञापन गर्नुभयो ।

# वैदेशिक ऋण र सहायताले देश कहिल्यै आत्मनिर्भर नहुने




भक्तपुर युवा टीमको आयोजनामा स्थानीय तहको निर्वाचनमा भनपामा निर्वाचित नेमकिपाका उम्मेदवारहरूलाई बधाई तथा शुभकामना कार्यक्रम जेठ १४ गते भयो ।

कार्यक्रममा नेमकिपाका सचिव एवम् सांसद **प्रेम सुवाल**ले हालै सम्पन्न निर्वाचनलाई नेमकिपाले देशभक्त र देशघातीबीचको लडाइँको रूपमा लिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'एमसीसीको समर्थन गर्नेहरू देशघाती र एमसीसीको विरोध गर्नेहरू देशभक्त पार्टी भएको हुँदा भर्खरै सम्पन्न चुनावमा नेमकिपाप्रति जनताको ध्यान आकर्षित भएको हो । जनताले सही राजनीतिक दलको रूपमा नेमकिपालाई चुनेका छन् ।'

वैदेशिक ऋणले देश आत्मनिर्भर नहुने चर्चा गर्नुहुँदै उहाँले नेपाली जनता आफ्नो खुट्टामा आफै उभिनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नपाका नवनिर्वाचित प्रमुख **सुनिल प्रजापति**ले समाजमा एक-अर्कामा झगडा गराउने मानिसहरू पनि रहेको चर्चा गर्नुहुँदै व्यक्तिगत र दाजु-भाइको झगडालाई पार्टी र पार्टीको सिद्धान्तसँग जोड्न नमिल्ने प्रस्ट पार्नुभयो ।

उहाँले कला, संस्कृति र सम्पदा संरक्षणमा भक्तपुर नपा देशकै उत्कृष्ट नगरपालिका भएको उल्लेख गर्नुहुँदै २०७२ सालको भूकम्पपछि वैदेशिक सहयोगबिना १ सय २४ ओटा सम्पदा जीर्णोद्धार गर्ने कार्य देशकै लागि नमुना भएको विचार व्यक्त गर्नुभयो ।

निःस्वार्थ र इमानदारीपूर्वक देश र जनताको सेवा

गर्ने नेमकिपाले जनताले दिएको मत खेर जान नदिने बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले चुनावको बेला प्रस्तुत गरेको प्रतिबद्धतापत्रअनुसार काम गर्न जनप्रतिनिधिहरू सदा तयार रहेको र त्यसलाई पूरा गर्न भक्तपुर युवा टीमले नयाँ युवा तयार गर्नुपर्ने बताउनुभयो ।

उहाँले ख्वप अस्पताललाई सय शय्या बनाउनेतर्फ भक्तपुर नपा प्रयासरत रहेको विचार व्यक्त गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नपा वडा नं. ७ का अध्यक्ष **उकेश कवां**ले मतदाताहरूलाई धन्यवाद दिनुहुँदै नेमकिपा वैचारिक र सैद्धान्तिकरूपमा अन्य पार्टीभन्दा अगाडि रहेको र जनतालाई सचेत पार्ने उद्देश्यले निर्वाचनलाई उपयोग गरेको बताउनुभयो ।

उहाँले जनताको सेवा गर्न आफू जिम्मेवारीपूर्वक अघि बढ्ने प्रस्ट पार्नुभयो ।

भक्तपुर युवा टीमका अध्यक्ष केशव त्वानाबासुको सभापतित्वमा भएको उक्त कार्यक्रममा संस्थापक अध्यक्ष एवं सल्लाहकार विश्वराम कवां, बलराम गोसाई र रामेश्वर मचामसीले पनि बोल्नुभएको थियो ।

# ख्वप इन्जिनियरिङ कलेजका नवआगन्तुक विद्यार्थीलाई अभिमुखीकरण तथा उत्कृष्ट विद्यार्थी सम्मान




भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा २०७८।७९ का नवआगन्तुक विद्यार्थीको लागि अभिमुखीकरण तथा उत्कृष्ट विद्यार्थी सम्मान कार्यक्रम जेठ १५ गते भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेमकिपाका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले कम शुल्कमा विद्यार्थीहरूलाई युगसुहाउँदो गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले भक्तपुर नपाले आजभन्दा २० वर्ष अगाडि ख्वप सर्कलअन्तर्गतका कलेजहरू स्थापना गरेको स्मरण गर्नुभयो ।

६७ जिल्लाका विद्यार्थीहरू अध्ययनरत ख्वप इन्जिनियरिङ र ख्वप कलेज अफ इन्जिनियरिङ आज सस्तोमा गुणस्तरीय इन्जिनियरिङ शिक्षा प्रदान गर्ने देशकै उत्कृष्ट कलेजको रूपमा उभिएको बताउनुहुँदै भक्तपुर नपालाई ख्वप विश्वविद्यालय सञ्चालनको स्वीकृति पाएमा १५ लाखमै एमबीबीएस शिक्षा प्रदान गर्न सकिने उहाँले बताउनुभयो ।

एमबीबीएसको नाममा नेपालका निजी कलेजहरूले सरकारले तोकेको शुल्कभन्दा दोब्बर तेब्बर शुल्क लिएर पठनपाठन गरिरहेको यथार्थ चित्रण गर्नुहुँदै सांसद सुवालले शिक्षाको नाममा लुटपाट र ठगी गर्नेहरूविरुद्ध भक्तपुर नपाबाट सञ्चालित कलेजहरू स्थापना भएको बताउनुभयो ।

शासक दल नेपाली जनताप्रति जिम्मेवार रूपमा प्रस्तुत हुन नसकेको प्रष्ट पार्नुहुँदै उहाँले देशको भौतिक विकास निर्माणमा इन्जिनियरहरूको महत्त्वपूर्ण देन हुने हुँदा योग्य र इमानदार इन्जिनियरहरू उत्पादनमा कलेजले जोड दिइरहेको छ भन्नुभयो ।

जलस्रोत र जलविद्युतमा विश्वकै धनी देश भएर पनि नेपालले भारतबाट बिजुली किन्न बाध्य हुनुमा शासक दल नै दोषी भएको बताउनुहुँदै सांसद सुवालले एमसीसीका कारण नेपालको सार्वभौमिकता गुम्ने स्थितिमा छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले नपाबाट सञ्चालित शैक्षिक संस्थाहरूको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै निजी संस्थाले केही सीमित व्यक्तिमात्र धनी हुने हुँदा भक्तपुर नपाले सेवामुखी कलेज सञ्चालन गरी देशैभरिका विद्यार्थीहरूलाई उत्कृष्ट शिक्षा प्रदान गरिरहेको बताउनुभयो । कलेजमा नयाँ विषय थप गर्ने क्रममा धेरै चुनौतिको सामना गर्नुपरेको बताउनुहुँदै प्रमुख प्रजापतिले विज्ञान, इन्जिनियरिङ, मानविकी, व्यवस्थापन, नर्सिङ, होटल म्यानेजमेन्ट, कानुनलगायत हरेक विषयको शिक्षा निकै शुलभ रूपमा पढाइरहेको पनि बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले विशिष्टता बोकेका भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले




; Ddfg u|k0f ub{; Gtf]f s6jfn

समयक्रमसँगै उत्कृष्टतासमेत हासिल गरिरहेकोमा गौरवान्वित भएको बताउनुहुँदै भक्तपुरलाई ज्ञान र विज्ञानको केन्द्र बनाउन यी कलेजहरूले महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउनुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्वले** जनस्तरबाट सञ्चालित ख्वप सर्कलका कलेजहरूले देशभरिका विद्यार्थीको उच्च शिक्षा हासिल गर्ने उत्कृष्ट थलो बनेको बताउनुहुँदै भक्तपुर नपाले सञ्चालन गरेको ख्वपअन्तर्गतका कलेज स्थानीय तहबाट सञ्चालित देशकै पहिलो कलेज हो भन्नुभयो ।




; Ddfg u|k0f ub{/d0f >]7

कार्यक्रममा दुवै कलेजका प्राचार्य **सुजन माक** र **सुनिल दुवालले** कलेजको शैक्षिक अवस्थाबारे अवगत गराउनुभयो भने कलेजका शिक्षक **नवराज बुढाथोकीले** पनि बोल्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि सुवालले कलेजका उत्कृष्ट विद्यार्थीहरू **सन्तोष कटुवाल** र **रमण श्रेष्ठलाई** मेडल, प्रमाणपत्र, नगद पुरस्कारसहित सम्मान गर्नुभएको थियो ।

# समाज परिवर्तन दर्शनको आधारमा हुने




नेपाल मजदुर किसान पार्टी, भनपा ७ वडास्तरीय निर्वाचन परिचालन समितिको आयोजनामा भक्तपुर नपामा नवनिर्वाचित जनप्रतिनिधिहरूलाई बधाई तथा शुभकामना र मतदाता तथा सहयोगी महानुभावहरूलाई धन्यवाद ज्ञापन कार्यक्रम जेठ १५ गते भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव तथा सङ्घीय सांसद **प्रेम सुवालले** आर्थिक अनुशासन र पारदर्शी ढङ्गले जनताको सेवा गर्ने ठाउँको रूपमा उपयोग गर्न नेमकिपाले स्थानीय तहको निर्वाचनमा भाग लिँदै आएको हो भन्नुभयो ।

उहाँले समाज परिवर्तन एउटा निश्चित दर्शनको आधारमा हुने हो, पूँजीवादी दर्शनको आधारमा अगाडि बढेको समाजभन्दा समाजवादी दर्शनको आधारमा विकास भएको समाजमा जनताको वास्तविक प्रजातन्त्र पाउने विचार व्यक्त गर्नुभयो ।

नेपालमा पूँजीवादी दलका नेताहरू पटक–पटक प्रम बने पनि सियो पनि बनाउन नसकेको सन्दर्भ उल्लेख गर्नुहुँदै उहाँले नियमानुसार कर नतिर्ने बुर्जुवा पूँजीपतिहरूका कारण देशले प्रगति गर्न नसकेको हो भन्नुभयो ।

निर्वाचनमा भोज खुवाएर, पैसा दिएर, ग्यास, पेट्रोल, लुगा कपडालगायतका वस्तुहरू दिएर पूँजीवादी दलहरूले जनताको भोट किन्ने गरेको उल्लेख गर्नुहुँदै सांसद सुवालले राज्यकै स्वामित्वमा उत्पादन र वितरण नगरिएसम्म देश अगाडि बढ्न नसक्ने विचार व्यक्त गर्नु भयो । उहाँले कृषिप्रधान देशमा देशभित्रै मल कारखाना आवश्यक छ भन्नुभयो ।

देशमा कृषि मल व्यवस्था गर्न नसकेको, भारतीय एकाधिकार पूँजीका कारण नेपालीहरूले भारतलाई ग्यास,

पेट्रोल, खाद्यान्नलगायतको नाममा पैसा तिर्न बाध्य भएको र वैदेशिक रोजगारीका कारण बीस पच्चीस वर्षअगाडि हराभरा बाली फल्ने जग्गा श्रम शक्तिको अभावमा बाँझो रहेको उहाँले चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, 'अब भारतले गहुँ, तेल, चामल नपठाउने भनेको छ । भोलि थुप्रै चिजहरू पठाउन रोक लगाउनेछ । नेपालले सरकारी स्वामित्वमा उद्योग, कलकारखाना खोली उत्पादन र वितरण प्रणाली सरकारको अधीनमा राख्न सकेमा मात्र देश आत्मनिर्भरतातर्फ उन्मुख हुनेछ ।'

उहाँले भारतका प्रम नरेन्द्र मोदी लुम्बिनीमा ध्यान गर्न आएको निहुँमा अरूण तेस्रो हात पारेर गएको स्मरण गराउनुभयो ।

उहाँले जनताको सांस्कृतिक स्तर उठाउने कामलाई पहिलो प्राथमिकतामा राख्न सुझाव दिनुभयो । अबका हरेक मानिसहरू प्रविधिमैत्री हुनुपर्ने आवश्यकता औंल्याउनुहुँदै सांसद सुवालले शिक्षादीक्षाबाट सांस्कृतिक स्तर उत्थान गर्न पहल गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा उपमेयर **रजनी जोशी**ले भक्तपुरका जनताले हिजो गरेको विश्वासमा अलिकति पनि घात हुन नदिएको र आगामी वर्षमा पनि त्यसो नहुने विचार राख्नुहुगर्नुहुँदै जनताको अपार माया तथा सहयोगबाटै भक्तपुर नगरपालिकाका कार्यहरू सफल हुने विचार राख्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् भनपा ७ वडाका अध्यक्ष **उकेश कवां**ले देशमा गणतन्त्र आए पनि आम कामदार जनताको लागि सुख सुविधा दिने वैज्ञानिक समाजवादी गणतन्त्र नआएकोले कामदार जनताले अझै सङ्घर्ष गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।


उहाँले जनताको नागरिक भावना विकासमा गर्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले पार्टीगत र नीतिगतरूपमा एमसीसीको विरोध गर्ने पार्टी नेमकिपा रहेको चर्चा गर्नुहुँद रुस युक्रेन युद्ध रुसले युक्रेनलाई सच्चिनको लागि गरेको हो भनेर बुझ्नु आवश्यक छ भन्नुभयो ।

वडास्तरीय निर्वाचन परिचालन समितिका संयोजक बलराम गोसाईको सभापतित्व र सल्लाहकार कृष्णगोविन्द खाइजूको स्वागत मन्तव्यबाट सुरु भएको उक्त कार्यक्रममा हेरा ख्याजू र कृष्णगोविन्द लाखाजूले पनि बोल्नुभएको थियो ।

# दुई दिन बिदाबारे

काठमाडौँ । भक्तपुर नगरपालिकाले आफ् मातहतका विद्यालयमा दुई दिन सार्वजनिक बिदा नदिने भएको छ । यसबारे नगरपालिकाको शिक्षा शाखाले सबै विद्यालयहरूलाई एक परिपत्र गरेको छ ।



भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
शिक्षा शाखा
ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
नेपाल

पत्र संख्या२०७८।०७९
चलानी नं. :

मिति:२०७८।०२।०१

श्री प्रधानाध्यापक/प्रिन्सिपल,
सामुदायिक तथा संस्थागत विद्यालय (सबै)
भक्तपुर नगरपालिका ।

विषय: हप्ताको दुई दिन बिदा बारे ।

प्रस्तुत विषयमा नेपाल सरकार गृह मन्त्रालयको सूचनाअनुसार सम्बत् २०७९ जेठ १ गतेदेखि लागू हुने गरी हप्तामा दुई दिन प्रत्येक शनिबार र आइतबार बिदा दिने निर्णय भएतापनि भक्तपुर नगरपालिकाबाट अर्को सूचना जारी नभएसम्मको लागि साबिकबमोजिम नै विद्यालय सञ्चालन गर्न र गराउनुहुन अनुरोध छ ।

कृष्णप्रसाद कर्माचार्य
शाखा प्रमुख

शाखा प्रमुख कृष्णप्रसाद कर्माचार्यले गरेको परिपत्रमा भनिएको छ, 'जेठ १ गतेदेखि लागू हुने हप्तामा दुई दिन प्रत्येक शनिबार र आइतबार बिदा दिने निर्णय भएता पनि भक्तपुर नगरपालिकाबाट अर्को सूचना जारी नभएसम्मको लागि साबिकबमोजिम नै विद्यालय सञ्चालन गर्न र गराउनुहुनु अनुरोध छ ।'

सरकारले जेठदेखि परीक्षणका रूपमा शनिबार र आइतबार गरी हप्तामा दुई दिन बिदा दिने निर्णय गरेको थियो । शिक्षा मन्त्रालयले भने शुक्रबार पूरा दिन पढाएर शनिबार र आइतबार बिदा दिन परिपत्र गरेको थियो । यद्यपि, कक्षा १२ सम्मको विद्यालय स्थानीय सरकारको मातहतमा पर्ने भएकाले स्थानीय तहले आवश्यकताअनुसार निर्णय गर्नसक्ने अधिकार दिएको छ ।

(इन्फो नेपाल)

## ‘बालेन’ साह भक्तपुरमा



युवा उम्मेदवार बालेन्द्रनारायण साह जेठ १ गते भक्तपुर पुगेका छन् । काठमाडौँ महानगरपालिकामा स्वतन्त्र उम्मेदवारी दिएर मतगणना अनुसार अग्रता हासिल गर्दै आएका उनी बिहान भक्तपुर आएका हुन् ।

उनी भक्तपुर नगरपालिका २ व्यासीस्थित भक्तपुर नगरपालिकाको कार्यालय पुगेका हुन् । उनी भक्तपुर नगरपालिका र नेपाल मजदुर किसान पार्टीबाट प्रभावित छन् । यही कारण उनी भक्तपुर आएका हुनसक्ने अनुमान गरिएको छ ।

आफूले कुनै पार्टी रोज्नुपर्दा कुन पार्टी रोज्नुहुन्छ ? भन्ने पत्रकारहरूको जिज्ञासामा उनले नेपाल मजदुर किसान पार्टी रोज्छु भन्दै आएका छन् । साथै उनले नेपाल मजदुर किसान पार्टीले जितेको भक्तपुर नगरपालिका उदाहरणीय नगरपालिका भएको पनि भन्दै आएका छन् ।

आफू काठमाडौँ महानगरपालिकाको मेयरमा विजयी भए भक्तपुरमा जस्तो काम गर्ने उनले बताउँदै आएका छन् । भक्तपुर जस्तो सफा, कला संस्कृति जगेर्ना गर्ने नगरपालिका बनाउँछु भनी उनले अन्तर्वार्तामा भन्दै आएका छन् । बालेन भक्तपुर पुगेपछि उनीसँग सेल्फी खिच्नेहरूको भीड लागेको थियो ।

*(कृष्ण किसी, नागरिक)*




काठमाडौँ महानगरपालिकाको मेयरमा विजयी बालेन्द्र साहले ‘टिकटक’ मा एक प्रश्नको जवाफमा भनेका छन्- ‘...मैले छान्नेभन्दा पनि राजनीतिक पार्टीहरूमा अलिकति मनपर्ने, राम्रो लाग्ने नेमकिपा हो । नेपाल मजदुर किसान पार्टीको काम गर्ने शैली, आफ्नोपना, आफ्नो ठाउँ आफै विकास गरौँ, आफ्नै मानव श्रम प्रयोग गरौँ, आफ्नै सामग्री प्रयोग गरौँ, सकिन्छ भने आयात नगरौँ बरु निर्यात गरौँ भन्ने सोच राम्रो छ ।’

## भक्तपुर नपाबारे युट्युवमा

YouTube NP

**खोजीको लागि केही शीर्षक**

- ‘खानेपानी समस्यालाई प्रमुख प्राथमिकताका साथ अगाडि बढ्छौं’ - नवनिर्वाचित नगरप्रमुख सुनिल प्रजापति ।
- भक्तपुर नगरलाई कुन रूपमा विकास गर्नुहुन्छ ?
- नेमकिपासँग के जादुको छडी छ ? भक्तपुर नगरमा सबै पार्टीको जमानत कसरी जफत भयो ?
- भक्तपुर नगरपालिकाका सबै पदमा नेमकिपाको जित, कसरी भयो सम्भव ?
- आफ्नो सहर बनाउन आफै उठेका मेयर सुनिल प्रजापति
- हाम्रो राजनीति जनताको सेवा हो, जनताको सेवा गरिरहन्छौं : मेयर सुनिल प्रजापति
- tHE bRAVO dELTA show | Sunil Prajapati | EP 83 | AP1HD
- समृद्धि यात्रामा भक्तपुरको ठूलो सफलता
- भक्तपुर नगरपालिकामा पाँच वर्ष (२०७४ जेष्ठ ७ गते देखि २०७९ बैखाख ९ गते सम्म) भक्तपुर नगरवासीहरूमा धन्यवाद ज्ञापन कार्यक्रम
- एनजीओ प्रतिबन्ध जस्तै भक्तपुरमा, गेट र भ्युटावरको छैन संस्कार, पुरानो गाडी मर्मत गरेर चढ्छन मेयर
- घरघरमा नर्स पठाउनेदेखि विकास र योजनावद्ध काममा ‘रोलमोडल’ बनेका भक्तपुरका मेयरका अनुभव
- आफ्नो मान्छे जिताउन राजनीति बेच्नेले भोलि देश नबेच्ला भन्न सकिन्न
- बालेनले तारिफ गर्ने भक्तपुरका मेयरको स्वतन्त्र उम्मेदवारलाई यस्तो छ सुझाव
- यो निर्वाचन विचारको निर्वाचन थिएन, पदको लागि मात्र प्रतिस्पर्धा भयो
- भक्तपुरलाई समृद्ध बनाउने १०० बर्ष सम्मको भिजन निर्माण गरेको छु : मेयर प्रजापति
- वर्ल्ड नेवा: अर्गनाइजेसनया न्ह्यब्वया : ख्वप नगरपालिकाया मेयर भाजु सुनिल प्रजापति नापं खँल्हाबल्हा
- भक्तपुर नगर विकासका १२ सपना
- Sunil Prajapati interview in Rise & Shine on Kantipur Television
- भक्तपुर सम्पुर्ण रूपमा समृद्ध बन्नेछ, जनताको साथ उत्साहजनक छ

# कार्यपालिकामा निर्वाचित सदस्यहरूको शपथग्रहण



भक्तपुर नगरपालिकाको नगर कार्यपालिकामा निर्विरोध निर्वाचित पाँच जना सदस्यहरूको शपथ ग्रहण कार्यक्रम जेठ १७ गते नपाको सभाकक्षमा सम्पन्न भयो।

नेपालको संविधानको धारा २१६ को उपधारा ४ बमोजिम भक्तपुर नगरपालिकामा निर्वाचित महिला सदस्यहरूमध्येबाट पाँच जना कार्यपालिका सदस्य निर्वाचित गर्ने व्यवस्था छ।

त्यस व्यवस्थाअनुसार भक्तपुर नपा वडा नं. ३ का सुनिता अवाल (प्रजापति), वडा नं. ५ का कृष्णप्यारी भुजू, वडा नं. ६ का रोशनमैंया सुवाल, वडा नं. ७ का रञ्जना त्वाती, वडा नं. ९ का छोरीमैंया सुजखु प्रजापतिको उम्मेदवारी परेको थियो। पाँचजनाको मात्र उम्मेदवारी परेकोले उहाँहरू निर्विरोध निर्वाचित हुनुभएको हो।

उहाँहरूलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शपथ गराउनुभएको थियो।

शपथ ग्रहण कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नवनिर्वाचित कार्यपालिका सदस्यहरूलाई बधाई तथा शुभकामना दिनुहुँदै कार्यपालिकाले पूर्णता पाएसँगै छिट्टै कार्यविभाजन गरी हरेक क्षेत्रमा विशेष ढङ्गले काम गर्ने बताउनुभयो।

भक्तपुर नपाले सस्तो लोकप्रियताको लागि नभई भक्तपुर नगर र नगरवासीहरूको सन्तुलित विकास र आर्थिक जीवनस्तर उकास्ने ढङ्गले काम गर्दै आइरहेको बताउनुहुँदै उहाँले जनतासँग एकाकार भई जनतामाझ गरेका प्रतिबद्धता पूरा गर्न सफल हुनेमा विश्वास व्यक्त गर्नुभयो।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले निर्वाचनको समयमा जनतामाझ गरेको प्रतिबद्धता एक एक गरी पूरा गर्दै जाने बताउनुहुँदै आगामी कार्यकाल अझ सफल र उपलब्धिमूलक हुने ढङ्गले काम अगाडि बढाउने बताउनुभयो।

नवनिर्वाचित भक्तपुर नगरपालिकाका नगर कार्यपालिकाका सदस्यहरूलाई वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो।



*नगर कार्यपालिका सदस्यको शपथ लिँदै बायाँबाट क्रमशः सुनिता अवाल (प्रजापति), रोशनमैंया सुवाल, कृष्णप्यारी भुजू, छोरीमैंया सुजखु प्रजापति र रञ्जना त्वाती।(जेठ १६ गते)*

# बधाई तथा धन्यवाद

## विभिन्न संस्था र व्यक्तिबाट भक्तपुर नपामा नेमकिपाको तर्फबाट विजयी उम्मेदवारहरूलाई बधाईज्ञापन तथा मतदाताहरूलाई धन्यवादज्ञापनका केही तस्बिर



*शहीद धर्मभक्त अङ्ग प्रत्यारोपन अस्पतालका चिकित्सकहरू (जेठ ६ गते)*



*भक्तपुर च्याम्बर्स अफ कमर्सका पदाधिकारी (जेठ ९ गते)*



*देविना जोसी, ब्राइट स्किल एजुकेशन सेन्टर (जेठ ९ गते)*



*भक्तपुर वाणिज्य सङ्घका पदाधिकारी (जेठ ९ गते)*



*बुध्दि डङ्गोल (जेठ ९ गते)*



*श्रीभक्त धौबन्जार, सुकुल ढोका (जेठ १० गते)*




सुमन सत्याल, रामेछाप (जेठ १० गते)



नारायण कुमार आचार्य (जेठ ११ गते)



ख्वप ईन्जिनियरिङ कलेज टेक्निकल विभागका पदाधिकारी (जेठ १२ गते)



समानताका लागि आवाज र भक्तपुर नेत्रहीन सङ्घ (जेठ १२ गते)



नेपाल क्रान्तिकारी डकर्मी सङ्घको कार्यक्रम (जेठ १२ गते)



क्यान्सर अस्पतालका डाईरेक्टर ऋषिकेशलगायत (जेठ १३ गते)



भक्तपुर उद्योग वाणिज्य सङ्घका पदाधिकारी (जेठ १३ गते)



स्थानीय स्काउट कार्यालय भक्तपुरको कार्यक्रम (जेठ १४ गते)




समय साकोसको स्थापना दिवस तथा बधाईज्ञापन कार्यक्रम (जेठ १४ गते)



भक्तपुर नपा वडा नं ३ को कार्यक्रम (जेठ १४ गते)




नेपाल कर्मचारी समाज भनपा ९ एकाई समितिको कार्यक्रम (जेठ १५)



भक्तपुर नपा वडा नं. १ को कार्यक्रम (जेठ १४ गते)



भक्तपुर बहिरा सङ्घ टीकाराम लामिछानेसहित (जेठ १६ गते)



राष्ट्रिय सहकारी बैंकका दिनेश गोलालसहितको टोली (जेठ १६ गते)



आयुर्वेद कार्यालयका प्रमुख नरेन्द्र गिरीसहित (जेठ १६ गते)



भक्तपुर मिनिबस यातायात कर्मचारी इकाई समितिका अध्यक्ष शिवराम त्वानाबासुसहित (जेठ १६ गते)



निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपालको कार्यक्रम (जेठ १६ गते)



# विश्वमा कोभिड–१९ को स्थिति (जेठ १५ गते)

| क्र. सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | वैशाख १५ मा |
|---|---|---|---|---|---|
| | विश्व | ५३१,३९०,९५३ | ५०२,०६६,३४३ | ६,३१०,३८५ | |
| १ | संरा अमेरिका | ८५,७११,४४२ | ८२,००५,३०३ | १,०३१,२५९ | १ |
| २ | भारत | ४३,१५३,०४३ | ४२,६११,३७० | ५२४,५८६ | २ |
| ३ | ब्राजील | ३०,९७६,४०६ | २९,९४३,०९० | ६६६,४३५ | ३ |
| ४ | फ्रान्स | २९,४६२,९९८ | २८,८०९,२९२ | १४८,१२९ | ४ |
| ५ | जर्मनी | २६,२८०,२२१ | २५,१३७,८०० | १३९,१३२ | ७ |
| ६ | संयुक्त अधिराज्य | २२,२७७,६९६ | २१,९०२,३६९ | १७८,४६५ | ५ |
| ७ | रूस | १८,३१९,८४८ | १७,७२५,४४० | ३७८,८७० | ६ |
| ८ | दक्षिण कोरिया | १८,०८०,३२३ | १७,६३४,६५५ | २४,१५८ | ३२ |
| ९ | इटाली | १७,३७३,७४१ | १६,४८५,६२४ | १६६,५४२ | ९ |
| १० | टर्की | १५,०७०,००० | १४,९६७,०५० | ९८,९५५ | ८ |
| ११ | स्पेन | १२,३२६,२६४ | ११,७१५,२६० | १०६,३४१ | १० |
| १२ | भियतनाम | १०,७१६,३६१ | ९,४३९,९१३ | ४३,०७८ | २९ |
| १३ | अर्जेन्टिना | ९,१७८,७९५ | ८,८९५,९९९ | १२८,८२५ | ११ |
| १४ | जापान | ८,७९०,७८६ | ८,४६४,८७९ | ३०,५३६ | १८ |
| १५ | नेडरल्यान्ड | ८,०८१,९९२ | ८,०२३,१३९ | २२,३१४ | १३ |
| १६ | इरान | ७,२३१,३८७ | ७,०४४,४९९ | १४१,३०६ | १२ |
| १७ | अस्ट्रेलिया | ७,२१६,१५२ | ६,८६७,११७ | ८,४६० | ३० |
| १८ | कोलम्बिया | ६,१०३,४५५ | ५,९३४,२३१ | १३९,८५४ | १४ |
| १९ | इन्डोनेसिया | ६,०५४,१७३ | ५,८९४,६२८ | १५६,५७३ | १६ |
| २० | पोलान्ड | ६,००७,०७३ | ५,३३५,४०१ | ११६,३११ | १५ |
| २१ | मेक्सिको | ५,७५९,७७३ | ५,०५४,८०९ | ३२४,७६८ | १७ |
| २२ | युक्रेन | ५,०११,४३३ | अप्राप्त | | १०८,५३८ | १९ |
| २३ | मलेसिया | ४,५०२,५७९ | ४,४४१,७०१ | ३५,६६० | २६ |
| २४ | थाइल्यान्ड | ४,४४२,६४८ | ४,३६७,९३९ | २९,९७५ | ३३ |
| २५ | अस्ट्रिया | ४,२४६,६३१ | ४,१९१,००६ | १८,६५१ | ३६ |
| २६ | बेल्जियम | ४,१४७,५६८ | ४,०२४,७२१ | ३१,७२७ | २४ |
| २७ | इजरायल | ४,१३३,७०९ | ४,१०३,१४९ | १०,८३९ | २२ |
| २८ | पोर्तुगल | ४,०६६,६७४ | अप्राप्त | २२,५८३ | २८ |
| २९ | दक्षिण अफ्रिका | ३,९५२,१९३ | ३,७९८,०४९ | १०१,१४२ | २० |
| ३० | चेक गणतन्त्र | ३,९१९,६०० | ३,८७७,९३९ | ४०,२८१ | २३ |
| ३१ | क्यानाडा | ३,८६४,२६५ | ३,५२८,३९१ | ४०,९८० | २७ |
| ३२ | फिलिपिन्स | ३,६९०,०५५ | ३,६२७,१६६ | ६०,४५५ | २१ |
| ३३ | चिली | ३,६८४,५८५ | ३,४९६,०७९ | ५७,८७७ | ३१ |
| ३४ | स्विट्जरल्यान्ड | ३,६५०,६६१ | ३,५९५,७६९ | १३,९४८ | ३४ |
| ३५ | पेरु | ३,५७९,५३४ | अप्राप्त | २१३,१६२ | २५ |
| ३६ | प्रजग कोरिया | ३,४४८,८८० | ३,२६२,७०० | ६९ | |
| ३७ | ग्रीस | ३,४४२,९६३ | ३,३६५,८७० | २९,७८४ | ३९ |
| ३८ | डेनमार्क | २,९८३,२९२ | २,९६९,८६५ | ६,३५० | ३७ |
| ३९ | रोमानिया | २,९०८,३१३ | अप्राप्त | ६५,६७७ | ३५ |
| ४० | स्वीडेन | २,५०७,९४८ | २,४८२,३७८ | १८,९४४ | ३८ |
| ४१ | इराक | २,३२७,८३७ | २,३०१,६१० | २५,२१९ | ४० |
| ४२ | सर्बिया | २,०१६,७९३ | १,९९४,८८४ | १६,०७८ | ४२ |
| ४३ | बंगलादेश | १,९५३,४०७ | १,९०२,२०७ | २९,१३० | ४१ |
| ४४ | हङ्गेरी | १,९१७,७७७ | १,८४१,७३१ | ४६,५०७ | ४३ |
| ४५ | ताइवान | १,८१५,७०३ | ३५५,४१६ | १,९११ | १७१ |
| ४६ | स्लोभाकिया | १,७८९,३५१ | १,७६६,८१८ | २०,०९६ | ४७ |
| ४७ | जोर्डान | १,६९४,२१६ | १,६७८,९४१ | १४,०४८ | ४४ |
| ४८ | जर्जीया | १,६५५,२२१ | १,६३७,२९३ | १६,८११ | ४५ |
| ४९ | आयरल्यान्ड | १,५६१,६३२ | १,५३६,२८५ | ७,२७१ | ४९ |
| ५० | पाकिस्तान | १,५३०,२८३ | १,४९६,१२३ | ३०,३७९ | ४६ |
| ५१ | नर्वे | १,४३२,८३१ | अप्राप्त | ३,१४१ | ५० |
| ५२ | कजाख्स्तान | १,३०५,७३२ | १,२९१,८८५ | १३,६६१ | ४८ |
| ५३ | सिंगापुर | १,२९३,३६९ | १,२१२,६४४ | १,३८३ | ७० |
| ५४ | हङकङ | १,२११,८५८ | अप्राप्त | ९,३७६ | ११४ |
| ५५ | मोरोक्को | १,१६७,७३२ | १,१५०,१७३ | १६,०७६ | ५१ |
| ५६ | बुल्गेरिया | १,१६४,६५९ | १,०४९,९३३ | ३७,१३३ | ५२ |
| ५७ | न्यु जीलान्ड | १,१४८,०४५ | १,०९८,१५२ | १,१०७ | १२५ |
| ५८ | क्रोएसिया | १,१३६,२२९ | १,११७,६४५ | १५,९७९ | ५५ |
| ५९ | क्युबा | १,१०५,२२७ | १,०९६,४४३ | ८,५२९ | ५३ |
| ६० | लेबनान | १,०९९,०६५ | १,०८६,३३७ | १०,४२५ | ५४ |
| ६१ | फिन्लान्ड | १,०९२,१९३ | अप्राप्त | ४,५२२ | ७४ |
| ६२ | लिथुआनिया | १,०६२,२९६ | १,०३५,९४८ | ९,१४२ | ५९ |
| ६३ | ट्युनिसिया | १,०४२,३६२ | अप्राप्त | २८,६३२ | ५६ |
| ६४ | स्लोभेनिया | १,०२४,४८२ | १,०१२,८६८ | ६,६३६ | ६१ |
| ६५ | बेलारूस | ९८२,८६७ | अप्राप्त | ६,९७८ | ५८ |
| ६६ | नेपाल | ९७९,११८ | ९६७,०५२ | ११,९५२ | ५७ |
| ६७ | उरूग्वे | ९१६,३८८ | ९०१,५५५ | ७,२२७ | ६३ |
| ६८ | बोलिभिया | ९०८,५२५ | ८६८,६०३ | २१,९४७ | ६० |
| ६९ | संयुक्त अरब | ९०७,०६९ | ८९०,६९६ | २,३०२ | ६२ |
| ७० | कोस्टा रिका | ८९१,०३८ | ८५४,४२६ | ८,४९५ | ६५ |
| ७१ | इक्वेडर | ८७६,६६५ | अप्राप्त | ३५,६२४ | ६४ |
| ७२ | ग्वाटेमाला | ८५९,३११ | ८३७,९३८ | १८,०८४ | ६७ |
| ७३ | पनामा | ८५०,४८४ | ८१२,०७३ | ८,२४७ | ६८ |
| ७४ | लात्भिया | ८२८,०७७ | ८११,९०१ | ५,८२३ | ७१ |
| ७५ | अजरबैजान | ७९२,७५७ | ७८२,९९२ | ९,७१२ | ६६ |
| ७६ | साउदी अरेबिया | ७६६,१९६ | ७५०,६४५ | ९,१४३ | ६९ |
| ७७ | श्री लंका | ६६३,८१२ | ६४६,९४९ | १६,५१५ | ७२ |
| ७८ | पारागुए | ६५०,६६१ | ६२४,६७३ | १८,८९४ | ७३ |
| ७९ | कुवेत | ६३२,७८१ | ६२९,६९५ | २,५५५ | ७५ |
| ८० | म्यानमार | ६१३,२९८ | ५९२,२६४ | १९,४३४ | ७६ |
| ८१ | बहराइन | ५८३,९८४ | ५७८,७६४ | १,४८७ | ८० |
| ८२ | डोमिनिकन | ५८३,१५९ | ५७६,९७६ | ४,३७७ | ७८ |
| ८३ | प्यालेस्टिन | ५८२,३६३ | ५७६,८७९ | ५,३५६ | ७७ |
| ८४ | इस्टोनिया | ५७६,०४७ | ५१८,१८८ | २,५६१ | ८३ |
| ८५ | भेनेजुयला | ५२३,५९३ | ५१६,७८७ | ५,७२० | ७९ |
| ८६ | मोल्डोभा | ५१८,७९३ | ५०४,१४२ | ११,५२१ | ८१ |
| ८७ | मीश्र | ५१५,६४५ | ४४२,१८२ | २४,६१३ | ८४ |
| ८८ | लिबिया | ५०१,९०४ | ४९०,९७३ | ६,४३० | ८२ |
| ८९ | साइप्रस | ४८९,९६३ | १२४,३७० | १,०५९ | ९३ |
| ९० | इथियोपिया | ४७२,२३२ | ४५५,९३५ | ७,५१३ | ८५ |
| ९१ | मंगोलिया | ४६९,८८५ | ३१३,२५६ | २,१७९ | ८६ |
| ९२ | होन्डुरस | ४२५,११३ | १३२,४०१ | १०,८९९ | ८८ |
| ९३ | आर्मेनिया | ४२२,९३९ | ४१२,२४० | ८,६२४ | ८७ |
| ९४ | रियुनियन | ४१४,६१५ | ४०६,४८४ | ७७७ | ९६ |
| ९५ | ओमान | ३८९,४७३ | ३८४,६६९ | ४,२६० | ८९ |
| ९६ | बोस्निया र | ३७७,८२९ | अप्राप्त | १५,७८७ | ९० |
| ९७ | कतार | ३६८,०८७ | ३६६,१४२ | ६७७ | ९१ |
| ९८ | केन्या | ३२४,६८६ | ३१८,४४६ | ५,६५१ | ९२ |
| ९९ | जाम्बिया | ३२१,५०३ | ३१६,८७२ | ३,९८५ | ९४ |
| १०० | उत्तर मेसेडोनिया | ३११,७०१ | ३०१,८१९ | ९,३०० | ९५ |
| १०१ | बोत्स्वाना | ३०७,१२६ | ३०३,८४५ | २,६९५ | ९९ |
| १०२ | अल्बानिया | २७६,०८१ | २७२,२७७ | ३,४९७ | ९७ |
| १०३ | अल्जेरिया | २६५,८७३ | १७८,४०० | ६,८७५ | ९८ |
| १०४ | नाइजेरिया | २५६,०२८ | २५०,०३६ | ३,१४३ | १०० |
| १०५ | जिम्बाबे | २५२,०९२ | २४३,९१६ | ५,५०० | १०२ |
| १०६ | लक्जम्बर्ग | २४४,१८२ | २३५,९३९ | १,०७३ | १०६ |
| १०७ | उज्बेकिस्तान | २३८,९८३ | २३७,२१४ | १,६३७ | १०१ |
| १०८ | मोन्टेनेग्रो | २३७,०४२ | २३३,९०२ | २,७२० | १०३ |
| १०९ | मोजाम्बिक | २२५,७०१ | २२३,३३२ | २,२०३ | १०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११० | चीन | २२४,०१५ | २१५,८६० | ५,२२६ | १२३ |
| १११ | लावस | २०९,९५० | अप्राप्त | ७५६ | ११३ |
| ११२ | कीर्गीज्स्तान | २००,९९३ | १९६,४०६ | २,९९१ | १०५ |
| ११३ | आइसलान्ड | १८७,६६४ | अप्राप्त | १५३ | १२० |
| ११४ | अफगानिस्तान | १८०,१२२ | १६२,९३० | ७,७०१ | १०७ |
| ११५ | माल्दिभ्स | १७९,६६२ | १६३,६८७ | २९८ | १०८ |
| ११६ | मार्टिनक्यू | १६९,६२० | १०४ | ९३६ | १२२ |
| ११७ | नामिबिया | १६५,७९७ | १५८,७६५ | ४,०३५ | १११ |
| ११८ | उगान्डा | १६४,०६९ | १००,२०५ | ३,५९६ | १०९ |
| ११९ | एल साल्भाडोर | १६२,७५५ | १५८,२७८ | ४,१३१ | ११२ |
| १२० | घाना | १६१,३७० | १५९,८८१ | १,४४५ | ११० |
| १२१ | ट्रिनिडाड एन्ड | १६०,८८६ | १४७,३२९ | ३,९०९ | ११८ |
| १२२ | ब्रुनइ | १४७,८७२ | १४६,१८६ | २२३ | १४२ |
| १२३ | ग्वाडेलोप | १४०,१३० | २,२५० | ८५४ | ११९ |
| १२४ | कम्बोडिया | १३६,२६२ | १३३,२०१ | ३,०५६ | ११५ |
| १२५ | जमैका | १३५,६६३ | ८६,५५० | ३,०४४ | ११७ |
| १२६ | र्‍वान्डा | १३०,०१४ | ४५,५२२ | १,४५९ | ११६ |
| १२७ | क्यामरून | ११९,९४७ | ११७,७९१ | १,९३० | १२१ |
| १२८ | अंगोला | ९९,१९४ | ९७,१४९ | १,९०० | १२४ |
| १२९ | माल्टा | ९४,५१३ | ९१,९४६ | ७१९ | १३२ |
| १३० | प्रजातान्त्रिक | ८८,०३६ | ५०,९३० | १,३३८ | १२६ |
| १३१ | सेनेगल | ८६,१०१ | ८४,११८ | १,९६६ | १२७ |
| १३२ | मलावी | ८५,९६४ | ८२,८६० | २,६३९ | १२८ |
| १३३ | फ्रेन्च गीयाना | ८२,९५२ | ११,२५४ | ३९७ | १३१ |
| १३४ | आइभोरि कोस्ट | ८२,१८३ | ८१,२९४ | ७९९ | १२९ |
| १३५ | सुरिनाम | ८०,४१६ | ४९,४८५ | १,३४१ | १३० |
| १३६ | बार्बाडोस | ८०,०३८ | ७७,१४० | ४४४ | १४३ |
| १३७ | च्यानल टापु | ७६,११० | ७५,४३९ | १७६ | १४६ |
| १३८ | फ्रेन्च पोलीनेसिया | ७२,९११ | अप्राप्त | ६४९ | १३४ |
| १३९ | इस्वाटिनी | ७२,३९० | ७०,६५० | १,४०६ | १३३ |
| १४० | फिजी | ६४,९४१ | ६३,०३४ | ८६३ | १३५ |
| १४१ | गुयाना | ६४,५२१ | ६२,६६७ | १,२३२ | १३७ |
| १४२ | मडागास्कर | ६४,३१४ | ५९,३७० | १,३९३ | १३६ |
| १४३ | सुडान | ६२,२५१ | अप्राप्त | ४,९४१ | १३८ |
| १४४ | न्यु क्यालेडोनिया | ६१,८८० | ६०,९९९ | ३१३ | १४५ |
| १४५ | भुटान | ५९,६१४ | ५९,५६४ | २१ | १८३ |
| १४६ | मौरितानिया | ५९,११२ | ५७,८७२ | ९८२ | १३९ |
| १४७ | बेलिज | ५९,०४९ | ५७,१८८ | ६७७ | १४० |
| १४८ | क्याबो भर्ड | ५६,२६४ | ५५,७१९ | ४०१ | १४१ |
| १४९ | सिरिया | ५५,८८० | ५२,६१० | ३,१५० | १४४ |
| १५० | ग्याबोन | ४७,६२२ | ४७,३०३ | ३०४ | १४७ |
| १५१ | पपुआ न्यू गिनी | ४४,४२५ | ४३,७५५ | ६५१ | १४८ |
| १५२ | सेशेल्स | ४३,९५९ | ४३,४२० | १६७ | १४९ |
| १५३ | कुरासाओ | ४३,८६४ | ४३,१५३ | २७७ | १५० |
| १५४ | अन्डोरा | ४२,८९४ | ४२,१८१ | १५३ | १५२ |
| १५५ | बुरुन्डि | ४१,९८७ | अप्राप्त | ३८ | १५१ |
| १५६ | मौरिसियस | ३८,०४० | ३६,३७३ | ९९६ | १६१ |
| १५७ | मायोत्ते | ३७,५२३ | २,९६४ | १८७ | १५४ |
| १५८ | टोंगो | ३७,०७९ | ३६,७६५ | २७३ | १५३ |
| १५९ | अरुबा | ३७,०३४ | ३६,४९५ | २१३ | १५६ |
| १६० | गिनी | ३६,५९७ | ३६,११३ | ४४२ | १५५ |
| १६१ | तान्जानिया | ३५,३५४ | अप्राप्त | ८४० | १५७ |
| १६२ | फैरोए टापु | ३४,६५८ | अप्राप्त | २८ | १६० |
| १६३ | बहामाज | ३४,५७२ | ३२,७२० | ८१० | १५८ |
| १६४ | लेसोथो | ३२,९१० | २४,१५५ | ६९७ | १५९ |
| १६५ | माली | ३१,०८८ | ३०,२०३ | ७३४ | १६२ |
| १६६ | हैटी | ३०,७८१ | २९,६६९ | ८३५ | १६३ |
| १६७ | आइल अफ मान | २८,४१६ | २६,७९४ | १०५ | १६७ |
| १६८ | बेनिन | २६,९५२ | २५,५०६ | १६३ | १६४ |
| १६९ | सोमालिया | २६,५३५ | १३,१८२ | १,३५० | १६५ |
| १७० | सेन्ट लुसिया | २५,५३८ | २४,३०३ | ३७१ | १६८ |
| १७१ | केमान आइलान्ड | २४,४७७ | ८,५५३ | २८ | १७२ |
| १७२ | कंगो | २४,०७९ | २०,१७८ | ३८५ | १६६ |
| १७३ | टिमोर लेस्टे | २२,९१२ | २२,७५९ | १३१ | १६९ |
| १७४ | बुर्किना फासो | २०,८५३ | २०,४३९ | ३८२ | १७० |
| १७५ | निकारागुआ | १८,४९१ | ४,२२५ | २२५ | १७३ |
| १७६ | जिब्राल्टर | १८,४१९ | १६,५७९ | १०२ | १७८ |
| १७७ | सोलोमन टापु | १८,१७४ | १६,३५७ | १४६ | २०१ |
| १७८ | ग्रेनाडा | १७,६६२ | १६,८३७ | २२६ | १८१ |
| १७९ | दक्षिण सुडान | १७,५९० | १३,५१४ | १३८ | १७५ |
| १८० | लिक्टेन्स्टाइन | १७,४२८ | १७,३०० | ८४ | १८५ |
| १८१ | ताजिकिस्तान | १७,३८८ | १७,२६४ | १२४ | १७४ |
| १८२ | सान मारिनो | १७,०८३ | १६,८४१ | ११५ | १७९ |
| १८३ | इक्वेटोरियल गिनी | १५,९१५ | १५,७०४ | १८३ | १७६ |
| १८४ | जिबौटी | १५,६३१ | १५,४२७ | १८९ | १७७ |
| १८५ | बर्मुडा | १४,७५५ | १४,३०५ | १३८ | १८७ |
| १८६ | केन्द्रीय अफ्रिकी | १४,६४९ | ६,८५९ | ११३ | १८० |
| १८७ | डोमिनिका | १४,१८४ | १३,७७५ | ६५ | १८८ |
| १८८ | समोआ | १३,३८० | १,६०५ | २५ | २१८ |
| १८९ | मोनाको | १२,१२४ | १२,००९ | ५७ | १९२ |
| १९० | गाम्बिया | १२,००२ | ११,५९१ | ३६५ | १८२ |
| १९१ | ग्रीनलान्ड | ११,९७१ | २,७६१ | २१ | १८६ |
| १९२ | यमन | ११,८१९ | ९,०४२ | २,१४९ | १८४ |
| १९३ | टोंगा | ११,६३६ | ११,११४ | ११ | २१४ |
| १९४ | सेन्ट मार्टिन | १०,६६८ | १,३९९ | ६३ | १८९ |
| १९५ | सिन्ट मार्टेन | १०,२७९ | १०,१२७ | ८६ | १९१ |
| १९६ | क्यारिबियन | १०,०४४ | ९,९५९ | ३५ | १९७ |
| १९७ | इरिट्रिया | ९,७५७ | ९,६४७ | १०३ | १९० |
| १९८ | नाइजर | ९,०३१ | ८,६२८ | ३१० | १९३ |
| १९९ | भनौतु | ८,९२४ | ८,६३१ | १४ | २२० |
| २०० | गिनी बिसाउ | ८,२६० | ८,०३३ | १७१ | १९५ |
| २०१ | एन्टिगुआ एन्ड | ८,११९ | ७,७६४ | १३८ | १९८ |
| २०२ | कोमोरोस | ८,१०० | ७,९३३ | १६० | १९४ |
| २०३ | सिएरा लियोन | ७,६८२ | अप्राप्त | १२५ | १९६ |
| २०४ | लाइबेरिया | ७,४५५ | ५,७४७ | २९४ | १९९ |
| २०५ | चाड | ७,४१७ | ४,८७४ | १९३ | २०० |
| २०६ | सेन्ट भिन्सेन्ट | ६,८७० | ६,६४१ | १०६ | २०२ |
| २०७ | ब्रिटिस भर्जिन | ६,७६५ | अप्राप्त | ६२ | २०३ |
| २०८ | टर्क्स एन्ड | ६,१२३ | ६,०४४ | ३६ | २०५ |
| २०९ | साओ टोम एन्ड | ५,९८२ | ५,९०० | ७३ | २०४ |
| २१० | सेन्ट किट्स एन्ड | ५,७०७ | ५,५९७ | ४३ | २०६ |
| २११ | कूक टापू | ५,६३६ | ५,५६३ | १ | २२२ |
| २१२ | पलाउ | ५,०४३ | ४,३३१ | ६ | २०८ |
| २१३ | सेन्ट बार्थ | ४,६३० | अप्राप्त | ६ | २०७ |
| २१४ | अन्गिवला | ३,२०३ | ३,१४२ | ९ | २१० |
| २१५ | किरिबाटी | ३,०९८ | २,६०२ | १३ | २०९ |
| २१६ | सेन्ट पीरे | २,७४८ | २,४४९ | १ | २११ |
| २१७ | फकलान्ड टापु | १,६८७ | अप्राप्त | | २१६ |
| २१८ | मोन्टसेराट | ९७५ | ९०६ | ६ | २१५ |
| २१९ | डाइमन्ड प्रिन्सेस | ७१२ | ६९९ | १३ | २१२ |
| २२० | वालिस एन्ड | ४५४ | ४३८ | ७ | २१३ |
| २२१ | मकाओ | ८३ | ८२ | | २१७ |
| २२२ | माइक्रोनेसिया | ३० | ३० | | २२६ |
| २२३ | भेटिकन सिटी | २९ | २९ | | २१९ |
| २२४ | मार्शल टापु | १७ | १४ | | २२४ |
| २२५ | पश्चिमी सहारा | १० | ९ | १ | २२१ |
| २२६ | एमएस जान्डाम | ९ | ७ | २ | २२३ |
| २२७ | नियुए | ९ | ९ | | २२५ |
| २२८ | नाउरू | ८ | ८ | | २२७ |
| २२९ | तुभालु | ३ | | | |
| २३० | सेन्ट हेलेना | २ | २ | | २२८ |
| जम्मा | | ५३१,३९०,९५३ | ५०२,०६६,३४३ | ६,३१०,३८५ | |
| बैशाख १५ सम्म जम्मा | | ५१३,९६६,९४१ | ४६८,३४९,०३७ | ६,२६३,७४३ | |
| स्रोत | WORLDOMETERE | मिति : २०७९।०२।१५ | | | |


भक्तपुर नपाको नयाँ प्रकाशन
भक्तपुर नगरपालिकाको
५ वर्ष
भक्तपुर नगरपालिका
ख्वपको पहिचान
स्थानीय पाठ्यक्रम - सन्दर्भ सामग्री
भाग - ३
सञ्चार माध्यममा
भक्तपुर नपा
भक्तपुर नगरपालिका

# हाम्रो स्वास्थ्य

## महिनावारी हुँदा यी चार कुरामा ख्याल गरौं



महिनावारी हुँदाको क्षण कुनै पनि महिलाका लागि प्रीतिकर हुँदैन । किनकी, यतिबेला पेट दुख्न सक्छ भने महिलालाई सरसफाइमा अतिरिक्त ध्यान दिनुपर्ने बाध्यता हुन्छ । महिनावारी भएको बेला यी काम गर्नुपर्छ :

**स्वास्थ्यकर खाना**

महिनावारी भएको बेला महिलाले हरियो सागपात, मौसमी फलफूल, पानी र अन्य झोल पदार्थ अन्य अवस्थामा भन्दा बढी खानुपर्छ । यसमा एक ग्लास तातो दूध थपियो भने अझ राम्रो हुन्छ । महिनावारी भएको बेला चिल्लोचाप्लो र मसलादार खाना नखानु नै राम्रो हुन्छ ।

**व्यायाम र निद्रा**

नियमित व्यायाम गर्ने बानी भएका महिलाले पनि महिनावारी भएको समयमा व्यायाम नगर्ने गरेका छन् । तर, महिनावारी भएको बेलामा व्यायाम अझ बढी आवश्यक हुन्छ । महिनावारी हुँदा पेट सुनिनेलगायत समस्यालाई कसरत र आठ घण्टाको गहिरो निद्राले घटाउने गर्छ ।

**सरसफाइ**

महिनावारी भएको बेला सरसफाइमा बढी ध्यान दिनुपर्छ । हरेक चार/पाँच घण्टामा स्यानिटरी प्याड बदल्ने गर्नुपर्छ । प्याड बदल्नुअघि र बदलिसकेपछि साबुन पानीले हात धुने गर्नुपर्छ । दिनमा दुई/तीन पटक पेन्टी फेर्नु राम्रो हुन्छ ।

**खुकुलो पहिरन**

टाइट र फिटिङ पहिरन महिनावारी भएको बेला लगाउनु हुँदैन । महिनावारी भएको बखत शरीर त्यसै असहज भएको हुन्छ । टाइट र फिटिङ पहिरनले यसलाई थप असहज बनाउँछ । चहकिलो रङको कपडा लगायो भने मन प्रसन्न हुने र सकारात्मक सोच आउने भएकाले यस्तै कपडा लगाउनु राम्रो हुन्छ ।

स्वास्थ्यखबर

## थाहा पाइराखौं

- झ्यालमा सिसा हाल्ने प्रचलन ल्याउने राजा रणजित मल्ल थिए ।
- नेपालको इतिहासमा प्रथम महिला शासक नायकदेवी थिए ।
- नेपाललाई ७७ जिल्लामा विभाजन २०७४ भदौ ५ मा भएको हो ।
- विश्वमा सबैभन्दा बढी साइकल प्रयोग गर्ने देश चीन हो ।
- नेपालमा पहिलो आम निर्वाचन वि.सं. २०१५ मा भएको थियो ।
- निजामती कर्मचारीलाई पेन्सन दिने प्रचलन जुद्ध शमशेरको पालामा भएको थियो ।
- मोबाइलको पिता भनेर चिनिने ब्यक्ति मार्टिन कपुर हुन् ।

सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य

## 'भक्तपुर' मासिकलाई

हाम्रो गौरवपूर्ण ऐतिहासिक, सांस्कृतिक सम्पदाबारे र समसामयिक लेखरचना दिई सहयोग गर्नुहोस् । सम्बन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइने छ ।

लेखकहरूले स्रोत सामग्री र सम्पर्क नं. नछुटाउनु होला ।

**रचना पठाउने ठेगाना :**

- भक्तपुर नपा भवन (कोठा नं. २०७)
- email:bhaktapurmasik@gmail.com

सम्पादकको पृष्ठ

# पद होइन जिम्मेवारी

विगतमा चुनाव गराउने स्थिति नहुँदासमेत स्थानीय निकायका जनप्रतिनिधिहरूको कार्यकाल नथपी जनप्रतिनिधिविहीन बनाई प्रतिगमनलाई बाटो बनाइदिने शेरबहादुर देउवा नै अहिले प्रधानमन्त्रीको कुर्सी ओगटेर बसेका छन् । त्यसैले स्थानीय तह निर्वाचनको मिति घोषणा भए पनि चुनाव हुन्छ नै भन्ने प्रत्याभूति धेरैलाई थिएन । प्रजातन्त्रको अनिवार्य आवधिक चुनावलाई भन्दा आफ्नो अनुकुलतालाई प्राथमिकता दिने राजनीतिक अनैतिकताको गठबन्धनले कुनै निहुँ बनाई अन्तिम समयमा पनि चुनाव स्थगित वा खारेज गर्ने आशङ्का धेरैले गरेका थिए र त्यसको चर्चा पनि भएको थियो । तर त्यो दुर्घटना देशले व्यहोर्न परेन ।

देशमा सङ्घीयता लागू भएपछि स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भएको छ । 'गाउँ–गाउँमा सिंहदरबार' संज्ञा दिइएको ७५३ स्थानीय सरकारले नयाँ नेतृत्व पाएको छ । जनताको नजिकको सम्बन्ध रहने स्थानीय सरकारको पहिलो कार्यकाल अपवादलाई छोडेर सन्तोषजनक नरहेको टिप्पणी व्यापक रूपमा भएको थियो । पहिलो कार्यकालका कमी–कमजोरी हटाई सङ्घीयताको मर्म र भावना अनुरूप दोस्रो कार्यकालका लागि निर्वाचित जनप्रतिनिधिहरू स्वायत्त स्थानीय तह सञ्चालन गर्न सकोस् र सफल होस् शुभकामना !

नवनिर्वाचित सबैजसो जनप्रतिनिधिहरूले जनताले आफूलाई पद होइन जिम्मेदारी दिएको यथार्थ अभिव्यक्ति दिएका छन् । तर, कतिपयको निर्वाचन अघि आकाशको तारा ल्याइदिने, विजय लगत्तै इमानदारीपूर्वक जनताले दिएको जिम्मेवारी पूरा गर्ने अभिव्यक्ति दिने परन्तु व्यवहारमा घोषणापत्र र जन अपेक्षालाई खोलामा बगाउने पनि प्रशस्तै देखिएका छन् । यस्तो कार्य बेइमानी र अनैतिक हो, जनताप्रति विश्वासघात हो । शासक दलहरूले यस्तै विश्वासघाती  काम गरेकोले मतदाताले दलीय उम्मेदवारलाई भन्दा स्वतन्त्रलाई पुरस्कृत गरेको दृश्य सम्पन्न निर्वाचनमा देखिएको चर्चा व्यापक भयो । साथै दलीय सिद्धान्तको सम्मान, घोषणापत्रको अक्षरशः पालना, पालिकाको आवश्यकता र जनअपेक्षालाई सम्मान गर्ने उम्मेदवारलाई जनताले थप विश्वास गरेको पनि स्पष्ट देखिएको छ ।

नवनियोचित जनप्रतिनिधिहरूले जनताले आफूलाई पद होइन जिम्मेवारी दिएको तथ्यलाई इमानदारीपूर्वक मनन गरी मूलमन्त्र बनाउने अपेक्षा सर्वत्र गरिएको छ । दलीय जनप्रतिनिधि होस् या स्वतन्त्रले यसलाई थेगो बनाए त्यसले राजनीतिप्रति वितृष्णा अझ बढाउने छ, जनप्रतिनिधिको गरिमा, महत्त्व र औचित्य स्खलित हुनेछ । सारमा सङ्घीयताकै अवमूल्यन हुनेछ ।

प्रत्येक जनप्रतिनिधिले यस तथ्यलाई हृदयंगम गरे सङ्कटोन्मुख देशलाई यथार्थमा समाजवाद उन्मुख बनाउन महत्त्वपूर्ण टेवा पुग्ने विश्वास छ ।

# नवनिर्वाचित जनप्रतिनिधिहरुलाई



सुनिल प्रजापति
प्रमुख

## बधाई तथा कार्यकाल पूर्ण सफलताको हार्दिक शुभकामना !



रजनी जोशी
उप-प्रमुख

वडा १
वडा २
वडा ३
वडा ४
वडा ५





वडा ६
वडा ७
वडा ८
वडा ९
वडा १०

'भक्तपुर मासिक' र 'ख्वप पौ' पाक्षिक परिवार



नवनिर्वाचित प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, वडाध्यक्षहरु रविन्द्र ज्याख्व, हरिप्रसाद बासुकला शपथ ग्रहण लगत्तै खानेपानी कार्यालय भक्तपुरका प्रमुख सुरेन्द्र हिमालय श्रेष्ठका साथ कटुञ्जेस्थित खानेपानी ट्यांकीको स्थलगत निरीक्षणमा । (जेठ ६ गते) । इन्सेटमा जेठ १२ गते नगरका धारामा मेलम्चीको पानी ।




नवनिर्वाचित प्रमुख सुनिल प्रजापतिलगायत भाजुपोखरीमा पुन:निर्माणाधीन जलेश्वर मन्दिरको निरीक्षणमा । निर्माण कार्य अन्तिम चरणमा छ । (जेठ १० गते)